# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०७९/८०




नेपाल सरकार
**गृह मन्त्रालय**
सिंहदरवार, काठमाडौं

# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०७९/०८०

नेपाल सरकार

## गृह मन्त्रालय

२०८०

# सम्पादक मण्डल

**संयोजक**

**थानेश्वर गौतम, सहसचिव**

नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा

**सदस्यहरू**

**उपसचिव, नारायण प्रसाद भट्टराई**
**शाखा अधिकृत, नरेन्द्र परियार**
**शाखा अधिकृत, सुसिल पनेरु**
**शाखा अधिकृत, सुनिल ठकुल्ला**

**कम्प्युटर**

**ना.सु. मानवबाबु थापा**
**क.अ. प्रदीप कुमार यादव**

**वार्षिक प्रगति प्रतिवेदन तयारी समिति**

**२०७९**

प्रकाशकः

नेपाल सरकार

गृह मन्त्रालय

सिंहदरवार, काठमाडौं

छापिएको प्रतिः १०००

प्रकाशन मितिः २०८० मंसिर

सर्वाधिकारः प्रकाशकमा

मुद्रकः

नेपाल सरकार
**गृह मन्त्रालय**
GOVERNMENT OF NEPAL
**MINISTRY OF HOME AFFAIRS**

उपप्रधानमन्त्री एवम् गृहमन्त्री
**DEPUTY PRIME MINISTER AND MINISTER FOR HOME AFFAIRS**

## शुभकामना !



समाजमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्नु र सुशासन कायम गर्दै समृद्धिको प्रक्रियालाई योगदान पुऱ्याउनु गृह प्रशासनको मुख्य ध्येय रहेको सन्दर्भमा ती उद्देश्य हासिल गर्न नेपाल सरकार गृह मन्त्रालय र अन्तर्गतका निकायहरूबाट आ.व. २०७९/०८० सम्पादित कार्यहरू समेटेर तयार पारिएको वार्षिक प्रगति विवरणलाई पुस्तकका रुपमा प्रकाशित गरिएकोमा खुशी लागेको छ।

नेपाल सरकारको प्रमुख अभिभारा सुशासन, विकास, समृद्धि र समाजिक न्याय रहेको सन्दर्भमा जनताले अनुभूति गर्ने तहमा शान्ति, सुरक्षा र अमनचयन कायम हुन सक्दा मात्रै सरकारी लक्ष्य पूरा हुने यथार्थलाई केन्द्रमा राखी यस मन्त्रालयबाट शान्ति सुव्यवस्था कायम गर्ने तर्फ हरतरहको प्रयास रहेको कुरा विदितै छ। आ.व. २०७९/०८० मा गृह मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सीमित स्रोतसाधनको बावजुद वार्षिक नीति तथा कार्यक्रम र विनियोजित बजेटको प्रभावकारी कार्यान्वयन भई सुशासन र मानव अधिकार प्रवर्द्धन, समग्र सुरक्षा व्यवस्थापन, अपराध नियन्त्रण, नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन, सार्वजनिक सम्पत्तिको सुरक्षा, अध्यागमन तथा सीमा व्यवस्थापन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, कसुरजन्य सम्पत्ति व्यवस्थापन, पञ्जीकरण र सामाजिक सुरक्षा व्यवस्थापन, कारागार व्यवस्थापन, लागू औषध नियन्त्रण लगायतका क्षेत्रमा गरेको प्रगति सहानीय छन।

सञ्चार र प्रविधि क्षेत्रमा आएको अदभुत परिवर्तन र विकाससँगै अपराधको बदलिँदो स्वरूपबाट सिर्जित सुरक्षा चुनौतीको सामना गर्दै आतङ्कवाद तथा सङ्गठित अपराध, वित्तीय अपराध, अनुचित लेनदेन (मिटर ब्याजी), साइबर अपराध, लागु औषधको अवैध ओसारपसार र कारोबार लगायत प्रविधिको प्रयोग गरी हुने सीमा विहीन (Borderless Crime) सबै प्रकारका अपराधको नियन्त्रण गरी समाजमा शान्ति सुव्यवस्था र अमनचयन कायम गर्ने विषय चुनौतीपूर्ण बन्दै गएको छ। मानवीय मर्यादा र संवेदनशीलतालाई बेवास्ता गरी सामाजिक सञ्जालमार्फत हुने अमर्यादित र संवेदनशील क्रियाकलाप तथा अपराधलाई नियन्त्रण गर्न पराम्परागत पद्धतिबाट सम्भव छैन। तसर्थ गृह प्रशासन सम्बद्ध सबै निकायहरू र कर्मचारीहरू प्रविधिमैत्री हुनु जरुरी हुन्छ। तसर्थ आगामी आ.व.हरूमा सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र सामजिक मूल्य मान्यतामा खलल पार्ने क्रियाकलापको सूक्ष्म निगरानी गर्दै सबै प्रकारका अपराध र सोमा हुने अन्तरदेशीय तथा अन्तर्राष्ट्रिय लगानीलाई निरुत्साहित गर्न यी विषयहरूलाई समेत समेटेर यस मन्त्रालयसँग सम्वद्ध नीति तथा कार्यक्रम, बजेट, योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्न सबै पक्षबाट सहयोग र पहल हुने अपेक्षा गरेको छु।

अन्त्यमा, गृह मन्त्रालयले वार्षिक प्रगति प्रतिवेदन प्रकाशनका माध्यमबाट सम्पादन गरेको कार्यहरू सबै सरोकारवाला बीच आधिकारिक रुपमा सम्प्रेषण हुने र कार्य सम्पादन दस्तावेजको रुपमा व्यवस्थित अभिलेखीकरण हुने भएकाले यस किसिमको विवरण प्रकाशन गर्ने विषय महत्वपूर्ण हुने हुँदा आगामी आ.व.हरूमा समेत निरन्तर प्रकाशन हुने विश्वास लिएको छु। यो वार्षिक प्रगतिलाई पुस्तकका रुपमा प्रकाशन गर्न संलग्न हुने यस मन्त्रालय र अन्तर्गतका निकाय र कर्मचारीप्रति हार्दिक आभार व्यक्त गर्दै भविष्यमा देश र जनताप्रति जिम्मेवार भई कार्य सम्पादन गर्न सबैमा अपिल समेत गर्दछु।

.......................
नारायणकाजी श्रेष्ठ
उपप्रधानमन्त्री

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।
मितिः २०८०।०८।२१

<u>मन्तव्य</u>



गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न गृह मन्त्रालय र अन्तर्गतका निकायहरू क्रियाशिल रहेका छन्। विगत आर्थिक वर्षहरूमा जस्तै आ.व. २०७९/०८० को नेपाल सरकारको नीति तथा कार्याक्रम र वार्षिक बजेटको कार्यान्वयनबाट समग्र गृह प्रशासनको मूलभूत लक्ष्य शान्ति, सुव्यवस्था र अमनचयन कायम गर्न सहयोग पुगेको अनुभूति गरेको छु।

आ.व. २०७९/०८० मा गृह मन्त्रालय र अन्तर्गतका निकायहरूबाट विनियोजित बजेटको कार्यान्वयन मार्फत सम्पादित प्रमुख कार्यहरूलाई समेटी गृह मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन प्रकाशित गरिएको छ। सिमित स्रोत साधनका वावजुद आ.व. २०७९/०८० मा मन्त्रालय र अन्तर्गतका निकायहरूबाट सम्पादित कार्यहरू समग्रमा उत्साहप्रद नै रहेको छ। गत आ.व. मा मन्त्रालय र अन्तर्गतका निकायहरूको वित्तीय प्रगति चालु तर्फ ९८.२९ प्रतिशत र पूँजीगत तर्फ ७१.५२ प्रतिशत भई समग्रका ९६.८५ प्रतिशत प्रगति हासिल भएको छ। यस मन्त्रालय र अन्तर्गतका निकायहरुबीच लागू गरिएको कार्य सम्पादन सम्झौता र मूल्याङ्कन प्रणालीले गृह सम्बद्ध पदाधिकारीहरूलाई थप जिम्मेवार बनाई समग्र गृह प्रशासनको लक्ष्य हासिल गर्न सहयोग पुगेको छ। मूलतः नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेट वक्तव्यमा यस मन्त्रालयसँग सम्बन्धित बुँदाहरू, गृह प्रशासन सुधार कार्ययोजना, २०७८ लगायतका आधारभूत मार्गदर्शक दस्तावेजहरुलाई आधार मानी मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय र सुरक्षा निकायहरूद्वारा यस आ.व.मा सम्पादित कार्यहरू सन्तोषजनक रहेका छन्।

कार्य सम्पादन करार सम्झौता भए बमोजिम जिल्ला प्रशासन कार्यालयहरूबाट औसतमा ८६.५ प्रतिशत कार्य सम्पादन भएको छ। ७७ वटै प्रमुख जिल्ला अधिकारीले गरेको कार्य सम्पादनस्तर अनुसारको योग्यताक्रमलाई प्रगति विवरणमा समेटिएको छ। भूकम्प, बाढी, पहिरो, आगलागी, शीतलहर लगायत प्राकृतिक विपत्तिबाट प्रभावित जनतालाई तत्काल खोज, उद्धार, राहत तथा परिपूरणका कार्यहरू गरिएका छन् । सिमित स्रोतसाधनको अधिकतम प्रयोग गर्ने सन्दर्भमा औचित्य र आवश्यकताका आधारमा वहुवर्षीय परियोजनाहरू स्वीकृत गरिएको छ । नागरिकको बायोमेट्रिक सूचनालाई एकीकृत र बुहआयामिक बनाउन ७७ वटै जिल्लामा अभियानको रुपमा सञ्चालित राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई निरन्तरता दिइएको छ। अध्यागमन तथा सीमा प्रशासनलाई व्यवस्थित गर्ने कार्य जारी छ। कारागारहरूलाई सुधार गृहको रुपमा रुपान्तरण गर्ने कार्य महत्वपूर्ण रहेको छ। शान्ति सुरक्षा व्यवस्थापन, अपराधको बदलिदो स्वरुपबाट समाजमा सृजित समस्याको निराकरण तथा प्रमाणमा आधारित अनुसन्धान, तहकिकात र अभियोजन प्रणालीमा सुधार भएको छ। भत्केका, हराएका तथा जीर्ण अवस्थामा रहेका सीमाको पुर्ननिर्माण, खोजी र संरक्षण तथा समग्र सीमा सुरक्षा व्यवस्थापन कार्य प्रशंसनीय छ। उपर्युक्त प्रयास, सुधार र उपलब्धिका वाबजुद गृह मन्त्रालय र अन्तर्गतका निकायहरूबाट प्रवाह गरिने सार्वजनिक सेवालाई जनमुखी तथा प्रविधिमैत्री बनाई छिटो, छरितो र गुनासोरहित बनाउन थप प्रयास गर्नुपर्ने देखिन्छ।

अन्त्यमा, मन्त्रालय र मातहतका निकायहरूको उपलब्धि समेटी प्रकाशित यस वार्षिक प्रगति प्रतिवेदन संस्थागत संस्मरणको दस्तावेजको रुपमा रहने तथा सोको अभिलेखीकरण हुने र मन्त्रालयको कार्यको विषयमा जानकारी राख्न चाहने सबैलाई उपयोगी समेत हुने विश्वास लिएको छु। साथै प्रस्तुत प्रतिवेदनमा आधिकारिक तथ्याङ्क र सूचना उपलब्ध गराउने सबै निकाय तथा प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न हुनु हुने महाशाखा प्रमुख लगायत सबै कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

दिनेश भट्टराई
सचिव

नेपाल सरकार

# गृह मन्त्रालय



## सम्पादकीय

नागरिकको सुसूचित हुने संवैधानिक हकको रक्षा गर्न, संस्थागत जवाफदेहिता सुनिश्चित गर्न तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को उल्लेखित प्रशासनिक कार्य संचालन गर्दा पालना गर्नुपर्ने शर्त बमोजिमको कार्य सुनिश्चित गर्न तथा पारदर्शिता कायम गर्न समेत सोही ऐनको दफा ४१ को व्यवस्था बमोजिम गृह मन्त्रालयलले आर्थिक वर्ष २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ।

यो प्रतिवेदनले मूलतः१५ औं आवधिक योजना, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम, बजेटमा उल्लेखित गृह मन्त्रालय र अन्तर्गतका निकायहरूसँग सम्बन्धित बुँदाहरू र गृह प्रशासन सुधार कार्ययोजना २०७८ को प्रगतिलाई समेटेको छ। गृह मन्त्रालयका महाशाखा-शाखाहरू विभागहरू सुरक्षा निकायहरू र जिल्ला प्रशासन कार्यालयहरू सँग वार्षिक कार्य सम्पादन करार सम्झौता भए बमोजिमको प्रगतिलाई संक्षिप्त रुपमा प्रतिवेदनमा उल्लेख गरिएको छ।

गृह अन्तर्गतका निकायहरूको अवस्थिति तथा फैलावट देशका सबै जिल्ला, स्थानीय तहसम्म फैलिएको कारण सबै निकायहरूबाट सम्पादन भएका कार्यको विवरण समयमा प्राप्त हुन नसक्दा यो प्रगति प्रतिवेदन प्रकाशनमा केही समय लाग्न गएको छ। यो प्रतिवेदनले समग्र गृह प्रशासनको वर्तमान अवस्थाको चित्रण गरेको छ। देशको समग्र शान्ति सुरक्षाको अवस्था, अपराधको प्रकृति र नियन्त्रणको अवस्था, विपद् व्यवस्थापन, अध्यागमन र सीमा व्यवस्थापन, कारागार व्यवस्थापन, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण व्यवस्थापन, कसूरजन्य सम्पत्ति व्यवस्थापन, अनुचित लेनदेन(मिटर ब्याजी ) सम्बन्धी समस्या लगायतका क्षेत्रमा गृह सम्वद्ध निकायहरूबाट सम्पादित कार्यहरूलाई वस्तुगत रुपमा सूचिवद्ध गरी संस्थागत स्मरणको लागि अभिलेखीकरण गर्न सहयोग पुगेको छ। गृह सम्वद्ध निकायहरूबाट भएका कार्यहरू, सार्वजनिक सेवा प्रवाहका क्रममा देखिएका सवल-दुर्वल पक्ष, समस्या-चुनौती तथा भावी योजना समेत समेटिएको हुँदा यो प्रतिवेदन सबै सरोकारवाला निकायहरूको लागि भावी रणनीति बनाउन समेत सहयोगी हुने कुरामा विश्वस्त छौं।

अन्त्यमा यो प्रतिवेदन तयारीका क्रममा प्रत्यक्ष संलग्न कर्मचारीहरू योजना अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुख उपसचिव नारायण प्रसाद भट्टराई, शाखा अधिकृतहरू क्रमशः नरेन्द्र परियार, सुनिल ठकुल्ला र सुसिल पनेरु, ना.सु. मानव वावु थापा र क.अ. प्रदीप कुमार यादवका साथै प्रतिवेदनका लागि सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सबै निकाय् तथा जिम्मेवार कर्मचारीहरू समेत धन्यवादका पात्र हुनु हुन्छ। यो प्रतिवेदन तयारी गर्दा सकेसम्म त्रुटी रहित बनाउने कोशिस गरिएको छ, तथापी टाईपिङ्ग र व्याकरणजन्य त्रुटी हुने सक्ने कुरालाई मानवीय कमजोरीको रुपमा स्वीकारिएको छ।

थानेश्वर गौतम

संयोजक

प्रतिवेदन सम्पादन मण्डल

# सङ्क्षिप्त शब्दावली

| | |
|---|---|
| प्रमनि | : प्रहरी महानिरीक्षक |
| प्रअमनि | : प्रहरी अतिरिक्त महानिरीक्षक |
| प्रनामनि | : प्रहरी नायव महानिरीक्षक |
| प्रबउ | : प्रहरी वरिष्ठ उपरीक्षक |
| प्रउ | : प्रहरी उपरीक्षक |
| प्रनाउ | : प्रहरी नायव उपरीक्षक |
| प्रनि | : प्रहरी निरीक्षक |
| प्रवनानि | : प्रहरी वरिष्ठ नायव निरीक्षक |
| प्रनानि | : प्रहरी नायव निरीक्षक |
| प्रसनि | : प्रहरी सहायक निरीक्षक |
| प्रवह | : प्रहरी वरिष्ठ हवल्दार |
| प्रह | : प्रहरी हवल्दार |
| प्रसह | : प्रहरी सहायक हवल्दार |
| प्रज | : प्रहरी जवान |
| प्रा.प्र.ज. | : प्राबिधिक प्रहरी जवान |
| प्रकास | : प्रहरी कार्यालय सहयोगी |
| सप्रमनि | : सशस्त्र प्रहरी महानिरीक्षक |
| सप्रअमनि | : सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक |
| सप्रनामनि | : सशस्त्र प्रहरी नायब महानिरीक्षक |
| सप्रवउ | : सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक |
| सप्रउ | : सशस्त्र प्रहरी उपरीक्षक |
| सप्रनाउ | : सशस्त्र प्रहरी नायब उपरीक्षक |
| प्रा.स.प्र.ना.उ. | : प्राविधिक सशस्त्र प्रहरी नायब उपरीक्षक |

सप्रनि : सशस्त्र प्रहरी निरीक्षक

प्रा.स.प्र.नि. : प्राविधिक सशस्त्र प्रहरी निरीक्षक

सप्रबनानि : सशस्त्र प्रहरी बरिष्ठ नायब निरीक्षक

सप्रनानि : सशस्त्र प्रहरी नायब निरीक्षक

प्रा.स.प्र.ना.नि. : प्राविधिक सशस्त्र प्रहरी नायब निरीक्षक

सप्रसनि : सशस्त्र प्रहरी सहायक निरीक्षक

सप्रवह : सशस्त्र प्रहरी बरिष्ठ हवल्दार

सप्रह : सशस्त्र प्रहरी हवल्दार

सप्रसह : सशस्त्र प्रहरी सहायक हवल्दार

सप्रज : सशस्त्र प्रहरी जवान

सप्रप : सशस्त्र प्रहरी परिचर

ADPC : ASIAN DISASTER PREPAREDNESS CENTER

AFES : AUTOMATED FINGERPRINT ENROLLMENT SYSTEM

AFIS : AUTOMATED FINGERPRINT INFORMATION SYSTEM

API : APPLICATION PROGRAMMING INTERFACE

CAP : CRIME ACTION PLAN

PAC : PROFESSIONAL ACTIVITIES CYCLE

CCIMS : CENTRALIZED CITIZENSHIP INFORMATION MANAGEMENT SYSTEM

CCMS : CITIZENSHIP COMPLAINTS MANAGEMENT SYSTEM

CCTV : CLOSED CIRCUIT TELEVISION

CDR : CALL DETAIL RECORD

CDRMP : COMPREHENSIVE DISASTER RISK MANAGEMENT PROGRAMME

CEDTMS : DRUG CHEMICAL AND EXPLOSIVES TRACKING AND MANAGEMENT SYSTEM

CIMS : CITIZENSHIP INFORMATION MANAGEMENT SYSTEM

| | |
|---|---|
| CMSE | : CIVIL MILITARY SUPPORT ELEMENT |
| DFID | : DEPARTMENT FOR INTERNATIONAL DEVELOPMENT |
| DRRP | : DISASTER RISK REDUCTION PORTAL |
| DTS | : DOCUMENT TRACKING SYSTEM |
| GCMS | : GAS CHROMATOGRAPHY MASS SPECTROMETER |
| HPTLC | : HIGH-PERFORMANCE THIN LAYER CHROMATOGRAPHY |
| ICCPR | : THE UNITED NATIONS INTERNATIONAL COVENANT ON CIVIL AND POLITICAL RIGHTS |
| INSARAG | : INTERNATIONAL SEARCH AND RESCUE ADVISORY GROUP |
| LC | : LETTER OF CREDIT |
| NCIC | : NATIONAL CRIME INFORMATION CENTER |
| NDRRMA | : NATIONAL DISASTER RISK REDUCTION AND MANAGEMENT AUTHORITY |
| PIF | : PUBLIC INVESTMENT FUND |
| PMIS | : PRISONERS MANAGEMENT INFORMATION SYSTEM |
| RAS | : RAPID ASSESSMENT SURVEY |
| SOCO | : SCENES OF CRIME OFFICER |
| TVRS | : TACTICAL VOICE RECOGNITION SYSTEM |
| UNCAT | : THE CONVENTION AGAINST TORTURE AND OTHER CRUEL, INHUMAN OR DEGRADING TREATMENT OR PUNISHMENT |
| UNDP | : UNITED NATIONS DEVELOPMENT PRAOGRAMME |
| UNDRR | : UNITED NATIONS OFFICE FOR DISASTER RISK REDUCTION |
| UNMISS | : UNITED NATIONS MISSION IN SOUTH SUDAN |
| UNTOC | : THE UNITED NATIONS CONVENTION AGAINST TRANSNATIONAL ORGANIZED CRIME |

# विषयानुक्रम


परिच्छेद-एक ........ १

*परिचय* ........ १

***१.१ गृह मन्त्रालय*** ........ १

*१.१.१ पृष्ठभूमि* ........ १

*१.१.२ दृष्टिकोण* ........ १

*१.१.३ लक्ष्य* ........ १

*१.१.४ उद्देश्य* ........ १

*१.१.५ कार्यहरू* ........ २

*१.१.६ गृह मन्त्रालयको कार्यक्षेत्र* ........ ४

*१.१.७ गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष ऐन, नियम, मापदण्ड तथा कार्यविधिहरू* ........ ४

*१.१.८ गृह मन्त्रालयको सङ्गठन संरचना* ........ ८

*१.२ गृह मन्त्रालय मातहतका महाशाखा/शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरू* ........ ९

*१.२.१ गृह मन्त्रालयको प्रगति समीक्षा* ........ ९

*१.२.२ गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र अवस्था* ........ ९

***१.३ गृह मन्त्रालय अन्तर्गत महाशाखा-शाखाहरूले आ.व. २०७९/८० मा सम्पादन गरेको मुख्य मुख्य कार्यहरू तथा प्रगतिको विवरण*** ........ १३

*१.३.१ नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा* ........ १३

*१.३.२ कानुन महाशाखा* ........ १६

*१.३.३ प्रशासन महाशाखा* ........ १८

*१.३.४ विपद तथा द्वन्द व्यवस्थापन महाशाखा* ........ २२

*१.३.५ आन्तरिक व्यवस्थापन महाशाखा:* ........ २८

*१.३.६ सुरक्षा तथा समन्वय महाशाखा* ........ ३३

परिच्छेद-दुई ........ ३८

गृह मन्त्रालय अन्तर्गतका विभाग/निकायहरूको परिचय तथा वार्षिक प्रगति ........ ३८

***२.१ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण*** ........ ३८

***२.२ नेपाल प्रहरी*** ........ ४५

***२.३ सशस्त्र प्रहरी बल, नेपाल*** ........ ६७

*२.४ अध्यागमन विभाग......................................................................................................................................................... ८८*
*२.५ राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग.......................................................................................................... ९५*
*२.६ कारागार व्यवस्थापन विभाग........................................................................................................................ ११५*
*२.७ कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग.......................................................................................................... १२५*
*२.८ नेपाल हज समितिको सचिवालय.................................................................................................................. १३१*
*२.९ प्रहरी किताब खाना........................................................................................................................................ १३४*
*२.१० समरजंग कम्पनी कार्यालय सिहंदरवार........................................................................................................ १४१*
*२.११ जुद्ध बारुण यन्त्र कार्यालय............................................................................................................................ १४३*

परिच्छेद-तीन...........................................................................................................................................................१४४

जिल्ला प्रशासन कार्यालयहरू...................................................................................................................................१४४

परिच्छेद-चार...........................................................................................................................................................१५१

प्रमुख जिल्ला अधिकारी कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) ...............................................................१५१

*४.१ पृष्ठभूमि.............................................................................................................................................................. १५१*
*४.२ कार्यसम्पादन स्तरको वार्षिक मूल्याङ्कन............................................................................................................ १५१*
*४.३ कार्यसम्पादन सम्झौता र जिल्लामा परेको प्रभाव................................................................................................ १५४*
*४.४ चालु आ.व. २०८०/०८१ को लागि कार्यसम्पादन सम्झौता र सूचकहरू........................................ १५५*
*४.४.१ पृष्ठभूमि.......................................................................................................................................................... १५५*
*४.४.२ जिल्ला वर्गीकरण........................................................................................................................................... १५७*
*४.४.३ नतिजा क्षेत्र, कार्य सम्पादन लक्ष्य र क्रियाकलाप............................................................................................ १५८*
*४.४.४ त्रैमासिक मूल्याङ्कन......................................................................................................................................... १५८*
*४.४.५ पूर्णाङ्क र आकस्मिकताको मूल्याङ्कन............................................................................................................ १५८*
*४.४.६ कार्य सम्पादन लक्ष्यको अङ्क निर्धारण............................................................................................................. १५८*
*४.४.७ कार्य सम्पादन सूचकको व्याख्यामा परिमार्जनः................................................................................................ १५८*

परिच्छेद-पाँच...........................................................................................................................................................१६०

नीति तथा कार्यक्रम, वार्षिक बजेट र समयवद्ध क्रियाकलापहरू.............................................................................१६०

*५.१ गृह मन्त्रालय र मन्त्रालय सम्वद्ध निकायहरूबाट आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा बजेट विवरण............................................................................................................................. १६०*
*५.१.१ पृष्ठभूमि.......................................................................................................................................................... १६०*
*५.१.२ नेपाल सरकारको नीति तथा कार्यक्रममा समेटिएका गृह मन्त्रालयसँग सम्बन्धित बुँदाहरू..... १६०*

*५.१.३ आ.व. २०७९/८० को बजेट वक्तव्यमा समेटिएका गृह मन्त्रालयसँग सम्बन्धित बजेट तथा कार्यक्रमहरू....................१६२*

*५.१.४ शीर्षकगत बजेट तथा कार्यक्रम विवरण....................१६५*

***५.२ नतिजासूचक र समयवद्ध क्रियाकलापहरू (MILESTONES)....................१७३***

*५.२.१ रुपान्तरणकारी तथा प्राथमिकता प्राप्त कार्यक्रम (P1) को प्रगति अवस्था....................१७३*

*५.२.२ पन्ध्रौं योजनाको नतिजासूचकमा भएको प्रगति....................१७३*

*५.२.३ आ.व. २०७९/०८० को लागि तोकिएका माइलस्टोनको प्रगति अवस्था....................१७४*

*5.२.४ आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वयन कार्ययोजना (माइलस्टोन)....................१७४*

**परिच्छेद-छ....................१८९**

**६.१ गृह प्रशासन सुधार कार्ययोजना, २०७८ को प्रगति समीक्षा....................१८९**

*क. नीतिगत र कानुनी सुधार....................१९०*

*ख. कार्यविधि तथा मापदण्डहरू....................१९३*

*ग. शान्ति सुरक्षा र अपराध नियन्त्रण....................१९७*

*घ. सङ्गठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण....................२०१*

*ङ. जनशक्ति व्यवस्थापन तथा क्षमता विकास....................२११*

*च. विपद् व्यवस्थापन....................२१३*

*छ. सेवा प्रवाह र सुशासन....................२१८*

*ज. अध्ययन, अनुसन्धान तथा सूचना प्रविधिमा आधारित गृह प्रशासन....................२२२*

*झ. समन्वय तथा सहजीकरण....................२३६*

*ञ. आर्थिक अनुशासन र सदाचार....................२३७*

*ट. कार्ययोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कन....................२३८*

**अनुसूचीहरू....................२३९**

*अनुसूची १: वि.सं. २०४७ देखि हालसम्मका माननीय गृह मन्त्रीज्यूहरूको नामावली र कार्यकाल....................२३९*

*अनुसूची २: वि.सं. २००७ देखि हालसम्मका गृह सचिवज्यूहरूको नामावली र कार्यकाल....................२४०*

*अनुसूची ३: गत आ.व. २०७९/०८० को वार्षिक कार्यसम्पादन सम्झौता मूल्याङ्कनको नतिजा....................२४२*

*अनुसूची ४: आ.व. २०७९/०८० को वार्षिक कार्यसम्पादन सम्झौता मूल्याङ्कनको नतिजा....................२४२*

*अनुसूची ५: गृह मन्त्रालयका सचिवालय, महाशाखा तथा शाखाहरूको सम्पर्क नम्बरहरू....................२४३*

*अनुसूची ६: जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीहरूका फोन नम्बरहरू....................२४४*

*अनुसूची ७: कार्यसम्पादन सम्झौता....................२५१*

*अनुसूची ८: वर्गीकृत जिल्लाहरुको सूची....................२५२*

*अनुसूची ९: 'क' बर्गका जिल्लारूको कार्यसम्पादन सूचक......................................................................... २५३*
*अनुसूची १०: 'ख' वर्गका जिल्लाहरूको कार्यसम्पादन सूचक......................................................................... २५७*
*अनुसूची ११: 'ग' वर्गका जिल्लाहरूको कार्यसम्पादन सूचक......................................................................... २६१*
*अनुसूची १२: CPAS कार्य सम्पादन सूचकको व्याख्या......................................................................... २६५*
*अनुसूची १३: कार्यसम्पादन मूल्याङ्कन प्राप्ताङ्क अनुसार जिल्लाहरूको......................................................................... २७१*
*अनुसूची १४: कार्यसम्पादनमा सर्वोत्कृष्ठ अंक हाँसिल गर्ने जिल्लाको लब्धांकपत्र......................................................................... २७२*
*अनुसूची १५: समितिको नामावली......................................................................... २७३*

## तालिकाहरूको सूची

तालिका १.२.१: गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र स्थिति(रु. हजारमा)........................९
तालिका १.२.२: गृह मन्त्रालय र मातहत निकायको बजेट उपशीर्षक अन्तर्गतवित्तीय प्रगतिको समग्र स्थिति....... (रु.हजारमा)........................................................................................................१०
तालिका १.२.३: गृह मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना एवं निकायहरूको प्रगति विवरण (विभागतर्फको बाहेक)........................................................................................................१२
तालिका १.२.४: मानव अधिकार प्रवर्द्धन शाखाको प्रगति विवरण........................................................................१६
तालिका १.२.५: गुनासोको अवस्था........................................................................................२१
तालिका १.२.६: पदस्थापना तथा सरुवा पद अनुसारको संख्यात्मक विवरण। ..................................................२२
तालिका १.२.७: विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाको प्रगति.......................................................................२४
तालिका १.२.८: अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँ चबुझ आयोग, २०७९ ........................................ ३१
तालिका १.२.९: सीमा तथा अध्यागमन शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरू...........................................३७
तालिका २.१.१: जनशक्ति विवरण (स्वीकृत, पदपूर्ति, रिक्त वा फाजिल)..............................................................३९
तालिका २.१.२: आर्थिक वर्ष २०७९/०८० को बजेट तथा नीति तथा कार्यक्रमको प्रगति............................४०
तालिका २.१.३: आ.व.२०७९।०८० को वित्तिय प्रगति विवरण (परिचालन योग्य अख्तियारी अनुसार) (अंक हजारमा)........................................................................................................४२
तालिका २.२.१: नेपाल प्रहरीको स्वीकृत दरबन्दी विवरण........................................................................४६
तालिका २.२.२: नेपाल प्रहरीको पदपूर्ति विवरण (आ.व. २०७९।०८०)..........................................................४७
तालिका २.२.३: रिक्त दरबन्दी विवरण (आ.व. २०७९।०८०)....................................................................... ४८
तालिका २.२.४: आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरू (MILESTONE) को २०८० आषाढ मसान्तसम्मको प्रगति विवरणः..................................४९
तालिका २.२.५: आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको आषाढ मसान्तसम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण........................................................................५४
तालिका २.२.६: विगत पाँच वर्षको प्रहरी कार्य तर्फको विश्लेषण सवारी कारवाही तथा राजश्व सङ्कलन ..............६३

तालिका २.२.७: अवैध सुन चाँदी बरामद तर्फ राजश्व सङ्कलन ....................................................................... ६४
तालिका २.२.८: अबैध नदीजन्य पदार्थ बरामद तथा पक्राउ सम्बन्धी विवरण ................................................ ६५
तालिका २.३.१: सशस्त्र प्रहरी बल, नेपालको जनशक्ति विवरण (स्वीकृत दरबन्दी, पदपूर्ति तथा खाली २०८० आषाढ मसान्तसम्म) ................................................................................................................ ६९
तालिका २.३.२: आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य उल्लेखित नीति तथा कार्यक्रमहरूको २०८० अषाढ मसान्तसम्मको प्रगति विवरण ................................................................................. ७०
तालिका २.३.३: आ.व. २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको आषाढ मसान्तसम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण ................................................................................................ ७०
तालिका २.३.४: भर्ना तथा नियुक्ती .................................................................................................. ७३
तालिका २.३.५: विभागीय कारवाही सम्बन्धी विवरणः ........................................................................ ७४
तालिका २.३.६: यू.एन. मिशन तथा विदेश तालिममा सहभागी संख्या ................................................... ७५
तालिका २.३.७: स्वदेश तालिममा सहभागी संख्या .............................................................................. ७५
तालिका २.३.८: राष्ट्रिय खेलकुद प्रतियोगितामा नेपाल एपिएफ क्लबका खेलाडीहरुले प्राप्त गरेका पदक .......... ७६
तालिका २.३.९: अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा नेपाल एपिएफ क्लबका खेलाडीहरुले प्राप्त गरेका पदक .... ७६
तालिका २.३.१०: नेपाल एपिएफ अस्पतालबाट प्रदान गरिएका स्वास्थ्य सेवाहरुको विवरणः ......................... ७७
तालिका २.३.११: सवारी साधनहरु तथा जिन्सी सामानहरु लिलाम बिक्रि बापत राजस्व दाखिला गरेको रकम ७७
तालिका २.३.१२: एल.आर.पि. तथा फोर्समार्च परिचालन संख्या ........................................................... ७८
तालिका २.३.१३: अन्य डिउटी ........................................................................................................ ७८
तालिका २.३.१४: भि.आई.पि., कुटनीतिक नियोग, कारागार सुरक्षा बेश र आयोजना सुरक्षामा तैनाथी ............. ७८
तालिका २.३.१५: हातहतियार बरामद ............................................................................................... ७९
तालिका २.३.१६: लागूऔषध बरामद ................................................................................................. ७९
तालिका २.३.१७: अवैध क्रियाकलापमा संलग्न व्यक्ति नियन्त्रण ............................................................ ८०
तालिका २.३.१८: हवाई दुर्घटना ...................................................................................................... ८०
तालिका २.३.१९: सडक दुर्घटना ...................................................................................................... ८०
तालिका २.३.२०: आगलागि ............................................................................................................ ८१
तालिका २.३.२१: बाढी/नदी तथा तालमा बगाएको/डुबेको .................................................................. ८१
तालिका २.३.२२: पहिरो ................................................................................................................. ८१
तालिका २.३.२३: वन्यजन्तु उद्धारको विवरण ...................................................................................... ८२
तालिका २.३.२४: वातावरणलाई स्वच्छ तथा सफा राख्ने उद्देश्य स्वरुप सशस्त्र प्रहरी बल, नेपालका इकाईहरुमा वृक्षारोपण गरिएको विवरण ....................................................................................................... ८२
तालिका २.३.२५: बि.ओ.पि. स्थापना ............................................................................................... ८३

तालिका २.३.२६: आ.व. ०७९/८० मा स्थापना भएका बि.ओ.पि.हरू ..... ८३
तालिका २.३.२७: काउन्टरपार्टस मिटिङ्ग: नेपाल-भारत ..... ८४
तालिका २.३.२८: काउन्टरपार्टस मिटिङ्गः नेपाल-चीन ..... ८४
तालिका २.३.२९: सीमा गस्ती सम्बन्धी विवरण ..... ८४
तालिका २.३.३०: सशस्त्र प्रहरी बल, नेपालबाट बरामद चोरी तस्करीका सामानको मूल्यः ..... ८५
तालिका २.३.३१: सीमा ईलाकामा मानव बेचबिखन उद्धार सम्बन्धी विवरण ..... ८५
तालिका २.३.३२: दशगजा अतिक्रमण हुन नदिन गरिएका कार्यहरु ..... ८५
तालिका २.३.३३: सीमा नाका निगरानीको लागि स.प्र.बल, नेपालबाट जडान भएका सि.सि. क्यामेराको विवरण ८६
तालिका २.३.३४: नेपालतर्फ स्थापना भएका HELP DESK को संख्यात्मक विवरण ..... ८६
तालिका २.३.३५: विद्यालय/क्लब/समुदाय तथा अन्य संघ संस्थाहरुमा विपद् सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालनको विवरण ..... ८६
तालिका २.३.३६: विपद् व्यवस्थापनसँग कृत्रिम अभ्यास (SIMULATION EXERCISES) को विवरणः ..... ८७
तालिका २.४.१: जनशक्ति विवरण (स्वीकृत दरबन्दी, पदपूर्ति, रिक्त वा फाजिल) ..... ९०
तालिका २.४.२: आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यमा उल्लेखित नीति तथा कार्यक्रमहरुको २०८० आषाढ मसान्त सम्मको प्रगति विवरणः ..... ९१
तालिका २.४.३: आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको २०८० आषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरणः (रु हजारमा) ..... ९१
तालिका २.४.४: आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० आषाढ मसान्त सम्मको प्रगति विवरण ..... ९२
तालिका २.४.५: आर्थिक वर्ष 2079/080 को वार्षिक वजेट तथा कार्यक्रमको आषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरणः ..... ९२
तालिका २.५.१: जनशक्ति विवरण स्वीकृत दरबन्दी र पदपूर्ति (स्थायी र करारतर्फ) ..... ९८
तालिका २.५.२: जनशक्ति विवरणः स्वीकृत अस्थायी दरबन्दी र करारतर्फ ..... ९९
तालिका २.५.३: सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को आयोजना व्यवस्थापन इकाईमा कार्यरत कर्मचारी विवरणः ..... ९९
तालिका २.५.४: आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०८० आषाढ मसान्तसम्मको प्रगति विवरणः ..... १०१
तालिका २.५.५: आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको २०८० आषाढ मसान्तसम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण (रकम रु. हजारमा) ..... १०५
तालिका २.५.६: २०८० असार मसान्तमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्याः ..... १०९
तालिका २.५.७: राष्ट्रिय परिचयपत्र तर्फः CUMMULATIVE FIGURE ..... १११

तालिका २.५.८: पञ्जीकरण कार्यक्रमतर्फः२०७४ सालदेखि २०८० असार मसान्तसम्म अनलाइनमार्फत व्यक्तिगत घटना दर्ताको समग्र विवरणः CUMMULATIVE FIGURE ....११२
तालिका २.५.९: सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको वर्ग अनुसार संख्या र भत्ता दर....११३
तालिका २.६.१: जनशक्ति विवरण (स्वीकृत दरबन्दी, पदपूर्ति, रिक्त वा फाजिल): कारागार व्यवस्थापन विभागको सँगठनात्मक संरचना र दरबन्दी....११६
तालिका २.६.२: कारागार कार्यालयहरुको दरबन्दी विवरणः ....११७
तालिका २.६.३: आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० आषाढ मसान्त सम्मको प्रगति विवरणः....११८
तालिका २.६.४: आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको २०८० आषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरणः....११८
तालिका २.६.५: निर्माणधिन कारागार कार्यालयहरूको भवन निर्माण भौतिक तथा वित्तीय प्रगतिको तालिकाः...१२०
तालिका २.६.६: मुलुकभरका कारागार र बालसुधार गृहमा रहेका कैदीबन्दीहरूको विवरण (२०८० असार मसान्त)....१२२
तालिका २.६.७: मुख्य मुख्य कसुरको प्रकृति (प्रतिशतमा)....१२२
तालिका २.६.८: कारागारमा रहेका बन्दीहरूको विभिन्न समयको विवरणः....१२३
तालिका २.७.१: कर्मचारी दरवन्दी बिवरण ....१२६
तालिका २.७.२: आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको २०८० अषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण....१२७
तालिका २.७.३: विभागका मूख्य मूख्य सूचकहरु र त्यस अनुसारको प्रगती विवरणहरुः-....१२९
तालिका २.७.४: आर्थकि वर्ष २०७८/०७९ र २०७९/०८० को मूख्य मूख्य सूचकहरुको तुलनात्मक उपलब्धिहरुको अवस्था....१२९
तालिका २.९.१: किताबखानाको जनशक्ति विवरण ....१३६
तालिका २.९.२: आ.व. २०७९/८० को वार्षिक बजेट तथा कार्यक्रमको आषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरणः ....१३६
तालिका २.९.३: अघिल्लो ५ वर्षको विविध क्षेत्रगत प्रगतिको संक्षिप्त विवरणः....१३८
तालिका ३.१ आ.व. ०७८/७९ र ०७९/८० को CPAS को तुलनात्मक वार्षिक नतिजा....१४६
तालिका ४.२.१: वार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर....१५२
तालिका ४.२.२: कार्य सम्पादनमा उत्कृष्ट पाँच जिल्लाहरू....१५२
तालिका ४.२.३: वार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर....१५३
तालिका ४.२.४: वार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर....१५४

तालिका ४.४.२.१: जिल्ला वर्गीकरण ....... १५७
तालिका ५.१.४.१: शीर्षकगत बजेट तथा कार्यक्रम विवरण ....... १६५
तालिका ५.१.४.२: बजेट सारांश (रकम रु. लाखमा) ....... १७२
तालिका ५.१.४.३: वैदेशिक ऋण तथा अनुदानको बिनियोजनः ....... १७२
तालिका ५.२.२.१: पन्ध्रौं योजनाका नतिजासूचकको प्रगति अवस्था ....... १७३
तालिका ५.२.४.१: आर्थिक वर्ष २०७९/०८० को बजेट कार्यान्वयन कार्ययोजना (माइलस्टोन) ....... १७५
तालिका ५.२.४.२: आ.व.२०८०/०८१ का लागि निर्धारण गरिएका कार्यसम्पादन सूचकहरू (KPI) ....... १८७
तालिका ६.१.१: गृह प्रशासन सुधार कार्ययोजना,२०७८को कार्यान्वयनको प्रगति अवस्था ....... १९०

# कार्यकारी सारांश

- मन्त्रालयमा रहेका विगतमा वितरण भएका सबै अंगीकृत नेपाली नागरिकता सम्बन्धी अभिलेखहरूलाई CIMS मा अभिलेखीकरण गरिएको छ।
- विष्फोटक पदार्थ नियम, २०२० मा संशोधन भई २०८०/०२/०१ गते बाट कार्यान्वयनमा आएको छ।
- गाँजाको औषधीय गुणको अध्ययन गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सँग सम्झौता भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ।
- कोशी प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशमा अनुचित लेनदेन (मिटरब्याजी) बिरुद्ध उजुरीका सम्बन्धमा स्थलगत अध्ययन गरिएको छ।
- अनुचित लेनदेन (मिटरब्याजी पीडितहरुको) समस्या न्यूनीकरण गर्नका लागि मौजुदा कानूनमा संशोधन भई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश मिति २०८०/०१/२० मा नेपाल राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेको छ।
- पूर्व न्यायधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा अनुचित लेनदेन (मिटरव्याज) सम्बन्धी जाँचबुझ आयोग, २०७९ गठन भएको र तत्पश्चात जिल्ला प्रशासन कार्यालयले प्रभावकारी रुपमा कार्य गरी हालसम्ममा मधेशका ८ जिल्लामा २१५३५, पश्चिम नवलपरासीमा १८३२ र बाँकी अन्य जिल्लामा ४६०३ गरी कुल निवेदन २८००० परेकोमा मेलमिलाप तथा फछ्र्यौट ५०३२ रहेको र मिति २०८०/०७/१५ गते सम्ममा २१२ बिगाहा ४ कठ्ठा १७ धुर (७७४) कित्ता जग्गा साहुबाट सम्बन्धित जग्गा धनीलाई फिर्ता गरिएको छ।
- नक्कली भुटानी शरणार्थी प्रकरणको अनुसन्धान गरी मुद्धा दायर भएकोमा अदालतमा बिचाराधीन अवस्थामा रहेको छ।
- विदेशस्थित कुटनीतिक नियोगबाट जारी हुने हस्तलिखित भिसालाइ प्रतिस्थापन गरी ETA (Electronic Travel Authorization) सञ्चालनमा ल्याइएको छ।
- ललिता निवास जग्गा प्रकरणमा अनुसन्धान सम्पन्न गरी मुद्धा दायर गरी मुद्धा बिचाराधीन अवस्थामा रहेको छ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट लुकाई छिपाई गैर कानुनी रुपमा ल्याएको सुन सम्बन्धी बिषयको सुनको अवैध पैठारी (तस्करी) सम्बन्धि छानविन आयोग, २०८० गठन भई कार्य गरिरहेको छ।
- भारत सरकारको अनुदान सहयोगमा काभ्रेपलाञ्चोक जिल्लाको पनौतीमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको भवन लगायतका पूर्वधार निर्माण गर्ने सम्बन्धमा मन्त्रिपरिषदबाट स्वीकृति लिई भवन निर्माणको क्रममा रहेको छ।
- आ.व. २०७९/०८० मा दार्चुलाको टिंकर सहित २३ वटा स्थानमा सीमा सुरक्षा पोष्ट (BOP ) स्थापना भई हालसम्म २५२ वटा BOP स्थापना भएको छ।

- आ.व. २०८०/०८१ को लागि गृह सचिव र प्रमुख जिल्ला अधिकारीबीच हुने ***कार्यसम्पादन सम्झौता परिमार्जन कार्यदलको प्रतिवेदन, २०८०*** स्वीकृत गरी स्वचालित रूपमा कार्यसम्पादन मूल्याङ्कन हुने प्रणाली CDO Performance Appraisal System (CPAS) को विकास गरी कार्यान्वयनमा रहेको छ।
- आगामी १६ औं योजना तर्जुमाको सिलसिलामा गृह मन्त्रालय र अन्तर्गत निकायको विषय क्षेत्र समेटी प्रारम्भिक दस्तावेज तयार पारी राष्ट्रिय योजना आयोगमा पठाइएको छ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीमा गृह मन्त्रालय तथा अन्तर्गतको तर्फबाट विभिन्न क्रियाकलाप, माइलस्टोन तथा सूचकहरू तयार गरी प्रविष्टि गरिएको र सोको प्रगति प्रणालीमा मासिक रुपमा प्रविष्टी गरिएको छ।
- आ.व. २०८०/०८१ को लागि गृह मन्त्रालय र अन्तर्गतको वार्षिक नीति तथा कार्यक्रम, मध्यमकालिन खर्च संरचना (MTEF) र वजेट निर्माण गरिएको छ।
- आ.व. २०८०/०८१ को लागि माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री र गृह सचिवज्यूबीच, श्रीमान् गृह सचिवज्यू, महाशाखा प्रमुख, विभागीय प्रमुख र प्रमुख जिल्ला अधिकारीहरूबीच हुने वार्षिक कार्यसम्पादन सम्झौताको मस्यौदा तयार गराई सम्झौता गर्ने कार्य सम्पन्न भई सोही बमोजिम कार्यसम्पादन मूल्याङ्कन भईरहेको छ।
- हस्तलिखित नागरिकता वितरण हुँदै आएका थप ४ कार्यालयहरुमा नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) मार्फत नागरिकता जारी, विवरण व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको छ।
- प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरुवा गर्ने वा कामकाज खटाउने सम्बन्धी कार्यविधि, २०७९ जारी भई कार्यान्वयनमा रहेको छ।
- सशस्त्र द्वन्द्वकालका घाइते/अपाङ्गता भएका व्यक्तिहरुलाई राहत प्रदान गर्ने सम्बन्धमा "माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरुका लागि पुनर्स्थापन एवं हेरचाह निर्देशिका, २०६८ को दोस्रो संशोधन बमोजिम विशिष्ट श्रेणी २८६ जनालाई मासिक रु १८ हजारका दरले जम्मा ६ करोड १७ लाख ७६ हजार, प्रथम श्रेणी ४३४ जनालाई मासिक ४ करोड ६८ लाख ७२ हजार र दोस्रो श्रेणी ३५७ जनालाई मासिक रु ४ हजारका दरले जम्मा रु १ करोड ७१ लाख ३६ हजार रकम वितरणको लागि निकासा भएको छ।
- पाँचथर, डडेलधुरा, डोटी, ईलाम, सुनसरी, सप्तरी लगायत १३ जिल्लाका १४५ स्थानीय तहमा रहेका करीब १०,८३३ वटा सार्वजनिक संरचनाहरुको Rapid Visual Screening Survey सम्पन्न गरी उक्त सर्वेबाट सार्वजनिक भवनको सवलिकरणका लागि लगानी प्राथमिकता सूची तयार गरिएको र Geo-referenced platform मा नक्शाङ्कन भएको छ।
- वाढी प्रभावित कञ्चनपुर, सप्तरी, वर्दिया, बाँके, कैलाली, रौतहट गरी ६ जिल्लाका १३ वटा पालिकाहरूका विभिन्न जोखिमयूक्त ३४ स्थानहरूमा Automatic Audio Emergency warning and notification System (Siren System) जडान कार्य सम्पन्न भएको छ।

- विदेश स्थित कुटनितिक नियोगबाट जारी हुने हस्तलिखित भिसालाइ प्रतिस्थापन गरी ETA (Electronic Travel Authority) सञ्चालनमा आएको छ।
- २०८० असार मसान्तसम्म नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय वमोजिम मानवसेवा आश्रम लगायत अन्य ३ आश्रम र सबै स्थानीय तहसमेतलाई उपलब्ध गराईएको निकासा सहित रु.१ खर्ब ८ अर्ब ४ करोड १४ लाख ७० हजार ८ सय १० रुपैंया सामाजिक सुरक्षा भत्ता पठाइएको छ। हाल सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको कुल संख्या ३८ लाख १ सय ९ जना रहेको छ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालीमा (VERSP-MIS) संग्रहित नागरिकका सूचना तथा तथ्याङ्कको आन्तरिक तथा बाह्य जोखिमबाट सुरक्षा गर्न तथा गोपनीयता कायम गर्न VERSP-MIS प्रयोग गर्दा Virtual Private Network (VPN) अनिवार्य गरिएको छ। हाल ६६४८ वटा वडा कार्यालय र ७५३ स्थानीय तहमा VPN जडान गरी कार्यान्वयन भईरहेको छ।
- राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन गर्ने कार्य आ.व. २०७९।०८० मा विवरण दर्ता अभियान मार्फत ३०,४८,५२९, इकाई मार्फत २०,३१,१६७ गरी कुल दर्ता ५०,७९,६९६ भएको छ। हाल सम्म राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन गर्ने कार्य १३,१५४,७४२ रहेको छ।
- बन्दीहरूको स्वास्थ्य उपचारलाई थप व्यवस्थित गर्न स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत १५४९ जना बन्दीको स्वास्थ्य बीमा बोर्डबाट नामनामेसी तयार गरिएको छ।
- कारागारमा रहेका कैदी बन्दीहरूको फोटो सहितको परिचय पत्र लागू गरिएको छ।
- विभिन्न व्यक्तिहरुले कसूरजन्य सम्पत्ति आर्जन गरी विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा गरेको जम्मा मौज्दात रकम २ करोड ४६ लाख १६ हजार ७४५ रुपैयाँ कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा भएको छ।

# परिच्छेद-एक

# परिचय

## १.१ गृह मन्त्रालय

### १.१.१ पृष्ठभूमि

नेपालमा २००७ सालको राजनैतिक परिवर्तनपश्चात् देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी गृह मन्त्रालयको स्थापना भयो। वि.सं.२०१७ सालमा पञ्चायती व्यवस्थाको स्थापनापछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो। वि.सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो। स्थानीय प्रशासन ऐन, २०२८ लागू भएपछि अञ्चलाधीश र प्र.जि.अ.को काम, कर्तव्य र अधिकार कानुनी रूपमा व्यवस्थित गरियो। वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुट्ट्याई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपछि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन रहन गयो।

"मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु"गृह प्रशासनको मुख्य उद्देश्य हो। गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न गृह मन्त्रालय मातहत नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल,राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, कारागार व्यवस्थापन विभाग, अध्यागमन विभाग, राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग र कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग रहेका छन्। स्थानीय स्तरमा ७७ वटै जिल्लामा जिल्ला प्रशासन कार्यालय, ७७ इलाका प्रशासन कार्यालय तथा ७ वटा सीमा प्रशासन कार्यालय क्रियाशील रहेका छन्।

### १.१.२ दृष्टिकोण

नेपालको प्रचलित संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्य गर्नु गृह प्रशासनको दृष्टिकोण रहेको छ।

### १.१.३ लक्ष्य

गृह प्रशासनलाई जनताको माग र आधारभूत आवश्यकता अनुरूप सञ्चालन गरी देशमा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्नु गृह प्रशासनको लक्ष्य रहेको छ।

### १.१.४ उद्देश्य

शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह मन्त्रालयको मूलभूत उद्देश्य रहेको छ।

### १.१.५ कार्यहरू

नेपाल सरकार (कार्य–विभाजन) नियमावली, २०७४ अनुसार गृह मन्त्रालयबाट सम्पादन गरिने कार्यहरू देहाय अनुसार रहेका छन।

१. आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन,
२. विशिष्ट व्यक्ति, महत्त्वपूर्ण स्थल, भवन, संरचना, कूटनीतिक नियोग र लोकमार्गको सुरक्षा सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, उपयोग, समन्वय र सुरक्षा प्रवन्ध,
३. सङ्घ र प्रदेश प्रहरी प्रशासन सम्बन्धी कार्य, सुपरीवेक्षण र समन्वय,
४. अपराध रोकथाम तथा नियन्त्रण सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
५. अपराध अनुसन्धान र अपराध अनुसन्धानको अभिलेख,
६. अपराध नियन्त्रण सम्बन्धी अन्ताराष्ट्रिय, क्षेत्रीय समन्वय तथा सहयोग,
७. सपुर्दगी सम्बन्धी कानुन, सन्धि, सम्झौता र कार्यान्वयन,
८. नागरिकता सम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,
९. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्वन्ध-विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धीकानुन,
१०. उमेर, नाम र जात सच्याउने सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
११. हातहतियार, खरखजाना तथा बिस्फोटक पदार्थको प्रयोग सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, नियन्त्रण र नियमन,
१२. यातना पीडित सम्बन्धी नीति, कानुन, मापदण्ड, समन्वय र नियमन,
१३. निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन सम्बन्धी नीति, कानुन र मापदण्ड,
१४. अभियुक्त, थुनुवा र कैदी अन्तर प्रदेश स्थानान्तरण सम्बन्धी कार्य,
१५. शरणार्थी मामिला सम्बन्धी नीति, कानुन र व्यवस्थापन सम्बन्धी कार्य,
१६. सम्पत्ति प्राप्ति, जग्गा प्राप्ति, अधिग्रहण र मुआब्जा सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
१७. चिठ्ठा तथा जुवा नियन्त्रण सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
१८. विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
१९. राष्ट्रिय विपद् कोष स्थापना सञ्चालन तथा प्रादेशिक विपद् कोषमा सहयोग र समन्वय,
२०. सजाय, माफी, मुल्तबी र परिवर्तन,
२१. निर्वाचन तथा जनमत सङ्ग्रह,
२२. सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,
२३. इन्टरपोल तथा अन्ताराष्ट्रिय प्रहरी सङ्गठनहरूसँगको सम्पर्क र समन्वय,
२४. मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्द्धन,
२५. अन्ताराष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग र समन्वय,

२६. अन्ताराष्ट्रिय सीमा, सीमा स्तम्भको सुरक्षा, सीमा प्रशासन तथा अन्ताराष्ट्रिय सीमानाको सुरक्षा,

२७. सशस्त्र विद्रोह, आर्थिक तथा सङ्गठित अपराध, आतङ्ककारी क्रियाकलाप एवं अवैध सङ्घसंस्थाहरूको गतिविधि नियन्त्रण र बारुदी सुरुङ्गको निवारण,

२८. सार्वजनिक चासो र महत्वका सूचना सङ्कलन, आदानप्रदान, विश्लेषण, उपयोग र संरक्षण,

२९. राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,

३०. विदेशी नागरिकको प्रवेश, उपस्थिति, गतिविधि तथा प्रस्थानको व्यवस्थापन, नियमन, नियन्त्रण र अभिलेखीकरण,

३१. अध्यागमन सम्बन्धी कार्य,

३२. अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति समन्वय,

३३. उपाधि, सम्मान तथा विभूषण र सुशोभन,

३४. द्वन्द्व पीडित तथा विस्थापित व्यक्तिहरूको राहत तथा पुनर्स्थापना,

३५. आर्थिक सहायता,

३६. लागु औषध नियन्त्रण, रोकथाम र पुनर्स्थापना केन्द्र व्यवस्थापन,

३७. धार्मिक विषय, तीर्थस्थान र तीर्थयात्री,

३८. कल्याणधन र बेवारिसे धन,

३९. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ नियन्त्रण, सार्वजनिक अपराधको नियन्त्रण,

४०. सार्वजनिक चन्दा सङ्कलन नियमन र नियन्त्रण,

४१. गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगी लगायत) विषयक राष्ट्रिय अन्तारा‌ष्ट्रिय समन्वय र सम्पर्क,

४२. निर्वाचन आयोग,

४३. नेपाल प्रहरी,

४४. सशस्त्र प्रहरी बल, नेपाल,

४५. प्रहरी कल्याण,

४६. सार्वजनिक बिषयसँग सम्बन्धित विवाद, घटनाको जाँचबुझ र अनुसन्धान,

४७. सवारी नियन्त्रण तथा सरकारी सवारी साधनको व्यवस्थापन र समन्वय,

४८. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्ताराष्ट्रियसङ्घ संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,

४९. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,

५०. अन्य मन्त्रालयको कार्यविभाजनमा नपरेका विषय आदि।

### १.१.६ गृह मन्त्रालयको कार्यक्षेत्र

नेपाल सरकार (कार्य–विभाजन) नियमावली, २०७४ अनुसार गृह मन्त्रालयबाट सम्पादन गरिने कार्यहरू समेट्ने क्षेत्र नै गृह मन्त्रालयको कार्यक्षेत्र हो।




### १.१.७ गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष ऐन, नियम, मापदण्ड तथा कार्यविधिहरू

**क) गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष ऐनहरू**

१. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८
२. उपभोक्ता संरक्षण ऐन, २०७५
३. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण तथा जफत) ऐन, २०७०
४. कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२
५. खाद्य ऐन, २०२३
६. छापाखाना र प्रकाशन ऐन, २०४८
७. जलस्रोत ऐन, २०४९
८. जग्गा प्राप्ति ऐन, २०३४
९. फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
१०. प्रहरी ऐन, २०१२
११. बिष्फोटक पदार्थ ऐन, २०१८
१२. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६
१३. बालबालिका सम्बन्धी ऐन, २०७५
१४. भ्रष्टाचार निवारण ऐन, २०५९
१५. राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
१६. यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

१७. नेपाल नागरिकता ऐन, २०६३

१८. राहदानी ऐन, २०७६

१९. लागु औषध(नियन्त्रण) ऐन, २०३३

२०. स्थानीय प्रशासन ऐन, २०२८

२१. सशस्त्र प्रहरी ऐन, २०५८

२२. सार्वजनिक सुरक्षा ऐन, २०४६

२३. संस्था दर्ता ऐन, २०३४

२४. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४

२५. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९

२६. संक्षिप्त कार्यविधि ऐन, २०२८

२७. हातहतियार खकराखाजना ऐन, २०१९

२८. होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (नियन्त्रण) ऐन, २०२३

२९. विभूषण ऐन, २०६४

३०. विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

३१. निजामती सेवा ऐन, २०४९

३२. अध्यागमन ऐन, २०४९

३३. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१

३४. पशु वधशाला र मासु जाँच ऐन, २०५५

३५. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५

३६. प्राचीन स्मारक संरक्षण ऐन, २०१३

३७. सूचनाको हक सम्बन्धी ऐन, २०६४

३८. नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन,सुपरीवेक्षण र समन्वय) ऐन,२०७६

३९. सामाजिक सुरक्षा ऐन, २०७५

४०. तेजाव तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९

४१. कारागार ऐन, २०७९

**ख) गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष नियमहरू**

१. अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९

२. उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७

३. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण तथा जफत) नियमावली, २०७७

४. खाद्य नियमावली, २०२७

५. छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९

६. जलस्रोत नियमावली, २०५०

७. प्रहरी नियमावली, २०७१

८. बालबालिका सम्बन्धी नियमावली, २०५१

९. राहदानी नियमावली, २०६७

१०. सशस्त्र प्रहरी नियमावली, २०७२

११. संस्था दर्ता नियमावली, २०३४

१२. सरकारी जग्गाको भोगाधिकार गराउने सम्बन्धी कार्यनीति, २०६२

१३. सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५

१४. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४

१५. हातहतियार खरखजाना नियमावली, २०७८

१६. होटेल व्यवस्था तथा मदिराको बिक्री वितरण (अधिकारी तोक्ने) नियमहरू, २०२४

१७. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष सञ्चालन नियमावली, २०६३

१८. विभूषण नियमावली, २०७६

१९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

२०. विष्फोटक पदार्थ नियम, २०२०

२१. नेपाल नागरिकता (तेस्रो संसोधन) नियमावली, २०६३

२२. निजामती सेवा नियमावली, २०५०

२३. अध्यागमन नियमावली, २०५१

२४. पशु बधशाला र मासु जाँच नियमावली, २०५७

२५. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६

२६. मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५

२७. सूचनाको हक सम्बन्धी नियमावली, २०६५

२८. तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) नियमावली, २०७९

२९. कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) नियमावली, २०७७

३०. वैयक्तिक गोपनीयता सम्बन्धी नियमावली, २०७७

३१. सामाजिक सुरक्षा नियमावली, २०७७

३२. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७

३३. फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७७

३४. विभूषण नियमावली, २०७७

३५. नेपाल नागरिकता नियमावली, २०७८

३६. कारागार (पन्ध्रौ संसोधन)नियमावली, २०२०

**ग) गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष नीति रणनीति कार्यनीति एवं कार्यविधिहरू**

१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति, २०७५

२. विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना (२०१८-२०३०)

३. विपद् जोखिम वित्तीय व्यवस्थापन रणनीति, २०७८

४. सरकारी जग्गाको भोगाधिकार गराउने सम्बन्धी कार्यनीति, २०६२

५. मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल सञ्चालन कार्यविधि, २०७७

६. अध्यागमन विभाग तथा अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको आचारसंहिता, २०७८

७. विपद् लेखाजोखा मार्गदर्शन, २०७२

८. सम्भावित शीतलहर तथा हिमपात विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य मार्गदर्शन, २०७७

९. लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना २०७९-२०८४

१०. गृह प्रशासन सुधार कार्ययोजना,२०७८

११. एकीकृत अनुगमन ढाँचा,२०७८

१२. आगलागिजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण अनुदान वितरण कार्यविधि २०७८

१३. स्वयंसेवक व्युरो गठन तथा परिचालन कार्यविधि, २०७८

१४. मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९

## १.१.८ गृह मन्त्रालयको सङ्गठन संरचना



## १.२ गृह मन्त्रालय मातहतका महाशाखा/शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरू

### १.२.१ गृह मन्त्रालयको प्रगति समीक्षा

नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न मन्त्रालय र अन्तर्गतका निकायहरूबाट आ.व. २०७९/०८० मा बजेट शीर्षकगत रूपमा २८ वटा आयोजना तथा कार्यक्रमहरू सञ्चालन भएका छन्। ती आयोजनाहरू मध्ये ३ वटा मात्र पहिलो प्राथमिकता प्राप्त आयोजना छन् जसमा गृह मन्त्रालय अन्तर्गत लागु औषध नियन्त्रण कार्यक्रम र नेपाल प्रहरीबाट सञ्चालित त्रि-वर्षीय अपराध नियन्त्रण कार्यक्रम छन्। त्यस्तै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग तर्फ रुपान्तरणकारी आयोजनाको रूपमा राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता कार्यक्रम रहेको छ। आ. व. २०७९/०८० मा सञ्चालित कार्यक्रमहरूमध्ये गृह मन्त्रालय अन्तर्गत ९ वटा कार्यक्रम रहेका थिए भने ती बाहेक अन्य कार्यक्रमहरू अन्तर्गतका विभाग तथा सुरक्षा निकायबाट सञ्चालित थिए। मन्त्रालयबाट सञ्चालित कार्यक्रम अन्तर्गत राहत तथा पुनर्स्थापना कार्यक्रम, समरजङ्ग कम्पनी, जिल्ला प्रशासन कार्यालयहरू, सीमा प्रशासन कार्यालयहरू, इलाका प्रशासन कार्यालयहरू, जुद्ध वारुणयन्त्र कार्यालय, प्रहरी किताबखाना, लागु औषधनियन्त्रण कार्यक्रम लगायतका कार्यक्रमहरू रहेका छन्। मन्त्रालय मातहतका निकायबाट सञ्चालित आयोजनाहरू/कार्यक्रमहरूको प्रगति विवरण सम्बन्धित निकायकै प्रगति खण्डमा विस्तृत रूपमा राखिएको छ।

### १.२.२ गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र अवस्था

आ.व. २०७९/०८० मा गृह मन्त्रालय र अन्तर्गतका लागि रु. १ खर्ब ८५ अर्ब ३ करोड ४५ लाख रुपैयाँ बजेट विनियोजन भएकोमा आ.व. को अन्त्य सम्ममा रकमान्तर भई खुद बजेट रु. २ खर्ब ११ अर्ब ४४ करोड ६४ लाख ४६ हजार १ सय ६९ कायम भएकोमा सुरु बजेटको ११०.६७ प्रतिशत र खुद बजेटको ९६.८५ प्रतिशत खर्च भएको देखिन्छ। सोको खर्चको अवस्था तालिका नं **१.२.१** मा प्रस्तुत गरिएको छ।

**तालिका १.२.१ः गृह मन्त्रालय र मातहत निकायको वित्तीय प्रगतिको समग्र स्थिति** (रु. हजारमा)

| बजेट | शुरु बजेट | खुद बजेट | खर्च | शुरु खर्च प्रतिशत | खुद खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| **चालू** | १,७४,८४,६४,०० | २,००,०२,४४,९०.५०१ | १,९६,६०,८२,१४ | ११२.४५ | ९८.२९ |
| **पूँजिगत** | १०,१८,८१,०० | ११,४२,१९,५५.६६८ | ८,१६,९३,८६ | ८०.१९ | ७१.५२ |
| **कुल** | १,८५,०३,४५,०० | २,११,४४,६४,४६.१६९ | २,०४,७७,७६,०० | ११०.६७ | ९६.८५ |

*स्रोतः Line Ministry Budget Information System (LMBIS)*

माथिको तालिकाबाट स्पष्ट हुन्छ कि कुल राष्ट्रिय बजेट (पूँजीगत र चालु दुवैतर्फ) खर्चको अनुपातमा गृह मन्त्रालय र मातहतका निकायहरूको वित्तीय प्रगति नेपाल सरकारका अन्य निकाय/मन्त्रालयहरूको तुलनामा उच्च अनुपातमा भएको देखिन्छ। गृह मन्त्रालय अन्तर्गत निकायगत बजेट विनियोजन र खर्चको अवस्था तालिका नं. १.२.२ मा विस्तृत रूपमा प्रस्तुत गरिएको छ।

तालिका १.२.२: गृह मन्त्रालय र मातहत निकायको बजेट उपशीर्षक अन्तर्गतवित्तीय प्रगतिको समग्र स्थिति (रु.हजारमा )

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३१४०००११ | गृह मन्त्रालय | ५२८०२९.१३३ | २८६४४०.९ | ८१४४७०.०३३ | ४६८३८४ | २६८३२५ | ७३६७०९ | ८८.७ | ९३.६८ | ९०.४५ |
| २ | ३१४००१०१ | राहत तथा पुर्नस्थापना कार्यक्रम | ८६५५.२३४ | ० | ८६५५.२३४ | १४९६ | ० | १४९६ | १७.२८ | | १७.२८ |
| ३ | ३१४००१०२ | लागू औषध नियन्त्रण कार्यक्रम | ६५०० | १००० | ७५०० | २०९५ | ० | २०९५ | ३२.२२ | ० | २७.९३ |
| ४ | ३१४००१०३ | राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण | ४३१८७४.०२१ | ११९४९०० | १६२६७७४.०२१ | १९९६६१ | ४९१३४३ | ६९१००४ | ४६.२३ | ४१.१२ | ४२.४८ |
| ५ | ३१४०१०११ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | १९७०५५६ | ३६८८०० | २३३९३५६ | १७९३८२१ | २०३६५८ | १९९७४७९ | ९१.०३ | ५५.२२ | ८५.३९ |
| ६ | ३१४०१०१२ | सामाजिक सुरक्षा तथा संरक्षण | ११०३९३३८९.०५६ | ० | ११०३९३३८९.०५६ | १०८३३१६५७ | ० | १०८३३१६५७ | ९८.१३ | | ९८.१३ |
| ७ | ३१४०२०११ | कारागार व्यवस्थापन विभाग | २८७८५.३०९ | २७४८५२.०३ | ३०३६३७.३३९ | १९४८३ | २३५७९४ | २५५२७७ | ६७.६८ | ८५.७९ | ८४.०७ |
| ८ | ३१४०२०१२ | कारागार कार्यालयहरु | २२७२७२७.४५५ | १२३५४७.९७ | २३९६२७५.४२५ | २०५४८३४ | ७४४९९ | २१२९३३३ | ९०.४१ | ६०.३ | ८८.८६ |
| ९ | ३१४०३०११ | अध्यागमन विभाग | ६३८५५.१६२ | १२८१०० | १९१९५५.१६२ | ६२०२२ | ८९७०९ | १५१७३१ | ९७.१३ | ७०.०३ | ७९.०५ |
| १० | ३१४०३०१२ | अध्यागमन कार्यालयहरु | २४७५५३.५६८ | १०५०० | २५८०५३.५६८ | २२८५६१ | ४००६ | २३२५६७ | ९२.३३ | ३८.१५ | ९०.१२ |
| ११ | ३१४०४०११ | प्रहरी प्रधान कार्यालय | ५३५७७१८.३२८ | १७०८१५० | ७०६५८६८.३२८ | ५३०४४५४ | १६३६०१६ | ६९४०४६९ | ९९.०१ | ९५.७८ | ९८.२३ |
| १२ | ३१४०४०१२ | उपत्यका प्रहरी कार्यालय | ७४१४५९०.३३३ | ४८३६१३ | ७८९८२०३.३३३ | ७३८५९६८ | ४४००४७ | ७८२६०१५ | ९९.६१ | ९०.९९ | ९९.०९ |
| १३ | ३१४०४०१३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ८३१३८०.३०७ | २९०८२५० | ३७३९६३०.३०७ | ८१७२२० | ९७२६०१ | १७८९८२१ | ९८.३ | ३३.४४ | ४७.८६ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | ३१४०४०१४ | प्रदेश प्रहरी कार्यालयहरु | ८३६८३६४.३४४ | ३०६८२८ | ८६७५१९२.३४४ | ८३३०९५५ | २९९४३५ | ८६३०३९० | ९९.५५ | ९७.५९ | ९९.४८ |
| १५ | ३१४०४०१५ | नेपाल प्रहरी अस्पताल | ६७४१५६.५५८ | २५७७९० | ९३१९४६.५५८ | ६४७६०० | २१९३८३ | ८६६९८३ | ९६.०६ | ८५.१ | ९३.०३ |
| १६ | ३१४०४०१६ | जिल्ला प्रहरी कार्यालयहरु | ३४८८४५१६.४७३ | १११२२५० | ३५९९६७६६.४७३ | ३४७७८५७७ | १०५३३५४ | ३५८३१९३१ | ९९.७ | ९४.७ | ९९.५४ |
| १७ | ३१४०४१०३ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९६०० | ७२७०० | ८२३०० | ९४९८ | ७२२८६ | ८१७८४ | ९८.९४ | ९९.४३ | ९९.३७ |
| १८ | ३१४०५०११ | सशस्त्र प्रहरी बल | १८१८४०९.८६६ | ४३९०४९.०९७ | २२५७४५८.९६३ | १८०२३५८ | ४३७००२ | २२३९३६० | ९९.१२ | ९९.५३ | ९९.२ |
| १९ | ३१४०५०१३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | २०५३६४०५.१७२ | ८००७७६.९७४ | २१३३७१८२.१४६ | २०४०२४१६ | ७९३६२४ | २११९६०४१ | ९९.३५ | ९९.११ | ९९.३४ |
| २० | ३१४०५०१४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरु | १५०२८६२.८७२ | १४२३०७.२८६ | १६४५१७०.१५८ | १४८९०२४ | १३८९६९ | १६२७९९३ | ९९.०८ | ९७.६५ | ९८.९६ |
| २१ | ३१४०५०१५ | नेपाल ए.पी.एफ अस्पताल | ३३४१७६.७५२ | १०७६४१.३११ | ४४१८१८.०६३ | ३३२४७५ | १०६७७६ | ४३९२५१ | ९९.४९ | ९९.२ | ९९.४२ |
| २२ | ३१४०६०११ | प्रहरी किताबखाना | २५००० | ३७०० | २८७०० | २१२७७ | ३३८३ | २४६६० | ८५.११ | ९१.४३ | ८५.९२ |
| २३ | ३१४०७०११ | कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग | २५००० | ४९०० | २९९०० | २२४०२ | २५९९ | २५००१ | ८९.६१ | ५३.०४ | ८३.६१ |
| २४ | ३१४९१०११ | समरजंग कम्पनी कार्यालय | १४६०० | १०० | १४७०० | ९०५१ | ८० | ९१३१ | ६१.९९ | ७९.८९ | ६२.११ |
| २५ | ३१४९२०११ | जिल्ला प्रशासन कार्यालयहरु | १८२३११६.१९३ | ४६९७१५.१ | २२९२८३१.२९३ | १७०३२४७ | ४२८३३८ | २१३१५८५ | ९३.४३ | ९१.१९ | ९२.९७ |
| २६ | ३१४९२०१२ | सीमा प्रशासन कार्यालयहरु | २९०७२.९४७ | ७०० | २९७७२.९४७ | २१८५४ | ४१६ | २२२७० | ७५.१७ | ५९.४ | ७४.८ |
| २७ | ३१४९२०१३ | इलाका प्रशासन कार्यालयहरु | ४०६८५२.४८९ | २१५२४४ | ६२२०९६.४८९ | ३५२२१९ | १९७६६६ | ५४९८८६ | ८६.५७ | ९१.८३ | ८८.३९ |
| २८ | ३१४९३०११ | जुद्ध वारुणयन्त्र कार्यालय | १६७४२.९२९ | १०० | १६८४२.९२९ | १५६०४ | ८० | १५६८४ | ९३.२ | ८० | ९३.१२ |
| कुल जम्मा | | | **२०००२४४९०.५०१** | **११४२१९५५.६६८** | **२११४४६४४६.१६९** | **१९६६०८२१३** | **८१६९३८९** | **२०४७७७६०३** | **९८.२९** | **७१.५२** | **९६.८५** |

***स्रोत: Line Ministry Budget Information System (LMBIS)***

माथिको विवरणबाट सबै भन्दा कम गृह मन्त्रालयको राहत तथा पुर्नस्थापना कार्यक्रम तर्फ १७.२८ प्रतिशत र लागू औषध नियन्त्रण कार्यक्रम तर्फ २७.९३ खर्च प्रगति भएको देखिन्छ भने गृह मन्त्रालय अन्तर्गतका निकायहरूमध्ये राष्टिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणले कुल बिनियोजनको ४२.४८ प्रतिशत भन्दा कम खर्च गरेको देखिन्छ त्यसैगरी राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान तर्फ केवल ४७.८६ प्रतिशतमात्र खर्च हुन सकेको छ। गृह मन्त्रालयको राहत तथा पुर्नस्थापना कार्यक्रम र लागू औषध नियन्त्रण कार्यक्रमतर्फ विनियोजित बजेट कम खर्च हुनुमा श्री अर्थ मन्त्रालयको च.नं.४२१ मिति २०७९/१०/१७ गतेको खर्च कटौती तथा बजेट रोक्का सम्बन्धी परिपत्रको भूमिका प्रमुख रहेको देखिन्छ। विभाग बाहेकका मन्त्रालय अन्तर्गतका निकाय तथा कार्यक्रमतर्फको खर्च **१.२.३** मा प्रस्तुत गरिएको छ।

### तालिका १.२.३: गृह मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना एवं निकायहरूको प्रगति विवरण (विभागतर्फको बाहेक)

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३१४०००११ | गृह मन्त्रालय | ५२८०२९.१३३ | २८६४४०.९ | ८१४४७०.०३३ | ४६८३८४ | २६८३२५ | ७३६७०९ | ८८.७ | ९३.६८ | ९०.४५ |
| २ | ३१४००१०१ | राहत तथा पुर्नस्थापना कार्यक्रम | ८६५५.२३४ | ० | ८६५५.२३४ | १४९६ | ० | १४९६ | १७.२८ | | १७.२८ |
| ३ | ३१४००१०२ | लागू औषध नियन्त्रण कार्यक्रम | ६५०० | १००० | ७५०० | २०९५ | ० | २०९५ | ३२.२२ | ० | २७.९३ |
| ४ | ३१४०६०११ | प्रहरी किताबखाना | २५००० | ३७०० | २८७०० | २१२७७ | ३३८३ | २४६६० | ८५.११ | ९१.४३ | ८५.९२ |
| ५ | ३१४९१०११ | समरजंग कम्पनी कार्यालय | १४६०० | १०० | १४७०० | ९०५१ | ८० | ९१३१ | ६१.९९ | ७९.८९ | ६२.११ |
| ६ | ३१४९२०११ | जिल्ला प्रशासन कार्यालयहरु | १८२३११६.१९३ | ४६९७१५.१ | २२९२८३१.२९३ | १७०३२४७ | ४२८३३८ | २१३१५८५ | ९३.४३ | ९१.१९ | ९२.९७ |
| ७ | ३१४९२०१२ | सीमा प्रशासन कार्यालयहरु | २९०७२.९४७ | ७०० | २९७७२.९४७ | २१८५४ | ४१६ | २२२७० | ७५.१७ | ५९.४ | ७४.८ |
| ८ | ३१४९२०१३ | इलाका प्रशासन कार्यालयहरु | ४०६८५२.४८९ | २१५२४४ | ६२२०९६.४८९ | ३५२२१९ | १९७६६६ | ५४९८८६ | ८६.५७ | ९१.८३ | ८८.३९ |
| ९ | ३१४९३०११ | जुद्ध वारुणयन्त्र कार्यालय | १६७४२.९२९ | १०० | १६८४२.९२९ | १५६०४ | ८० | १५६८४ | ९३.२ | ८० | ९३.१२ |

स्रोत: *Line Ministry Budget Information System (LMBIS)*

## १.३ गृह मन्त्रालय अन्तर्गत महाशाखा-शाखाहरूले आ.व. २०७९/८० मा सम्पादन गरेको मुख्य मुख्य कार्यहरू तथा प्रगतिको विवरण

### १.३.१ नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा

गृह मन्त्रालय अन्तर्गतको महत्वपूर्ण महाशाखाको रूपमा रहेको नीति योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा अन्तर्गत नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा, लागुऔषध नियन्त्रण शाखा र योजना, अनुगमन तथा मुल्याङ्कन शाखा गरी ३ वटा शाखाहरू रहेका छन। तीन वटै शाखाहरूको मुख्य मुख्य कार्यहरूको प्रगति देहायानुसार उल्लेख गरिएको छ।

**क. नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा**

- मन्त्रालयमा रहेका विगतमा वितरण भएका सबै अंगीकृत नेपाली नागरिकतासम्बन्धी अभिलेखहरूलाई CIMS मा अभिलेखीकरण।
- नागरिकता वितरणसम्बन्धी हालसम्म भएका निर्देशन/परिपत्रहरूको संगालो तयार पारी प्रकाशन गरिएको।
- नागरिकताका अभिलेखहरूको अनलाईन/डिजिटाइज्ड व्यवस्थापन।
- जिल्ला प्रशासन कार्यालयहरूबाट छानवीन तथा अनुसन्धान हुने नागरिकतासम्बन्धी उजुरीहरूको Tracking गर्न Citizenship Complaints Management System (CCMS) को विकास।
- विगतमा नागरिकता सूचना व्यवस्थापन प्रणाली स्थानीय सर्भरमा निर्भर रहेकोमा सबै जिल्लाहरूका लागि एकीकृत प्रणाली CCIMS (Centralized Citizenship Information Management System) निर्माण गर्ने कार्य अन्तिम चरणमा।

**ख. लागुऔषध नियन्त्रण शाखा**

- विष्फोटक पदार्थ नियम, २०२० मा संशोधन भई २०८०/०२/०१ गते राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आएको।
- लागू औषध नियन्त्रण नीति २०६३ मा परिमार्जन गर्न नीतिको मस्यौदा तयार गरिएको।
- तेजाव तथा अन्य घातक रसायनिक पदार्थ (नियमन) नियमावलीको मस्यौदा तयार गरी स्वीकृतीको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा पेश गरिएको।
- गाँजाको औषधीय गुणको अध्ययन गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद्सँग सम्झौता भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएको।
- ७१ वटा आयोजना तथा उधोगहरुलाई विष्फोटक पदार्थ खरिद तथा आयातका लागि इजाजत दिइएको।
- विभिन्न ३४ औषधी उत्पादक कम्पनीहरुलाई औषधी उत्पादनमा आवश्यक पर्ने नियन्त्रित लागू औषध तथा सहायक रसायनको आयात इजाजत पत्र दिइएको।
- १२४ वटा कम्पनी तथा उधोगहरुलाई रसायनिक पदार्थहरु आयात गर्न आयात अनुमति दिइएको।

- जिल्ला प्रशासन कार्यालयहरुको सिफारिशका आधारमा १५ वटा उपचार तथा पुनर्स्थापना केन्द्रहरुलाई आवद्धता प्रदान गरिएको।
- लागू औषध नियन्त्रण व्यूरोवाट आ.व.२०७९/०८० मा लागू औषध सम्वन्धी ६५५ वटा मुद्दा दर्ता भएका त्यसैगरी लागु औषध सम्बन्धी मुद्धामा नेपाली ८८५ जना र विदेशी ५२ जना गरी ९०७ जना पक्राउ परेका।
- लागू औषध नियन्त्रण रोकथाम लगायतका विविध विषय समेटी लागू औषध सम्वन्धी "सुरक्षित जीवन"को २० औं अंक प्रकाशित  गरिएको
- नेपालमा रासायनिक पदार्थ तथा औषधी आयात इजाजत सम्वन्धी प्रगति प्रतिवेदन अन्तर्राष्ट्रिय लागू औषध नियन्त्रण बोर्ड (INCB) जेनेभामा पठाईएको।

## ग. योजना, अनुगमन तथा मुल्याङ्कन शाखा

- गृह प्रशासन सुधार कार्ययोजना,२०७८ स्वीकृत भई कार्यान्वयनमा आएको।
- कोशी प्रदेश, मधेश प्रदेश र लुम्बिनी प्रदेशमा मिटरब्याजी बिरुद्ध उजुरीका सम्बन्धमा स्थलगत अध्ययन गरिएको।
- एकीकृत अनुगमन कार्यढाँचा बमोजिमका क्रियाकलापहरुको अनुगमन तथा CPAS सहजीकरणको लागि जिल्ला प्रशासन कार्यालयहरु रुपन्देही, गुल्मी, नवलपरासी पश्चिम, पर्सा, बारा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, मोरङ्ग, सुनसरी, सिन्धुली, सप्तरी, रौतहट, मकवानपुर, जाजरकोट, डोल्पा, दोलखा, रामेछाप, चितवन गरी १८ जिल्ला र इलाका प्रशासन कार्यालयहरु वालिङ्ग, लेखनाथ (कास्की), हरिनगरा, हरिवन, सिमरामा ५ इलाका प्रशासन कार्यालयहो अनुगमन गरिएको।
- आसन्न निर्वाचनको व्यवस्थापन, राजश्व चुहावट नियन्त्रण तथा निर्वाचन सुरक्षा निकायको खटनपटन झापा, मोरङ र सुनसरी जिल्लामा अनुगमन गरिएको।
- वजेट तथा योजना प्रणाली सुधार कार्यक्रम अन्तर्गत चितवनमा गण्डकी प्रदेश तथा बागमती प्रदेशका सबै र मधेश प्रदेशका ४ जिल्लाका जिल्ला तथा इलाका प्रशासन कार्यालयहरुका र मोरङमा कोशी प्रदेशका सबै र मधेश प्रदेशका बाँकी ४ जिल्लाका जिल्ला प्रशासन र इलाका प्रशासन कार्यालयका योजना, वजेट, LMBIS र प्रमुख जिल्ला अधिकारी कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS) सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको।
- नेपालको संविधानको धारा ५३ को गरेको व्यवस्था बमोजिम गृह मन्त्रालयको तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रतिबेदन गरिएको तथा गृह मन्त्रालय र अन्तर्गतका निकायहरूबाट आ.व. ०७८/७९ मा सम्पादन भएका मुख्य मुख्य कार्यहरू समेटिएको वार्षिक प्रगति पुस्तक तयार गरी प्रकाशन गरिएको।
- भारतीय अनुदान सहयोगमा काभ्रेपलाञ्चोक जिल्लाको पनौतीमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको भवन लगायतका पूर्वधार निर्माण गर्ने सम्बन्धमा मन्त्रिपरिषदबाट स्वीकृति लिई निर्माणको क्रममा रहेको।
- मन्त्रालय र अन्तर्गत निकायहरूको राष्ट्रिय आयोजना बैंकमा समावेश गर्नुपर्ने आयोजनालाई आयोजना बैंकमा सुचीकरण गरिएको।

- सुरक्षित र भयरहित वातावरणमा संघीय संसद् र प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गर्नका लागि गृह मन्त्रालय र अन्तर्गतका निकायहरूलाई आवश्यक पर्ने स्रोत व्यवस्थापनका लागि अर्थ मन्त्रालय र मातहतका निकायहरूबिच समन्वय सहजीकरण गरी निर्वाचनको लागि प्रभावकारी रूपमा स्रोत व्यवस्थापन गरिएको।
- आर्थिक वर्ष २०८०/०८१ को मन्त्रालय र अन्तर्गतका निकायहरूको बजेट निर्माण प्रक्रियामा संलग्न रही कार्य सम्पादन गरिएको।
- यस मन्त्रालयमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) र राष्ट्रिय योजना आयोगमा Pre-NDAC र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा NDAC सम्पन्न भएको।
- आ.व. २०८०/०८१ को लागि गृहसचिव र प्रमुख जिल्लाअधिकारी बीच हुने ***कार्यसम्पादन सम्झौता परिमार्जन कार्यदलको प्रतिवेदन, २०८०*** स्वीकृत गरी स्वचालित रूपमा कार्यसम्पादन मूल्याङ्कन हुने प्रणाली CDO Performance Appraisal System (CPAS) को विकास गरिएको,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट विकास गरिएको अनलाईनमा आधारित एकिकृत अनुगमन प्रणालीमा यस मन्त्रालयको वार्षिक कार्ययोजना (माइलस्टोन) र वार्षिक कार्यसम्पादन सूचकहरू अपलोड गरी नियमित रूपमा प्रगति प्रतिवेदन गरिएको।
- आगामी १६ औं योजना तर्जुमाको सिलसिलामा गृह मन्त्रालय र अन्तर्गत निकायको विषय क्षेत्र समेटी प्रारम्भिक दस्तावेज तयार पारी राष्ट्रिय योजना आयोगमा पठाइएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीमा गृह मन्त्रालय तथा अन्तर्गतको तर्फबाट विभिन्न क्रियाकलाप, माइलस्टोन तथा सूचकहरू तयार गरी प्रविष्टि गरिएको र सोको प्रगति प्रणालीमा मासिक रुपमा प्रविष्टी गरिएको।
- श्रीमान् सचिवज्यू र प्रमुख जिल्ला अधिकारीहरूबीच भएको कार्यसम्पादन सम्झौता बमोजिमको आ.व. २०७९/०८० को वार्षिक मूल्याङ्कन गरिएको।
- १६ औं योजनामा गृह मन्त्रालय र अन्तर्गतका निकाय सम्बद्ध प्रारम्भिक विवरण तयार गरी राष्ट्रिय योजना आयोगमा उपलब्ध गराईएको।
- मध्यमकालीन खर्च संचरनाको विवरण तयार गरी प्रणालीमा प्रविष्टी गरिएको।
- गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको कार्य सम्पादन र क्षमता विकास सम्बन्धी स्वंय सो अध्ययन समिति र सो अन्तर्गत रहने गरी ५ वटा विषयगत उपसमितिहरू गठन गरिएको।
- आ.व. २०८०/०८१ को लागि माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री र गृह सचिवज्यूबीच, श्रीमान् गृह सचिवज्यू, महाशाखा प्रमुख, विभागीय प्रमुख र प्रमुख जिल्ला अधिकारीहरूबीच हुने वार्षिक कार्यसम्पादन सम्झौताको मस्यौदा तयार गराई सम्झौता गरिएको।

### १.३.२ कानुन महाशाखा

गृह मन्त्रालय अन्तर्गतको अर्को महत्वपूर्ण महाशाखाको रूपमा कानुन महाशाखा रहेको छ। जस अन्तर्गत मानव अधिकार प्रवर्द्धन शाखा र कानुन कार्यान्वयन तथा फैसला शाखा गरी २ वटा शाखाहरू रहेका छन। दुई वटै शाखाहरूको मुख्य-मुख्य कार्यहरूको प्रगति विवरण देहायानुसार उल्लेख गरिएको छ।

**घ. मानव अधिकार प्रवर्द्धन शाखा**

**तालिका १.२.४: मानव अधिकार प्रवर्द्धन शाखाको प्रगति विवरण**

| क्र.सं. | क्रियाकलाप | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १. | राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त सिफारिस कार्यान्वयन। | | १. राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त सिफारिसहरु मध्ये ७२ वटा सिफारिस सम्बन्धी विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको। |
| २. | Un Agency लगायत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र परराष्ट्र मन्त्रालयबाट माग गरेको विवरण उपलब्ध गराउने। | - | आर्थिक वर्ष २०७९/८० मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विभिन्न मितिमा परराष्ट्र मन्त्रालयको पत्रमार्फत मानव अधिकार सम्बन्धी विभिन्न विषयका प्रतिवेदन तयारीका लागि आवश्यक पर्ने Special Rapporteur बाट माग भई आएका बिभिन्न विषयमा विवरण तयार गरी पठाइएको |
| ३. | United Nations Conventions against Torture and Other Cruel, Inhumans or Degrading Treatment or Punishment – CAT प्रतिवेदन तयार/अद्यावधिक गर्ने। | - | United Nations Conventions against Torture and Other Cruel, Inhumans or Degrading Treatment or Punishment – CAT अन्तर्गत नेपालले बुझाउन तयार पारेको तेस्रो, चौथो, पाँचौ, छैठौ, सातौ र आठौ संयुक्त आवधिक प्रतिवेदन तयार गर्नका लागि विभिन्न मन्त्रालय/निकायसँग राय माग भएकोमा अद्यावधिक गर्ने क्रममा रहेको |
| ७. | मानवअधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व.२०७७।७८-२०८१।८२) तथा पालेर्मो प्रोटोकल को कार्यान्वयन कार्ययोजना | | मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व.२०७७।७८-२०८१।८२) को गृह मन्त्रालयसँग सम्बन्धित विषयको कार्यान्वयन भइरहेको। साथै कार्यान्वयन अवस्थाको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रेषित गर्ने गरिएको। |

ङ. कानुन तथा फैसला कार्यान्वयन शाखा

- **<u>फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७९</u>:-** मिति २०७९/०५/२० मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा सम्बन्धी सूचना:-</u>** मिति २०७९/०५/१६ र मिति २०७९/०७/०७ मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>सामाजिक सुरक्षा (दोस्रो संशोधन) नियमावली, २०७९</u>:-** मिति २०७९/०६/१० मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>कारागार ऐन, २०७९</u>:-** मिति २०७९/०६/०९ मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>अत्याबश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम आवश्यक सेवामा हड्ताल गर्न निषेध सम्बन्धी सूचना</u>:-** मिति २०७९/०९/०४ मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>सशस्त्र प्रहरी नियमावली, २०७२ को अनुसूची- १५ मा हेरफेर गर्ने सूचना:-</u>** मिति २०७९/०९/११ मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>कारागार (पन्ध्रौं संशोधन) नियमावली, २०७९:-</u>** मिति २०७९।०९।१८ मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>सशस्त्र प्रहरी नियमावली, २०७२ को अनुसूची- २ र ३ मा हेरफेर गर्ने सूचना:-</u>** मिति २०७९/०९/२१ मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>राजनैतिक दल सम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक:-</u>** कानून तर्जुमा सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाईएको।
- **<u>संवत २०८० सालभरिका सार्वजनिक विदा सम्बन्धी सूचना</u>:-** मिति २०७९/१२/०२ मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>शहिद घोषण गरिएको सूचना:-</u>** मिति २०७९/११/२९ मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>सशस्त्र प्रहरी (तेस्रो संशोधन) नियमावली, २०८०</u>:-** मिति २०८०/०१/२१ मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>विष्फोटक पदार्थ (दोस्रो संशोधन) नियम</u>:-** मिति २०८०/०२/०२ मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९</u>:-** मिति २०८०/०२/१७ मा नेपाल राजपत्रमा प्रकाशित।
- **<u>अत्याबश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम आवश्यक सेवामा हड्ताल गर्न निषेध सम्बन्धी सूचना</u>:-** मिति २०७९/०२/३२ मा नेपाल राजपत्रमा प्रकाशित।

**१. <u>ऐन, नियमहरुको समसामयिक परिमार्जन वा पुनरावलोकन</u>**

- ✓ विद्यमान ऐन, नियमावलीको समसामयिक परिमार्जन वा पुनरावलोकनको लागि सम्बन्धित निकायबाट अनुरोध भई आए बमोजिम मिति २०७९/०४/०२ को निर्णय अनुसार कानून महाशाखा प्रमुखको संयोजकत्वमा गठीत कानून सहजीकरण समितिबाट परिमार्जन वा पुनरावलोकन हुदै आएको।

२. <u>फैसला कार्यान्वयन</u>

- ✓ सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतबाट भएका आदेश तथा फैसलाहरुको कार्यान्वयनको लागि सम्बन्धित निकायहरुमा पत्राचार भै कार्यान्वयन हुँदै आएको। यस आ.व. मा जम्मा ८७ वटा फैसला कार्यान्वयनको लागि सम्बन्धित निकायमा लेखि पठाएको।

### १.३.३ प्रशासन महाशाखा

गृह मन्त्रालय अन्तर्गतको महत्वपूर्ण महाशाखाको रूपमा रहेको प्रशासन महाशाखा अन्तर्गत निजामती कर्मचारी प्रशासन शाखा, प्रहरी कर्मचारी प्रशासन शाखा, सूचना प्रविधि शाखा र गुनासो व्यवस्थापन शाखा गरी ४ वटा शाखाहरू रहेका छन। चार वटै शाखाहरूको प्रगति बिवरण देहायानुसार उल्लेख गरिएको छ।

**च. प्रहरी कर्मचारी प्रशासन शाखा**

- ए.पि.एफ. कमाण्ड तथा स्टाफ तालिमको प्रवेश परीक्षा सम्बन्धी कार्याविधि, २०७९, सशस्त्र प्रहरी बलमा United Nations Mission, Formed Police Unit छनौट (दोश्रो संशोधन) निर्देशिका, २०७९, सशस्त्र प्रहरी बलमा पुरस्कार तथा सम्मान कार्याविधि, २०७९, नेपाल सरकार, गृह मन्त्रालय (मा. मन्त्रीस्तर)को निर्णयानुसार स्वीकृत भएको,
- प्रहरी कर्मचारीहरूको सरूवा सम्बन्धी मापदण्ड, २०८० लागू गर्न स्वीकृति दिईएको,
- सशस्त्र प्रहरी (तेस्रो संशोधन) नियमावली, २०७९ नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८०/०१/१२ गतेको निर्णयानुसार स्वीकृत गरिएको,
- सशस्त्र प्रहरी नियमावली, २०७२ को अनुसूची-२ र ३ मा नेपाल सरकार (मा. मन्त्रीस्तर), मिति २०७९/०८/१६ गते र अनुसूची -१५ नेपाल सरकार (मा. मन्त्रीस्तर), मिति २०७९/०८/२८ को निर्णयानुसार संशोधन गरिएको,
- सशस्त्र प्रहरी बल, नेपालको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८० नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८०/०४/०३ को निर्णयानुसार स्वीकृत गरिएको।
- सशस्त्र प्रहरी बल, नेपालको UN Mission Mali खटिई जान नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९/०५/०६ को निर्णयले स्वीकृत भएको।
- Border and Disaster Management विषयमा Post Graduate Diploma कार्यक्रम संचालन गर्न त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्तिको लागि गृह मन्त्रालय (सचिवस्तर), मिति २०७९/०७/०२ को निर्णयानुसार स्वीकृत गरिएको।
- वैदेशिक तालिम/सेमिनारमा सहभागी हुन देहायका ३६४ जना प्रहरी/सशस्त्र प्रहरी कर्मचारीहरूको मनोनयन स्वीकृति गरिएको।
- वैदेशिक खेल प्रतियोगितामा सहभागिताका लागि देहायका ११८ जना प्रहरी/सशस्त्र प्रहरी कर्मचारीहरूको मनोनयन स्वीकृत गरिएको।
- बढुवा समितिबाट बढुवा नियुक्तिका लागि सिफारिस भएको देहायका ४३१ जना प्रहरी /सशस्त्र प्रहरी कर्मचारीहरूलाई बढुवा नियुक्ति गरिएको।

- Individual Police Officers (IPOs) को रुपमा तैनाथिको लागि देहायका ५३ जना प्रहरी/सशस्त्र प्रहरी कर्मचारीहरूको मनोनयन स्वीकृत गरिएको।
    - नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाललाई उपयोगी र आवश्यक पर्ने विषयमा स्वदेश तथा विदेशमा अध्ययनका लागि देहायका ४१ जना प्रहरी/सशस्त्र प्रहरी कर्मचारीहरूको अध्ययन विदा स्वीकृत गरिएको।
    - संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापनार्थ Formed Police Unit को रुपमा तैनाथीको लागि South Sudan र Mali को लागि सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक देखि सशस्त्र प्रहरी परिचर सम्मका जम्मा ३६६ जना सशस्त्र प्रहरी कर्मचारीहरूको मनोनयन स्वीकृत गरिएको।
    - माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीस्तरको मिति २०८०/०१/१३ को निर्णयानुसार सशस्त्र प्रहरी बल, नेपालको २६ वटा बि.ओ.पि.हरु स्थापना गर्न स्वीकृति दिईएको।

**छ. सूचना प्रविधि शाखा**

- हस्तलिखित नागरिकता वितरण हुँदै आएका थप ४ कार्यालयहरु ईलाका प्रशासन कार्यालय, नराकोट, जुम्ला, ईलाका प्रशासन कार्यालय, बिनायक अछाम, ईलाका प्रशासन कार्यालय, त्रिभुवनबस्ती, कन्चनपुर र ईलाका प्रशासन कार्यालय, मेहलकुना, सुर्खेतमा नागरिकता सूचना व्यवस्थापन प्रणाली (CIMS) मार्फत नागरिकता जारी, अभिलेख अध्यावधिकको व्यवस्था मिलाइएको।
- आ.व. २०७९/०८० मा १०,४०,३२५ नागरिकता प्रणालीमा थप भएको (पुरानो हस्तलिखित डिजिटाइजेसन/माइग्रेसन: १,७७,३५९; प्रणालीबाट जारी: ८,६२,९६६)
- मन्त्रालय र मातहत निकायबीच ईन्ट्रानेट (लिज लाइन) मार्फत स्थापित ICT Network थप ८ इलाका प्रशासन कार्यालयहरु विस्तार भएको।
- सूचना प्रविधि पूर्वाधारको स्तरोन्नतिका लागि सरकारी एकीकृत डाटा केन्द्र (GIDC) मा रहेको मन्त्रालयको डाटा सेन्टरमा उपकरणहरु जडान, High Availability को व्यवस्था, System migration, backup लगायतका कार्य गरिएको।
- जोखिम न्यूनिकरणका लागि डिजास्टर रिकभरी सेन्टर, हेटौंडामा प्रणालीहरुको ब्याकअप रहने व्यवस्था मिलाएको।
- मन्त्रालय र प्रमुख जिल्ला अधिकारीबीच हुने कार्य सम्पादन सम्झौताबमोजिम मूल्याङ्कन गर्ने प्रक्रियालाई सहज, प्रभावकारी, छिटोछरितो र सुरक्षित बनाउने प्रयोजनार्थ कार्य सम्पादन मूल्याङ्कन प्रणाली (CPAS) को विकास सम्पन्न गरी अभिमुखीकरण गरिएको।
- Pirated/Crack Software को प्रयोगमा परिवर्तन ल्याई आधिकारिक लाइसेन्स सफ्टवेयरहरु (Operating System ,Microsoft Office, Virtual Meeting License) प्रयोगमा ल्याएको।
- उपकरण, प्रणाली सञ्चालनको क्रममा असामान्य वा शंकास्पद गतिविधिको लग सङ्कलन र विश्लेषण गर्न; आन्तरिक र/वा बाह्यबाट हुने साइबर आक्रमणहरु, सुरक्षा खतराहरू पत्ता लगाउन र थप प्रभावकारी

सुरक्षा प्रक्रियाहरू लागू गर्न सहज बनाउनका लागि Security Information and Event Management (SIEM) सँग आवद्ध गरी निरन्तर Monitoring को प्रबन्ध मिलाएको।

- सूचना प्रविधि र प्रणाली संचालन सम्बन्धी क्षमता विकासका लागि अन्तर्गतका कार्यालयहरुलाई (लुम्बिनी र कर्णाली प्रदेशमा रहेका जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय र सीमा प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरु लाई) तालिम सञ्चालन गरिएको।
- एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) सम्बन्धि छलफल कार्यक्रम तथा मन्त्रालयका कर्मचारीहरुलाई GIOMS सम्बन्धि विभिन्न चरणमा तालिम सञ्चालन गरिएको।
- केन्द्रिय CIMS, ERMS, Central Attendance, SMS, परिपत्र, विभूषण प्रणाली, सीमा तथा अध्यागमन प्रणाली लगायतका विषयमा विभिन्न समयमा सम्बन्धितमा अभिमुखीकरण, तालिम सञ्चालन गरिएको।
- CIMS प्रणालीमा देखिएका अस्वभाविक प्रकृतिका नागरिकता विवरण (जारी मिति, जारी जिल्ला, पहिलो नाम, किसिम नखुलेका; जिल्लाबाट जारी देखिएका अंगिकृत, सम्मानार्थ नागरिकता आदि) सम्बन्धमा शाखाबाट अध्ययन गरी तथा कार्यालयहरुको अनुरोधको आधारमा सम्बन्धित अभिलेख बमोजिम विवरण संशोधन/अद्यावधिक गरिएको (हालसम्म २ लाख ६ सय १८ डाटा शुद्धीकरण)।
- विभिन्न निकायहरुको प्रणाली (नागरिक एप, राहदानी विभाग, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, आन्तरिक राजस्व विभाग, कन्सुलर सेवा विभाग) मा आवद्ध गरिएको CIMS API को व्यवस्थापन तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प्रणालीसँग API मार्फत CIMS लाई Integrate गरिएको।

**ज. गुनासो व्यवस्थापन शाखा**

यस शाखाबाट गत आ.व. २०७९/०८० मा गृह मन्त्रालय र अन्तर्गतका बिभिन्न निकाय/पदाधिकारीहरूको बिरुद्ध परेका कुल ६०० वटा उजुरीहरू मध्ये ९१.८% फछ्यौंट भएको साथै ८.२% गुनासो कारवाहीको प्रक्रियामा रहेको छ। अख्तियार दुरूपयोग, कर्मचारीको दुर्व्यवहार, कार्यक्षेत्रमा विभेद, किर्ते जालसाजी, जग्गा अतिक्रमण, जातीय विभेद, नागरिकता लगायतका देहायका बिषयमा परेका उजुरी सम्बन्धमा यस शाखाबाट कारवाही हुने गरेको छ। यस शाखाबाट गत आ.व. २०७९/०८० मा गृह मन्त्रालय र अन्तर्गतका बिभिन्न निकाय/पदाधिकारीहरूको बिरुद्ध परेका उजुरी र फछ्यौंटको बिवरण तालिका नं. १.२.५मा उल्लेख गरिएको छ।

तालिका १.२.६ः गुनासोको अवस्था

नेपाल सरकार
गृह मन्त्रालय
गुनासो व्यवस्थापन शाखा

**गुनासो पोर्टल [Grievance Portal]**

| कूल दर्ता | फछ्र्यौट भएको | कारबाहीमा रहेको | फछ्र्यौट प्रतिशत | बाँकी अ.ल्या. |
|---|---|---|---|---|
| 600 | 551 | 49 | 91.8 | 0 |

| गुनासोको वर्गीकरण | दर्ता | फर्छ्यौट | बाँकी | PMO | | CIAA | | NVC | | HS | | MoHA | | Email | | Other | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दर्ता | फर्छ्यौट | दर्ता | फर्छ्यौट | दर्ता | फर्छ्यौट | दर्ता | फर्छ्यौट | दर्ता | फर्छ्यौट | दर्ता | फर्छ्यौट | दर्ता | फर्छ्यौट |
| अख्तियार दुरुपयोग [Abuse of Authority] | 162 | 156 | 6 | 8 | 8 | 54 | 51 | 3 | 3 | 36 | 36 | 7 | 6 | 7 | 6 | 47 | 46 |
| सेवा प्रवाह सम्बन्धी [Service Delivery] | 52 | 51 | 1 | 4 | 4 | 6 | 6 | 1 | 1 | 27 | 27 | 1 | 0 | 2 | 2 | 11 | 11 |
| कार्यक्षेत्रमा विभेद [Injustice at Workplace] | 19 | 19 | 0 | 1 | 1 | 2 | 2 | 0 | 0 | 9 | 9 | 0 | 0 | 1 | 1 | 6 | 6 |
| मानव अधिकार सम्बन्धी [Human Rights] | 16 | 16 | 0 | 0 | 0 | 5 | 5 | 0 | 0 | 1 | 1 | 0 | 0 | 3 | 3 | 7 | 7 |
| व्यक्तिगत विवाद [Personal Dispute] | 9 | 9 | 0 | 5 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 4 | 4 |
| शान्ति सुरक्षा [Peace and Security] | 17 | 16 | 1 | 0 | 0 | 1 | 1 | 0 | 0 | 10 | 10 | 0 | 0 | 0 | 0 | 6 | 5 |
| सूचना प्रविधि सम्बन्धी [ICT Affairs] | 2 | 2 | 0 | 0 | 0 | 2 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| अन्य गुनासो [Other Grievance] | 323 | 282 | 41 | 21 | 18 | 40 | 35 | 1 | 1 | 128 | 125 | 25 | 16 | 15 | 15 | 93 | 72 |
| टोल फ्रि (Toll Free) | 265 | 265 | 0 | REG | CLR | REG | CLR | REG | CLR | REG | CLR | REG | CLR | REG | CLR | REG | CLR |
| जम्मा | 865 | 551 | 314 | 39 | 36 | 110 | 102 | 5 | 5 | 211 | 208 | 33 | 22 | 28 | 27 | 174 | 151 |

**स्रोतः गुनासो व्यवस्थापन शाखा**

## झ. निजामती कर्मचारी प्रशासन शाखा

प्रशासन महाशाखा अन्तर्गतको महत्वपूर्ण शाखाको रूपमा रहेको निजामती कर्मचारी प्रशासन शाखाले आ.व. २०७९/०८० मा गरेका प्रमुख कार्यहरू देहायानुसार रहेका छन।

- प्रमुख जिल्ला अधिकारीको पदस्थापन वा सरुवा गर्ने वा कामकाज खटाउने सम्बन्धी कार्यविधि, २०७९ माननीय उपप्रधानमन्त्रीस्तरबाट मिति २०७९/१०/०३ मा जारी भई मिति २०८०/०२/३१ मा संशोधन/परिमार्जन गरि कार्यान्वयनमा रहेको।
- मन्त्रालय वा अन्तर्गत ४ वटा इलाका प्रशासन कार्यालयहरु (मेहलकुना गोकुलपुर सुर्खेत, मानपकडिया रुपन्देही, चौरजहारी रुकुम, थलह जाजरकोट) र अध्यागमन कार्यालय पोखरा, क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल को संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई सेवा प्रवाहको व्यवस्था (भौतिक, मानविय) मिलाइएको।
- वैदेशिक मनोनयन १२३ जना (जेष्ठता, सम्बन्धित क्षेत्रको विज्ञताका आधारमा)
- प्रमुख जिल्ला अधिकारीका लागि कानून तथा न्याय सम्बन्धि ३(तीन) महिने तालिम ४० जना (रा.प.प्रथम र द्वितिय श्रेणीका) कर्मचारीहरुलाई प्रदान गरिएको।
- समीक्षा अवधिमा **स्वेच्छिक अवकाश** ७ जना ,**राजिनामा** ५ जना, **पदस्थापना तथा सरुवा १४४३ जना**को भएको।

तालिका १.२.७: पदस्थापना तथा सरुवा पद अनुसारको संख्यात्मक विवरण।

| सि.नं. | दर्जा | पदस्थापन / सरुवा | कै. | सि.नं. | दर्जा | पदस्थापन / सरुवा | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | सहसचिव | १३२ | | ६. | खरिदार | १५१ | |
| २. | उपसचिव | १५८ | | ७. | स.कम्प्यूटर अपरेटर | ११ | |
| ३. | शाखा अधिकृत | ४७८ | | ८. | ह./भा.सवारी चालक | २ | |
| ४. | नायबसुब्बा/कम्प्युटर अपरेटर | ५०६ | | ९. | कार्यालय सहयोगी | २ | |
| ५. | कम्प्यूटर ईन्जिनियर | २ | | १०. | मेकानिकल सव-ईन्जिनियर | १ | |

**स्रोतः निजामती कर्मचारी प्रशासन शाखा**

### १.३.४ विपद तथा द्वन्द व्यवस्थापन महाशाखा

यस मन्त्रालयको महत्वपूर्ण महाशाखाको रूपमा रहेको विपद तथा द्वन्द व्यवस्थापन महाशाखा अन्तर्गत विपद् अध्ययन,जोखिम न्यूनीकरण तथा पुर्नलाभ शाखा, विपद पुर्व तयारी तथा प्रतिकार्य शाखा, शान्ति प्रवर्द्धन शाखा र राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा गरी ४ वटा शाखाहरू रहेका छन।यी शाखाहरूबाट सम्पादन भएका प्रमुख कार्यहरू देहायानुसार उल्लेख गरिएको छ।

**ञ. विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुर्नलाभ शाखा**

**यस शाखाबाट आर्थिक वर्ष २०७९/०८० को आषाढ मसान्त सम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरू देहाय अनुसार रहेका छन्।**

- यस अवधिमा विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९, वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम र क्रियाकलापहरू समावेश गर्ने सम्बन्धी मार्गदर्शन, २०७९ जारी भएका छन्।
- उच्च राजनीतिक तहमा दीगो विकास र विपद् उत्थानशिलता सम्बन्धी ज्ञान आदानप्रदान तथा सचेतना अभिवृद्धि गर्ने उद्देश्यका साथ मिति २०८०/०१/११ गते राष्ट्रियस्तरका प्रमुख राजनीतिक दलका प्रतिनिधि सहितका सरकारी, गैरसरकारी, निजी क्षेत्र र सरोकारवाला निकायहरू समेतको समुपस्थितिमा **विपद् जोखिम व्यवस्थापनः नीतिगत व्यवस्थादेखि अभ्याससम्म** विषयक राष्ट्रिय कार्यशाला सञ्चालन गरिएको।
- जुम्ला, हुम्ला, मुगु, कालिकोट र दार्चुला जिल्लाका विपद् प्रभावित स्थानीय तहका भौगोलिक क्षेत्रलाई एवं सप्तकोशी नदीमा आएको बाढीबाट क्षति भएका भौगोलिक क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको।
- अपाङ्ग समावेशी विपद् जोखिम न्यूनीकरण सम्बन्धी जानकारी मुलक हातेपुस्तिका प्रकाशन गरिएको।

- Innovation and Enterprises for Disaster Resilient Nepal विषयक अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको।
- Online Sendai Framework Monitor Training course मा सहभागिता जनाईएको।
- विपद् प्रतिकार्य तथा तालिम केन्द्र स्थापनाको लागि अध्ययन कार्यदल गठन गरिएको।
- काठमाडौंमा मिति २०८०/०३/१४ र १५ गते दुई दिने Second National Conference on DRR आयोजना गरिएको। सोही अवसरमा यस मन्त्रालयबाट तयार गरिएको सेण्डाई कार्यढाँचाको कार्यान्वयन समीक्षा National Mid-Term Review Report of Sendai Framework for Disaster Risk Reduction (२०१५-२०३०) लोकार्पण गरिएको।

### ट. विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा/राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC)

विपद तथा द्वन्द व्यवस्थापन महाशाखा अन्तर्गत रहेको विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा/राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (NEOC) ले आ.व. २०७९/०८० मा सम्पन्न गरेको कार्यहरूको बिवरण देहायानुसार रहेको छ।

तालिका १.२.८: विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाको प्रगति

| क्र.सं. | कार्य सम्पादन लक्ष्य | क्रियाकलाप | प्रगति |
|---|---|---|---|
| १. | विपद्सम्बन्धी घटनाहरुको दैनिक विवरण प्राप्ति, विश्लेषण, प्रतिवेदन तयारी र प्रकाशन। | विपद्सम्बन्धी घटनाहरुको दैनिक विवरण प्राप्त गर्ने, प्राप्त विवरण विश्लेषण गर्ने र प्रतिवेदन तयार गरी प्रकाशन गर्ने। | ✓ २४ सै घण्टा देशका विभिन्न स्थानमा भएको विपद् सम्बन्धी घटनाहरुको दैनिक जाहेरी संकलन गरिएको, DRR Portal (Disaster Risk Reduction Portal) मार्फत् त्यसको अद्यावधिक तथा सम्प्रेषण गरिएको।<br>✓ महत्वपुर्ण घटनाको विपद व्यवस्थापन सम्वद्ध सरोकारवालाहरुलाई तत्काल SMS, सञ्चार उपकरण र आवश्यकता अनुसार टेलिफोन, Email मार्फत जानकारी गराईएको। |
| २. | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) हरुको स्थापना र सुदृढीकरण। | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) हरुको स्थापना र सुदृढीकरणका लागि आवश्यक मेशिनरी औजार खरिदका सहजिकरण गर्ने, प्राप्ति तथा DEOC हस्तान्तरण गर्ने। | ७४ जिल्लामा आपतकालिन कार्यसंचालन केन्द्रहरु अध्यावधिक रुपमा संचालनमा गरिएको, यसै आ.व.मा थप ७ जिल्लामा जिल्ला आपतकालिन कार्यसंचालन केन्द्रहरु स्थापना गरिएको। |
| ३. | विपद् व्यवस्थापन कोषमा रकम निकासा प्रकृयामा सहजिकरण। | संघिय विपद् व्यवस्थापन कोषबाट जिल्ला विपद् व्यवस्थापन कोषमा मापदण्ड बमोजिमको रकम निकासा प्रकृयामा सहजीकरण गर्ने। | राष्ट्रिय विपद् व्यवस्थापन कोष संचालन कार्यविधि,२०७९ अनुसार मन्त्रालयले संचालन गर्दै आएको कोष राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा हस्तान्तरण गरी सबै जिल्ला प्रशासन कार्यलयहरुलाई पत्रमार्फत जानकारी गराईएको, |

| क्र.सं. | कार्य सम्पादन लक्ष्य | क्रियाकलाप | प्रगति |
|---|---|---|---|
| ४. | मानवीय सहायतास्थल र प्रादेशिक गोदामघरहरुको स्थापना, सञ्चालनमा समन्वय। | स्थापना हुन बाँकी मानवीय सहायतास्थलहरुको स्थापना गर्ने र मानवीय सहायतास्थलहरुको सुदृढीकरण तथा प्रादेशिक गोदामघरहरुको सञ्चालनमा समन्वय र सहजीकरण गर्ने। | धनगढी, नेपालगञ्ज, विरगंज, रुपन्देहीको भैरहवा, सुर्खेतमा अवस्थित मानवीय सहायतास्थल र महोत्तरीको बर्दिबास, धनकुटाको बसन्तपुर, बैतडीको खोड्पे, जुम्ला लगायत ११ रणनीतिक स्थानमा मानवीय सहायतास्थल सञ्चालनमा रहेको। |
| ५. | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि स्रोतसाधनको परिचालन। | विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि मानवीय सहायताको क्षेत्रमा क्रियाशील दातृ निकाय, सहयोगी संस्थाहरुसँग समन्वय र स्रोतसाधन परिचालन गर्ने। | ✓ मानवीय सहायता स्थल त्रि.अ.वि.मा भण्डार गरी राखिएको राहत समग्री मध्ये डोटी जिल्लामा टेन्ट ४० थान, त्रिपाल १५० थान, कम्बल १०० थान र शितलहर प्रकोप न्युनिकरणका लागि नं.२० गण हे.क्वा. विपद् उद्धार सिनामंगलको भण्डारणमा रहेको राहत सामग्री मध्ये मधेश प्रदेशमा ४७१४ थान ज्याकेट, २८६ जोर जुत्ता पठाईएको। |
| ६. | राष्ट्रिय बन्दोवस्ती विषयगत क्षेत्र (National Logistic Cluster) को नेतृत्व, समन्वय र बैठक सञ्चालन। | राष्ट्रिय बन्दोवस्ती विषयगत क्षेत्र (National Logistic Cluster) को नेतृत्व, सरोकारवाला निकायसँग समन्वय तथा उक्त विषयगत क्षेत्रको बैठक सञ्चालन गर्ने। | ✓ विपद् व्यवस्थापन विषयगत क्षेत्रका नेतृत्व र सह नेतृत्वको बैठक बसी आपतकालिन बन्दोबस्तीको अध्यावधिक तथा समिक्षा सम्बन्धमा निर्णय भएको,<br>✓ सबै जिल्ला प्रशासन कार्यालयहरुलाई शितलहर र हिमपात न्यूनीकरण पुर्वतयारी तथा प्रतिकार्यका लागि अत्यावश्यक कार्य गर्न निर्देशन गरिएको। |
| ७. | पूर्वसूचना प्रवाह गर्ने। | जल तथा मौसम विज्ञान विभागसँग समन्वय गरी बाढी, पहिरो, डुबानलगायत विपद्का अन्य घटना साथै मौसमको | ✓ जल तथा मौषम विज्ञान विभागसँग समन्वय गरी बाढी, पहिरो, डुबानलगायत विपद्का घटना साथै मौसमको पूर्वानुमान तथा पूर्वसूचनाको प्राप्ति, विश्लेषण गरी सूचना प्रवाह गर्ने गरिएको।<br>✓ प्रत्येक महिनाको अन्त्यमा मुख्य विपद्का घटनाबाट भएको क्षतिको |

| क्र.सं. | कार्य सम्पादन लक्ष्य | क्रियाकलाप | प्रगति |
|---|---|---|---|
| | | पूर्वानुमान तथा पूर्वसूचनाको प्राप्ति, विश्लेषण गरी सूचना प्रवाह गर्ने। | विवरण सहित सावधान रहन सामाजिक संजालबाट आव्हान गरिएको। |
| ८. | विपद्सम्बन्धी सरोकारवाला निकायको क्षमता अभिवृद्धि | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका प्रशिक्षार्थिलाई विपद् सम्बन्धी प्रशिक्षण प्रदान गर्ने। | ✓ नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका प्रशिक्षार्थीहरुलाई विपद् सम्बन्धी प्रशिक्षण प्रदान गरिएको।<br>✓ गोदावरी न.पा. र घोराही न.पा.मा कृतिम घटना अभ्यास कार्यक्रमको तयारी भईरहेको। |
| ९. | मनसुन प्रतिवेदन | मनसुन प्रतिवेदन तयार गर्ने | मनसुन घटनासहितको प्रतिवेदन, २०७९ सचिवस्तरबाट निर्णय भई DRR PORTAL मार्फत सार्वजनिक गरिएको। |

**ठ. शान्ति प्रवर्द्धन शाखा**

**यस शाखाबाट आर्थिक वर्ष २०७९/८० को अषाढ मसान्त सम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरू देहाय अनुसार रहेको छः**

- द्वन्द्व पीडित विशेषगरी महिला र बालिकालाई लक्षित गरी महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/०८०-२०८१/०८२) मन्त्रिपरिषद्बाट मिति २०७९/०६/०७ मा स्विकृत भई कार्यान्वयनमा ल्याइएको। सोका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत् सातै प्रदेश सरकार र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् स्थानीय तहलाई पत्राचार गरिएको।
- संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं १३२५ र १८२० को पहिलो राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका क्रममा भएका विभिन्न अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन, सो सम्बन्धी अन्य पूरक प्रस्ताव र संयुक्त राष्ट्रसंघीय निकायहरुबाट समय समयमा भएका विभिन्न अध्ययनका सुझाव समेतको समिक्षा गरी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कार्यक्रम तथा संरचना समेतमा यी प्रस्तावका विषयवस्तुलाई आन्तरिकीकरण तथा मूलप्रवाहीकरण गर्न अन्तिम कार्ययोजनाका रुपमा दोस्रो राष्ट्रिय कार्ययोजना (२०७९/०८०-२०८१/०८२) को तर्जुमा गरिएको।

**ड. राहत तथा तथ्याङ्क व्यवस्थापन**

- शसस्त्र द्वन्द्वकालका घाइते/अपाङ्गता भएका व्यक्तिहरुलाई राहत प्रदान गर्ने सम्बन्धमा "माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरू, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरुका लागि पुनर्स्थापन एवं हेरचाह निर्देशिका, २०६८ को दोस्रो संशोधन बमोजिम विशिष्ट श्रेणी २८६ जनालाई मासिक रु १८ हजारका दरले जम्मा ६ करोड १७ लाख ७६ हजार, प्रथम श्रेणी ४३४ जनालाई मासिक ४ करोड ६८ लाख ७२ हजार र दोस्रो श्रेणी ३५७ जनालाई मासिक रु ४ हजारका दरले जम्मा रु १ करोड ७१ लाख ३६ हजार रकम वितरणको लागि निकासा भएको।
- जनआन्दोलनका २६ जना शहिदका परिवारलाई मासिक ७ हजारका दरले जम्मा रु २१ लाख ८४ हजार रकम निकासा भएको।
- विभिन्न जिल्लाका शसस्त्र द्वन्द्वमा आमावाबु विहिन बनेका १८ बर्षमुनिका ३४ जना बालबालिकाहरुलाई मासिक रु ५ हजारका दरले जम्मा रु १५ लाख ९९ हजार १ सय ६६ सम्बन्धित जिल्लामा निकासा भएको।

### १.३.५ आन्तरिक व्यवस्थापन महाशाखाः

गृह मन्त्रालय अन्तर्गतको महत्वपूर्ण अर्को महाशाखाको रूपमा रहेको आन्तरिक व्यवस्थापन महाशाखा अन्तर्गत आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा, आर्थिक प्रशासन शाखा, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा र विभूषण शाखा गरी ४ वटा शाखाहरू रहेका छन्। चार वटै शाखाहरूको प्रगति बिवरण देहायानुसार उल्लेख गरिएको छ।

**ढ. आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापनतर्फः**

- नेपाल सरकारको निर्णय अनुसार सुविधा उपलब्ध गराउनु पर्ने विशिष्ट व्यक्तिहरूको आवास व्यवस्थापन गर्ने सम्बन्धमा घरभाडा सम्झौता गरिएको तथा पूर्व विशिष्ट पदाधिकारीहरूको लागि नेपाल सरकारको तर्फबाट सवारी साधन उपलब्ध गराईएको।
- जग्गा प्राप्ति ऐन, २०३४ को दफा १८ बमोजिम जिल्ला मुआव्जा निर्धारण समितिको निर्णयमा असहमति जनाइ गृह मन्त्रालयमा मुआव्जा पुनरावलोकनको लागि प्राप्त भएको उजुरी फाईल थान-११ फछ्र्यौट गरिएको।
- सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९ को दफा ३ बमोजिम अन्य मन्त्रालय र मातहत निकायको नाममा रहेको जग्गा गृह मन्त्रालय वा मातहत निकायलाई उपयोग स्वीकृतिका लागि सहमति प्रदान गर्नुका साथै अन्य निकायलाई उपयोग स्वीकृतिको लागि सहमति प्रदान गरिएको।
- सार्वजनिक प्रकृतिको जग्गा उपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७९ को दफा ७ (ङ) बमोजिम प्रकोप व्यवस्थापनमा आवश्यक नपर्ने सम्बन्धमा सिफारिस माग भई आएका फाईल थान-७ निर्णय गरिएको।
- गृह मन्त्रालय मातहतका निकायहरूको भवन निर्माण प्रयोजनार्थ वन क्षेत्रको जग्गा प्राप्तिका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को TOR तथा गृह मन्त्रालय मातहतका निकायहरूको भवन निर्माण प्रयोजनार्थ वन क्षेत्रको जग्गा प्राप्तिका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) थान-९ स्वीकृत गरिएको।
- नेपाल सरकारको नाममा रहेका सरकारी एवं सार्वजनिक जग्गाहरूको विवरण तयार गरी अतिक्रमित जग्गाको विवरण तयार हुने क्रममा रहेको।
- देशभर जिल्ला प्रशासन कार्यालयहरूबाट वितरण गरिएका मुआव्जाहरूको जग्गाको क्षेत्रफल, प्रकृति, प्रयोजनका साथै लागत व्यहोर्ने निकाय/आयोजना सहितको विवरण संकलन तथा अद्यावधिक गरिएको।
- गृह मन्त्रालय तथा मातहत विभाग/कार्यालयहरूको स्वामित्वमा रहेका सरकारी जग्गा, भवन तथा अचल सम्पत्तिहरूको विवरण अद्यावधिक एवं अभिलेखिकरण गरिएको।
- गृह मन्त्रालयको प्रयोगमा रहेका र मौज्दातमा रहेका सवारी साधनहरूको समग्र व्यवस्थापनका साथै सवारी साधनहरूको लागि ईन्धन उपलब्ध गराइएको।
- गृह मन्त्रालयमा रहेका सवारी साधनहरूको High Security Embossed Number जडान गरिएको।

- जनवादी गणतन्त्र चीन तिब्बतको अध्यागमन तथा सीमा सुरक्षा हेर्ने Tibet Entry Exit Border Inspection Station ले सिन्धुपाल्चोक, रसुवा, हुम्ला जिल्लालाई प्रयोगको लागि उपलव्ध गराउने ४० थान मोटरसाईकलको स्वीकृति लगायतका प्रक्रियामा सहजीकरण गरिएको।
- मित्र राष्ट्र भारत सरकारबाट प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनको लागि सहयोग स्वरुप प्राप्त भएको चार पाङ्ग्रे सवारी साधन जम्मा १२० थान मध्ये नेपाल प्रहरीलाई ५५ थान, सशस्त्र प्रहरी बल नेपाललाई ४० थान, राष्ट्रिय अनुसन्धान विभागलाई २ थान तथा गृह मन्त्रालय माताहत रहेका जिल्ला प्रशासन कार्यालय, ईलाका प्रशासन कार्यालय, कारागार कार्यालय र अध्यागमन कार्यालयहरुमा आवश्यक समन्वय गरी वितरण गरिएको।
- सम्मानित अदालतबाट भएका फैसलाहरु आदेश कार्यान्वयन गर्नको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालय एवं निकायहरूसँग आवश्यक समन्वय एवं सहजिकरण गरिएको।

**ण. आर्थिक प्रशासन शाखा**

आन्तरिक व्यवस्थापन महाशाखा अन्तर्गत रहेको यस शाखाबाट भएको मुख्य मुख्य कार्यहरूलाई देहायानुसार उल्लेख गरिएको छ।

- मन्त्रालयमा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन पास गरिएको, विभिन्न खर्च शिर्षकहरुको तोकिए बमोजिम लेखा राख्ने तथा मासिक प्रतिवेदनहरु तयार गर्ने, को.ले.नि.का. र अर्थ मन्त्रालयबाट सहमति प्राप्त बजेटको नियमानुसार निकासा, मन्त्रिपरिषद्को निर्णयानुसारको आर्थिक सहायता रकम अर्थ मन्त्रालयबाट निकासा लिई समयमै भुक्तानी दिइएको, नियमानुसार प्रकृया पूरा गरि आएका खरिद सम्बन्धी कागजातहरुको भुक्तानी गरिएको र राजश्व तथा धरौटी सम्बन्धी मासिक तथा वार्षिक प्रतिवेदनहरु तयार पारिएको।
- आन्तरिक तथा अन्तिम लेखापरिक्षण, बेरुजुको लगत तयार गर्ने र बेरुजु फछ्र्यौटको कार्य, आन्तरिक तथा अन्तिम लेखापरिक्षणबाट आएको बेरुजूको प्रतिकृया लेख्ने र सोको अन्तिम कारवाही गरिएको तथा जिल्ला प्रशासन कार्यालय तथा ईलाका प्रशासन कार्यालयको बेरुजुको विवरण प्राप्त गरी सोको फछ्र्यौटको लागि आवश्यक पहल गरिएको।
- अनुचित लेनदेन (मिटर ब्याज) पिडित सम्बन्धी समितिको पदाधिकारीहरुको तलब भत्ता एवं संचालन खर्च, पूर्वराष्ट्रपति तथा पदाधिकारीहरुको तलब भत्ता भुक्तानी सम्बन्धी कार्य भुक्तानी, हज समितिलाई निकासा दिने, राहत तथा पुर्नस्थापना शाखामा आईपरेका आर्थिक प्रशासनसँग सम्बन्धित कार्यहरु, रकमान्तर, कार्यक्रम संशोधन तथा थप बजेट प्राप्त गर्नको लागि आवश्यक पहल गर्ने गरिएको।
- जनआन्दोलन/मधेश आन्दोलनका घाईते तथा अपाङ्गहरुको जीवन निर्वाह भत्ता, शहिद परिवार एवं आमाबाबु गुमाएका वालवालिकाहरुको लागि सहायता रकम जिल्ला प्रशासन कार्यलायहरुमा समयमै निकासा पठाइएको, मन्त्रालयमा आकस्मिक रुपमा गठन हुने विभिन्न प्रकारका समितिहरुको लागि आवश्यक पर्ने बजेटको व्यवस्थापन सम्बन्धी कार्य गरिएको लगायत अन्य भैपरी आउने आर्थिक प्रशासनसँग सम्बन्धित सम्पूर्ण कार्यहरु समयमै सम्पादन गरिएको।

## त. कार्यालय व्यवस्थापन तथा जिन्सी शाखा

- सार्वजनिक बिदा पुनरावलोकन कार्यदल गठन गरी अध्ययन, राय-सुझाव तथा सिफारिससहितको प्रतिवेदन तयार पारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्प्रेषण गरिएको।
- मन्त्रालयमा E-Attendance System प्रभावकारीरुपमा कार्यन्वयनमा ल्याइएको तथा नागरिक बडापत्रको डिजिटल डिस्प्ले, नागरिक सहायता कक्ष, स्तनपान कक्ष र ड्रेश चेन्जिङ रुमहरूको व्यवस्था मिलाइएको।
- मन्त्रालयको नयाँ प्रशासकीय भवन निर्माण कार्यमा आवश्यक समन्वय तथा सहजीकरण, मन्त्रालय परिसरमा आवश्यक भौतिक संरचना निर्माण एवं मर्मत-सम्भार सहित चमेना-गृह सेवा सञ्चालनको प्रवन्ध, महिला शौचालयमा Vending Machine जडान गरी Pad Dispense को व्यवस्था, 10 KVA क्षमताको UPS जडान गरी E-Governance, Networking Switch, Server Room मा Line Supply को प्रवन्ध सूनिश्चत, आ.व. २०७८।०७९ को व्यवस्थापन परीक्षणको काम सम्पन्न, नागरिकता प्रमाणपत्रको रुपमा प्रयोग हुने कार्ड, वार्षिक प्रगति प्रतिवेदन, अन्य आवधिक प्रतिवेदन लगायत गृह प्रशासन सम्बद्ध परिपत्रहरूको संगालोको छपाई एवं माग बमोजिम वितरणको व्यवस्था तथा भैपरी आउने विषयमा आकस्मिक व्यवस्थापन गरिएको।
- संविधान दिवस, इन्द्रजात्रा, वसन्त श्रवण, शहीद दिवस, राष्ट्रिय प्रजातन्त्र दिवस, गणतन्त्र दिवस, रातो मत्स्येन्द्रनाथको रथयात्रा तथा भोटो देखाउने जात्रा आदि राष्ट्रियस्तरका कार्यक्रमहरूको आयोजना, सञ्चालन, समन्वय तथा व्यवस्थापन गरिएको।
- अनुचित लेनदेन (मिटरब्याज) अपराध नियन्त्रण सम्बन्धी जाँचबुझ आयोगको गठन तथा कार्य सम्पादन प्रक्रियामा समन्वय र सहजीकरण गरिएको।

अनुचित लेनदेन (मिटरब्याजी पीडितहरुको) समस्या न्यूनीकरण गर्नका लागि मौजुदा कानूनमा संशोधन भई मुलुकी संहिता सम्बन्धी केहि नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश मिति २०८०/०१/२० मा नेपाल राजपत्रमा प्रकाशन भएको। पूर्व न्यायधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग,२०७९ गठन भएको र तत्पश्चात जिल्ला प्रशासन कार्यालयले प्रभावकारी रुपमा कार्य गरी अनुचित लेनदेन (मिटर ब्याजी) तर्फ मिति २०८०/०८/०४ सम्ममा भएको प्रगतिहरूलाई देहाय अनुसार उल्लेख गरिएको छ।

## तालिका १.२.९: अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँ चबुझ आयोग, २०७९

कुल परेका निवेदन २८००० करिब २०८० मङसिर ३ गते सम्मको मेलमिलाप र फछ्यौंटको तालिका जम्मा फछ्यौंट ५०३२

| क्रमसं | जिल्लाको नाम र परेको निवेदन | फछ्यौंट संख्या | क्रसंख्या | जिल्लाको नाम र परेको निवेदन | फछ्यौंट संख्या | क्रमसंख्या | जिल्लाको नाम र परेको निवेदन | फछ्यौंट संख्या | क्रमसंख्या | जिल्लाको नाम र परेको निवेदन | | मेलमिलाप र फछ्यौंट संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कोशी प्रदेश | | | २५ | भक्तपुर २२ | १० | ४९ | बर्दिया २२३ | ४८ | ७४ | दार्चुला ० | | |
| १ | भोजपुर ० | १ | २६ | चितवन ८७ | २० | ५० | दाङ ४४२ | ५१ | ७५ | डोटी ०० | | |
| २ | धनकुटा ० | | २७ | रसुवा ०० | | ५१ | रुकुम पूर्व ० | | ७६ | कैलाली २४६ | | ११६ |
| ३ | इलाम ० | २ | २८ | रामेछाप ०० | ४ | ५२ | गुल्मी ० | | ७७ | कञ्चनपुर १९ | | ४ |
| ४ | झापा ११४ | ४३ | २९ | मकवानपुर ४० | ४ | ५३ | कपिलबस्तु १३९ | ५६ | २७२८४ | २६५ जम्मा १२० | | ५०३२ |
| ५ | खोटाङ ० | | ३० | धादिङ ३६ | २ | ५४ | पाल्पा ० | | | | | |
| ६ | मोरङ १२६ | ८४ | ३१ | नुवाकोट २७ | १ | ५५ | नवलपरासी प १८६२ | ९२ | | | | |
| ७ | ओखलढुङ्गा ० | १ | ३२ | सिन्धुपाल्चोक १३ | | ५६ | प्युठान ५ | | | | | |
| ८ | पाँचथर १ | ८ | ३३ | दोलखा ० | | ५७ | रोल्पा ०० | ९ | | | | |
| ९ | संखुवासभा १ | | ३४ | सिन्धुली १० | १ | ५८ | रुपन्देही ६१९ | २८६ | | | | |
| १० | सुनसरी ६१४ | २१० | ३५ | काभ्रे ३५ | १० | ३३६५ | कर्णाली प्रदेश | ५७४ | | | | |
| ११ | ताप्लेजुङ ० | | | ८०९ | १४९ | ५९ | दैलेख ० | २ | | | | |
| १२ | तेह्रथुम ० | | गण्डकी प्रदेश | | | ६० | डोल्पा ०० | | | | | |
| १३ | उदयपुर ८९ | ४१ | ३६ | बागलुङ ० | | ६१ | हुम्ला ०० | | | | | |
| १४ | सोलुखुम्बु ० | | ३७ | गोरखा ६ | ८ | ६२ | जाजरकोट ० | | | | | |
| ९५४ | मधेश प्रदेश | ३९० | ३८ | कास्की ११९ | ५६ | ६३ | जुम्ला ० | २ | | | | |
| १५ | सप्तरी २५७० | २२४ | ३९ | लमजुङ ४ | १ | ६४ | कालिकोट ० | १ | | | | |
| १६ | सिरहा ३७८८ | ३०० | ४० | मनाङ ०० | | ६५ | मुगु ०० | | | | | |
| १७ | धनुषा ३६१५ | ४७७ | ४१ | मुस्ताङ ० | | ६६ | सल्यान ० | | | | | |
| १८ | महोत्तरी २४७६ | ४६६ | ४२ | म्याग्दी ० | | ६७ | सुर्खेत १७२ | १४८ | | | | |

निवेदन नपरेका १० र सुल्झिएका २७ समेत ३७ जिल्ला

फछ्यौंट

मधेशका ८ जिल्लामा ३५७२

सवभन्दा बढी बारा ६२२

दोस्रो सर्लाही ६०५

बाँकी छलफलको क्रममा रहेका।

दर्ता भएका मध्ये कम्प्युटर इन्ट्री भएका निवेदन २४६०७

जम्मा परेका निवेदन २८०००

मिति २०८०/०८/०४ सम्ममा

| क्रमसं | जिल्लाको नाम र परेको निवेदन | फछ्यौंट संख्या | क्रसंख्या | जिल्लाको नाम र परेको निवेदन | फछ्यौंट संख्या | क्रमसंख्या | जिल्लाको नाम र परेको निवेदन | फछ्यौंट संख्या | क्रमसंख्या | जिल्लाको नाम र परेको निवेदन | | मेलमिलाप र फछ्यौंट संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | सर्लाही २३०२ | ६०५ | ४३ | नवलपरासी पूर्व २० | ४ | ६८ | रुकुम पश्चिम ०० | | | मधेशका ८ जिल्लामा २१५३५ ,पश्चिम नवलपरासीमा १८६२ र बाकी अन्य जिल्लामा ४६०३ गरी कुल निबेदन २८००० परेकोमा मेलमिलाप तथा फछ्यौंट ५०३२ रहेको तथा मिति २०८०/०७/१५ गते सम्ममा २१२ बिगाह ४ कठ्ठा १७ धुर (७७४ कित्ता) जग्गा साहुबाट सम्बन्धित जग्गा धनीलाई फिर्ता गरिएको। | | |
| २० | रौतहट २१०३ | ४४३ | ४४ | पर्वत ० | ८ | १७२ | सुदूर पश्चिम प्रदेश १५३ | | | | | |
| २१ | पर्सा १३२८ | ४३५ | ४५ | स्याङजा १५ | १ | ६९ | अछाम ० | | | | | |
| २२ | बारा ३३५३ | ६२२ | ४६ | तनहुँ १४ | | ७० | बैतडी ०० | | | | | |
| २१५३५ | बागमती प्रदेश | ३५७२ | १८४ | लुम्बिनी प्रदेश | ७८ | ७१ | बझाङ ०० | | | | | |
| २३ | काठमाडौं ५०५ | ६९ | ४७ | अर्घाखाँची ० | ० | ७२ | बाजुरा ०० | | | | | |
| २४ | ललितपुर ५८ | २८ | ४८ | बाँके ७५ | २८ | ७३ | डडेल्धुरा ० | | | | | |

स्रोतः अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोग,२०७९

### थ. विभूषण शाखा

- विभूषण समितिबाट सिफारिस भएका ९८२ महानुभावहरुलाई विभूषण प्रदान गर्न नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्ताव पेश भएकोमा सम्माननीय राष्ट्रपतिज्यूबाट असोज ३ गते संविधान दिवसको अवसरमा मानपदवी ७२८, अलङ्कार १७३ र पदक ८१ समेत जम्मा ९८२ जना महानुभावहरुलाई विभूषण प्रदान गर्न घोषणा भएको र सम्माननीय राष्ट्रपतिज्यूबाट २०८०/०१/०१ गते भएको विभूषण सुशोभन कार्यक्रमको समग्र व्यवस्थापन गरी विभूषण (मानपदवी) हरु सुशोभन कार्यक्रम सम्पन्न गरेको।

## १.३.६ सुरक्षा तथा समन्वय महाशाखा

गृह मन्त्रालय अन्तर्गतको अर्को महत्वपूर्ण महाशाखाको रूपमा सुरक्षा तथा समन्वय महाशाखा रहेको छ। जस अन्तर्गत स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा र सीमा तथा अध्यागमन शाखा गरी ३ वटा शाखाहरू रहेका छन। त्यसै गरी यो महाशाखा अन्तर्गत सूचना समन्वय तथा विश्लेषण इकाई समेत रहेको छ। ३ वटै शाखाहरूको प्रगति विवरण देहायानुसार उल्लेख गरिएको छ।

### द. स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा

१. मन्त्रालयसँग सम्बन्धित अन्तर्राष्ट्रिय मामिलाहरु

क) संयुक्त राष्ट्र संघ र क्षेत्रीय संगठनमा नेपाल पक्ष भएका सन्धी/संझौताबाट सृजित दायित्व अनुसार प्रतिवेदन पेश गरिएको,

ख) भारत र चीनसँग आपसी सहयोग/साझेदारीका विषयमा द्विपक्षीय बैठक गरिएको,

१. मिति १५-१६ जुलाई, २०२३ मा भारतको नयाँ दिल्लीमा सम्पन्न नेपाल — भारत बीचको १२ औं Joint Working Group on Border Management (15-16 June,2022 New Delhi) मा सहभागी भएको।

२. मिति २५ — २६ जुलाई, २०२३ मा तीब्बतको ल्हासामा सम्पन्न नेपाल-तीब्बत व्यापार सहजीकरण समितिको ११ औं बैठकमा गृह मन्त्रालयको तर्फबाट प्रतिनिधित्व गरिएको।

३. मिति १३ अप्रिल, २०२२ मा virtual माध्यम बाट सम्पन्न नेपाल — चीन बीचको चौथो Border Law Enforcement Cooperation Between Ministry of Public Security (MPS) of China and Ministry of Home Affairs of Nepal (Virtual) मा सहभागी भएको।

ग) दातृ निकाय तथा मित्र राष्ट्रहरुले सुरक्षा निकायलाई गर्ने सहयोगका विषयहरुमा सहजीकरण तर्फ,

१. Economic and Technical Cooperation Agreement अन्तर्गत भुक्तानी हुनेगरी प्रस्ताव गरिएकोमा ७३.४१ मिलियन RNB (ने.रु. करिब १ अर्ब ४० करोड) को The Project of China Aid Nepal Police Headquarters Command Centre and Digital Trunking Communication System (Phase II) सहायता स्वीकारको प्रक्रिया अन्तिम चरणमा पुगेको।

२. Fourth Meeting in Border Law Enforcement Cooperation मा भएको सहमति अनुसार चीनले नेपाललाई प्रदान गर्ने Security under grant assistance अन्तर्गत २१ वटा Remotely Piloted Aircraft/Drone सहायता स्वीकारको प्रक्रिया अन्तिम चरणमा पुगेको।

घ) Asia Pacific Group बाट हुने नेपालको सम्पत्ति शुद्धिकरण तथा आंतवाद क्रियाकलाप उपरको पारस्परिक मुल्याङ्कन र प्राविधिक परिपालनाको विषयमा गृह मन्त्रालयबाट प्रतिनिधित्व गरी अन्तिम प्रतिवेदनमा गृह मन्त्रालयसँग सम्बन्धित विषयहरुमा मुल्याङ्कन समिति समक्ष जवाफ पठाइएको,

ङ) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा २९ङ को उपदफा (२) रोक्का आदेश जारी गर्न तथा सोको जानकरी सबै मन्त्रालय र नियमनकारी निकाय तथा राष्ट्रिय समन्वय समिति (National Coordination Committee) लाई पठाइएको,

च) विभिन्न देश तथा अन्तर्राष्ट्रिय संघ संस्थाका पदाधिकारीहरुसंगको कूटनीतीक भेटघाटमा सहजीकरण तर्फ,

१. मिति २०७९/०७/०६ मा माननीय गृह मन्त्रीज्यू र Mr. Duan Daqi, Director General of INTERPOL NCB China, Senior Commissioner of Police of Ministry of Public Security of China बीच भएको भेटघाटको आवश्यक समन्वय र सहजिकरण गरिएको।

२. माननीय गृह मन्त्रीज्यू र छिमेकी तथा मित्र राष्ट्रहरू भारत, चीन, बेलायत, दक्षिण कोरिया, अस्ट्रिया, होलि सि, अस्ट्रेलिया, अमेरिका, बङ्गलादेश लगायतका राजदूतहरू बीच विभिन्न मितिमा भएका भेटघाटको आवश्यक समन्वय र सहजिकरण गरिएको।

३. मिति २०८०/०२/०६ MCC Regional Deputy Vice-President Jonathan Brooks बीच विभिन्न मितिमा भएका भेटघाटको आवश्यक समन्वय र सहजिकरण गरिएको।

छ) यस मन्त्रालय तथा Korea International Cooperation Agency बीच Establishment of Cyber Bureau with Capacity Building for Nepal Police परियोजना कार्यान्वयनका लागि ८ मिलियन डलर उपलब्ध गराउने सम्बन्धमा अर्थ मन्त्रालयको समन्वयमा Record Discussion र MoU मा हस्ताक्षर भएको। परियोजनको कार्यान्वयनका विषयमा मन्त्रालय र KOICA बीच Joint Coordination Meeting हरु नियमित रुपमा सञ्चालन भएको।

ज) साथै BIMSTEC अन्तर्गत यस मन्त्रालयसंग सम्बन्धित Thematic Area हरुमा संलग्न भई पठाइएको राय तथा प्रतिक्रिया तर्फ।

१. BIMSTEC Security Dialogue Forum को तेश्रो बैठकको प्रतिवेदन उपर गृह मन्त्रालयको राय/सुझाव प्रदान गरिएको।

२. Report of the Seventh Meeting of the BIMSTEC Sub-Group on Prevention of Illicit Trafficking in Narcotic Drugs, Psychotropic Substances and Precusor Chemical अन्तर्गतको BIMSTEC Plan of Action on Drug Control उपर गृह मन्त्रालयको राय/सुझाव प्रदान गरिएको।

३. BIMSTEC अन्तर्गत मिति 12-13 January, 2023 भारतको दिल्लीमा भएको Joint Working Group on Counter Terrorism and Transnational Crime को दशौं बैठकमा सहभागी भएको।

४. १६ अगष्ट २०२२ मा भएको Twelfth Meeting of the BIMSTEC Sub-Group on Anti-Money Laundering and Combating the Financing of Terrorism [Virtual] बैठकमा नेपालको तर्फबाट प्रतिनिधित्व गरिएको।

५. थाइल्याण्डले प्रस्ताव गरेको Memorandum of Understanding on Capacity Building to Combat Money Laundering and Financing of Terrorism among BIMSTEC Member States विषयक समझदारीपत्रको मस्यौदा उपर गृह मन्त्रालयको राय/सुझाव प्रदान गरिएको।

६. Twelfth Meeting of the BIMSTEC Sub-Group on Anti Money Laundering and Combating the Financing of Terrorism (SG-AML/CFT) सम्बन्धी Draft Report on Illicit

Flow of Funds (IFF) एवम् Action Plan to Prevent the IFF amongt the BIMSTEC Member States (Annex A) र Revised Questionnaire, Draft Report र Action Plan उपर गृह मन्त्रालयको राय/सुझाव प्रदान गरिएको।

७. Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation (BIMSTEC) अध्यक्ष राष्ट्र थाइलैण्डले तयार पारेको BIMSTEC Bangkok Vision 2030 Concept Note को मस्यौदा उपर सदस्य राष्ट्रहरुबाट राय सुझाव माग भई आएकोमा मस्यौदा उपर राय/सुझाव प्रदान गरिएको।

झ) नेपाल सरकार शरणार्थी मामिला समन्वय सम्बन्धी राष्ट्रिय ईकाइ (NUCRA-National Unit for Coordination of Refugee Affairs) र UNHCR-United Nations High Commission for Refugee बीच सन् २०२३ को लागि Project Partnership Agreement को सम्झौता गरिएको र सोही अनुरुप कार्यक्रम नियमित रुपमा संचालनको अवस्थामा रहेको।

२. <u>अन्य सम्पादित महत्वपूर्ण कार्यहरु</u>

क) नेपालमा रहेका बिदेशी नागरिक र नेपालमा नियुक्ती हुने विदेशी कूटनीतिज्ञहरु सम्बन्धमा सम्बन्धित निकाय/दूतावाससँग समन्वय गरिएको,

ख) संस्था दर्ता ऐन २०३४ लाई संघीयताको ढाँचा अनुकूल हुनेगरी मस्यौदा तयार गरिएको,

ग) भुटानी तथा तिब्बती शरणार्थीहरुको विवरण नियमित रुपमा अद्यावधिक गरिएको,

घ) विभिन्न १४ वटा सरकारी/गैह्र सरकारी निकाय तथा कम्पनीलाई ड्रोन उडान सहमति प्रदान गरिएको,

ङ) विभिन्न ११ वटा निजी सुरक्षा कम्पनीहरुलाई प्रथम पटक कार्यसञ्चालन सम्बन्धी सहमति प्रदान गरिएको,

च) नेपालका लागि विभिन्न देशका ४५ जना आवासीय/गैह्र आवासीय कूटनीतिक पदाधिकारीको नियुक्ति उपर सहमति प्रदान गरिएको,

छ) संघीयता अनुकूल हुनेगरी शान्ति सुरक्षा सम्बन्धी ऐनको मस्यौदा तयारी अन्तिम चरणमा रहेको,

ज) सजाय माफी, मुलतबी वा परिवर्तन गर्ने सम्बन्धी निर्देशिका, २०७९ स्वीकृतिको चरणमा रहेको,

झ) संविधान दिवसको अवसरमा कैद कट्टा-६८१, सजाय माफी-२१, प्रजातन्त्र दिवसको अवसरमा कैद कट्टा-३८१, सजाय माफी-१४, गणतन्त्र दिवसको अवसरमा कैद कट्टा-४८२, सजाय माफी-१९, र बैशाख ३०, २०७९ मा सम्पन्न स्थानीय तह सदस्य निर्वाचनमा निर्वाचनमा गरेको खर्चको विवरण नबुझाएवापत तोकिएको जरिबाना नबुझाएका सम्पूर्ण उम्मेदवारहरूको जरिवाना माफीका लागि मन्त्रिपरिषद् समक्ष प्रस्ताव लगि सोही बमोजिम मन्त्रीपरिषद्को सिपारिसमा सम्मानीय राष्ट्रपतिबाट संविधानको धारा २७६ बमोजिम माफी मिनाहा भएको।

ञ) रेडियो उपकरण Walkie Talkie को नियमनका लागि परिपत्र तयार गरिएको साथै विभिन्न १८ वटा सरकारी/गैह्र सरकारी निकाय तथा कम्पनीलाई Walkie Talkie प्रयोगको लागि सिफारिस प्रदान गर्ने गरिएको,

ट) विभिन्न १५ वटा संघ संस्थाको दर्ता, संचालन तथा नियमन सम्बन्धमा जिल्ला प्रशासन कार्यालयहरु द्धुविधा भएको विषयमा राय प्रदान तथा शरणार्थीको यात्रा अनुमतिपत्रको सिफारिसमा एकरुपता ल्याउनको लागि र सिफारिसको प्रक्रिया विश्वनीय बनाउनको लागि परिपत्र गरिएको।

**ध. शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा**

**आ.व. २०७९/८० मा यस शाखाबाट सम्पादन गरिएका मुख्य मुख्य कार्यहरूको प्रगति विवरण देहाय अनुसार रहेको छ।**

- विशिष्ट व्यक्तिहरुको सुरक्षा व्यवस्थापन कार्यविधि, २०८० को मस्यौदा तयार भई स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश भएको,
- नेपाल सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न मितिमा शहीद घोषणा भई नेपाल राजपत्रमा प्रकाशन हुन बाँकी रहेका ८४७१ जना शहीदको नामावली नेपाल राजपत्रमा प्रकाशन गरिएको साथै शहीदहरुको विवरण संकलन, अध्यावधिक र व्यवस्थित रुपमा तयार गर्ने कार्य भइरहेको,
- अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी विवरण सम्बन्धित जिल्लाहरुबाट दैनिक रुपमा संकलन, विश्लेषण गरी साप्ताहिक रुपमा प्रतिवेदन गर्ने गरिएको,
- विभिन्न विपद् र दुर्घटनामा परी घाइते भएका तथा विकट क्षेत्रका तत्काल थप उपचार आवश्यकता परेका व्यक्तिहरुको उद्धार गर्न नेपाली सेनाको हेलिकप्टर उपलब्ध गराउनको लागि रक्षा मन्त्रालय तथा नेपाली सेनासँग आवश्यक समन्वय तथा सहजीकरण गरिएको।
- दर्ता नभई तथा अनुमति विना र नवीकरण नगरी अवैध रुपले सञ्चालन भइरहेका ८९० क्रसर उद्योगहरु जिल्ला प्रशासन कार्यालयहरु मार्फत बन्द गराइएको। साथै ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७९/१०/११ को निर्णय कार्यान्वयनमा समन्वय गरिएको।
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९, लक्षित सुरक्षा व्यवस्था तथा चुनौती र जिल्लाहरुको शान्ति सुरक्षालाई प्रभावकारी बनाउन भावी दिनमा आपनाउनुपर्ने सुरक्षा रणनीति लगायतको विषयमा छलफल गर्ने प्रयोजनार्थ कोशी प्रदेशको विराटनगर, मधेश प्रदेशको धनुषा, बागमती प्रदेशको काठमाडौं, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदुरपश्चिम प्रदेशको धनगढीमा प्रदेश स्तरीय सुरक्षा गोष्ठी सम्पन्न गरिएको,
- विभिन्न मागहरु राखि माइतीघर मण्डलामा अनसन/धर्ना बसिरहेका विभिन्न समूहहरुको समयमै पहल कदमी लिई समस्या समाधान हुन अत्यावश्यक देखिएको सन्दर्भमा सम्बद्ध पक्षसँग सम्पर्क गरी छलफल वार्ता गरी सम्झौता/सहमति गरिएको।
- अति विशिष्ट तथा विशिष्ट व्यक्तिहरुको भ्रमण सुरक्षा व्यवस्थाको लागि भ्रमण अवधिभर त्रुटीरहित सुरक्षा व्यवस्था मिलाउन आवश्यक समन्वय गरिएको साथै विदेशी राष्ट्रबाट नेपाल भ्रमणमा आउनुहुने VIP/VVIP हरुको भ्रमण सम्बन्धी सुरक्षा व्यवस्था मिलाइएको,
- सूचनाको हक प्रयोग गरी माग भएका मन्त्रालयसम्बद्ध सूचनाहरु ३२ जनालाई उपलब्ध गराइएको,
- CCTV व्यवस्थापन चुस्त/दुरुस्त राख्ने सम्बन्धमा सबै मन्त्रालय, संवैधानिक आयोगहरुमा पत्राचार, राष्ट्रिय अनुसन्धानबाट प्राप्त सुचनाहरुको आधारमा चोरी पैठारी, तस्करी, लागुऔषध तस्करी, अनुचित असुली, सीमा क्षेत्रमा अवैध गतिविधि रोक्न सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निर्देशन सहित

पत्राचार, विभिन्न समयमा गठित छानविन समितिहरुबाट प्राप्त प्रतिवेदनको कार्यान्वयको लागि सम्बन्धित निकायमा पत्राचार गरिएको,

**न. सीमा तथा अध्यागमन शाखा**

यस शाखाबाट मुख्यतः निषेधित क्षेत्रमा हेलिकप्टर उडान अनुमति, निःशुल्क पदयात्रा अनुमति, अन्तर्राष्ट्रिय सीमा सम्बन्धी समन्वय, विदेशी नागरिकहरूलाई कार्य सहमति, यात्रा अनुमति लगायतका कार्यहरू हुने गरेका छन्। यस शाखामा कार्यसम्पादनका सिलसिलामा दैनिक औसतमा ३० भन्दा बढि सेवाग्रहीहरुसँग प्रत्यक्षरुपमा साक्षात्कार गरी सेवा प्रवाह गर्नु पर्ने अवस्था रहेकोमा सेवालाई छरितो र प्रभावकारी बनाउन आ.व. २०७९/८० मा परिष्कृत तवरको Software निर्माण गरी सोको परीक्षण र प्रयोग समेत गरिएको छ। गत आ.व. ०७९/०८० भर यस शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरूको तथ्याङ्कीय विवरण देहायानुसार रहेको छ।

**तालिका १.२.१०: सीमा तथा अध्यागमन शाखाबाट सम्पादित मुख्य मुख्य कार्यहरू**

| क्र.स. | क्रियाकलापहरु | एकाइ | परिमाणात्मक लक्ष्य | कार्यसम्पादन सूचक | प्रगति विवरण (पटक) |
|---|---|---|---|---|---|
| १ | निषेधित क्षेत्रमा हेलिकप्टर उडान अनुमति | पटक | माग अनुसार | उडान अनुमति विवरण | ८८९ |
| २ | निषेधित क्षेत्रमा निःशुल्क पदयात्रा अनुमति | पटक | माग अनुसार | अनुमति विवरण | ४४ |
| ३ | अन्तर्राष्ट्रिय सीमा सम्बन्धी समन्वय | पटक | आवश्यकतानुसार | समन्वय विवरण | १५१ |
| ४ | विदेशी नागरिकहरुलाई कार्य सहमति | पटक | माग अनुसार | कार्य सहमतिको विवरण | १४४४ |
| ५ | विदेशी नागरिकहरुलाई निष्कासन | पटक | आवश्यकतानुसार | निष्कासन विवरण | ६६२ |
| ६ | नेपाल हज समितिसँग समन्वय | पटक | आवश्यकतानुसार | समन्वय विवरण | १३ |
| ७ | नीति मस्यौदा, राय तथा मन्त्रिपरिषद् प्रस्ताव (मोरक्को अधिराज्यबीच कुटनीतिक, भिसा सम्बन्धि कार्यलाई प्रविधिमैत्रि बनाउने सम्बन्धाम) | पटक | आवश्यकतानुसार | प्रस्ताव/रायको विवरण | ८ |
| ८ | बहु प्रवेशी भिसा | पटक | माग अनुसार | अनुमति विवरण | १७ |
| ९ | आगमन विन्दुमा भिसा | पटक | माग अनुसार | अनुमति विवरण | ६४ |
| १० | यात्रा अनुमति (Travel Document) | पटक | माग अनुसार | अनुमति विवरण | २८ |
| ११ | विदेशी नागरिक अनुगमन | पटक | आवश्यकतानुसार | प्रगति विवरण | ० |
| १२ | विदेशी नागरिकहरुको चालचलन | पटक | फाइल अनुसार | समन्वय विवरण | १४७० |
| १३ | विविध | पटक | आवश्यकतानुसार | प्रगति विवरण | ५८९ |

*स्रोतः सीमा तथा अध्यागमन शाखा, गृह मन्त्रालय*

# परिच्छेद-दुई

## गृह मन्त्रालय अन्तर्गतका विभाग/निकायहरूको परिचय तथा वार्षिक प्रगति

## २.१ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

### क. पृष्ठभूमि/परिचय

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्नका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना भएको हो। नेपालको संविधानको धारा ५१(छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत छ (९) मा “प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्दार, राहत एवं पुनर्स्थापना गर्ने” सम्बन्धी कार्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ११ द्वारा प्रदत्त प्राधिकरणको मुख्य कार्यक्षेत्रभित्र रहेको छ। सोही अनुसार विपद् जोखिमबाट सुरक्षित र उत्थानशील नेपाल निर्माण गर्ने दीर्घकालीन सोच सहित सबै प्रकारका प्राकृतिक प्रकोप एवम् गैरप्राकृतिक विपद् घटनाबाट सिर्जित मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्ने नेपालको पन्ध्रौं पञ्चवर्षिय योजनाको लक्ष्य हासिल गर्ने साथै विभिन्न अन्तराष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय ऐन, नियम, कार्यविधि र रणनीतिहरूको प्रभावकारी कार्यन्वयन गर्ने कार्यमा प्राधिकरण क्रियाशील रहेको छ।

नेपाल विपद्का दृष्टिले विश्वका उच्च जोखिमयुक्त मुलुकहरू मध्येको एक हो। बढ्दो वातावरणीय चुनौती, जलवायू परिवर्तन, विपद्प्रति असंवेदनशील विकास निर्माण लगायतका कारणले नेपालमा विपद् जोखिम दिन प्रतिदिन बढ्दो छ।जोखिमका कारणलाई गम्भिरतापूर्वक विश्लेषण गरी जोखिम न्यूनीकरणमा क्रियीशिल रहने र विपद्जन्य घटना घटेमा तत्काल उद्धार, राहत तथा पुनर्निर्माण र पुन: र्स्थापनामा केन्द्रित हुनु राज्यको प्रमुख जिम्मेवारी हो।तसर्थ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तीनै तहका सरकार, सम्बन्धित विषयगत मन्त्रालय, निजी क्षेत्र, नागरिक समाज र प्राज्ञिक क्षेत्र, सञ्चार माध्यम लगायतका सरोकारवालाहरू सबैसँग सहकार्य, समन्वय र साझेदारी कायम गर्दै प्रभावकारी विपद् जोखिम तथा न्यूनिकरणमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ।

### ख. दीर्घकालिन सोच

- विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण।

### ग. उद्देश्य

- विपद जोखिमबारेको बुझाईमा अभिवृद्धि र पहुँच सुनिश्चित गर्ने,
- विपद जोखिममैत्री शासनको सुदृढीकरण गर्ने,
- विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकूलनका क्रियाकलापसँग आवद्द गर्दै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने,
- विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता बढाउने,
- पुर्वसूचना प्रणालीको विकास र प्रतिकार्यका लागि पूर्वतयारी गर्ने,

✍ पुनर्निर्माण र पुनर्स्थापना सम्बन्धी कार्यलाई अझ राम्रो र बलियो बनाउने।

**घ. रणनीति**

विपद जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्र निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोच सहित विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५,विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०), विपद् जोखिम वित्तीय व्यवस्थापन रणनीति, २०७८ नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनको भैरहेका छन्।

विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले विपदबाट हुने मृत्युदर तथा प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य रूपले कम गर्नु, जीविकोपार्जनका स्रोतसाधनहरूका साथै कृषि, उद्योग, सडक, सञ्चार, खानेपानी तथा सरसफाईका संरचना, स्वास्थ्य र शैक्षिक सुविधाहरू जस्ता महत्वपुर्ण पुर्वाधार तथा आधारभूत सेवाहरूमा विपदले पुर्याउने क्षति एवं अवरोधलाई कम गर्दै तिनीहरूको उत्थानशीलता वृद्धि गर्नु र विपदबाट हुने क्षति कम गर्ने लक्ष्य राखी विपद जोखिम न्यूनीकरणका लागि ५९ वटा बुँदागत नीति अख्तियार गरेको छ।

विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) ले प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्ने लक्ष्य लिँदै सो सम्बन्धमा ६ लक्ष्य, ३२ सूचक, ४ प्राथमिक क्षेत्र, १८ कार्य र २७१ गतिविधिहरू निर्दिष्ट गरेको छ।

**तालिका २.१.१: जनशक्ति विवरण (स्वीकृत, पदपूर्ति, रिक्त वा फाजिल)**

| क्र.सं. | पद | श्रेणी | सेवा/समूह | स्वीकृत दरबन्दी | पदपूर्ति | | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | काज | करार | | |
| १ | कार्यकारी प्रमुख | | | १ | | | | | |
| २ | सहसचिव | रा.प.प्रथम | नेपाल प्रशासन | १ | १ | | | | |
| ३ | सहसचिव | रा.प.प्रथम | ई./सिभिल/जनरल | १ | १ | | | | |
| ४ | उपसचिव | रा.प.द्वितिय | नेपाल प्रशासन/सा.प्र. | २ | २ | ३ | | | ३ बढी |
| ५ | सि.डि.ई. | रा.प.द्वितिय | हाईड्रोलोजी | १ | १ | | | | |
| ६ | सि.डि.ई. | रा.प.द्वितिय | ई./सिभिल/जनरल | १ | १ | | | | |
| ७ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन/सा. प्र. | ४ | ४ | १२ | | | १२ बढी |
| ८ | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन/लेखा | १ | १ | | | | |
| ९ | मेटेरियोलोजिष्ट | रा.प.तृतीय | इ./मेटेरोंलोजी | १ | | | | रिक्त | |
| १० | ईन्जिनियर | रा.प.तृतीय | सिभिल/जनरल | २ | २ | | | | |
| ११ | जियोलोजिष्ट | रा.प.तृतीय | इ./जियो इन्जिनियरिंग | १ | १ | | | | |

| क्र.सं. | पद | श्रेणी | सेवा/समूह | स्वीकृत दरबन्दी | पदपूर्ति | | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | काज | करार | | |
| १२ | वातावरण निरिक्षण | रा.प.तृतीय | नेपाल विविध | १ | १ | | | | |
| १३ | जि.आइ.एस.एनलिष्ट | रा.प.तृतीय | नेपाल विविध | १ | | | | रिक्त | |
| १४ | रेडियो टेक्नोलोजिष्ट | रा.प.तृतीय | नेपाल विविध | १ | | | | रिक्त | |
| १५ | नायब सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन/सा.प्र. | २ | २ | | | | |
| १६ | लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन/लेखा | १ | १ | | | | |
| १७ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | नेपाल विविध | ३ | २ | | १ | | |
| १८ | सहायक कम्प्युटर अपरेटर | रा.प.अनं. द्वितिय | नेपाल विविध | २ | २ | | | | |
| १९ | हलुका सवारी चालक | श्रेणी विहिन | मे./ज.मे. | ४ | | | ४ | | |
| २० | कार्यालय सहयोगी | श्रेणी विहिन | - | ७ | २ | | ५ | | |
| जम्मा | | | | ३८ | २४ | १५ | ९ | २४ | १५ |

**स्रोतः** ***निजामती कर्मचारी प्रशासन शाखा,गृह मन्त्रालय***

**१. आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० आषाढ मसान्त सम्मको प्रगति विवरण**

**तालिका २.१.२: आर्थिक वर्ष २०७९/०८० को बजेट तथा नीति तथा कार्यक्रमको प्रगति**

| क्र.सं. | बुँदा नं. | वजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|---|
| २ | ३१३ | वहुप्रकोपिय पूर्व चेतावनी राष्ट्रिय प्रणाली तथा बहुप्रकोपिय जोखिम आँकलन प्रणालीको स्थापना | बाढी प्रभावित कञ्चनपुर, सप्तरी, बर्दिया, बाँके, कैलाली, रौतहट गरी ६ जिल्लाका १३ वटा पालिकाहरूका जोखिमयूक्त ३४ स्थानहरूमा Automatic Audio Emergency Warning and Notification System (Siren System) जडान कार्य सम्पन्न भएको। |
| | | विपद्का घटनाबाट प्रभावित जनसंख्याको तथ्यांक आधार निर्माण गरी राहत र पुनरूत्थानका कार्यक्रमहरू सञ्चालन | पाँचथर, डडेलधुरा, डोटी, ईलाम, सुनसरी, सप्तरी लगायत १३ जिल्लाका १४५ स्थानीय तहमा रहेका करीब १०,८३३ वटा सार्वजनिक संरचनाहरुको Rapid Visual Screening Survey सम्पन्न गरी उक्त |

| क्र.सं. | बुँदा नं. | वजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|---|
| | | | सर्वेबाट सार्वजनिक भवनको सवलिकरणका लागि लगानी प्राथमिकता सूची तयार गरिएको र Geo-referenced platform मा नक्शाङ्कन भएको। |
| | | | मनसुनजन्य र आगलागीजन्य विपद् प्रभावितहरुको तथ्यांक र नेपाल सरकारद्वारा प्रदान गरिने राहत व्यवस्थापनको लागि पुननिर्माण व्यवस्थापन सूचना प्रणाली (RMIS) र सर्वे एप्लिकेशन (Kobo Collect) र प्राविधिक निरिक्षण फाराम प्रयोगमा रहेको। |
| ३ | ३१४ | विपद् व्यवस्थापनमा संलग्न निकायहरूको क्षमता अभिवृद्धि | सुरक्षा निकायको माग तथा Emergency Preparedness and Response Assessment प्रतिवेदनले औंल्याए अनुसार पोर्टेबल फायर पम्प, फायर ज्याकेट, टेन्ट, ईलेक्ट्रिक चेन स, रोटरी ह्यामर, थर्मल इमेजिङ क्यामरा लगायतका खोज तथा उद्धार सामग्रीको ६ वटा प्याकेज खरिद तथा हस्तान्तरण गरिएको। |
| | | विपद् पूर्वतयारी, खोज, राहत र पुर्नस्थापनामा स्थानीय समुदायको सहभागिता अभिबृद्धि, संघ, प्रदेश र स्थानीयस्तरमा स्वयंसेवक परिचालन | विपद् व्यवस्थापनमा समुदायको सहभागिता अभिवृद्धि गर्न स्वयंसेवकको पहिचान तथा परिचालनलाई सहजिकरण गर्न Volunteer Management Information System (VMIS), प्रणाली विकास गरिएको। प्रणालीमा हालसम्म १ लाख ४ सय ४६ स्वयंसेवक आवद्ध भएको। |

२. आर्थिक वर्ष २०७९/०८० को वार्षिक वजेट तथा कार्यक्रमको आषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरणः

तालिका २.१.३: आ.व.२०७९।०८० को वित्तिय प्रगति विवरण (परिचालन योग्य अख्तियारी अनुसार)

(अंक हजारमा)

| दातृ संस्था | शुरू बजेट | रकमान्तर | | खुद बजेट | हाल सम्मको खर्च | खर्च प्रतिशत | बाँकि बजेट |
|---|---|---|---|---|---|---|---|
| | | थप | घट | | | | |
| नेपाल सरकार जम्मा | ९५१०० | ९०७४.०२१ | ० | १०४१७४ | ९२७२८.१४ | ८९.०१ | ११४४५.८८ |
| आई डि ए जम्मा | ९६७६०० | ४५८२५० | ४५८२५० | ९६७६०० | ५८६४४८.४८ | ६०.६१ | ३८११५१.५ |
| आई डी ए - संयुक्त कोष जम्मा | ५५५००० | २८३७४.८ | २८३७४.८ | १४१८५ | १४१८५.३९ | १००.०० | ० |
| कुल जम्मा | १६१७७०० | ४९५६९८.८ | ४८६६२४.८ | १०८५९५९ | ६९३३६२.०१ | ६३.८५ | ३९२५९७.४ |
| चालु पुँजीगत तथा अनुदान | शुरू बजेट | रकमान्तर | | खुद बजेट | हाल सम्मको खर्च | खर्च प्रतिशत | बाँकि बजेट |
| | | थप | घट | | | | |
| चालु जम्मा | ३७२८०० | २३१८२.८२ | १४१०८.८ | १७७३०३.४ | १५३८४७.६४ | ८६.७७ | २३४५५.७८ |
| अनुदान रकम | ५०००० | ० | ० | ५०००० | ४८१७१.२५ | ९६.३४ | १८२८.७५ |
| पुँजीगत | ११९४९०० | ४७२५१६ | ४७२५१६ | ८५८६५६ | ४९१३४३.१२ | ५७.२२ | ३६७३१२.९ |
| कुल जम्मा | १६१७७०० | ४९५६९८.८ | ४८६६२४.८ | १०८५९५९ | ६९३३६२.०१ | ६३.८५ | ३९२५९७.४ |

*स्रोतः राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण*

## ३. आर्थिक वर्ष २०७९/०८० को आषाढ मसान्त सम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरूः

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू

- विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ स्वीकृत भई कार्यान्वयनमा रहेको।
- मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८० स्वीकृत भई कार्यान्वयनमा रहेको।

### ख. वार्षिक विकास कार्यक्रम अन्तर्गतका मुख्य मुख्य कार्यहरू

- वाढी प्रभावित कञ्चनपुर, ससरी, वर्दिया, बाँके, कैलाली, रौतहट गरी ६ जिल्लाका १३ वटा पालिकाहरूका विभिन्न जोखिमयूक्त ३४ स्थानहरूमा Automatic Audio Emergency warning and notification System(Siren System) जडान कार्य सम्पन्न भएको।
- १३ वटा पालिकाको स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) मा Display/Monitor जडान गरिएको।
- National Disaster Resilience Framework (NDRF) को मस्यौदा तयार भएको।
- मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८० तयार भई कार्यान्वयनमा रहेको।
- मनसुनजन्य तथा आगलागिजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि ७०३ लाभग्राहीलाई रु. ३,४१,१४,२५०.०० अनुदान रकम निकासा पठाइएको।
- हुम्ला, जुम्ला, मुगु, कालिकोट, डडेल्धुरा, बैतडी, बाजुरा, अछाम, प्युठान, मनाङ, नुवाकोट, नवलपरासी, धनकुटा, सिन्धुपाल्चोक, उदयपुर, धादिङ, लमजुङ, स्याङ्जा, गोरखा जिल्लामा बाढी र पहिरोबाट क्षति भएको जोखिम क्षेत्रको भौगर्भिक अध्ययन गरिएको
- विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन सम्बन्धी विभिन्न विषय समावेश गरी विपद् पोर्टलमा E-Learning Platform को विकास गरिरएको।
- धनुषाको रातु, ससरीको माहुली, रौतहटको चाँदी, सुनसरीको सेउती र सर्दु, बाराको लालबकैया र सिन्धुपाल्चोकको मेलम्ची सहितका ६ वटा खोला तथा नदीमा थुप्रिएका गेग्रानले पुल र किनाराका बस्तीहरुमा पारेको असरबारे अध्ययन गरिएको।
- राष्ट्रिय बहुप्रकोप पूर्वसूचना प्रणालीको स्थापनाको लागि कार्ययोजना सहितको अवधारणापत्र तयार भएको।

### ग. नवप्रवर्तन कार्यहरूको विवरण

- देशभरका संघीय र स्थानीय तहमा उपलब्ध खोज, उद्दार र राहत सामग्रिको विवरण एकिकृत गर्न प्राधिकरणले https://godam.ndrrma.gov.np/ पोर्टल प्रयोगमा ल्याईएको।

## ४. अन्य सम्पादित महत्वपूर्ण कार्यहरु

- २३ जिल्लाका जिल्ला विपद् व्यवस्थापन कोषमा रु. ३.३४ करोड निकासा
- सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय परिषद्को २ वटा बैठक सम्पन्न
- माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्रीज्यूको अध्यक्षतामा कार्यकारी समितिको ५ वटा बैठक सम्पन्न
- ४९ वटा भवनहरुको जोखिम अध्ययन गरी सबलीकरण गर्न विस्तृत परियोजना प्रतिवेदन तयार

- धनुषाको रातु, सप्तरीको माहुली, रौतहटको चाँदी, सुनसरीको सेउती र सर्दु, बाराको लालबकैया र सिन्धुपाल्चोकको मेलम्ची सहितका ६ वटा खोला तथा नदीमा थुप्रिएका गेग्रानले पुल र किनाराका बस्तीहरुमा पारेको असरबारे अध्ययन गरिएको।

## ५. समस्या तथा चुनौतीहरू

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा तीन तहको सरकारहरुबीच समन्वय, सहकार्य र एकरुपता कायम गर्नु
- भूमिका, जिम्मेवारी तथा स्रोत र साधनमा भएको दोहोरोपना हटाई विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यहरुको प्रभावकारीता अभिवृद्धि गर्नु
- विपद् जोखिम न्यूनीकरणका चुनौती सम्बोधन गर्न संघ,प्रदेश र स्थानीय तहमा आवश्यक संस्थागत र आर्थिक क्षमता विकास गर्नु
- विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापनका लागि पर्याप्त लगानी जुटाउनु
- जलवायु परिवर्तनबाट सिर्जित विपद्का नयाँ स्वरुपलाई सम्बोधन गर्ने गरी विपद् पूर्वतयारी एवं प्रतिकार्यका लागि आवश्यक प्रविधि, स्रोत र साधनको व्यवस्थापन गर्नु
- विपदको कारण हुने क्षति तथा नोक्शानीको आँकलनका गर्न क्षमता विकास गर्नु
- विपद् सम्बन्धी जानकारी र तथ्यांक एकिकृत गर्न Common Integrated Data Platform (जस्तै विपद् पोर्टल) लाई प्रभावकारी बनाउन अन्तर निकाय समन्वय र सहकार्यलाई सुदृढ गर्नु
- विपद् पश्चात उद्दारका लागि आवश्यक प्रविधि र सामग्रीको उपलब्धता सुनिश्चित गर्नु

## २.२ नेपाल प्रहरी

**क. पृष्ठभूमि/परिचय**

आ.व. २०७९।०८० मा नेपाल प्रहरी सँगठनको सांगठनिक विकासलाई मूर्तरूप दिन नेपाल प्रहरी कार्ययोजना, २०७८।०७९ कार्यान्वयन गरिएको थियो। त्यसैगरी आ.व. २०७९।०८० को बजेट कार्यान्वयन कार्ययोजना (Milestone) समेत कार्यान्वयन गरिएको थियो। गृह प्रशासन सुधार योजना, २०७८ समेत कार्यान्वयन भइरहेको छ। अपराध नियन्त्रण तथा अनुसन्धानलाई सबल बनाउन छुट्टै विशिष्टिकृत कार्ययोजना समेत निर्माण भइ कार्यान्वयन भइरहेको छ। नेपाल प्रहरी सङ्गठनले तय गरेको लक्ष्य प्राप्तिका लागि नेपाल प्रहरी कार्ययोजना, २०७९ तयार गरी उक्त कार्ययोजनाले निर्दिष्ट गरेका ८ लक्ष्यहरू ७९ वटा क्रियाकलापमध्ये १९ वटा क्रियाकलापहरू पूर्ण रुपमा सम्पन्न भइसकेको, २४ वटा क्रियाकलापहरूको कार्यान्वयनको क्रममा रहेका, ३३ वटा क्रियाकलापहरूको प्रतिवेदन मस्यौदा तयार भएको तथा अन्य ८ वटा क्रियाकलापहरू बजेटको सीमितता कारण पूरा गर्न सकिएको छैन। तसर्थ, गृह प्रशासन सुधार कार्य योजना, २०७८ को लक्ष्य प्राप्त गर्न तथा नेपाल प्रहरीको कार्ययोजना, २०७९ का बाँकी क्रियाकलापहरू समेत सम्पन्न गर्ने उदेश्य अनुरूप आगामी २ वर्षलाई लक्षित गरी नेपाल प्रहरी कार्ययोजना, २०८० समेत  कार्यान्वयनमा ल्याइएको छ। प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन एकै चरणमा सम्पन्न गर्ने घोषणा भए बमोजिम सातै प्रदेशका १६५ वटा निर्वाचन क्षेत्रमा सम्पन्न भएको प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन, २०७९ निर्वाचनको सुरक्षा प्रबन्धका लागि प्रहरी जनशक्ति ७१ हजार ६ सय ९३ जना र म्यादी प्रहरी १ लाख १४ हजार ९४५ जनाको परिचालन गरी २०७९ लाई शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सफल भएको छ। साथै बारा जिल्ला क्षेत्र नं. २, चितवन क्षेत्र नं. २ र तनहुँ क्षेत्र नं. १ मा मिति २०८०/०१/१० गते भएको प्रतिनिधि सभा सदस्य उपनिर्वाचन २०८० समेत सुरक्षित र शान्तिपूर्ण रुपमा सम्पन्न गरिएको छ। अपराध नियन्त्रण तथा अनुसन्धानतर्फका अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना (CAP) कार्यान्वयन अन्तर्गत आर्थिक वर्ष २०७९/०८० मा विभिन्न शीर्षकमा ५६ हजार ३ सय २३ वटा मुद्दा दर्ता भएका छन् भने ३३ हजार ६३ वटा मुद्दाको अनुसन्धान सम्पन्न भएको छ, बाँकी मुद्दाहरू हदम्याद बाँकी रहेकोले अनुसन्धानको क्रममा रहेका छन् भने कसूरमा संलग्न जम्मा ४० हजार ४ सय १ जना अभियुक्त पक्राउ गरिएको छ। आर्थिक वर्ष २०७८/०७९ मा दर्ता भएको ४६ हजार ९ सय २ मुद्दाको तुलनामा यस आ.व.मा २०.०८% ले वृद्धि भएको देखिन्छ। फैसला कार्यान्वयनतर्फ ११ हजार ९ सय २ जना फरार प्रतिवादीहरू पक्राउ गरी ४ हजार ८ सय ६६ वर्ष १ महिना २८ दिन र ९९  करोड ३८ लाख २९ हजार ९ सय १६ रूपैयाँ जरिवाना असुल उपर भएको छ। साथै अपराध अनुसन्धानलाई छिटो छरितो र भरपर्दो बनाउने केन्द्रीय अनुसन्धान ब्युरो, विशेष ब्युरो, लागू औषध नियन्त्रण ब्यरो, साइवर ब्युरो, मानव बेचबिखन अनुसन्धान ब्युरो जस्ता ब्युरो गठन गरी कार्य सम्पादन भइरेहको छ। आ.व. २०७९।०८० मा नेपाल प्रहरीले हासिल गरेका विविध उपलब्धिहरू समेटी यस संक्षिप्त प्रगति विवरण तयार गरिएको हो।

**ख. दीर्घकालीन सोचः**

- **दुरदृष्टिः**
  - नागरिक केन्द्रित, स्वच्छ र व्यावसायिक प्रहरी सेवा।
- **अनुष्ठानः**
  - कानुनी राज्यको मूल अवधारणाबाट निर्दिष्ट प्रभावकारी अपराध नियन्त्रण र अनुसन्धान एवं कानून कार्यान्वयन द्वारा समाजमा शान्तिसुव्यवस्था एवं सुरक्षा, स्थापना गर्न प्रतिवद्ध राष्ट्र प्रति समर्पित स्वच्छ एवं व्यावसायिक प्रहरी।

**ग. उद्देश्यः**

- राज्यको मूल प्रवाहमा रहेर प्रहरी सँगठनको पुनर्संरचना ,सुदृढीकरण तथा आधुनिकीकरण गर्ने,
- प्रमाण र प्रविधिको उच्चतम प्रयोग मार्फत अपराध अनुसन्धान र नियन्त्रण गर्ने,
- समुदाय तथा सरोकारवाला निकायसँग समेत सहकार्य गर्दै पारदर्शी तथा निष्पक्ष सेवा प्रवाहमा प्रहरीलाई जवाफदेही बनाउने,
- प्रहरी कारवाहीलाई थप परिष्कृत बनाउने,
- उच्च मनोवलयुक्त प्रहरी कर्मचारीको विकास तथा व्यवस्थापन र
- प्रहरी कर्मचारी हितमुखी कल्याणकारी कार्यक्रमहरूको विकास तथा बिस्तार गर्ने।

**घ. रणनीतिः**

- सङ्घीय संरचना र आन्तरिक सुरक्षा व्यवस्थापन सुढृढीकरण।
- विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान प्रणालीको विकास।
- प्रहरी कारबाही (Police Operation) प्रभावकारिता अभिवृद्धि।
- प्रहरी सेवा प्रवाह तथा प्रविधिमैत्री प्रहरी (Police Service Delivery and Technology friendly) विकास।
- मानव अधिकार प्रवर्द्धन तथा नागरिक केन्द्रित प्रहरी सेवा प्रवाहमा सुदृढीकरण।
- कार्य सम्पादनमा आधारित जनशक्ति व्यवस्थापन सुढृढीकरण।
- वैज्ञानिक र आवश्यकतामा आधारित प्रशिक्षण प्रणाली विकास।
- कल्याणकारी योजनाहरूको क्षेत्र र पहुँच अभिवृद्धि।

**ङ. जनशक्ति विवरण (स्वीकृत दरबन्दी, पदपूर्ति, रिक्त वा फाजिल):**

- आ.व. २०७९।०८० मा नेपाल प्रहरीको स्वीकृत दरबन्दी विवरण, पदपूर्ति गरिएको दरबन्दी र रिक्त दरबन्दी विवरण तल प्रस्तुत गरिएको छ।

तालिका २.२.१: नेपाल प्रहरीको स्वीकृत दरबन्दी विवरण

| क्र.सं. | पद | विद्यमान दरबन्दी | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जनपद | प्राविधिक | जम्मा | |
| १ | प्रहरी महानिरीक्षक | १ | ० | १ | |
| २ | प्रहरी अतिरिक्त महानिरीक्षक | ८ | १ | ९ | |
| ३ | प्रहरी नायव महानिरीक्षक | २० | ७ | २७ | |

| क्र.सं. | पद | विद्यमान दरबन्दी | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जनपद | प्राविधिक | जम्मा | |
| ४ | प्रहरी बरिष्ठ उपरीक्षक | ५७ | २२ | ७९ | |
| ५ | प्रहरी उपरीक्षक | १३३ | ३७ | १७० | |
| ६ | प्रहरी नायव उपरीक्षक | ३४५ | १०८ | ४५३ | |
| ७ | प्रहरी निरीक्षक | १२५२ | २३६ | १४८८ | |
| ८ | प्रहरी बरिष्ठ नायव निरीक्षक | ११७१ | २४७ | १४१८ | |
| ९ | प्रहरी नायव निरीक्षक | २३७७ | ५०१ | २८७८ | |
| १० | प्रहरी सहायक निरीक्षक | ६८०१ | ९८४ | ७७८५ | |
| ११ | प्रहरी बरिष्ठ हवल्दार | ३३८३ | ३६५ | ३७४८ | |
| १२ | प्रहरी हवल्दार | १०१४९ | १०९२ | ११२४१ | |
| १३ | प्रहरी सहायक हवल्दार | १४५६७ | ६८६ | १५२५३ | |
| १४ | प्रहरी जवान | २९५७३ | १३९३ | ३०९६६ | |
| १५ | प्रहरी कार्यालय सहयोगी | ३०३१ | ० | ३०३१ | |
| १६ | प्रशिक्षार्थी प्रहरी निरीक्षक | ३० | ० | ३० | |
| १७ | प्रशिक्षार्थी प्रहरी सहायक निरीक्षक | १३० | ० | १३० | |
| १८ | प्रशिक्षार्थी प्रहरी जवान | ८३४ | ० | ८३४ | |
| **कूल जम्मा** | | **७३८६२** | **५६७९** | **७९५४१** | |

*स्रोतः नेपाल प्रहरी*

## तालिका २.२.२: नेपाल प्रहरीको पदपूर्ति विवरण (आ.व. २०७९।०८०)

| सि.नं. | दर्जा | विज्ञापन मिति | विवरण | खुला | अमर /अशक्तप्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | | |
| १. | प्रहरी निरीक्षक(जनपद) | ०७८/०८/१० | माग पदसंख्या | ७९ | ३ | १३ | २२ | १७ | १० | २ | १४६ | |
| | | | नियुक्ति सिफारिस | ८१ | १ | १३ | २२ | १७ | १० | २ | १४६ | |
| २. | प्रहरी सहायक निरीक्षक (जनपद) | ०७८/०६/२२ | माग पदसंख्या | २३८ | ९ | ४० | ६३ | ५५ | २९ | ९ | ४४३ | |
| | | | नियुक्ति सिफारि | २५७ | २ | ३४ | ६३ | ५५ | २३ | ९ | ४४३ | |
| ३. | प्रहरी जवान (जनपद) | ०७८/०८/१० | माग पदसंख्या | १३३४ | ४९ | २१९ | ३५० | ३०५ | १६४ | ५३ | २४७४ | |
| | | | नियुक्ति सिफारि | १३७३ | १० | २१९ | ३५० | ३०५ | १६४ | ५३ | २४७४ | |
| ४. | प्रहरी जवान (प्राविधिक) | ०७८/०६/२२ | माग पदसंख्या | २२२ | ८ | ३८ | ६३ | ५० | २८ | ५ | ४१४ | |
| | | | नियुक्ति सिफारि | २४५ | २ | ३३ | ५७ | ४६ | २६ | ५ | ४१४ | |

| सि.नं. | दर्जा | विज्ञापन मिति | विवरण | खुला | अमर /अशक्तप्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ./ज. | मधेसी | दलित | पि.क्षे. | | |
| नियुक्ति गरिएको कूल जम्मा | | | | १९५६ | १५ | २९९ | ४९२ | ४२३ | २२३ | ६९ | ३४७७ | |

*स्रोतः नेपाल प्रहरी*

## तालिका २.२.३: रिक्त दरबन्दी विवरण (आ.व. २०७९।०८०)

| क्रसं. | पद | रिक्त दरबन्दी विवरण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | जनपद | प्राविधिक | जम्मा | |
| १ | प्रहरी महानिरीक्षक | ० | ० | ० | |
| २ | प्रहरी अतिरिक्त महानिरीक्षक | ० | ० | ० | |
| ३ | प्रहरी नायव महानिरीक्षक | ० | ० | ० | |
| ४ | प्रहरी बरिष्ठ उपरीक्षक | ० | ० | ० | |
| ५ | प्रहरी उपरीक्षक | ० | २ | २ | |
| ६ | प्रहरी नायव उपरीक्षक | ० | १९ | १९ | |
| ७ | प्रहरी निरीक्षक | ९६ | २८ | १२४ | |
| ८ | प्रहरी बरिष्ठ नायव निरीक्षक | ५८ | ९ | ६७ | |
| ९ | प्रहरी नायव निरीक्षक | २२८ | ८९ | ३१७ | |
| १० | प्रहरी सहायक निरीक्षक | ४०९ | ११२ | ५२१ | |
| ११ | प्रहरी बरिष्ठ हवल्दार | १०६ | ६२ | १६८ | |
| १२ | प्रहरी हवल्दार | १८६ | १२७ | ३०० | |
| १३ | प्रहरी सहायक हवल्दार | १३६ | २८६ | ४२२ | |
| १४ | प्रहरी जवान | १५३ | ९ | १६२ | |
| १५ | प्रहरी कार्यालय सहयोगी | १७१ | ० | १७१ | |
| १६ | प्रशिक्षार्थी प्रहरी निरीक्षक | ० | ० | ० | |
| १७ | प्रशिक्षार्थी प्रहरी सहायक निरीक्षक | ५ | ० | ५ | |
| १८ | प्रशिक्षार्थी प्रहरी जवान | १ | ० | १ | |
| कूल जम्मा | | १५४९ | ७४३ | २२७९ | |

*स्रोतः नेपाल प्रहरी*

## १. आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरू (Milestone) को २०८० आषाढ मसान्तसम्मको प्रगति विवरण

तालिका २.२.४: आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरू (MILESTONE) को २०८० आषाढ मसान्तसम्मको प्रगति विवरण:

| सि.नं. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | प्रगति |
|---|---|---|---|
| १ | १२७. "नागरिकको जिउधनको रक्षाः सरकारको प्राथमिकता" को नीति अनुरूप नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा राष्ट्रिय अनुसन्धान विभागको क्षमता अभिवृद्धि गरी राष्ट्रिय सुरक्षा व्यवस्थापनमा परिचालन गरिनेछ। अध्यागमन र सीमा सुरक्षालाई प्रविधिमैत्री र आधुनिक भौतिक पूर्वाधारसम्पन्न बनाइनेछ। | ३६५. सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने, प्रक्रियागत सरलीकरण गर्ने र सेवा प्रवाहको समय तथा लागत घटाइनेछ। सेवा प्रवाहमा प्रत्यक्ष संलग्न हुने कार्यालयहरूलाई सेवाग्राहीमैत्री एवं खुला कार्यस्थलको ढाँचामा विकास गर्दै लगिनेछ। सार्वजनिक सेवालाई मुहाररहित, सम्पर्करहित र कागजरहित बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ। | **क्रियाकलाप १: नेपाल प्रहरीका निर्माणाधीन (क्रमागत तर्फका) २७ वटा भवन र ३४ वटा नयाँ कार्यालयहरुमा नयाँ गैरआवासीय भवनको निर्माण कार्य सम्पन्न गर्ने** सम्बन्धमा ३४ वटा नयाँ निर्माण हुने योजनारुको निर्माण कार्य शुरु भईको। आ.व. ०७९/८० सम्ममा क्रमागततर्फका २७ वटा सक्ने लक्ष्य अनुसार २७ वटा सम्पन्न भएको। |
| २ | १३०. बेमौसमी वर्षा, बाढी, पहिरो, खडेरी, आगलागिलगायतका प्राकृतिक, मानवीय एवं जैविक प्रकोपको तत्काल सम्बोधन गर्नसक्ने गरी विपद् पूर्वतयारी, पूर्वसूचना, प्रतिकार्य, पुनर्निर्माण र पुनःस्थापना व्यवस्था सुदृढ बनाइनेछ। विपद् प्रभावितको उद्धार, आपत्कालीन बसोबास र उपचारका लागि तीनै तहमा स्वयंसेवकको परिचालन गरिनेछ। विपद् | ३१४. विपद् प्रभावितको उद्धार र राहतलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापनमा संलग्न निकायहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक स्रोत व्यवस्थापन गरेको छु। विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्न संघ, प्रदेश र स्थानीयस्तरमा स्वयंसेवक परिचालन गरिनेछ। | **क्रियाकलाप २: विपद व्यवस्थापनका लागि आवश्यक यन्त्र उपकरण खरिद गर्ने सम्बन्धमा** नेपाल प्रहरी प्रधान कार्यालय, बिपद ब्यवस्थापन महाशाखाको लागि खरिद गर्नु पर्ने सामानको स्पेशिफिकेशन माग गरिएकोमा मिति २०७९/०५/२० मा स्पेशिफिकेशन प्राप्त भएको साथै सार्वजनिक खरिद नियमावलीमा सँशोधन भएको र सँशोधित नियमावली बमोजिम सार्वजनिक खरिद |

| सि.नं. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | प्रगति |
|---|---|---|---|
| | जोखिम न्यूनीकरण वित्तीय रणनीति कार्यान्वयन गरिनेछ। विपद् व्यवस्थापनसम्बन्धी सबै प्रकारका तालिम एकीकृत रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। विपद् प्रतिकार्य र उद्धारमा नेपाली सेनालगायत सबै सुरक्षा निकायहरूलाई समन्वयात्मक रूपमा परिचालन गरिनेछ। | | अनुगमन कार्यालयबाट Standard Bidding Document मिति २०७९/०५/२४ गते तयार भएको र लागत अनुमान तयार गर्ने क्रममा सम्बन्धित बिभिन्न फर्म कम्पनीहरु सँग मुल्यमाग गरिएकोमा फर्म /कम्पनीहरुबाट प्राप्त दररेट LMBIS मा बिनियोजित रकम भन्दा बढी रकम उल्लेख भई आएको, सो सम्बन्धमा सम्बिधत फर्मका प्रतिनिधिहरुसँग मौखिक छलफल गर्दा बिदेशी मुद्राको बिनिमय दरमा भएको बृद्धिको कारण बिदेशबाट आयात हुने सबै सामानको मुल्या बढेको भन्ने जानकारी गराएको हुदा लागत अनुमान तयार गर्न कठिनाई भएकोले खरिद हुन नसकेको। |
| ३ | | | **क्रियाकलाप ३ः विपद व्यवस्थापन सम्बन्धि तालिम संचालन गर्ने।(४ समुहमा १२० जनालाई) सम्बन्धमा** आ.व. २०७९/०८० "विपद् व्यवस्थापन आधारभुत तालिम २७ औं, २८ औं, २९ औं र ३० औं समूहमा कूल जम्मा १५१ जनालाई तालिम प्रदान गरिएको। |

| सि.नं. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | प्रगति |
|---|---|---|---|
| ४ | १२८. शान्ति सुरक्षालाई सुशासन, सेवाप्रवाह, विकास निर्माण र समृद्धिको पूर्वशर्तको रूपमा सुदृढ बनाइनेछ। सुरक्षा सूचना प्रणाली सुदृढ गरी शान्ति सुरक्षा, अपराध अनुसन्धान र नियन्त्रणमा आधुनिक प्रविधिको प्रयोग बढाइनेछ। | ३५१. शान्ति सुरक्षा र कानूनी शासनको प्रत्याभूति गरी मानव अधिकारको संरक्षण गरिनेछ। आवश्यक स्रोत साधन उपलब्ध गराई सुरक्षा निकायको संस्थागत क्षमता विकास गरिनेछ। अन्तर्राष्ट्रिय सीमा सुरक्षालाई प्रभावकारी बनाइनेछ। आधुनिक प्रविधिको प्रयोग गरी सीमा क्षेत्रमा हुने अपराध र अवैध कारोवार नियन्त्रण गरिनेछ। | **क्रियाकलाप ४: अपराध नियन्त्रण कार्ययोजना (CAP) को प्रभावकारी कार्यन्वयन गर्न विधिविज्ञान प्रयोगशालाको तथा** Digital Forensic Lab **को स्तरवृद्धिको लागि आवश्यक** Equipment's **हरु खरिद गर्ने। सम्बन्धमा** विधिविज्ञान प्रयोगशाला तथा Digital Forensic Lab को स्तरवृद्धिको लागि आवश्यक Equipment's हरु खरिद गर्नको लागि आवश्यक पर्ने प्राविधिक स्पेशिफिकेशन तयार भई मिति २०७९।०६।७ गते बोलपत्र आवहान गरी मिति २०७९/७/२१ गते खोलि सोको प्राविधिक पक्षको मुल्यांकन सम्पन्न गरी मिति २०७९।०९।१४ गते बोलपत्र स्वीकृत गरी २०७९/१०/०५ गते सम्झौता गरी विधि विज्ञान प्रयोगशालाको सामान प्राप्ति भएको साथै Digital Forensic Lab को उपकरण प्राप्तभई सञ्चालनमा आएको। |
| ५ | | | **क्रियाकलाप ५: अपराध नियन्त्रणका लागि काठमाडौं उपत्यकामा विभिन्न स्थानमा CCTV जडान गर्ने।** सम्बन्धमा अपराध नियन्त्रणका लागि काठमाडौं उपत्यकामा विभिन्न स्थानमा CCTV जडान गर्ने सम्बन्धमा खरिद समिति गठन भई स्थान छनौट |

| सि.नं. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | प्रगति |
|---|---|---|---|
| | | | कार्य सम्पन्न गरी मिति २०७९/१०/१६ गते बोलपत्र आव्हान भई मिति २०७९/११/१७ गते बोलपत्र खोलुवाभई मुल्यांकन गर्दा प्रभावग्राही नभएको हुदा मिति २०७९/१२/२० गते पुनः बोलपत्र आव्हान भएको र बोलपत्रदाताको मुल्याङकन समितिबाट मुल्याङ्कन हुदाँ कुनै पनि प्रभावकारी नभएकोले मिति २०८०/१/१५ गते अस्वीकृत भएकोले खरिद हुन नसकेको। |
| ६ | | | **क्रियाकलाप ६ः आगामी प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन सम्पन्न गर्न सुरक्षा प्रदान गर्ने सम्बन्धमा** म्यादी प्रहरी भर्ना छनौट/ नियुक्ति तथा परिचालन सम्बन्धि मापदण्ड २०७९ नेपाल सरकार (मा-मन्त्रीस्तर) मिति २०७९/०५/२० को निर्णय अनुसार स्वीकृत भएको। प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन विशेष सुरक्षा योजना अनुसार निर्वाचन सेल गठन भई निर्वाचन कार्य सम्पन्न भएको। प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा प्रत्यक्ष निर्वाचन कार्यमा ६२६६७ र अन्य सुरक्षामा ९०२६ गरी जम्मा ७१६९३ जना प्रहरी खटिएको। |

| सि.नं. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | प्रगति |
|---|---|---|---|
| ७ | १३१. अपराधको बदलिँदो स्वरूपबाट सिर्जित सुरक्षा चुनौतीको सामना गर्दै आतङ्कवाद तथा सङ्गठित अपराध, वित्तीय अपराध, मिटर ब्याजी, साइबर अपराध, लागुऔषधको अवैध ओसारपसार र कारोबारलगायतका सबै प्रकारका अपराध नियन्त्रणमा सुरक्षा निकायलाई सक्षम बनाइनेछ। अन्य मुलुकसँग सुरक्षा जानकारी आदान-प्रदान गर्ने संयन्त्रको उपयोग गरी अन्तरदेशीय तथा अन्तर्राष्ट्रिय अपराध नियन्त्रण गरिनेछ। सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र सामजिक मूल्यमान्यतामा खलल पार्ने क्रियाकलापको सूक्ष्म निगरानी गरी सबै प्रकारका अपराध र सोमा हुने लगानीलाई निरुत्साहित गरिनेछ। | ३५१. शान्ति सुरक्षा र कानूनी शासनको प्रत्याभूति गरी मानव अधिकारको संरक्षण गरिनेछ। आवश्यक स्रोत साधन उपलब्ध गराई सुरक्षा निकायको संस्थागत क्षमता विकास गरिनेछ। अन्तर्राष्ट्रिय सीमा सुरक्षालाई प्रभावकारी बनाइनेछ। आधुनिक प्रविधिको प्रयोग गरी सीमा क्षेत्रमा हुने अपराध र अवैध कारोवार नियन्त्रण गरिनेछ। | **क्रियाकलाप ७: समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन ३० हजार स्थानमा गर्ने सम्बन्धमा** कार्यक्रम संचालन सम्बन्धी कार्ययोजना तयार भई सोहीअनुसार आ.व. २०७९/०८० असारसम्म कूल जम्मा कार्यक्रमः- ५०,८२१ (सामुदायिक कार्यक्रम- ४२,३६९ विद्यालय केन्द्रित- ८,४५२) लाभान्वित संख्याः-२७,७२,८८४ जना। |
| ८ | | | **क्रियाकलाप ८ः स्वीकृत वार्षिक तालिम क्यालेण्डर अनुसार नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीहरुको ज्ञान, सीप, क्षमताको विकास गरी सक्षम जनशक्ति तयार गर्न २७१४८ जना प्रहरी कर्मचारीहरुलाई विभिन्न तालिमहरु प्रदान गर्ने सम्बन्धमा** आ.व. २०७९/०८० तालिम क्यालेण्डर अनुसार २२ समूहमा (आधारभूत, उन्नत, अनुशिक्षण) २,२३८ जना प्रहरी कर्मचारीहरुलाई प्रशिक्षण भईरहेको। आ.व. २०७९/०८० असार महिनासम्म (आधारभूत, उन्नत र घुम्ती) ६७५ समुहमा २७,५७५ जना प्रहरी कर्मचारीहरुलाई तालिम प्रदान गरिएको। |
| ९ | | | **क्रियाकलाप ९.अपराध नियन्त्रण कार्ययोजना (CAP) को प्रभावकारी कार्यान्वयन गर्न अपराध अनुसन्धानको** |

| सि.नं. | नीति तथा कार्यक्रम | बजेट वक्तव्य | प्रगति |
|---|---|---|---|
| | | | क्षेत्रमा कार्यरत प्रहरी कर्मचारीहरुलाई १० समूहमा ३०० जनालाई तालिम प्रदान गर्ने सम्बन्धमा Technical Investigation Analysis Training र Missing and Unidentified Dead Body, Wanted and Most Wanted Information System, Stolen Lost and Found Property Information System Case File Digitization System Software संचालन सम्बन्धि कुल जम्मा ४६५ जना प्रहरी कर्मचारीहरुलाई तालिम प्रदान गरिएको। |

२. आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको आषाढ मसान्तसम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण (रु हजारमा):

तालिका २.२.५: आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको आषाढ मसान्तसम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण

(रु हजारमा):

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | ३१४०४०११ | प्रहरी प्रधान कार्यालय | ५३५७७१८.३२८ | १७०८१५० | ७०६५८६८.३२८ | ५३०४४५४ | १६३६०१६ | ६९४०४६९ | ९९.०१ | ९५.७८ | ९८.२३ |
| २ | ३१४०४०१२ | उपत्यका प्रहरी कार्यालय | ७४१४५९०.३३३ | ४८३६१३ | ७८९८२०३.३३३ | ७३८५९६८ | ४४००४७ | ७८२६०१५ | ९९.६१ | ९०.९९ | ९९.०९ |
| ३ | ३१४०४०१३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ८३१३८०.३०७ | २९०८२५० | ३७३९६३०.३०७ | ८१७२२० | ९७२६०१ | १७८९८२१ | ९८.३ | ३३.४४ | ४७.८६ |

| बजेट उपशीर्षक | | | बजेट | | | खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट कोड | बजेट उपशीर्षक | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| ४ | ३१४०४०१४ | प्रदेश प्रहरी कार्यालयहरु | ८३६८३६४.३४४ | ३०६८२८ | ८६७५१९२.३४४ | ८३३०९५५ | २९९४३५ | ८६३०३९० | ९९.५५ | ९७.५९ | ९९.४८ |
| ५ | ३१४०४०१५ | नेपाल प्रहरी अस्पताल | ६७४१५६.५५८ | २५७७९० | ९३१९४६.५५८ | ६४७६०० | २१९३८३ | ८६६९८३ | ९६.०६ | ८५.१ | ९३.०३ |
| ६ | ३१४०४०१६ | जिल्ला प्रहरी कार्यालयहरु | ३४८८४५१६.४७३ | १११२२५० | ३५९९६७६६.४७३ | ३४७७८५७७ | १०५३३५४ | ३५८३१९३१ | ९९.७ | ९४.७ | ९९.५४ |
| ७ | ३१४०४१०३ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९६०० | ७२७०० | ८२३०० | ९४९८ | ७२२८६ | ८१७८४ | ९८.९४ | ९९.४३ | ९९.३७ |
| **कुल जम्मा** | | | **५,७५,४०,३२५** | **६८,४९,५८१** | **६,४३,८९,९०६** | **५,७२,७४,३०८** | **४६,९३,१२२** | **६,१९,६७,४३०** | **९९.५४** | **६८.५२** | **९६.२४** |

**स्रोतः *LMBIS***

## ३. आर्थिक वर्ष २०७९/०८० को आषाढ मसान्तसम्म भएका मुख्य मुख्य कार्यहरू

### क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरू

- सिनियर प्रहरी अधिकृतको सरुवा सम्बन्धी मापदण्ड २०८० कार्यान्वयनमा ल्याइएको।

### ख. नवप्रवर्तनीय कार्यहरूको विवरणः

- आ.व. २०८०/०८१ र २०८१/०८२ को लागि १३ वटा लक्ष्य, ४० वटा कार्यगत उद्देश्य र १८३ वटा क्रियाकलापहरु समावेश गरी नेपाल प्रहरी कार्ययोजना-२०८० लागू भएको।
- प्रहरी ऐन, २०१२ लाई प्रतिस्थापन गरी नयाँ प्रहरी ऐन जारी गर्न प्रहरी ऐन, २०७९ को मस्यौदा तयार गरिएको।

### ग. अन्य सम्पादित महत्वपूर्ण कार्यहरुः

- प्रहरी महानिरीक्षकबाट प्रत्येक आ.व.मा प्रहरी अतिरिक्त महानिरीक्षक तथा प्रदेश प्रहरी प्रमुखहरूसँग वार्षिक कार्य सम्पादन सम्झौता गरी प्रभावकारी अनुगमन तथा मूल्याङ्कन र समीक्षा गर्ने प्रणाली कार्यान्वयन।
- आ.व. २०७९/०८० मा जम्मा ९३९ वटा विभिन्न मुद्दाको ४४४५ वटा सबुदहरू परिक्षणको लागि डिजिटल फरेन्सिक ल्यावमा दर्ता भएको।
- केन्द्रीय पोलिग्राफ शाखा तथा मातहतमा रहेका पोलिग्राफ शाखाहरुबाट आ.व.२०७९/०८० मा जम्मा ४८२ जनाको पोलिग्राफ परीक्षण गरिएको।
- Online System मार्फत आवेदन दिने १११४६२३ जना मध्ये ८५३२०४ नेपाली तथा बिदेशी नागरिकहरुलाई online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र बितरण गरिएको।
- बैदेशिक रोजगारी अध्ययन वा अन्य प्रयोजनको लागि औंठाछाप प्रमाणिकरण आवश्यक भई , चालचलन शाखामा आवेदन दिने २,५८८ जना सेवाग्राहीहरुलाई रित पूर्वक Fingerprint Verification उपलब्ध गराईएको।
- फरार अपराधी पक्राउ तथा सजाय भुक्तानतर्फ पक्राउः ११,९०२ जना, कैद सजाय भुक्तानः ४,८६६ वर्ष १ महिना २८ दिन र राजश्व रु. ९९,३८,२९,९१६।- असुल गरिएको।
- मुद्दा दर्ता संख्या ५६,३२३ मध्ये ३३,०६३ मुद्दा फस्यौंट (५९%)। विभिन्न फौजदारी कसूरमा कुल फरार २०,६७८ जना गरी  कूल ४०,४०१ जना अभियुक्त पक्राउ गरी कानूनी दायरामा ल्याइएको।
- लागू औषध नियन्त्रण तथा कारवाहीतर्फ जम्मा ६,१८६ जना अभियुक्त पक्राउ गरी कानूनी दायरामा ल्याइएको र ला.औ. खात ५०९ किलो १६० ग्राम, L.S.D. १०,११८ पिस, ICE ३.५ ग्राम, एम्फेटामाईन ८७३ ग्राम ४०० मि.ग्राम र अन्य ला.औ. ४७ पिस,  २०६६९ किलो गाँजा, ६२९ किलो चरेस, १४ किलो हेरोईन, ३७ किलो अफिम, ६०८ किलो कोकिन र पोल्याण्ड ४ किलो परिमाण लागू औषध बरामद गरिएको।
- हराएका मध्ये फेला परेको महिला सख्या ३६५५, पुरुषः१७२८, बालकः१९६९, बालिकाः२७२५, जेष्ठ नागरिक पुरुषः३६, जेष्ठ नागरिक महिलाः९ गरी जम्मा ९,३२२ जना मानिसहरु फेला परेको। सनाखत भएको लाशः४० जना रहेको।

- आर्थिक वर्ष २०७९/०८० मा विभिन्न प्रकारका अपराधहरू (जघन्य तथा संगठित, अपहरण तथा शरीर बन्धक, बैंकिङ कसुर, VOIP, ठगी, लिखत सम्बन्धी कसुर, सरकारी छाप दस्तखत किर्ते, BITCOIN को अनुसन्धानको सिलसिलामा ४३ वटा मुद्दाहरूका स्वदेशी र विदेशी गरी १२३ जना अभियुक्तहरूलाई पक्राउ गरी कानूनी दायरामा ल्याईएको।
- फैसला कार्यान्वयन तर्फ रु. ३०,०६,४८,११४।- (अक्षरेपी तीस करोड छ लाख अढ्चालीस हजार एक सय चौध) मात्र जरिवाना, १२९ बर्ष ०१ महिना २४ दिन कैद बेरुजु भएका १२५ जना फरार अपराधीहरू पक्राउ गरी विभिन्न न्यायिक निकायहरूमा बुझाइएको।
- काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ४ स्थित ललिता निवास क्यामको १४३ रोपनी ७ आना १ दाम सरकारी जग्गा किर्ते कागजातहरु तयार गरी हिनामिना गरेको सरकारी छाप दस्तखत किर्ते तथा संगठित अपराध मुद्दाका फरार प्रतिवादीहरु १७ जना प्रतिवादीहरुलाई मिति २०८०।०३।१२ गतेदेखि विभिन्न मितिमा पक्राउ गरी थप अनुसन्धान गरिएको।
- गैह्र-कानूनी रुपमा International Incoming Call/SMS Bypass सञ्चालन गर्ने कार्यमा संलग्न चाईनिज नागरिक ZHAO JIANGPENG लगायत ३ जना चाईनिज नागरिक सहित ९ जनालाई VOIP उपकरण सहित मिति २०८०/०२/२३ गते पक्राउ गरी कानूनी दायरामा ल्याईएको।
- आ.व. २०७९/०८० मा देशभर ट्राफिक कारवाहि सङ्ख्या २५,३८,४४८ वटा र राजश्व रकम रु. १,९३,२६,९१,०२३/- संकलन भएको।

## ४. प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा भएका क्रियाकलापहरु

- आ.व. २०७९/८० मा प्रदेश सरकारको बजेट तर्फ जम्मा संचालित आयोजना ९६ वटा मध्ये ३६ वटा सम्पन्न ६० वटा निर्माणाधिन।

## ५. रणनैतिक सुधार योजनाको प्रगति विवरण

- विशिष्टिकृत तथा वैज्ञानिक अपराध अनुसन्धान प्रणालीको विकास र सूचना प्रविधिको उपयोगद्वारा प्रविधि मैत्री प्रहरी सेवा प्रदान गर्ने सम्बन्धमा गृह मन्त्रालयको मिति २०७८/११/२२ गतेको निर्णय (सचिवस्तरको) अनुसार अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना (Crime Action Plan-CAP III) स्वीकृत भई कार्यान्वयनमा रहेको।
- **नेपाल प्रहरी कार्ययोजना, २०८०** तर्जुमा गरी २०८०।०३।१० गते प्रहरी महानिरीक्षकबाट स्वीकृत भई कार्यान्वयन भइरहेको।
- **नेपाल प्रहरी कार्य योजना, २०७९ को संक्षिप्त कार्य प्रगति विवरण**
- नेपाल प्रहरी कार्य योजना, २०७९ श्रावणदेखि २०८० असार सम्मको प्रगति प्रतिशत




## विगत पाँच वर्षको अपराध प्रवृत्ति विश्लेषण

अपराधको सङ्ख्यात्मक बढोत्तरीले शान्ति सुरक्षाको अवस्था र जनताको चेतनास्तर समेतलाई मापन गर्दछ। समग्रमा विगत तीन वर्षको विभिन्न अपराधको तुलनात्मक विवरण हेर्दा सङ्ख्यात्मक रूपमा अपराध घटेको जस्तो देखिन्छ। विगत तीन वर्षको तथ्याङ्कीय विवरण हेर्दा आ.व. २०७५/७६ मा कुल ४३,०५१ आ.व. २०७६/७७, ४१,८९८, आ.व. २०७७/७८, ४०,१२०, आ.व. २०७८/७९ मा ४६,९०२ र आ.व. २०७९/८० मा ५६,३२३ अपराधका घटना भएको देखिन्छ। आ.व २०७५/७६ को तुलनामा आ.व. २०७६/७७ मा २.७ प्रतिशत र आ.व २०७७/७८ मा ४.२४ प्रतिशतले अपराध घटेको देखिन्छ भने अघिल्लो दुई आर्थिक वर्षको तथ्याङ्कको विश्लेषणले करिब १७ प्रतिशतले अपराध बढेको देखिन्छ। यसले मुलुकको शान्ति, स्थिरता र विकासमा प्रभाव पार्ने देखिन्छ।




अपराधको प्रकृतिको आधारमा आठ खण्डमा विभक्त गरी विभिन्न अपराधिक घटनाहरूको तथ्याङ्क समेटिएको छ। प्रकृतिका आधारमा सबैभन्दा बढी सामाजिक अपराध खण्डमा बढी अपराधिक घटना घटेको तथ्याङ्कले देखाउँछ। तथापि गत वर्षको तुलनामा यस्तो प्रकृतिका अपराधका घटनामा वृद्धि हुनु समाजमा सामाजिक

सद्भाव र भाइचारा घटेको अनुमान लगाउन सकिन्छ। समग्रमा आ.व २०७८/७९ को तुलनामा आ.व. २०७९/८० मा करिब १७ प्रतिशतले यस्तो अपराधिक घटनामा बढेको तथ्याङ्कले देखाउँछ।

गत आ.व.को तुलनामा ज्यान सम्बन्धी कसुर र आत्महत्या सम्बन्धी घटना घटेको तथ्याङ्कले देखाउँछ। ज्यान सम्बन्धी कसुरमा आ.व.२०७८/७९ को तुलनामा आ.व.२०७९/८० मा करिब १% र आत्महत्या सम्बन्धी अपराधको घटनामा ११% ले कमि आएको देखिन्छ।




ज्यान सम्बन्धी प्रकृतिको अपराध अन्तर्गत खुन डाका, कर्तव्य ज्यान, विष खुवाएर, ज्यान मार्ने उध्योग, भवितव्य ज्यान, फुटकर ज्यान, गौवध, आत्म हत्या गर्न दुरुत्साहन गरेको र गर्भ संरक्षण बिरुद्धको कसुर सम्बन्धी अपराध शिर्षक समावेश भएका तथा आत्महत्या प्रकृतिको अपराध अन्तर्गत बिष खाएर, आगो लगाएर, झूण्डिएर, हाम फालेर, करेण्ट लाएर, हात हतियार औजारवाट र पानीमा हाम फालेर (डुवेर) जस्ता शिर्षक समावेश भएको छ।



त्यसै गरी चोरी, संगठित तथा आर्थिक अपराध अन्तर्गत विगतका ४ बर्थिक वर्हरूको तुलनामा वृद्धि भएको पाइएको छ। चोरी अन्तर्गत आ.व. २०७८।०७९को तुलनामा १४% ले र संगठित तथा आर्थिक अपराध अन्तर्गत करिब १०% ले बृद्धि भएको देखिन्छ। चोरी अन्तर्गतको अपराधको प्रकृतिमा डाका चोरी, नकबजनी चोरी , जवरजस्ती चोरी, साधारण चोरी, सवारी चोरी, पुरातात्विक चोरी र चौपाया चोरी लगायतका अपराध शिर्षक रहका छन्।




संगठित तथा आर्थिक अपराधको प्रकृति अन्तर्गत जूवा खेल्न वा सट्टाबाजी गर्न नहुने, मुद्रा सम्बन्धी कसुर, ठगी, अपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसुर, लागू औषध, नापतौल सम्बन्धी कसुर, प्राचिन स्मारक, चंदा संकलन, सरकारी छाप दस्तखत किर्ते, राहदानी, अपहरण वा शरीर बन्धक सम्बन्धी कसुर, हातहतियार खरखजना, प्रतिलिपी अधिकार उल्लंगन जस्ता अपराधका शिर्षक समावेश भएका छन्।



सामाजिक प्रकृतिको अपराध अन्तर्गत सार्वजनिक शान्ति बिरुद्धको कसुर, सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता बिरुद्धको कसुर, सार्वजनिक अधिकारीको अख्तियारीको अवज्ञा सम्बन्धी कसुर, आपराधिक प्रवेश तथा आपराधिक उपद्रव सम्बन्धी कसुर, नागरिकता सम्बन्धी, कुटपिट वा अंगभंग सम्बन्धी कसुर, राज्य बिरुद्धका कसुर, धर्म सम्बन्धी कसुर, आवश्यक वस्तु संरक्षण ऐन, आवश्यक सेवा संचालन ऐन, भेदभाव तथा अन्य अपमानजन्य व्यबहार सम्बन्धी कसुर जस्ता अपराध शिर्षक अन्तर्गत आ.व. २०७८।०७९ को तुलनामा आ.व. २०७९।०८० मा करिव २०% ले वृद्धि भएको देखिन्छ।




नेपालको संविधानको धारा ५१ (च) (७) मा एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने व्यवस्था, धारा ५१ (च) (८) मा जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने उल्लेख भएको। धारा ४३ मा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ को प्रस्तावनामा एकिकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी सो प्रणालीलाई राज्यबाट उपलब्ध सेवा सुविधा र राष्ट्रिय विकास योजना एवं सुरक्षा व्यवस्थासँग आवद्ध गर्ने तथा व्यक्तिगत घटना दर्ता गर्ने भन्ने व्यवस्थाको वैज्ञानिक, व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्न यस विभागको स्थापना भएको हो।

राष्ट्रिय परिचयपत्र सम्बन्धी आर्थिक वर्ष २०६६/०६७ को बजेट वक्तव्यको बूँदा नं. ५० मा "सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्टकार्ड वितरण गरिने छ। वृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ताहरु पनि यसै कार्डको प्रयोग गरी जुनसुकै बैंकबाट रकम निकाल्न सकिने व्यवस्था गरिने छ। यो परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रिय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिने छ" भन्ने उल्लेख भए पश्चात नेपाल सरकारको मिति २०६७।०३।१६ गतेको निर्णय अनुसार मिति २०६७।०४।०१ गते गृह मन्त्रालय अन्तर्गत स्थापना भएको राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र र मिति २०७१।०६।३० गते तत्कालीन स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थापना भएको केन्द्रीय पञ्जीकरण विभाग एकीकरण भई मिति २०७५।०६।२८ गते गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग गठन भएको हो।

राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम गृह मन्त्रालय अन्तर्गतको रुपान्तरणकारी आयोजना (Game Changer Project) हो। राष्ट्रिय परिचयपत्र कार्यक्रम पहिलो चरणमा पाँचथर जिल्ला र सिंहदरवार भित्रका कर्मचारीहरुलाई परिचयपत्र वितरण गरी शुरुवात गरिएको थियो। नेपाल सरकारको लक्ष्य राज्यका सबै योग्य नेपाली नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र दिने र यसलाई अन्य सेवासँग अन्तर आवद्धता गर्ने रहेको छ। हरेक वर्षको सरकारको नीति तथा कार्यक्रम र वार्षिक वजेट वक्तव्यमा राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा तथा संरक्षणका कार्यलाई उच्च प्राथमिकता दिदै आएको छ।

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाई सराई) प्रारम्भमा जन्म, मत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ र सो सम्बन्धी नियमावली २०३४ ले व्यवस्थापन गरेको थियो भने

हाल सो सम्बन्धी कार्य राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ अन्तर्गत भइरहेको छ। Economic and Social Commission for Asia and the Pacific (UNESCAP) को सन् २०१४ मा सम्पन्न मन्त्रीस्तरीय बैठकले सन् २०१५ देखि २०२४ सम्मको दशकलाई एसिया प्रशान्त क्षेत्रमा व्यक्तिगत घटना दर्ताको दशकको रूपमा मनाउने र दशकको अन्त्य सम्ममा सम्पूर्ण व्यक्तिगत घटना दर्ताको दरमा उल्लेख्य रूपमा वृद्धि गर्दै जन्म र मृत्यु दर्तालाई शतप्रतिशत पुऱ्याउने लक्ष्य समेत निर्धारण गरेको देखिन्छ। यसमा विभागले अल्पकालीन र दीर्घकालीन कार्ययोजना बनाई व्यक्तिगत घटना दर्ता कार्यलाई क्रमशः विस्तार र व्यवस्थित बनाई सन् २०२४ सम्ममा जन्म र मृत्यु जस्ता व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ।

नेपालमा सामाजिक सुरक्षा भत्ता कार्यक्रम आ.व. २०५१/५२ बाट ७५ वर्ष नाघेका ज्येष्ठ नागरिकहरूलाई वृद्ध भत्ताका नामले मासिक रु. १०० नगद प्रदान गरी यो कार्यक्रमको प्रारम्भ भएको हो। हाल यस कार्यक्रमले जेष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, लोपोन्मुख जाति, जोखिम, सीमान्तकृत र पछाडि परेका व्यक्ति तथा समूहलाई समेट्ने प्रयास गरेको देखिन्छ। सामाजिक सुरक्षा कार्यक्रमलाई प्रविधिमा आधारित आधुनिक प्रणालीमा रूपान्तरण गरी आन्तरिक रूपमा सुधार गर्दै लैजाने नेपाल सरकारको नीति अनुरुप विभागले बैंकिङ्ग प्रणालीवाट सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेको छ। यस आ.व. मा शूरु गरिएको विद्युतीय माध्यम Electronic Fund transfer (EFT) बाट भत्ता वितरण कार्य आ.व. २०८०।०८१ मा २० लाख लाभग्राहीलाई EFT मार्फत भत्ता वितरण गर्ने लक्ष्य लिइएको छ।

### ख. दीर्घकालिन सोच

- विद्युतीय प्रणालीमार्फत सबै नागरिकको डिजिटल अभिलेख तयार पारी राज्यबाट उपलव्ध हुने सेवा सुविधा, शान्ति सुरक्षा र विकास निर्माणमा आवद्ध गर्ने र व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई वैज्ञानिक व्यवस्थित र प्रविधियुक्त बनाई सुशासन प्रवर्द्धनमा सघाउ पुऱ्याउने।

### ग. उद्देश्य (Objective)

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NID MIS) को विकास, स्थापना र सञ्चालन गर्ने।
- सबै नेपाली नागरिकलाई नदोहोरिने पृथक् नम्बर सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र प्रदान गर्ने।
- गैर आवासीय नेपाली र विदेशी नागरिकलाई समेत आवश्यक्तानुसार परिचयपत्र उपलब्ध गराउने।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) को विकास, स्थापना र सञ्चालन गर्ने।
- सबै लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण गर्ने।

### घ. रणनीति

- बहुपयोगी एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी सबै नागरिकको विवरण र राज्यबाट प्रदान गरिने सेवा सुविधा क्रमशः आवद्ध गर्दै लैजाने।

- सबै वडाबाट व्यक्तिगत घटना दर्ता अनलाईन माध्यमबाट गर्ने।
- सन् २०२४ सम्म व्यक्तिगत घटना (जन्म र मृत्यु) दर्ता शतप्रतिशत पुऱ्याउने।
- विदेशस्थित नेपाली नियोगहरुबाट पनि व्यक्तिगत घटना दर्ता गर्ने।
- सामाजिक सुरक्षा भत्ता बैंकिङ्क प्रणालीबाट वितरण गर्ने।
- लाभग्राहीको खातामा सिधै भत्ता पुग्ने गरी विद्युतीय माध्यम Electronic Fund Transfer (EFT) बाट वितरण गर्ने।

### तालिका २.५.१: जनशक्ति विवरण स्वीकृत दरबन्दी र पदपूर्ति (स्थायी र करारतर्फ)

| क्र.सं | पद | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरबन्दी | असार मसान्तसम्म कार्यरत | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्र. | प्रशासन | सा.प्र. | १ | १ | ० | |
| २ | निर्देशक | रा.प.द्वि. | प्रशासन | सा.प्र. | ४ | ४ | ० | |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्वि. | विविध | | १ | १ | ० | काज |
| ४ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ७ | ७ | ० | |
| ५ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | १ | ० | |
| ६ | तथ्यांक अधिकृत | रा.प.तृ. | आ.यो.तथा त. | तथ्यांक | १ | ० | १ | |
| ७ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | २ | २ | ० | |
| ८ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | ३ | ० | |
| ९ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ६ | ६ | ० | |
| १० | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ | १ | ० | |
| ११ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | | ५ | ५ | ० | |
| १२ | तथ्यांक सहायक | रा.प.अनं.प्रथम | आ.यो.तथा त. | तथ्यांक | १ | १ | ० | |
| १३ | हलुका सवारी चालक | श्रेणीविहिन | | | ५ | ५ | ० | बजेट प्रयोजनका लागि करार सेवाबाट पूर्ति |
| १४ | कार्यालय सहयोगी | श्रेणीविहिन | करार | | ८ | ८ | ० | •बजेट प्रयोजनका लागि करार सेवाबाट पूर्ति ६ जना<br>•गृह मन्त्रालयको मिति २०७८।०४।१९ को निर्णयानुसार २ जना |
| | | | | जम्मा | ४६ | ४५ | १ | |

*स्रोतः निजामती कर्मचारी प्रशासन शाखा*

**तालिका २.५.२: जनशक्ति विवरण: स्वीकृत अस्थायी दरबन्दी र करारतर्फ**

| क्र.सं. | पद | दरबन्दीको प्रकार | स्वीकृत दरबन्दी | कार्यरत संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | अस्थायी दरबन्दी (स्थायी कर्मचारीबाट पूर्ति) | ३ जना | ३ जना | थप ३ जना काजमा |
| २ | नायब सुब्बा | अस्थायी दरबन्दी (स्थायी कर्मचारीबाट पूर्ति) | १२ जना | ९ जना | ३ |
| ३ | कम्प्युटर इन्जिनियर | सेवा करार | १० जना | ६ जना | ४ |
| ४ | कम्प्युटर टेक्निसियन | सेवा करार | १२ जना | ११ जना | १ |
| ५ | विवरण दर्ता अपरेटर | सेवा करार, दैनिक ज्यालादारी | १०६६ जना | ७४२ | रिक्त ३२४ जना |
| ५.१ | विवरण दर्ता अपरेटर | अभियानमा खटिएका | | ४८४ जना | |
| ५.२ | विवरण दर्ता अपरेटर | जिल्ला प्रशासन तथा ईलाका प्रशासन कार्यालय | | २१९ जना | |
| ५.३ | विवरण दर्ता अपरेटर | विभाग र काठमाडौं उपत्यकामा रहेका स्टेशनमा खटिएका | | ३९ जना | |

***स्रोत: राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग***



**तालिका २.५.३: सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को आयोजना व्यवस्थापन इकाईमा कार्यरत कर्मचारी विवरण:**

| सि.नं. | पद | तह | सेवा/समूह | स्वीकृत दरवन्दी | पदपूर्ति करार | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | Senior Procurement Specialist | | | १ | १ | ० |
| २ | Financial Management Specialist | | | १ | १ | ० |
| ३ | Payment Specialist | | | १ | ० | १ |
| ४ | Monitoring and Evaluation Specialist | | | १ | ० | १ |
| ५ | Communication Specialist | | | १ | १ | ० |
| ६ | Communication Officer | | | १ | ० | १ |
| ७ | Procurement Officer | | | १ | ० | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | Program Officer | | | १ | ० | १ |
| ९ | MIS Team Leader | | | १ | १ | ० |
| १० | System Analyst | | | २ | १ | १ |
| ११ | Senior Database Analyst | | | १ | १ | ० |
| १२ | Grievance Manager | | | १ | ० | १ |
| १३ | Senior Software Developer | | | १ | १ | ० |
| १४ | Senior Support Engineer | | | १ | ० | १ |
| १५ | MIS Developer/ Programmer | | | ४ | २ | २ |
| १६ | MIS Training Support Staff | | | ४ | १ | ३ |
| १७ | Technical Document Writer | | | १ | ० | १ |
| १८ | Assistant DBA | | | २ | ० | २ |
| १९ | Senior Account Assistant | | | १ | १ | ० |
| २० | Account Assistant | | | ३ | ० | ३ |
| २१ | Project Admin Assistant | | | २ | २ | ० |
| २२ | MIS Operator | | | १००० | ९९८ | २ |
| २३ | Field Assistant | | | १००० | ९९७ | ३ |
| २४ | Driver (Support Staff) | | | २ | २ | ० |
| २५ | Office assistant (Support Staff) | | | २ | २ | ० |
| **जम्मा** | | | | **२०३६** | **२०१३** | **२३** |

*स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग*

**तालिका २.५.४: आर्थिक वर्ष २०७९/०८० को बजेट बक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको २०८० आषाढ मसान्तसम्मको प्रगति विवरण:**

| क्र.स. | बुँदा नं. | बजेट (रु. हजारमा) | बक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|---|
| १ | ३५४ | | दुई वर्षभित्र सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ। आगामी आर्थिक वर्षभित्र थप २० लाख नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ। वैयक्तिक सूचना प्रणालीलाई भरपर्दो र व्यवस्थित बनाउन व्यक्तिगत घटना दर्तालाई विद्युतीय प्रणालीमा आबद्ध गरी सबै वडासम्म विस्तार गरिनेछ। | <u>राष्ट्रिय परिचयपत्र तर्फः</u><br>१. राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलनः<br>• हालसम्म १,३१,५४,७४२ (अभियानमार्फत ९५४८८९० र इकाईमार्फत ३६०५८५२)<br>• आ.व. २०७९।८० मा ५०,७९,६९६ (अभियानमार्फत ३०,४८,५२९ र इकाई मार्फत २०,३१,१६७)<br>२. राष्ट्रिय परिचयपत्र प्राप्ति, छपाई तथा वितरण (पहिलो चरणको ११७०००सहित)<br>• राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड १ करोड २१ लाख १७ हजार<br>• राष्ट्रिय परिचयपत्र कार्ड छपाई १६ लाख ३० हजार १४<br>• राष्ट्रिय परिचयपत्र कार्ड वितरण १ लाख ७३ हजार ६८<br>• आ.व. २०७९।०८० मा राष्ट्रिय परिचयपत्र प्राप्ति, छपाई तथा वितरणः<br>• राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्ति ८० लाख<br>• राष्ट्रिय परिचयपत्र कार्ड छपाई १४ लाख १४ हजार १४<br>• राष्ट्रिय परिचयपत्र कार्ड वितरण ५६ हजार ६८<br>• ५३ वटा जिल्ला प्रशासन कार्यालयहरूमा करिब ७ लाख ८५ हजार कार्डहरू वितरणको लागि पठाइएको।<br>३. हालसम्म अभियान सम्पन्न<br>• जिल्लाः ५५ वटा, स्थानीय तहः ५६१ वटा, वडाः ५१०३ वटा<br>४. २०७९।८० असार मसान्तसम्म अभियान सम्पन्न |

| क्र.स. | बुँदा नं. | बजेट (रु. हजारमा) | बक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|---|
| | | | | ➢ जिल्लाः २० वटा, स्थानीय तहः१७८ वटा, वडाः १६०१ वटा<br>५. असार मसान्तमा अभियान सञ्चालनमा रहेका जिल्लाः १३ वटा<br>६. राष्ट्रिय परिचयपत्र कार्यक्रमसँग सम्बन्धित जनशक्तिलाई अभिमुखिकरण र तालिम सम्पन्न करिव २००० जना।<br>**<u>NID-MIS - Service Integration</u>**<br>• राहदानी विभागसँग अन्तर आवद्धता भएको।<br>• चिकित्सा शिक्षा आयोगसँग अन्तर आवद्धता भई MBBS प्रवेश परिक्षामा NIN अनिवार्य भएको।<br>**पञ्जीकरण तर्फः**<br>१. अनलाईन मार्फत २०८० असार मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरणः<br>• अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्याः- ६६४८, जन्मः- २७,८८,४७८, मृत्युः- ७,००,१४०, विवाहः- ११,१६,६६४, सम्बन्ध विच्छेदः- ४८,९८१, बसाई सराईः- ६,१६,७२६, कूल जम्मा घटना दर्ता संख्याः- ५२,७०,९८९<br>आ.व. ०७९।८० मा भएको अनलाईन मार्फत व्यक्तिगत घटना दर्ताको विवरणः<br>• अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्याः- ४४६, जन्मः-८१७५९१, मृत्युः- २०२९९५, विवाहः- ३२४३०१, सम्बन्ध विच्छेदः-२१६५६, बसाई सराईः- १८३२९२, कूल जम्मा घटना दर्ता संख्याः- १५,४९,८३५<br>**<u>सूचना प्रविधि तर्फः</u> हाल सञ्चालनमा रहेका सूचना प्रणाली**<br>• National Identification Management System (NID-MIS) |

| क्र.स. | बुँदा नं. | बजेट (रु. हजारमा) | बक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|---|
| | | | | • Public Portal - Pre-Enrollment (NID-MIS)<br>• Vital Event Registration and Social Protection Management Information System (VERSP-MIS): व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली<br>• Public Portal - Notification (VERSP-MIS)<br>• SSRP - Social Security Reconciliation Portal<br>• GMS- Grievance Management System ( गुनासो व्यवस्थापन प्रणाली )<br>• Digitization System<br>• Archiving Application System<br>• Progress Tracking System (प्रगति प्रतिवेदन प्रणाली )<br>**VERSP-MIS Service Integration**<br>व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली (VERSP-MIS) को देहाय निकायका प्रणाली बीच अन्तरआवद्धता भएको:<br>• कन्सुलर सेवा विभागको LEGAL प्रणाली<br>• स्वास्थ्य मन्त्रालयको BRMS र DRMS प्रणाली<br>• अध्यागमन कार्यालयको Nepali Port प्रणाली<br>• राष्ट्रिय किताबखानाको PIS प्रणाली<br>• राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रणाली |

| क्र.स. | बुँदा नं. | बजेट (रु. हजारमा) | बक्तव्यको संक्षिप्त विवरण | प्रगति |
| --- | --- | --- | --- | --- |
| २ | १८६<br>२१८७ | | -विपन्न, जेष्ठ नागरिक, एकल महिला र सीमान्तकृत वर्ग तथा समुदाय लक्षित सामाजिक सुरक्षा कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। राजनीतिक परिवर्तनको आन्दोलनमा बलिदान गर्ने परिवारको लागि प्रदान हुँदै आएको जीवनवृत्ति रकमलाई निरन्तरता दिएको छु।<br><br>-सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत हाल ७० वर्षमाथिको उमेर समुहका जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएकोमा आगामी आर्थिक वर्षदेखि यसको दायरा बढाई ६८ वर्ष माथिका जेष्ठ नागरिकलाई समेत सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाएको छु।सामाजिक सुरक्षा | **<u>सामाजिक सुरक्षा कार्यक्रम तर्फ</u>**<br>१. २०८० असार मसान्तसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या कुल जम्मा: ३८००१०८ रहेको:<br>• अन्य जेष्ठ नागरिक (६८ वर्ष भन्दा माथि): १६०७२९६<br>• जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका): १५९५३<br>• जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेका: १४६७४०<br>• जेष्ठ नागरिक (एकल महिला): २११२१३<br>• विधवा: ३५५२८७, पूर्ण अपाङ्गता (क वर्ग): ६४९७३, अति अशक्त अपाङ्गता (ख वर्ग): १३५९८१, लोपोन्मुख जाती: २१९०४, लोपोन्मुख (बालबालिका): ३५१<br>• बालबालिका (दलित): ३६८७२२, बालबालिका (क्षेत्र तोकिएको): ७९४८८६<br>२. ७५३ स्थानीय तहमा बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण।<br>३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको परिचयपत्र नवीकरण गर्ने म्याद २०७९ श्रावण १ देखि कार्तिक मसान्त सम्म रहेकोमा सो अवधिमा जम्मा ३१,०१,१९४ जना लाभग्राहीको परिचयपत्र नवीकरण भएको।<br>४. चौथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता ४ लाख ७ सय २० लाभग्राहीलाई विद्युतीय प्रणाली Electronic Fund Transfer (EFT) मार्फत वितरण गरिएको।<br>५.२०८० असार मसान्तसम्म नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय वमोजिम मानव सेवा आश्रम लगायत अन्य ३ आश्रम र सबै स्थानीय तह समेतलाई उपलब्ध गराईएको निकासा सहित रु.१ खर्ब ८ अर्ब ४ करोड १४ लाख ७० हजार ८ |

| क्र.स. | बुँदा नं. | बजेट (रु. हजारमा) | बक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|---|
| | | | भत्ता नलिन स्वःघोषणा गर्ने लाभग्राहीहरुलाई सरकारद्धारा सम्मान गरिनेछ। | सय १० रुपैंया सामाजिक सुरक्षा भत्ता वितरण भएको।<br>६. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी विभिन्न स्थानमा गरी करिव १५०० जनालाई अभिमुखीकरण तथा तालिम प्रदान गरिएको। |

तालिका २.५.५: आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको २०८० आषाढ मसान्तसम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण (रकम रु. हजारमा)

| क्र.स | ब.उ.शि.नं | निकाय/कार्यक्रम | बजेट | खर्च | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | | | | वित्तिय | वित्तिय कुल | भौतिक |
| १. | पूँजीगत | राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता ३१४०१०११३/४ | ३६८२२० | २०३४१७.७५ | ५५.२४ | ८४.९२ | ७८.२४ |
| | चालु | | १७३४७४५ | १५८२४७३.५० | ९१.२६ | | |
| २. | चालु | सामाजिक सुरक्षा तथा संरक्षण ३१४०१०११२ | ११०३९३३८९.०६ | १०८३७१३७४.११ | ९८.१७ | ९८.१७ | १०० |
| जम्मा | | | ११२४९६३५४.०६ | ११०१५७२६५.३६ | ९७.९२ | | |

स्रोत: *LMBIS*

**१. आर्थिक वर्ष २०७९/०८० को असार मसान्तसम्म सम्पादन भएका मूख्य मूख्य कार्यहरुः**

**क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरुः**

- सामाजिक सुरक्षा ऐन, २०७५ को पहिलो संशोधन (२०७९) भएको।
- सामाजिक सुरक्षा नियमावली, २०७६ को तेस्रो संशोधन भएको।

२. **राष्ट्रिय परिचयपत्र कार्यक्रमको कार्यान्वयन अवस्था**

राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन गर्ने कार्य आ.व. २०७९।०८० मा विवरण दर्ता अभियान मार्फत ३०,४८,५२९, इकाई मार्फत २०,३१,१६७ गरी कुल दर्ता ५०,७९,६९६ भएको छ। हाल सम्म राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन गर्ने कार्य १३,१५४,७४२ रहेको छ।

**क. २०८० असार मसान्तसम्म अभियान सम्पन्न भएका जिल्ला**

- जिल्लाः ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, मोरङ्ग, सुनसरी, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, उदयपुर, सप्तरी, सर्लाही, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप, चितवन, मकवानपुर, ललितपुर, भक्तपुर, दोलखा, कास्की, गोरखा, बाग्लुङ, स्याङ्जा, तनहूँ, पर्वत, मनाङ, लमजुङ्ग, नवलपरासी (बर्दाघाट सुस्ता पूर्व), म्याग्दी, गुल्मी, पाल्पा, नवलपरासी (बर्दाघाट सुस्ता पश्चिम), रुपन्देही, बर्दिया, रुकुम पूर्व, कपिलवस्तु, दाङ्ग, बाँके, रुकुम (पश्चिम), सुर्खेत, सल्यान, दार्चुला, बैतडी, डडेलधुरा, कन्चनपुर, बझाङ्ग, डोटी, अछाम, कैलाली। (५५ जिल्ला) स्थानीय तह: ५६१, वडा: ५१०३ वटा

**ख. २०८० असार मसान्तसम्म अभियान सञ्चालनमा रहेका जिल्ला**

- धादिङ, काठमाडौं, सिराहा, धनुषा, बारा, पर्सा, रौतहट, महोत्तरी, बाजुरा, नुवाकोट, अर्घाखाँची, रोल्पा, प्युठान। (१३ जिल्ला)
- मुस्ताङ्ग जिल्लामा जनसंख्या कम भएकोले स्थायी विवरण दर्ता स्टेशनबाटै विवरण संकलन भईरहेको।

**ग. आ.व. ०७९।८० मा अभियान सम्पन्न भएका जिल्लाः**

- जिल्लाः कपिलवस्तु, गोरखा, दाङ्ग, दार्चुला, दोलखा, बझाङ्ग, बर्दिया, बाँके, बाग्लुङ, बैतडी, मोरङ्ग, म्याग्दी, रामेछाप, रूकुम पूर्व, रूपन्देही, लमजुङ्ग, ललितपुर, सप्तरी, सुनसरी र सोलुखुम्बु। (२० जिल्ला), स्थानीय तहः- १७८ वटा, वडाः- १६०१ वटा

**घ. आ.व. २०७९।०८० मा राष्ट्रिय परिचयपत्र प्राप्ति, छपाई तथा वितरणः**

- राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्ति: ८० लाख
- राष्ट्रिय परिचयपत्र कार्ड छपाई: १४ लाख १४ हजार १४
- राष्ट्रिय परिचयपत्र कार्ड वितरण: ५६ हजार ४३
- ५४ वटा जिल्ला प्रशासन कार्यालयहरुमा करिव ७ लाख ८५ हजार राष्ट्रिय परिचयपत्र (कार्ड) वितरणका लागि पठाइएको।

## ङ. तालिम तथा अभिमुखीकरण

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी हालसम्म करिव १५०० जनालाई तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न।
- कार्ड प्रशोधन, विवरण दर्ता अपरेटर एवं परिचयपत्र वितरणमा संलग्न कर्मचारी, रुजु अधिकारीहरु र राष्ट्रिय परिचयपत्र अभियान सञ्चालन सम्बन्धी विभिन्न स्थानहरुमा करिव २००० जनालाई तालिम तथा अभिमुखीकरण सम्पन्न।

## ३. पञ्जीकरण कार्यक्रमको कार्यान्वयन अवस्था

- व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ताका सम्बन्धमा समन्वय गर्ने कार्यमा सहजता ल्याउन यस विभागद्वारा VERSP-MIS मा पत्राचार मोडुल थप गरिएको।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालीमा (VERSP-MIS) संग्रहित नागरिकका सूचना तथा तथ्याङ्कको आन्तरिक तथा बाह्य जोखिमबाट सुरक्षा गर्न तथा गोपनीयता कायम गर्न VERSP-MIS प्रयोग गर्दा Virtual Private Network (VPN) मिति २०७९।११।०७ गतेदेखि अनिवार्य गरिएको। हाल ६६४८ वटा वडा कार्यालय र ७५३ स्थानीय तहमा VPN जडान गरी कार्यान्वयन भईरहेको।
- थप ४४६ वडाबाट अनलाइन घटना दर्ता भएको (६७४३ वडा कार्यालयहरु मध्ये ६६४८ वडा कार्यालयहरुबाट अनलाइन घटना दर्ता भईरहेको)
- गृह सचिवज्यूको अध्यक्षतामा यस विभाग अन्तर्गत संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को Portfolio Review Meeting सम्पन्न भएको।
- कन्सुलर सेवा विभाग, जिल्ला प्रसाशन कार्यालय र ईलाका प्रशासन कार्यालय, सबैलाई व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको आधिकारिकता सम्बन्धमा विभागको अनलाईन प्रणालीबाट जारी हुने १३ अंक सहितको घटना दर्ताको प्रमाणपत्रलाई मात्र कार्यालयको प्रयोजनको लागि आधिकारिक मान्यता दिने व्यवस्था मिलाईएको।
- २०८० बैशाख १ देखि ७ गते सम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने क्रममा नेपाल टेलिकमका मोवाईल मार्फत व्यक्तिगत घटना दर्ताका सम्बन्धमा जनचेतना अभिवृद्धिका लागि Ring Back Tune बजाइएको र SMS समेत पठाइएको। उक्त सप्ताह अवधिमा ५२००० वटा जन्म दर्ता भएको।
- सर्वसाधारणलाई नेपालमा अनलाइन माध्यमद्वारा भएका व्यक्तिगत घटना दर्ताको बारेमा जानकारी गराउन विभागको वेभसाईटमा GIS Portal को व्यवस्था गरिएको साथै VERSP MIS को System Audit गरिएको र व्यक्तिगत घटना दर्ताका सम्बन्धमा बारम्बार सोधिने सबै प्रश्नको (FAQ) तयार गरी वेबसाइटमा राखिएको।
- सामाजिक सुरक्षा, घटना दर्ता तथा पञ्जीकरण सम्बन्धी विषयमा रहेका कानुनी द्विविधा, व्यवहारिक समस्या तथा प्राविधिक समस्याका सम्बन्धमा प्रदेश सुशासन केन्द्र बागमती, प्रादेशिक तालिम केन्द्र, सुदुरपश्चिम

डोटी, प्रदेश सुशासन केन्द्र, बागमती, प्रादेशिक अनुसन्धान तथा तालीम केन्द्र, कोशी झापा, UNICEF (स्वतन्त्र अभियान नेपाल),लगायत विभिन्न पालिकाहरु क्षमता विकास तथा अभिवृद्धि सम्बन्धी करिव १५०० जनालाई तालिम प्रदान दिएको |

- राष्ट्रिय तथ्याङ्क कार्यालयसँग Civil Registration and Vital Statistics Report प्रकाशन गर्न MOU भएको र राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रतिवेदन प्रकाशनका लागि काम गरिरहेको।

## ४. सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन अवस्था

- सामाजिक सुरक्षा भत्ता वितरणमा बैंकहरुको मुख्य अनलाइन प्रणाली र विभागको VERSP-MIS प्रणालीबीच आवद्धता गर्न API (Application Programming Interface) प्रणाली तयार भएको।
- "बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड, २०७९ (नमुना)" तयार गरी कार्यान्वयनका लागि सबै स्थानीय तहमा पठाइएको।
- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा खाता खोल्ने, रकम जम्मा गर्ने, प्रतिवेदन गर्ने र हिसाव मिलान गर्ने लगायत कार्यका लागि यस विभाग र बैंक तथा वित्तीय संस्थाहरबीच API प्रणाली लागु गर्न NIC-ASIA सहित तीन वटा बैंकहरुसँग नमूना परीक्षण गर्न स्वीकृति प्राप्त भई कार्यान्वयन भएको।
- यस विभागबाट सञ्चालित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन सूचना प्रणाली र महालेखा नियन्त्रकको कार्यालयबाट सञ्चालित कम्प्यूटरीकृत सरकारी लेखा प्रणाली (CGAS) बीच सेवा आवद्ध गर्ने सम्बन्धमा ५० वटा स्थानीय तहमा मिति २०७९।१२।१६ (सचिवस्तर) को निर्णय अनुसार नमूना परीक्षण गर्न स्वीकृति प्राप्त भएपछि करिब ४ लाख ७ सय ४० लाभग्राहीलाई Electronic Fund Transfer (EFT) मार्फत भत्ता वितरण गरिएको।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत विद्युतीय प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणसँग सम्बन्धित Disbursement Link Indicator (DLI) 4 को Verification को लागि Ernst and Young LLP (EY), Branch Office Nepal सँग परामर्श सेवा खरिद सम्झौता भई प्रतिवेदन प्राप्त भएको। उक्त अध्ययन प्रतिवेदनको आधारमा विश्व बैंकबाट नेपाल सरकारलाई सोधभर्ना हुने करिब १ अर्व रकमको लागि प्रक्रिया अगाडि बढाईएको।
- २०८० असार मसान्तसम्म नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय वमोजिम मानव सेवा आश्रम लगायत अन्य ३ आश्रम र सबै स्थानीय तह समेतलाई उपलब्ध गराईएको निकासा सहित रु.१ खर्ब ८ अर्ब ४ करोड १४ लाख ७० हजार ८ सय १० रुपैंया सामाजिक सुरक्षा भत्ता पठाइएको। हाल सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको कुल संख्या ३८ लाख १ सय ९ जना रहेको छ।

**तालिका २.५.६: २०८० असार मसान्तमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्याः**

| क्र.सं. | लाभग्राहीको वर्ग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक (६८ वर्ष भन्दा माथि) | १६२७८९३ | ४२.८४ |
| २ | जेष्ठ नागरिक (क्षेत्र तोकिएको ६० वर्ष उमेर पुगेका) | १६६२४ | ०.४४ |
| ३ | जेष्ठ नागरिक दलित (६० वर्ष उमेर पुगेका) | १५२८०० | ४.०२ |
| ४ | जेष्ठ नागरिक (एकल महिला) | २१२६५९ | ५.६० |
| ५ | विधवा | ३६११५६ | ९.५० |
| ६ | पुर्ण अपाङ्गता (क वर्ग) | ६६२८८ | १.७४ |
| ७ | अति अशक्त अपाङ्गता (ख वर्ग) | १३८६९३ | ३.६५ |
| ८ | लोपोन्मुख जाती | २२०१२ | ०.५८ |
| ९ | लोपोन्मुख (बालबालिका) | २७१ | ०.०१ |
| १० | बालबालिका (दलित) | ३८१०५८ | १०.०३ |
| ११ | बालबालिका (क्षेत्र तोकिएको) | ८२०६५४ | २१.६० |
| **कुल जम्मा** | | **३८००१०८** | **१००%** |

***स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग***

**सूचना प्रविधि तर्फ**

- **हाल सञ्चालन रहेका सूचना व्यवस्थापन प्रणाली**
  - National Identification Management System (NID-MIS)
  - Public Portal - Pre-Enrollment (NID-MIS)
  - Vital Event Registration and Social Protection Management Information System (VERSP-MIS):व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली
  - Public Portal - Notification (VERSP-MIS)
  - SSRP - Social Security Reconciliation Portal
  - GMS- Grievance Management System ( गुनासो व्यवस्थापन प्रणाली )
  - Digitization System
  - Archiving Application System
  - Progress Tracking System (प्रगति प्रतिवेदन प्रणाली )
- **NID-MIS - Service Integration**
  - राहदानी विभागसँग अन्तर आवद्धता भएको।
  - चिकित्सा शिक्षा आयोगसँग अन्तर आवद्धता भई MBBS प्रवेश परिक्षामा NIN अनिवार्य भएको।
  - राष्ट्रिय परिचय सूचना व्यवस्थापन प्रणाली Service Integration को लागि दूरसञ्चार सेवा, कर्मचारी संचय कोष र आन्तरिक राजश्वको प्रणालीसँग आवद्धताको लागि प्रकृयामा रहेको।
- **VERSP-MIS Service Integration**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली (VERSP-MIS) को देहाय निकायका प्रणाली बीच अन्तरआवद्धता सम्पन्न भएको:
- कन्सुलर सेवा विभागको LEGAL प्रणाली ,
- स्वास्थ्य मन्त्रालयको BRMS र DRMS प्रणाली ,
- अध्यागमन कार्यालयको Nepali Port प्रणाली,
- राष्ट्रिय किताबखानाको PIS प्रणाली
- राष्ट्रिय तथ्याङ्क कार्यालय
- गृह मन्त्रालयको (CIMS) प्रणाली

- **Verification and Investigation of NID-MIS**
  - Total No. of BiometricVerification in Progress - 96130
  - Total No. of Investigation in Progress – 448589
  - Supervisor Investigation In Progress- 19528
  - विभागको प्रगति विवरण मासिक रुपमा गृह मन्त्रालय पठाइएको साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुगमन प्रणालीमा मासिक रुपमा माईलस्टोन प्रगति प्रवृष्टि गरिएको।
  - सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमाली वमोजिमको प्रगति विवरण (स्वतः प्रकाशन) त्रैमासिक रुपमा विभागको वेवसाइटमा राखिएको।

**गुनासो फर्छ्यौट**

- **गुनासो व्यवस्थापन प्रणाली मार्फत प्राप्त**
  - २०८० असार महिनासम्म गुनासो दर्ता भएको संख्या जम्मा ६११ वटामा विभागसँग सम्बन्धित शत प्रतिशत फर्छ्यौट भएको।
  - आ.व. २०७९।०८० मा मात्र दर्ता भएको गुनासो २५० वटा रहेकोमा सबै फर्छ्यौट भएको।
- **इमेल मार्फत प्राप्त**
  - २०८० असार महिनासम्ममा प्राप्त भएका गुनासो कुल जम्मा २६३ मध्ये सबै फर्छ्यौट भएको।
  - आ.व. २०७९।०८० मा मात्र दर्ता भएको गुनासो ८३ वटा रहेकोमा सबै फर्छ्यौट भएको।
- **हेलो सरकार मार्फत प्राप्त**
  - २०८० असार महिनासम्ममा प्राप्त गुनासो २८२ मध्ये २८२ वटै फछ्यौंट भएको।
  - आ.व. २०७९।०८० मा मात्र दर्ता भएको गुनासो १११ वटा रहेकोमा सबै फर्छ्यौट भएको।

**घ. कम्तिमा पाँच वटा नवप्रवर्तन कार्यहरुको विवरण**

- विद्युतीय माध्यम Electronic Fund Transfer (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता वितरणको शुरुवात गरिएको।
- विभागको वेवसाइटमा व्यक्तिगत घटना दर्ता सम्बन्धी GIS Portal को व्यवस्था गरिएको।

- नारायणहिटी दरबार संग्राहलयमा परिचयपत्र वितरणको लागि २ वटा स्टेशन थप गरी वितरण कार्य जिल्ला प्रशासन कार्यालय वाहिरबाट शूरुवात गरिएको।

**२. प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा भएका क्रियाकलापहरु**

- राष्ट्रिय परिचयपत्रको विवरण संकलनका लागि जिल्लास्तरमा र वडास्तरमा अभियान सञ्चालनका लागि राष्ट्रिय परिचयपत्र कार्यक्रम अभिमुखिकरण र रुजु अधिकारीलाई तालिम सम्पन्न।
- राष्ट्रिय परिचयपत्रको वडा स्तरीय अभियानमार्फत विवरण संकलन र जिल्लास्तरमा राष्ट्रिय परिचयपत्र वितरण कार्य भईरहेको।
- व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी समय समयमा विभिन्न जिल्ला र स्थानीय तहहरुमा कर्मचारी र जनप्रतिनिधीहरुलाई अभिमुखिकरण र तालिम प्रदान गरिएको।

**३. तथ्याङ्कको हकमा अघिल्लो ५ वर्षको विविध क्षेत्रगत प्रगतिको संक्षिप्त व्याख्यासहितको विवरण:**

**तालिका २.५.७: राष्ट्रिय परिचयपत्र तर्फः CUMMULATIVE FIGURE**

| आर्थिक वर्ष | जम्मा विवरण संकलन संख्या (जना) | अभियान मार्फत विवरण संकलन संख्या (जना) | दर्ता इकाई स्टेशन मार्फत विवरण संकलन संख्या (जना) | अभियान सम्पन्न जिल्ला संख्या (जना) | अभियान सम्पन्न स्था.तह संख्या (वटा) | अभियान सम्पन्न वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|
| २०७५/७६ | ९३८३१ | प्रथम चरणको २०७५ मंसिर ३ गते पाँचथर जिल्लाबाट राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन शुरुवात भई सो आवमा सिंहदरबारका कर्मचारीको विवरण संकलन गरिएको। | | | | |
| २०७६/७७ | २१३७६४ | जिल्ला प्रशासन कार्यालयहरुमा स्थायी विवरण दर्ता इकाई स्थापना भई कार्यान्वयन भएको। | | | | |
| २०७७/७८ | ३०५०२०९ | २६७२५२७ | ३७७६८२ | १५ | १८० | १५९७ |
| २०७८/७९ | ८०७५०४६ | ६५००३६१ | १५७४६८५ | ३५ | ३८३ | ३५०२ |
| २०७९/८० | १३१५४७४२ | ९५४८८९० | ३६०५८५२ | ५५ | ५६१ | ५१०३ |

*स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग*

**तालिका २.५.८: पञ्जीकरण कार्यक्रमतर्फः२०७४ सालदेखि २०८० असार मसान्तसम्म अनलाइनमार्फत व्यक्तिगत घटना दर्ताको समग्र विवरणः CUMMULATIVE FIGURE**

| आर्थिक वर्ष | जन्म दर्ता | मृत्यु दर्ता | विवाह दर्ता | बसाई सराइ दर्ता | सम्बन्ध विच्छेद दर्ता | जम्मा | वडा संख्या |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | १५५०६७ | २५००७ | ५५८६६ | ३१११६ | ९४१ | २६७९९७ | - |
| २०७५/७६ | ४०९३५४ | ९४६२० | १७९९५७ | ९४१५९ | ३९३५ | ७८२०२५ | २२१३ |
| २०७६/७७ | ६८०४४९ | १७४१२२ | २८४१५६ | १४३२३१ | ७७२३ | १२८९६८१ | २८३० |
| २०७७/७८ | १०२१९६० | २५३१३७ | ४०२५०४ | २३२५९१ | १२०४८ | १९२२२४० | ५०४६ |
| २०७८/७९ | १९७०८८७ | ४९७१४५ | ७९२३६३ | ४३३४३४ | २७३२५ | ३७२११५४ | ६२०२ |
| २०७९/८० | २७८८४७८ | ७००१४० | १११६६६४ | ६१६७२६ | ४८९८१ | ५२७०९८९ | ६६४८ |

*स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग*

### क. सामाजिक सुरक्षा कार्यक्रम तर्फ

**तालिका २.५.९: सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको वर्ग अनुसार संख्या र भत्ता दर**

| लाभग्राही वर्ग | आ.व २०७५/७६ | | आ.व २०७६/७७ | | आ.व २०७७/७८ | | आ.व २०७८/७९ | | आ.व २०७९/८० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मासिक दर | संख्या | मासिक दर | संख्या | मासिक दर | संख्या | मासिक दर | संख्या | मासिक दर | संख्या |
| जेष्ठ नागरिक ६८ वर्ष (अघिल्ला आ.व. मा ७० वर्ष भएकोमा आ.व. २०७९।८० बाट ६८ वर्षभन्दा माथि लागू गरिएको) | १००० | ९९३५२४ | २००० | १०३६२७५ | ३००० | १३१४२०१ | ४००० | १३२२३१५ | ४००० | १६२७९२१ |
| जेष्ठ नागरिक ६० वर्ष - दलित/क्षेत्र तोकिएको | १००० | २८७६०३ | २००० | २९२८१२ | २००० | २०६३०९ | २६६० | २१२९१४ | २६६० | १६९४२३ |
| जेष्ठ नागरिक - एकल महिला ६० वर्ष | १००० | ११४९५६ | २००० | ९७२१८ | २००० | २८०६४८ | २६६० | २७६४९३ | २६६० | २१२६७० |
| विधवा महिला | १००० | ६०५२३१ | २००० | ६४३९४२ | २००० | ३५०४३६ | २६६० | ३६०५०२ | २६६० | ३६११६९ |
| पुर्ण अपाङ्गता भएका | २००० | ४३५४० | ३००० | ४६८०३ | ३००० | ५५०५९ | ३९९० | ६३३४३ | ३९९० | ६६२८१ |
| अति अशक्त अपाङ्गता भएका | ६०० | ७४२९९ | १६०० | ८०९४१ | १६०० | १०५०५१ | २१२८ | १२८२२३ | २१२८ | १३८७१६ |
| लोपोन्मुख जाती | २००० | २४२०७ | ३००० | २४३४५ | ३००० | २२५४४ | ३९९० | २२५३८ | ३९९० | २२२०८ |
| दलित वालवालिका | ४०० | ३८८१४० | ४०० | ३६३००६ | ४०० | ४२१३४३ | ५३२ | ४१०१२० | ५३२ | ३८११०७ |
| क्षेत्र तोकिएका वालवालिका | ४०० | २९६०१८ | ४०० | ३७४५७३ | ४०० | ६९९८५५ | ५३२ | ८०६२५७ | ५३२ | ८२०७९० |
| **कुल जम्मा** | | **२८२७५१८** | | **२९५९९१५** | | **३४५५४४६** | | **३६०२७०५** | | **३८००२७७** |

*स्रोतः राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग*

## ४. समस्या तथा चुनौतीहरु

**समस्याः**

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ संशोधन हुन नसक्दा नागरिकका व्यक्तिगत घटना दर्ता संशोधनको मुद्दा समस्याको रुपमा रहेको।
- कार्यक्रम कार्यान्वयन/अभियान सञ्चालनका निम्ति अन्य निकाय र स्थानीय तहसँगको निर्भरता,
- अभियानमा खटिने जनशक्ति व्यवस्थापनः तलब सुविधा पर्याप्त नभएको, जनशक्तिलाई टिकाईराख्न नसकिएको,
- सवै स्थानीय तहमा भौतिक पूर्वाधार (Internet & Electricity) को पहुँच नहुदा सबै वडाबाट अनलाईन माध्यमबाट घटना दर्ता हुन नसकेको।
- अन्तरआवद्धतामा सरोकारवाला निकायहरुको चासो र सरोकार,
- राष्ट्रिय परिचयपत्र अपेक्षित रुपमा वितरण गर्न नसकिएको
- आवश्यक बजेट तथा प्राविधिक जनशक्ति उपलब्ध हुन नसकेको।

**चुनौतिः**

- विभागमा रहेका जनशक्तिलाई knowledge and Technology हस्तान्तरण तथा क्षमता अभिवृद्धि गरी प्रणाली सञ्चालन तथा सम्भार गर्न सक्षम बनाउनु।
- अन्य निकाय तथा सेवाहरुसँग NID MIS को अन्तरआवद्धता तथा System Security को विषय
- Strengthening System for Social Protection and Vital Registration (SSSPCR) आयोजनाको अवधि २०२४ जुन सम्म भएको र सो पश्चात VERSP MIS को निरन्तरता र आयोजनाका जनशक्ति व्यवस्थापन।
- पर्याप्त बजेट तथा प्राविधिक जनशक्ति व्यवस्थापन।
- UNESCAP मा गरिएको अन्तर्राष्ट्रिय प्रतवद्धता अनुसार सन् २०२४ सम्म व्यक्तिगत घटना दर्ता (जन्म र मृत्यु) लाई शतप्रतिशत बनाउने।
- EFT मार्फत सबै लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्नु।

## २.६ कारागार व्यवस्थापन विभाग

### क. पृष्ठभूमि/परिचय

कारागार व्यवस्थापन सम्बन्धित कार्य गर्न केन्द्रीय निकायको रुपमा मिति २०५० श्रावण १ गते देखि करागार व्यवस्थापन विभागको स्थापना भएको हो। नेपालको इतिहासमा वि.स. १९७१ देखि कारागार (जेल) शुरू भएको हो। कारागार ऐन, २०७९ साथै कारागार नियमावली, २०२० (१५औं) संशोधन भई कार्यान्वयनमा रहेको छ। कारागार विभागले कारागार कार्यालयहरूको प्रशासनिक साथै कैदीबन्दीहरूको व्यवस्थापन गर्दै आइरहेको छ।

नेपालमा हाल ७७ जिल्ला मध्ये धनुषा, बारा, भक्तपुर, पूर्वी रुकुम र पूर्वी नवलपरासी गरी पाँच जिल्ला बाहेकका ७२ जिल्लामा ७४ वटा कारागारहरु रहेका छन्।

### ख. दीर्घकालिन सोच

- बन्दीहरूलाई मनोसामाजिक परामर्श, ध्यान शिविर, सकारात्मक सोच सम्बन्धि तालिम प्रवचन संचालन गर्ने।
- कारागार भित्र श्रममा आवद्ध कैदीहरुलाई समेत कामदारी सुविधा प्रदान गरेर उनीहरुको श्रम, सीप, आयआर्जन क्षमता विकासलाई प्रवर्द्धन गर्ने।
- बन्दीहरूलाई आचारणमा सुधार ल्याई समाजमा पुनःस्थापना गर्ने।

### ग. उद्देश्य

- कानून वमोजिम अभियुक्तहरूलाई थुनामा राख्ने र सबै बन्दीको पहुँचलाई छिटोछरितो सुनिश्चित बनाउने।
- अन्तराष्ट्रिय रुपमा स्वीकृत मापदण्ड अनुसार सुरक्षित र मानवोचित वातावरणमा राख्ने।
- बन्दीहरूको आचारणमा सुधार गरी समाजमा असल नागरिको रुपमा पुनःस्थापना गर्ने।

### घ. रणनीति

- कारागार परिसर भित्र कामदारि सुविधा सहित सिपमूलक काममा संलग्न गराउने।
- बन्दीहरूलाई योग, ध्यान शिविर साथै विपश्यनाको कार्यक्रम विभिन्न संघसंस्थासंग समन्वय गर्ने।
- नयाँ कारागारको भौतिक पूर्वाधार सम्पन्न गरी कारागार कार्यालय सञ्चालन गर्ने।
- जीर्ण अवस्थाको कारागारको भौतिक पूर्वाधार मर्मत तथा सुधार गर्ने।
- बन्दीहरूको न्यूनतम मानवअधिकार सुनिश्चितताका लागि सेवा सुविधा विस्तार गर्ने।

**तालिका २.६.१: जनशक्ति विवरण (स्वीकृत दरबन्दी, पदपूर्ति, रिक्त वा फाजिल): कारागार व्यवस्थापन विभागको सँगठनात्मक संरचना र दरबन्दी**



### तालिका २.६.२: कारागार कार्यालयहरुको दरबन्दी विवरणः

| क्र.सं. | रा.प. द्वितीय | रा.प. तृतीय | | | रा.प.अनं. प्रथम | | | | रा.प.अनं. द्वितीय | | | | | श्रेणी विहिन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उप सचिव | शा.अ. | ले.अ. | प्रा. (मे.अ.) | ना.सु. | ले.पा. | प्रा. (सि.अ. हे.व.) | क.अ. | खरीदार | स.ले.पा. | अ.न.मी. | स.क.अ. | का.स. | ह.स.चा. |
| २ | ७ | ५८ | १ | १ | ८२ | १६ | ७४ | ९ | ७१ | ५७ | ४ | ६१ | ३४२ | ३३ |
| अन्य | | | | | | | | | | | | | | |
| १ | केन्द्रीय कारागार अस्पताल | मे.सु. -१, रेडियोलोजिष्ट -१, साईकाट्रिक विशेषज्ञ -१, डर्मालोजिष्ट -१, जनरल फिजिसियन - २, जनरल सर्जन -२, ल्याव टेक्नोलोजिष्ट -१, नर्सिङ अधिकृत -१, शाअ-१, हे.अ. ३, रेडियोग्राफर -२, ल्याब टेक्निसियन - १, स्टाफ नर्स -१२, मेडिकल रेकर्डर -१, फार्मेसी सहायक -२, वा.मे. ओभरसियर- १, नेत्र सहायक -१, डेण्टल सहायक -१, स.क.अ-२, अ.हे.ब.-२, खरिदार-१, मे.अ.-६, ना.सु-३, क.अ.-१ ले.पा.-१, ह.स.चा.-३, का. स. १४ | | | | | | | | | | | | |
| २ | मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल | कन्सल्टेन्ट साइक्याट्रिक- १, मे.अ.-२ शा.अ.-१ ना.सु.-१ ले.पा.-१, स.क.अ.-१, स्टाफ नर्स-२, अ.न.मी.-२, हे.अ. -२, अ.हे.व. -२, ह.स.चा.-१, का.स.-२ | | | | | | | | | | | | |

*स्रोतःनिजामती कर्मचारी प्रशासन शाखा*

तालिका २.६.३: आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्य उल्लिखित नीति तथा कार्यक्रमहरूको २०८० आषाढ मसान्त सम्मको प्रगति विवरण:

| क्र.स. | बुँदा नं. | बजेट | वक्तव्यको संक्षिप्त विवरण | प्रगति |
|---|---|---|---|---|
| १. | ३५५ | ३७ करोड | निर्माणधिन केन्द्रीय कारागार नुवाकोट, क्षेत्रीय कारागार बाँके, पाँचथर, मोरङ लगायत दशवटा कारागारको निर्माण तथा पुराना कारागारको मर्मत सुधार | केन्द्रीय कारागार नुवाकोटको दोस्रो चरण ९५% सम्पन्न, क्षेत्रीय कारागार बाँके दोस्रो चरण सम्पन्न भई हस्तान्तरण भएको, अन्य कारागारहरूको स्रोत सुनिश्चितता हुन नसकेकोले सम्पन्न हुन नसकेको। |
| २. | १२९ | - | कारागारहरूलाई सुधार गृहको रूपमा परिणत गर्न हालको अवस्थालाई सुधारमा ल्याउने। | बजेट न्यून भएकोले योजनाले लक्षित गरेका नतिजा हासिल गर्न नसकिएको। |



तालिका २.६.४: आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको २०८० आषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण:

| बजेट उपशीर्षक | | कार्यालयहरु | बजेट | | | खर्च | | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बजेट कोड | बजेट उपशीर्षक | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत |
| १ | ३१४०२०११३/११४ | कारागार व्यवस्थापन विभाग | २८७८५००० | २७४८५२००० | ३०३६३७००० | १९४८३००० | २३५७९४००० | २५५२७७००० | ६७.६८ | ८५.७९ |
| २ | ३१४०२०१२३/१२४ | कारागार कार्यालयहरु | २२७२७२७००० | १२३५४८००० | २३९६२७५००० | २०५४८३४००० | ७४४९९००० | २१२९३३३००० | ९०.४१ | ६०.३ |
| | | | २३०१५१२००० | ३९८४००००० | २६९९९१२००० | २०७४३१७००० | ३१०२९३००० | २३८४६१०००० | | |

*स्रोत: LMBIS*

**१. आर्थिक वर्ष २०७९/८० को आषाढ मसान्त सम्म सम्पादन भएका मुख्य-मुख्य कार्यहरू:**

**क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानून/कार्यविधि/निर्देशिका/मापदण्डहरू:**

- कारागार ऐन, २०७९ स्वीकृत भई मिति २०७९।०६।०९ गते राजपत्रमा प्रकाशित भई लागू भएको।
- कारागार नियमावली २०२० (१५औं) संशोधन भई बन्दीको नगद सिदा सुविधा वृद्धि गरी रु.६० बाट २०७९।०९।१८ देखि रु.८० कायम गरिएको।
- खुला कारागार नियमावलीको मस्यौदा तर्जुमा गरी स्वीकृतिको लागि पेश गरिएको।
- रागारमा रहेका बन्दीहरूलाई कामदारी सुविधा दिने सम्बन्धि कार्यविधिको मस्यौदा तर्जुमा गरिएको।

**ख. वार्षिक विकास कार्यक्रम अन्तगर्तका मुख्य मुख्य कार्यहरुः**

- नुवाकोटमा निर्माणाधीन केन्द्रीय कारागार भवन निर्माण कार्य दोश्रो चरणको अधिकाश भवनहरु, सुरक्षा भवनहरु, किचन तथा अन्य ब्लकहरुको संरचनागत कार्य अधिकांश सम्पन्न हुने चरणमा रहेको।
- बाँके नेपालगन्जको नौवस्तामा निर्माणाधिन कारागार भवन दोस्रो चरणको कार्य सम्पन्न भई हस्तारण भएको।
- मोरङ र पाँचथर जिल्लामा नयाँ कारागार भवनको निर्माणको कार्य शुरू गरिएको भएता पनि थप बजेट निकासा हुन नसकेकोले सम्पन्न हुन नसकेको।
- गृह प्रशासन सुधार योजना अनुसार नयाँ कारागारको भौतिक पूर्वाधार विकास गर्न वार्षिक बजेट न्यून भएकोले योजनाले लक्षित गरेका नतिजा हासिल गर्न नसकिएको।

## तालिका २.६.५: निर्माणधिन कारागार कार्यालयहरूको भवन निर्माण भौतिक तथा वित्तीय प्रगतिको तालिकाः

| सि.नं | जिल्ला | कार्यक्रमको विवरण | कुल लागत | सम्झौता रकम रु (भ्याट बाहेक) | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | हालसम्मको खर्च | मुख्य मुख्य संरचनाहरु | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नुवाकोट | केन्द्रीय कारागार भवन निर्माण,(दोश्रो र तेश्रो चरण | ५८३९६८० | ४७३९८४.७३ | २०७३/०३/३० | २०८०/०६/०२ | ५०२७२३.७१ | प्रशासनिक भवन-१, नेपाल पुलिस व्यारेक,डाइनिङ-२, शसस्त्र प्रहरी व्यारेक, डाइनिङ-२, कारागार इकाई (व्यारेक-१०, शौचालय-५, वर्कशप-५, किचन डाइनिङ-५, आगन्तुक कक्ष ) गरी जम्मा ३० वटा भवनहरु। | ८९% भौतिक प्रगति।<br>आ.व २०८०/८१ मा दोश्रो चरण सम्पन्न हुने।<br>तेश्रो चरणको लागि श्रोत सुनिश्चितताको प्रक्रियामा। |
| २ | बाँके | क्षेत्रीय कारागार नौबस्ता बाँके,दोश्रो चरण | ७४७८५७ | ४१८७७७.२ | २०७३/०७/०८ | २०७९/०८/२९ | ५१५८९५.१९ | प्रशासनिक भवन-१, नेपाल पुलिस व्यारेक,डाइनिङ-२,शसस्त्र प्रहरी व्यारेक,डाइनिङ-२,कारागार इकाई (व्यारेक-८,शौचालय-४,वर्कशप-४,किचन डाइनिङ-४, आगन्तुक कक्ष) गरी जम्मा २९ वटा भवनहरु। | निर्माण कार्य सम्पन्न। |
| | | क्षेत्रीय कारागार नौबस्ता बाँके,तेश्रो चरण | २०००००० | | | | | | डिटेल डिजाइन र लागत अनुमान तयार भएको।<br>श्रोत सुनिश्चितताको क्रममा। |
| ३ | मोरङ | कारागार कार्यालय भवन निर्माण,मोरङ | ६३४३२६ | ३०८२७४ | २०७८/०३/२४ | २०७९/०९/२५ | २५०७६६.७९ | पुरुष कारागार, महिला कारागार, प्रशासनिक भवन, जेलर आवास, चमेना गृह,भेटघाट कक्ष, सेन्ट्रि पोष्ट। | ९५% भौतिक प्रगति।<br>महिला कारागार बाहेक अन्य ब्लकहरुको स्ट्रक्चरल, वाल, प्लाष्टर र फ्लोरीङको कार्य सम्पन्न। |
| ४ | पाँचथर | कारागार कार्यालय भवन निर्माण,मोरङ | २८८४५३ | १५३९२४ | २०७८/०४/०७ | २०८०/०४/०९ | ४७०९८.४७ | पुरुष कारागार, महिला कारागार, प्रशासनिक भवन, जेलर आवास/कार्यालय, शौचालय ब्लक ,भेटघाट कक्ष, पुलिस व्यारेक र डाइनिङ। | ५५% भौतिक प्रगति।<br>महिला ब्लक र सुरक्षा ब्लकको पहिलो तला ढलान सम्पन्न। |

*स्रोतः कारागार व्यवस्थापन बिभाग*

**ग. नवप्रवर्तन कार्यहरूको विवरणः**

- बन्दीहरूलाई मनोसामाजिक परामर्श, ध्यान शिविर, सकारात्मक सोच विकास गर्ने तालिम प्रवचन संचालन गरिएको।
- कारागार भित्र श्रममा आवद्ध बन्दीहरूलाई समेत कामदारी सुविधा प्रदान गरेर उनीहरुको श्रम, सीप, आयआर्जन क्षमता विकासलाई प्रवर्द्धन गरिएको।
- कारागारहरूको भवन बनाउने सम्बन्धमा (ड्रइङ्ग डिजाइन) कारागार व्यवस्थापन विभाग र शहरी विकास तथा भवन निर्माण विभाग बीच समझदारी (MoU) भएको।
- क्षेत्रिय कारागार नौवस्ता, बाँकेको कारागार संचालन गर्न O & M सर्भे प्रारम्भ भएको।
- बन्दीहरूको स्वास्थ्य उपचारलाई थप व्यवस्थित गर्न स्वास्थ्य बीमा कार्यक्रम १५४९ जना बन्दीलाई स्वास्थ्य बीमा बोर्डबाट नामनामेसी तयार गरिएको।
- सिन्धुली, डिल्लीबजार र केन्द्रीय कारागारमा खाना पकाउने राइस स्टिमर जडान भएको।

**घ. अन्य सम्पादित महत्त्वपूर्ण कार्यहरूः**

- कारागारका बन्दीको फोटो सहितको परिचय पत्र लागू गरिएको।
- २०७९ असोज ३ गते संविधान दिवस, फागुन ७ गते प्रजान्तन्त्र दिवस र २०८० जेठ १५ गते गणतन्त्र दिवसमा बन्दीको कैदकट्टी सिफारिस गरी गृह मन्त्रालय पठाइएकोमा १५४५ जना बन्दीहरूको कैद अवधि कट्टी गरिएको।
- बन्दीहरूको स्वास्थ्य र शान्ति सुरक्षाका कारण १६९१ जना बन्दीहरूलाई कारागार स्थान्तरण गरिएको।
- प्रमुख जिल्ला अधिकारीको सिफारिसमा ७७ जिल्लाका ७४ कारागारको १८५ वटा ब्लक र ८ वटा बाल सुधार गृहको लागि चौकिदारको स्वीकृत समर्थन दिइएको।
- कारागार व्यवस्थापन विभागको वार्षिक कार्यक्रम अनुसार २० वटा कारागारहरूका २१०० जना बन्दीलाई मनोसामाजिक परामर्श सम्बन्धी सेवा दिइएको।
- कामदारी सुविधाबाट विभिन्न मुद्दामा भएका र विभिन्न कारागारमा रहेका बन्दीहरू ५८७ जनालाई कैद मुक्त गरिएको।
- विभिन्न कारागारमा रहेका ४८४३ जना बन्दीहरूले योग, ध्यान शिविरमा भाग लिएका।
- विभिन्न कारागारमा रहेका १०१५८ जना बन्दीहरूले स्वास्थ्य शिविरबाट लाभ लिएका।
- विभिन्न कारागारमा रहेका ८५२० जना बन्दीहरूले सिपमूलक तालिम समेत लिई सिपमूलक काममा संलग्न रहेका।
- विभिन्न कारागारमा रहेका ९३२ जना बन्दीहरुले अनौपचारिक शिक्षा लिएका।

**२. तथ्याङ्कको हकमा अघिल्लो ५ वर्षको विविध क्षेत्रगत प्रगतिको संक्षिप्त व्याख्यासहितको विवरणः**

**तालिका २.६.६: मुलुकभरका कारागार र बालसुधार गृहमा रहेका कैदीबन्दीहरूको विवरण (२०८० असार मसान्त)**

**क) बन्दीहरूको संख्याः- २७४९३ जना।**

| | |
|---|---|
| कैदी | १५८४२ जना |
| थुनुवा | ११६५१ जना |
| जम्मा बन्दीः २७,४९३ जना | |
| पुरुष | २५९४९ जना |
| महिला | १५४४ जना |
| जम्मा बन्दीः २७,४९३ जना | |
| आश्रित | ७२ जना |
| विदेशी | कुल मध्ये १३८१ जना |

**ख) बालसुधार गृहमा रहेका संख्याः- ११२७ जना**

| | |
|---|---|
| बालक | १०८५ जना |
| बालिका | ४२ जना |

**तालिका २.६.७: मुख्य मुख्य कसुरको प्रकृति (प्रतिशतमा)**

| मुद्दा | संख्या | प्रतिशत (करिव) |
|---|---|---|
| जबरजस्ती करणी/उद्योग | ७५२९ जना | २७.३९ |
| कर्तव्य ज्यान /ज्यान मार्ने उद्योग | ५४१४ जना | १९.६९ |
| लागु औषध | ५९६० जना | २१.६८ |
| सबै चोरी | ३११२ जना | ११.३२ |
| सवारी ज्यान/अंगभंग | ९७४ जना | ३.५४ |
| जीउ मास्ने बेच्ने/ सबै बेचविखन | ७०४ जना | २.५६ |
| अन्य बिभिन्न प्रकारका मुद्दाहरु | ३८०० जना | १३.८२ |

***स्रोतः कारागार व्यवस्थापन बिभाग***

**तालिका २.६.८: कारागारमा रहेका बन्दीहरूको विभिन्न समयको विवरण:**

| सि. न. | विवरण | कैदी विवरण | | थुनुवाको विवरण | | कुल कैदीबन्दी | | | बिदेशी | बालबालिकाको विवरण | | | कैदीबन्दीको बृद्दि % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा | | आश्रित | वालक | बालिका | |
| १ | २०७६ असार मसान्तसम्म | - | - | - | - | २०९८४ | १४३४ | २२४१८ | ११७२ | ८३ | २५४ | ४ | -9.25 |
| २ | २०७७ असार मसान्त सम्मको विवरण | १३१२७ | ८२४ | ९२९४ | ५५७ | २२४२१ | १३८१ | २३८०२ | १२८७ | ८१ | ६०६ | २३ | -3.65 |
| ३ | २०७८ असार मसान्त सम्मको विवरण | १२६८१ | ७९१ | १०३५१ | ५६७ | २३०३२ | १३५८ | २४३९० | १२६४ | ८९ | ७९१ | २५ | -4.47 |
| ४ | २०७९ असार मसान्त सम्मको विवरण | १३९४१ | ७४२ | १०८४९ | ६६५ | २४८०७ | १४३३ | २६२४० | १३५८ | ७२ | १०३३ | ३१ | 5.31 |
| ५ | २०८० असार मसान्त सम्मको विवरण | १५०६३ | ७७९ | १०८८६ | ७६५ | २५९४९ | १५४४ | २७४९३ | १३८१ | ८५ | १०८५ | ४२ | 4.78 |

*स्रोतः कारागार व्यवस्थापन बिभाग*

### ३. समस्या तथा चुनौतिहरूः

- कारागारहरुको भौतिक संरचना ठूलो र पूर्वाधार निर्माणको लागत बढी लाग्ने भएकोले समयमै सम्पन्न गर्न श्रोतको कमी देखिएको।
- गृह प्रशासन सुधार योजना अनुसार २० वटा नयाँ कारागारहरुको भौतिक पूर्वाधार विकास गर्न (करिब ३० करोड) वार्षिक बजेटमा अत्यन्त न्यून बजेट विनियोजन हुने गरेबाट सुधार योजनाले लक्षित गरेका नतिजाहरु हासिल गर्न चुनौति सृजना भएको।
- कारागारको क्षमताको तुलनामा कैदीबन्दीको संख्या बढी हुनु।
- भोजपुर, हुम्ला, मुगु, बझाङ, उदयपुर, रोल्पा, जाजरकोट, सुर्खेत गरि थप ८ वटा कारागार भवनहरु LMIBS संशोधन गरी शहरी विकास तथा भवन निर्माण विभागबाट निर्माण सम्पन्न हुने भनिएकोमा अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चितता प्राप्त हुन नसकी कार्यान्वयन गर्न नसकिएको।
- मनोसामाजिक अपाङ्ग बन्दी अस्पताललाई पूर्ण क्षमतामा संचालन गर्न श्रोत साधनको कमी भएको ।
- अधिकांश कारागार कार्यालयहरुलाई सवारी साधन उपलव्ध गराउन नसक्दा बन्दीहरुलाई अस्पताल, अदालत लैजान तथा स्थानान्तरण गर्न समस्या भएको।
- अनिवार्य दायित्व भुक्तानी गर्न समेत बजेट अपर्याप्त हुदाँ कारागार संचालन तथा व्यवस्थापनमा समस्या हुने गरेको।
- बन्दीको स्वास्थ्य उपचारमा ठूलो परिमाणमा खर्च हुने गरेको, दायित्वको तुलनामा बजेट विनियोजन हुन नसक्दा स्वास्थ्य उपचारमा समस्या सृजना भएको।
- उपत्यका बाहिर कारागार अस्पताल नहुदा बन्दीहरुलाई उपचारका लागि काठमाण्डौ नै ल्याउनु पर्ने अवस्था हुदा अनावश्यक श्रोत साधन तथा जनशक्ति लाग्ने गरेको तर स्थानान्तरणमा सीमित बजेट विनियोजन हुने गरेको।

## २.७ कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग

### क) पृष्ठभूमि/परिचय

फौजदारी कसूरबाट प्राप्त सम्पत्ति तथा कसूरसँग सम्बन्धित साधन रोक्का राख्ने, नियन्त्रणमा लिने र जफत गर्ने सम्बन्धमा एकीकृत तथा विशिष्टिकृत व्यवस्था गर्न कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ जारी भई कार्यान्वयनको अवस्थामा रहेको छ। उक्त ऐनको दफा १३(१) मा नेपाल सरकारले कसूरबाट प्राप्त सम्पत्ति तथा साधनको व्यवस्थापन र लिलाम बिक्री सम्बन्धी कार्य गर्न एक कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको स्थापना गरिने प्रावधान बमोजिम मिति २०७८/०६/१० गतेको नेपाल सरकार (मन्त्रिपरिषद्)को निर्णयानुसार २०७८/०७/०१ गते यस विभागको स्थापना भएको हो।

### ख) दीर्घकालीन सोच

- कसूरजन्य सम्पत्ति तथा साधनको उचित व्यवस्थापनका माध्यमबाट गैरकर राजश्व प्राप्त गरी स्वाधिन अर्थतन्त्र निर्माण गर्ने।

### ग) उद्देश्य

- अदालतको आदेश वा फैसला बमोजिम जफत हुने ठहर भएका सम्पत्ति वा साधनको उचित व्यवस्थापन गर्नु,
- कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनसँग सम्बन्धित कानूनी तथा संस्थागत संरचनालाई प्रभावकारी र सुदृढ गर्नु
- कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनलाई प्रभावकारी बनाउन सो सँग सम्बन्धित सवै सरोकारवाला निकायहरू सँग समन्वय तथा सहकार्य गर्नु।

### घ) रणनीति

- कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण, जफत तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय अभिलेख तयार गर्न सफ्टवेयर विकास गर्ने।
- कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापनका लागि एकिकृत कानून तर्जुमा गर्न अन्य समानान्तर कानूनहरूलाई परिमार्जन गर्ने।
- कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको संस्थागत क्षमता बढाउने, कार्यरत कर्मचारीहरूको सक्षमता बढाउने आवश्यक तालिम प्रदान गर्ने।
- जिल्ला प्रशासन कार्यालयहरूमा कसूरजन्य सम्पत्ति व्यवस्थापन इकाई गठन गर्ने।
- अनुसन्धानकारी निकायहरूको केन्द्रीय कार्यालय तथा विभागहरूमा कसूरजन्य सम्पत्ति तथा साधनहरूको व्यवस्थापन गर्ने प्रयोजनका लागि फोकल विन्दु तोक्ने।

- कसूरको रोकथाम, नियन्त्रण, अनुसन्धान, अभियोजन, न्याय सम्पादन तथा सो सम्बन्धी कार्यमा संलग्न जनशक्तिको क्षमता तथा व्यवसायीक दक्षता अभिबृद्धि गर्ने।

## ङ) कर्मचारी दरवन्दी बिवरण

- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०६/०५ को स्वीकृत दरबन्दी तेरीज अनुसार यस विभागमा रहने कर्मचारी संख्या देहायबमोजिम रहेको छः

तालिका २.७.१: कर्मचारी दरवन्दी बिवरण

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | स्वीकृत दरबन्दी | पद पूर्ति | रिक्त | काज / फाजिल |
|---|---|---|---|---|---|---|---|---|
| १. | महानिर्देशक | रा.प.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| २. | उपसचिव | रा.प. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | ० | |
| ३. | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | ० | |
| ४. | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | ० | १ | |
| ५. | शाखा अधिकृत | रा.प.तृतीय | न्याय सेवा | सरकारी वकिल | १ | १ | ० | |
| ६. | इन्जिनियर | रा.प.तृतीय | ईन्जिनियरिङ | मेकानिकल/ ज.मे. | १ | ० | १ | |
| ७. | ईन्जिनियर | रा.प.तृतीय | ईन्जिनियरिङ | सिभिल ईन्जिनियर | १ | ० | १ | |
| ८. | सब-ईन्जिनियर | रा.प.अनं प्रथम | ईन्जिनियरिङ | सिभिल ईन्जिनियर | १ | ० | १ | |
| ९. | मेकानिकल सुपरभाइजर | रा.प.अनं प्रथम | ईन्जिनियरिङ | मेकानिकल/ ज.मे. | १ | १ | ० | |
| १०. | नायब सुब्बा | रा.प.अनं प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | ४ | ५ | ० | १ |
| ११. | लेखापाल | रा.प.अनं प्रथम | नेपाल प्रशासन | लेखा | १ | १ | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२. | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | नेपाल विविध | विविध | २ | २ | ० | |
| १३. | सर्भेक्षक | रा.प.अनं प्रथम | ईन्जिनियरिङ | सर्भे | १ | ० | १ | |
| १४. | हलुका सवारी चालक | श्रेणी विहिन | ईन्जिनियरिङ | मेकानिकल | ३ | ३ | ० | |
| १५. | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | ६ | ५ | १ | |
| **जम्मा** | | | | | २८ | २३ | ६ | १ |

***स्रोतः निजामती कर्मचारी प्रशासन शाखा***

**तालिका २.७.२: आर्थिक वर्ष २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रमको २०८० असाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरण**

| क्र सं | ब.उ.शि.नं. | निकाय | बजेट | खर्च | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | | | वित्तीय | भौतिक |
| १ | पूँजिगत खर्च | कसूरजन्य सम्पत्ति व्यवस्थाप विभाग | ० | ० | - | - |
| २ | चालु खर्च | कसूरजन्य सम्पत्ति व्यवस्थाप विभाग | १०३८५४०७ | ९१७२२६२.६० | ८८.३१% | ८८.३१% |
| कुल | | | १०३८५४०७ | ९१७२२६२.६० | ८८.३१% | ८८.३१% |

***स्रोतः LMBIS***

## १. आर्थिक वर्ष २०७९/०८० को प्रमुख कार्यहरु र मूख्य मूख्य उपलब्धीहरुः-

### क. नीति तथा कानूनी सुधारका क्षेत्रहरुः-

- कसूरजन्य सम्पत्ति तथा साधनको लिलाम बिक्री तथा व्यवस्थापन सम्बन्धमा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० लाई साझा र विशेष ऐनको रुपमा कार्यान्वयन गर्ने प्रयोजनका लागि प्रचलित विभिन्न विषयगत कानूनहरुमा रहेका कसूरजन्य सम्पत्ति तथा साधनको लिलाम बिक्री तथा व्यवस्थापन सम्बन्धी प्रावधानहरुलाई संशोधन गरी दोहोरोपन हटाई परिमार्जन गर्नु पर्ने।
- कसूरजन्य सम्पत्ति, साधन वा अन्य वस्तुको व्यवस्थापन सम्बन्धी निर्देशिका २०८० को मस्यौदा तयार गरिएको।

### ख. संरचनागत सुधारका क्षेत्रहरुः-

- सबै जिल्लामा कसूजन्य सम्पत्ति तथा साधनको भण्डारणको लागि आवश्यक भौतिक संरचनाको निर्माण एवम् विस्तार गर्नु पर्ने।
- जिल्ला प्रशासन कार्यालयमा कसूरजन्य सम्पत्ति तथा व्यवस्थापन गर्ने कार्यको लागि शाखा गठन गर्ने।

## ग. योजना तथा कार्यक्रम र त्यसको कार्यान्वयन अवस्थाः-

- वादी नेपाल सरकार तथा प्रतिवादी आनन्द खनाल समेत भएको भष्ट्राचार मुद्धामा अदालतबाट जफत हुने ठहर भएको भक्तपुर जिल्लाको सूर्य विनायक नगरपालिका (साविक कटुञ्जे गाउँ विकास समिति वडा नं. २ (क) मा रहेको ४-१-३-० क्षेत्रफल भएको जग्गा नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७९/०३/३१ को निर्णयानुसार कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको नाममा दाखिला खारेज गर्ने निर्णय भए बमोजिम यस विभागको नाममा लालपूर्जा प्राप्त गरिएको।
- अदालतको अन्तिम फैसला बमोजिम जफत ठहर भएको साविक जोरपाटी गा.वि.स.-२ मा रहेको सरिता गिरी राईको नाममा कायम रहेको जग्गा र घरको लिलाम बिक्रीको लागि मुल्यांकन उपसमिति गठन भएको। उक्त समितिद्धारा स्थानीय चलनचल्तीको मूल्यांकन दररेट मूल्यांकन समितिसमक्ष पेश गर्ने कार्य भएको। सो घर हाल बौद्ध प्रहरी बृतको संरक्षणमा राखिएको।
- विभिन्न व्यक्तिहरुले कसूरजन्य सम्पत्ति आर्जन गरी विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा गरेको जम्मा मौज्दात रकम २ करोड ४६ लाख १६ हजार ७४५ रुपैयाँ कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा भएको।
- यस आ.ब.मा जम्मा भएको धरौटी रकम रु. ४२ लाख ९० हजार ७५१ मध्ये रु. ९ लाख ९० हजार ६११ फिर्ता भई धरौटी खातामा जम्मा ३३ लाख १४० रुपैयाँ जम्मा भएको।
- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० संशोधनका लागि मस्यौदा पेश भएको।
- "कसूरजन्य सम्पत्ति व्यवस्थापन कोष संचालन, कार्यविधी" र "कोषको बैठक सञ्चालन, कार्यविधि" तर्जुमा भई पेश भएको।
- १५ जिल्लाहरुका जिल्ला प्रशासन कार्यालयहरुमा उक्त जिल्लाहरुमा रहेका अनुसन्धानकारी निकायहरुका प्रमुख तथा प्रतिनिधिहरुलाई "सरोकारवाला निकायहरुसँग अभिमुखीकरण कार्यक्रम" सम्पन्न गरिएको।
- ७७ वटै जिल्ला प्रशासन कार्यालयहरुमा कसुरजन्य सम्पत्ति तथा साधनहरुको व्यवस्थापन लागि एक जना फोकल पर्सन तोकिएको ।

**तालिका २.७.३: विभागका मूख्य मूख्य सूचकहरु र त्यस अनुसारको प्रगती विवरणहरुः-**

| क्र.सं. | सूचकहरु | प्रगति विवरण |
|---|---|---|
| १. | कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको संघीय अभिलेखन प्रणालीको विकास गर्ने। | गत आर्थीक वर्षमा कार्य क्षेत्रगत सर्तको प्ररम्भिक प्रतिवेदन तयार भई चालु आर्थिक वर्षमा कार्य क्षेत्रगत सर्तको अन्तिम प्रतिवेदन तयार गरी लागत अनुमान तयार भएको। |
| २. | कसूरजन्य सम्पत्ति तथा साधनको ऐन बमोजिम लिलाम बिक्री तथा व्यवस्थापन गर्ने। | निरन्तर भईरहेको। |
| ३. | अनुसन्धानकारी तथा अभियोजन गर्ने निकाय, जिल्ला प्रशासन कार्यालय, अदालत तथा अन्य सरोकारवाला निकायहरुसँग विभिन्न जिल्लाहरुमा अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गर्ने। | निरन्तर भईरहेको। |
| ४. | कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको संरक्षण सम्बन्धमा समय समयमा अनुगमन तथा निरीक्षण गर्ने। | निरन्तर भईरहेको। |

***स्रोतः कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग***

**तालिका २.७.४: आर्थीक वर्ष २०७८/०७९ र २०७९/०८० को मूख्य मूख्य सूचकहरुको तुलनात्मक उपलब्धिहरुको अवस्था**

| क्र.सं. | सूचकहरु | तुलनात्मक उपलब्धिहरु | |
|---|---|---|---|
| | | आ.व.२०७८/०७९ | आ.व.२०७९/०८० |
| १. | कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको संघीय अभिलेखन प्रणालीको विकास गर्ने। | प्रारम्भिक छलफल भएको। | गत आर्थीक वर्षमा कार्य क्षेत्रगत सर्तको प्ररम्भिक प्रतिवेदन तयार भई चालु आर्थिक वर्षमा कार्य क्षेत्रगत सर्तको अन्तिम प्रतिवेदन तयार गरी लागत अनुमान तयार भएको। |

| | | | |
|---|---|---|---|
| २. | कसूरजन्य सम्पत्ति तथा साधनको ऐन बमोजिम लिलाम बिक्री तथा व्यवस्थापन गर्ने। | ८,३६,४११।-कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा भएको। | २,४६,१६,७४५।-कसूरजन्य सम्पत्ति व्यवस्थापन कोषमा जम्मा भएको। |
| ३. | अनुसन्धानकारी तथा अभियोजन गर्ने निकाय, जिल्ला प्रशासन कार्यालय, अदालत तथा अन्य सरोकारवाला निकायहरुसँग विभिन्न जिल्लाहरुमा अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गर्ने। | २६ जिल्लामा सम्पन्न भएको। | १५ जिल्लामा सम्पन्न भएको। |
| ४. | कसूरको अनुसन्धान तथा तहकिकातको सिलसिलामा रोक्का राखिएको वा नियन्त्रणमा लिइएको सम्पत्ति वा साधनको संरक्षण सम्बन्धमा समय समयमा अनुगमन तथा निरीक्षण गर्ने। | २५ जिल्लामा सम्पन्न भएको। | २१ जिल्लामा सम्पन्न भएको। |

- **समस्या तथा चुनौतीहरू**
  - कसूरको अनुसन्धान, अभियोजन, न्याय सम्पादन तथा सो सम्बन्धी कार्यमा संलग्न निकायहरू र विभाग तथा जिल्ला प्रशासान कार्यालयहरूवीच समन्वय तथा सहकार्यको अभाव।
  - कसूरजन्य सम्पत्ति तथा साधनको रोक्का, नियन्त्रण, जफत तथा व्यवस्थापन गर्ने सम्बन्धमा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० र कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) नियमावली, २०७७ मा भएको व्यवस्था बमोजिम अन्य सरोकारवाला अनुसन्धानकारी निकायहरूले समानान्तर कानून बाझिएको हुनाले कार्यसम्पादन गर्न नसकेको।
  - विभाग तथा जिल्ला प्रशासन कार्यालयहरूमा कसूरजन्य सम्पत्ति तथा साधनको व्यवस्थापन गर्ने सम्बन्धमा गरिनुपर्ने मूल्याकन लगायतका कार्य गर्न आवश्यक प्राविधिक एवं प्रशासनिक जनशक्तिको अभाव।
  - ऐन तथा नियमावलीको प्रस्ट व्याख्या गर्न तयार गर्नु पर्ने निर्देशिका तथा कार्यविधिहरू निर्माण गर्नु पर्ने।
  - ऐन जारी हुन भन्दा अघि नै जफत निर्णय भएका मुद्दाहरूको सम्बन्धमा स्पष्ट व्यवस्था नभएको।
  - कसूरजन्य सम्पत्ति रोक्का, नियन्त्रण, जफत तथा व्यवस्थापन सम्बन्धी केन्द्रीय अभिलेख तयार गर्न सफ्टवेयर विकास बजेट अभावका कारणले हुन नसकेको।

## २.८ नेपाल हज समितिको सचिवालय

**क. निकायको स्वरूप र प्रकृति**

प्रत्येक वर्ष इस्लाम धर्म परम्परा बमोजिम साउदी अरबको मक्का मदिनामा हज तथा उमरा यात्रा गर्न जाने नेपाली इस्लाम धर्मावलम्बीहरूको हज तथा उमरा यात्रा व्यवस्थापन गर्ने कार्यका लागि नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत नेपाल हज समिति रहने व्यवस्था छ। नेपाल हज समितिमा ईस्लाम धर्म तथा हजयात्राका वारेमा विज्ञ व्यक्तिहरु एवं मस्जिद तथा इस्लाम धर्म सम्बन्धी संघ संगठनको प्रतिनिधित्व समेत हुने गरी अध्यक्ष वाहेक २५ जना सदस्यहरु नियुक्त हुने व्यवस्था छ। समितिमा नेपाल सरकार परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयबाट १/१ जना उपसचिवस्तर सदस्य र गृह मन्त्रालयको उपसचिव सदस्य सचिव रहने र समितिको पदावधि २ वर्षको हुने व्यवस्था रहेको छ। नेपालमा वि.स. २०२१ बाट आधिकारिक रुपमा हज समिति गठन गरी समितिका पदाधिकारीहरुको नेतृत्वमा भारतको बम्बईवाट पानी जहाज मार्फत हजयात्रा गर्ने गरिएको अभिलेखमा भेटिएको छ। वि.स.२०६६ सालमा हजयात्रालाई अझ व्यवस्थित र मर्यादित बनाउन हज केन्द्रिय हज समिति कार्यविधि, २०६६ तर्जुमा गरिएको हो। सो अगाडी हज समिति गठन तथा सञ्चालनका लागि छुट्टै कार्यविधि नभई केवल हजका समयमा मात्र पदाधिकारीहरु नियुक्ति गरी जिम्मेवारी दिईने गरिएको पाईन्छ। हाल नेपाल हज समितिको सञ्चालन तथा व्यवस्थापन नेपाल हज समिति कार्यविधि २०७२ अनुसार हुने गरेको छ। नेपाल हज समितिले गरेको निर्णय कार्यान्वयन गर्ने र नेपाल हज समितिको कोष परिचालन गर्ने मुख्य जिम्मेवारी सहित नेपाल हज समितिको सचिवालय रहने व्यवस्था छ। सचिवालयको प्रशासनिक नेतृत्व नेपाल सरकार गृह मन्त्रालयको उपसचिवस्तर (रा.प.द्वि श्रेणी, नेपाल प्रशासन सेवा, सामान्य प्रशासन) ले गर्ने व्यवस्था रहेको छ। सचिवालयमा शाखा अधिकृत-१, लेखापाल-१, ना.सु. १, कम्प्युटर अपरेटर-१, हसचा-२ र कार्यालय सहयोगी-२ जना रहने व्यवस्था छ। हज व्यवस्थापन कार्यमा थप जनशक्ति आवश्यक परेमा गृह मन्त्रालयबाट आवश्यक जनशक्ति उपलब्ध हुने गरेको छ ।

**ख. निकायको काम, कर्तव्य र अधिकार,**

नेपाल हज समिति कार्यविधि २०७२ अनुसार नेपाल हज समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेको छः

- हज र उमरायात्रा सम्बन्धमा सूचनाहरू सङ्कलन गर्ने, आवश्यक नीति र कार्ययोजनाहरू बनाउने तथा त्यसको कार्यान्वयन गर्ने।
- हज र उमरा यात्रुहरूको कोटा निर्धारण र यात्रु व्यवस्थापन सम्बन्धमा साउदी अरब सरकारसँग प्रत्येक वर्ष गर्नुपर्ने हज सम्बन्धी सम्झौता सम्पन्न गर्न आवश्यक कार्य गर्ने, गराउने।
- हज र उमरा यात्राको लागि सूचना आह्वान गर्ने, हजयात्रामा लाग्ने कूल खर्च यकिन गर्ने र यसको प्रचार प्रसार राष्ट्रियस्तरमा गरेर आवेदन फारम र लाग्ने रकम जिल्ला प्रशासन कार्यालयहरू मार्फत सङ्कलन गर्ने।

- हज र उमरायात्रुहरूको प्रवेशाज्ञा एवं साउदी अरबको मक्का मदिनामा आवासको व्यवस्था मिलाउन आवश्यक सहयोग गर्ने।
- समितिको निमित्त वार्षिक बजेट तथा कार्यक्रम तयार गरी मन्त्रालयमा स्वीकृतिको निमित्त पठाउने।
- हज र उमरायात्रीको टोलीमा चिकित्सक सहितको टोली समावेश गर्ने।
- हज र उमरा यात्रीहरूको रेखदेख र व्यवस्थापनको लागि हज प्रतिनिधिमण्डल पठाउने।
- हज र उमरायात्रीहरूको हज वा उमरा यात्रा सहज बनाउन आवश्यक अभिमुखीकरण, गोष्ठी, तालिम आदि संचालन गर्ने र जानकारी मूलक पुस्तिका, पम्पलेट, ब्रोसर आदि प्रकाशित गर्ने।
- प्रस्थानको समयमा हजयात्रुहरूको स्वास्थ्य जाँच, खोप र विदेशी मुद्रा सटही सम्बन्धमा आवश्यक सहयोग र समन्वय गर्ने।
- हज र उमरायात्री, समितिका सदस्यहरू र हज प्रतिनिधिमण्डलका सदस्यहरूको लागि आचारसंहिता तयार गरी लागु गर्ने।

**ग. नेपाल हज समितिको सचिवालयको काम कर्तव्य र अधिकार निम्नानुसार रहेको छ;**

- नेपाल हज समितिको वैठक सञ्चालन तथा निर्णयहरूको प्रभावकारी कार्यान्वयन गर्ने।
- हजयात्रा व्यवस्थापन सम्बन्धमा सम्बद्ध निकायहरूसँग समन्वय गर्ने।
- नेपाल हज समितिको सचिवालयका लागि विनियोजित वार्षिक कार्यक्रम तथा वजेट कार्यान्वयन गर्ने
- हजयात्रुहरुको लागि भिषा व्यवस्थापनमा सहजीकरण गर्ने तथा मक्का मदिनामा हुने समग्र व्यवस्थापन कार्यको अनुगमन गर्ने।
- हजयात्रा व्यवस्थापन सम्वन्धी विषयमा जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालयहरू तथा हजयात्रीहरूको लागि अभिमुखीकरण गर्ने।
- हज प्रतिनिधि मण्डलबाट समयमा नै प्रतिवेदन लिई नेपाल हज समितिमा पेस गर्ने। हज व्यवस्थापनको प्रगति, खर्चको विवरण, व्यवस्थापन प्रक्रियामा देखिका समस्या र चुनौतीहरू तथा सुधार गर्नुपर्ने कुराहरू समावेश गरी सुझाव सहितको एकिकृत प्रतिवेदन नेपाल हज समितिबाट निर्णय गराई गृह मन्त्रालयमा पेस गर्ने।
- नेपाल हज समितिको नाममा रहेको कोष परिचालन गर्ने। उक्त कोषको नियमानुसार लेखापरीक्षण गराउने साथै लेखापरीक्षणले औंल्याए अनुसारका सुझावहरूलाई पूर्णरूपमा कार्यान्वयन गर्ने।
- हजयात्रीको रूपमा छनोट हुन नसकेका आवेदकहरूको शुल्क रकम जिल्ला प्रशासन कार्यालय/ईलाका प्रशासन कार्यालयको सिफारिस अनुसार फिर्ता गर्ने।

**घ. नेपाल हज समितिको सचिवालयबाट आ.व.२०७९/८० मा सम्पादित कार्यहरु**

नेपाल हज समिति एवं सचिवालयबाट आ.व.२०७९/८० मा सम्पादित मुख्य मुख्य कार्यहरू तथा आर्थिक प्रगतिको विवरण निम्नानुसार रहेको छ।

- साउदी अरबबाट प्राप्त १२०० जना हजयात्रीहरुको कोटाबमोजिम आवेदनका लागि सूचना प्रकाशन गरिएको,
- जिल्ला प्रशासनमार्फत् आवेदन सङ्कलन गरी हज व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि र छनोट गरिएको,
- हवाई टिकट व्यवस्थापनका लागि ई विडिङ्गमार्फत खरिद सम्झौता गरिएको,
- छनौट भएका हजयात्रीहरूको भिसाको लागि आवश्यक सम्पूर्ण कार्यहरू गरिएको,
- जिल्ला प्रशासन कार्यालयका हज सम्पर्क व्यक्ति र समिति सदस्यहरुको सहभागितामा पोखरा बर्दिबास र बुटवलमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको,
- हज यात्रा व्यवस्थापनका लागि नेपाल दुतावास रियाद महावाणिज्य दुतावास जेद्धा परराष्ट्र मन्त्रालय र गृह मन्त्रालयसँग आवश्यक समन्वय र सहकार्य गरिएको,
- हजयात्रीहरूको लागि खोप मुद्रा सटही र साउदी अरेबियामा समेत प्रयोग गर्न चलाउन सकिने सिमकार्ड वितरण केन्द्र सञ्चालनमा सहजीकरण गरिएको,
- हजयात्रीहरुबाट सङ्कलन गरिएको रकम साउदी अरेबियामा रहदाँ लाग्ने खर्चको सम्झौता बमोजिम नेपालबाट पठाउने कार्य गरिएको,
- गत वर्षहरूका रकम जम्मा गरी विविध कारणले हज जान नपाएका व्यक्तिहरू मध्ये रकम माग गरेका २८५ जनाको रकम फिर्ता गरिएको साथै सन् २०२२ मा हजमा गएका हाजीहरूको विविध शुक्ल वापत लिइएको रकम फिर्ता गर्ने निर्णयानुसार रू ४३४५।७१ माग भएबमोजिम फिर्ता गरिएको।

**१. नेपाल हज समिति कोष तर्फ**

- आ.ब. २०७९/८० को जम्मा आम्दानीः रू. ६१,२९,१५,०७५.२४ (एक साठ्ठी करोड उनान तीस लाख पन्ध्र हजार पचहत्तर रूपैया मात्र) भएकोमा आ.ब. २०७९/८० को जम्मा खर्चः रू. ५७,३४,६६,४५९.३२ (सन्ताउन्न करोड चौतीस लाख छैसठ्ठी हजार चार सय उनान साठ्ठी मात्र) भई वित्तीय प्रगती ९३.५६% हुन गएको छ। साथै आ.व. २०७९/८० को अन्त्यमा बैंक मौज्दातः रू.३,९४,४८,६१५.९२ (तीन करोड चौरान नब्बे लाख अठचालीस हजार छ सय पन्ध्र) रहेको छ।

**२. नेपाल हज समितिको सचिवालय तर्फ ०७९/८०**

- नेपाल सरकारबाट यस आ.व.को शुरूमा रू.१,५०,००,०००।- र दोस्रो पटक रू.१,००,००,०००।- गरी जम्मा रू.२,५०,००,०००/-(दुई करोड पचास लाख मात्र) अनुदानको रूपमा प्राप्त भएकोमा रू.२,०८,२०,५२५/-( दुई करोड आठ लाख बीस हजार पाँच सय पच्चीस मात्र) खर्च भई ८३.२८% प्रगति भएको छ भने खर्च नभई बाँकी रहेको रकम रू.४१,७९,४७५/- (एकचालीस लाख उनान अस्सीहजार चारसय पचहत्तर मात्र) नेपाल सरकारको खातामा निकासा फिर्ता भएको छ।

## २.९ प्रहरी किताब खाना

### क. पृष्ठभूमि

किताबखानाको स्थापना तथा विकासक्रमको ऐतिहासिक पृष्ठभूमि धेरै पुरानो रहेको छ। मुलुकको प्रशासन सञ्चालनका लागि कर्मचारीहरु भर्ना गर्ने प्रक्रिया लाई व्यवस्थित गर्ने कार्यसँगै यसको सुरुवात तथा विकास भएको पाइन्छ। सर्वप्रथम वि.स. १९०३ मा राणा शासनको सुरुवात भएसँगै मुलुकको प्रशासन संचालनका लागि कर्मचारी बहाली गर्ने कार्यको थालनी भएको र राज्यको प्रशासनिक कार्यको आकारमा वृद्धि हुदै जाँदा कर्मचारीको संङ्ख्यामा पनि वृद्धि भएको र तिनिहरुको व्यवस्थित अभिलेख राख्नुपर्ने आवश्यकतालाई मनन गरी वि.स. १९०५ मा तत्कालिन प्रधानमन्त्री जङ्ग बहादुर राणाको पालामा निजामती, प्रहरी, जङ्गी र मिलिसियाका कर्मचारीहरुको लगत राख्ने मुख्य कार्यका लागि **'मुलुकी किताबखानाको'** स्थापना भएको थियो। वि.स. १९३३ मा मुलुकी किताबखानाको नाम परिवर्तन गरी **'कमाण्डरी किताबखाना'** बनाइयो। यसै गरी वि.स. २००९ मा जङ्गी अड्डा स्थापना गरी मिलिसिया र सैनिक कर्मचारीको लगत राख्ने काम तोकिए पश्चात कमाण्डरी किताबखानाले निजामती र प्रहरी कर्मचारीहरुको लगत राख्ने काम गर्न थाल्यो।

वि.स. २०३५ मा नेपाल प्रहरी तर्फका कर्मचारीहरुको अभिलेख राख्ने, उनीहरुलाई निवृत्तभरण,उपदान लगायतका सुविधा दिनका लागि गृह मन्त्रालय अन्तर्गत छुट्टै कार्यालयको रुपमा प्रहरी किताबखानाको स्थापना भएको हो।यसै सन्दर्भमा वि.सं. २०६६ सालमा गृह मन्त्रालय अन्तर्गतको विभागको रुपमा स्तरोन्नती भएको थियो।नेपालको संविधानमा नेपाल राज्यको संरचना संघ, प्रदेश र स्थानीय तहहरु रहने गरी व्यवस्था गरिएसँगै राज्यको राजनैतिक, प्रशासनिक, सामाजिक र आर्थिक पुनः रसंरचना भएको सन्दर्भमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७५/०२/०६ मा समान प्रकृतिका कार्य गर्ने तत्कालिन निजामती किताबखाना, प्रहरी किताबखाना र शिक्षक किताबखानालाई एकिकृत गरी राष्ट्रिय किताबखाना स्थापना गर्ने निर्णय भएको थियो। तिन वटै किताबखानाका सम्पूर्ण अभिलेखहरु ब्यवस्थित रुपमा राख्न मिल्ने गरी एकिकृत भवन नबनेकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (मन्त्रीस्तर) को मिति २०७६।०३।१९ निर्णयानुसार प्रस्तावित स्थानमा रुपान्तरण हुने समयसम्म वा अर्को वैकल्पिक व्यवस्था नभएसम्मका लागि तत् तत् स्थानबाटै राष्ट्रिय किताबखानाको नामबाट कार्य सञ्चालन गर्ने निर्णय भए बमोजिम साविकको प्रहरी किताबखाना हाल राष्ट्रिय किताबखाना (प्रहरी) नामबाट लैनचौर काठमाण्डौमा रहेको आफ्नै भवनबाट सेवा प्रवाह गरिरहेको छ।

यस किताबखानाले हाल नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग र राष्ट्रिय सतर्कता केन्द्र मातहत रहेका कार्यालय दर्ता, पद दर्ता लगायत सम्पूर्ण कार्यरत स्थायी कर्मचारी र अवकाश प्राप्त कर्मचारीको अभिलेख व्यवस्थापनको कार्य गर्दै आएको छ। यसका साथै उल्लेखित निकायका सम्पूर्ण प्रहरी कर्मचारीहरुको सम्बन्धित ऐन, नियम अनुसार प्रदान गरिने निवृत्तभरण, उपदान, पारिवारीक निवृत्तभरण, असाधारण पारिवारीक निवृत्तभरण, अशक्त वृत्ति, शैक्षिक तथा सन्तती वृत्ती समेतका सुविधाहरु प्रदान गर्नुका साथै तलब स्केल मिलान

गर्ने, तलबी प्रतिवेदन पारित गर्ने, प्रहरी कर्मचारीहरुको आवश्यक विवरण र तथाङ्क उपलब्ध गराउने र सम्पत्ति विवरण व्यवस्थापन गर्ने कार्य गर्दै आएको छ।

यस किताबखानाबाट सम्पादन हुने कार्यलाई छिटो, छरितो र गुणस्तरीय ढङ्गबाट सेवा प्रदान गर्न र सेवाग्राहीहरुले पनि गुणस्तरीय सेवा सहज तथा सरल रुपमा प्राप्त गर्न सकुन् भन्ने हेतुले PPIS (Police Personnel Information System) सफ्टवेयर मार्फत कार्यसम्पादन गरिँदै आएको छ। यस किताबखानाबाट सम्बन्धीत कार्यालयहरु जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालयहरु, जिल्ला प्रशासन कार्यालयका साथै राष्ट्रिय किताबखाना (निजामती) र राष्ट्रिय किताबखाना (शिक्षक) तथा प्रहरी कार्यालयहरुसँग निरन्तर सम्पर्क समन्वयमा प्रभावकारी रुपमा सेवा प्रवाह गर्न यस किताबखाना प्रयत्नशिल रहि आएको छ।

**ख. दिर्घकालिकन सोच**

- प्रविधिमैत्री अभिलेख व्यवस्थापन तथा सेवा प्रवाह।

**ग. उद्देश्य**

- सम्पूर्ण प्रहरी कर्मचारीहरुको सुरु नियुक्तिदेखि अवकाशसम्मको अभिलेख अध्यावधिक गरी राख्नु।
- सेवाबाट अवकाश प्राप्त प्रहरी कर्मचारीहरुको अभिलेख राख्नु।
- सेवाबाट अलग भएका प्रहरी कर्मचारीहरुले पाउने निवृत्तभरण, उपदान, पारिवारिक निवृत्तिभरण, सन्ततिवृत्ति, शैक्षिक तथा अशक्त वृत्ति लगायतका सुविधाहरु किटान गरी अधिकारपत्र प्रदान गर्ने र तिनको अभिलेख राख्नु।
- सरकारका विभिन्न निकायलाई नीति निर्माणका लागि आवश्यक पर्ने कर्मचारी सम्बन्धी सुचना तथा तथ्याङ्कहरु उपलब्ध गराउनु।

**घ. रणनीति**

- प्रहरी कर्मचारीहरुको अभिलेख राख्न हाल प्रयोगमा रहेको software PPIS (Police Personal Information System) नियमित अद्यावधिक गर्ने।
- प्रहरी कर्मचारीहरुको व्यक्तिगत विवरण सफ्टवेयर अद्यावधिक गरी सबै विवरण कम्प्युटराइज गर्नुका साथै अभिलेख व्यवस्थापन कार्यलाई क्रमश प्रविधिमैत्री बनाउने।
- किताबखानालाई आर्थिक, भौतिक तथा प्रविधिमैत्री एवम् जनशक्तिगत रुपमा स्रोत साधन सम्पन्न बनाउने।
- सर्भरका सुचनाहरु GIDC/NIDC (Government Integrated Data System/National Integrated Data System) मा निरन्तर Interlink गर्ने।
- कर्मचारीहरुले आफ्नो सबै अभिलेख मोवाइल एप्समा जुनसुकै समयमा हेर्ने व्यवस्था मिलाउने।
- प्रभावकारी सेवा प्रवाहका लागि कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने।
- यस किताबखानासँग अन्तर सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गर्ने।

- सेवाग्राहीमैत्री कार्यसम्पादनका लागि आफ्नो कार्यसँग सम्बन्धित ऐन तथा नियमावली संशोधन तथा नयाँ निर्माण गर्न सुझाव प्रदान गर्ने।
- समयानुकूल प्रहरी किताबखाना आन्तरिक कार्यसंचालन दिग्दर्शनको परिमार्जन गर्ने।
- जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई थप अधिकार प्रत्यायोजन गरि सेवाग्राहीलाई किताबखानासम्म आउनुपर्ने बाध्यताको अन्त्य गर्न पहल गर्ने।

**तालिका २.९.१: किताबखानाको जनशक्ति विवरण**

वि.सं. २०७५।०२।०६ को O&M सर्भेक्षण अनुसार राष्ट्रिय किताबखानाको जम्मा १३८ दरबन्दीमध्ये यस किताबखानामा रहने जम्मा दरबन्दी, पदपूर्ति संख्या र रिक्त जनशक्तिको विवरण निम्नानुसार रहेको देखिन्छ।

| सि.नं. | पद | तह | सेवा/समुह | स्विकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | उप-महानिर्देशक | रा.प.प्रथम | प्रशासन/सा.प्र | १ | १ | ० |
| २ | निर्देशक | रा.प.द्धितिय | प्रशासन/सा.प्र | २ | २ | ० |
| ३ | शाखा अधिकृत | रा.प.तृतिय | प्रशासन/सा.प्र | ३ | ३ | ० |
| ४ | नायब सुब्बा | रा.प.अनं.प्रथम | प्रशासन/सा.प्र | १० | ८ | २ |
| ५ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | २ | १ | १ |
| ६ | खरिदार | रा.प.अनं.द्धितिय | प्रशासन/सा.प्र | ८ | २ | ६ |
| ७ | स.क.अ. | रा.प.अनं.द्धितिय | विविध | २ | ० | २ |
| ८ | ह.स.चा. | श्रेणी बिहिन | ज.मे.ई. | ३ | २ | १ |
| ९ | कार्यालय सहयोगी | श्रेणी बिहिन | सामान्य प्रशासन | ४ | २ | २ |
| जम्मा | | | | ३५ | २१ | १४ |

***स्रोतः प्रहरी किताब खाना***

कार्यबोझको आधारमा स्वीकृत दरबन्दी न्यून रहेको र त्यसमा पनि अधिकाशं पदहरु रिक्त रहने गरेको हुँदा यस किताबखानाको काममा सहयोग पुर्याउन नेपाल प्रहरी कार्यालयबाट १० जना, सशस्त्र प्रहरी प्रधान कार्यालयबाट ९ जना र राष्ट्रिय अनुसन्धान विभागबाट २ जना कर्मचारी काजमा खटाइएको हुँदा कार्यालयको कामकाजमा ठूलो सहयोग पुगेको छ।

**तालिका २.९.२: आ.व. २०७९/८० को वार्षिक बजेट तथा कार्यक्रमको आषाढ मसान्त सम्मको खुद बजेट तथा खर्चको यथार्थ विवरणः**

| क्र.सं. | ब.उ.शी.नं. | निकाय | बजेट(रु.) | खर्च(रु.) | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | पूँजीगत तर्फ | गृहमन्त्रालय((राष्ट्रिय किताबखाना) (प्रहरी)) | ३७,००,०००।- | ३३,८२,७६०।- | ९१ |
| २ | चालु खर्च | गृहमन्त्रालय((राष्ट्रिय किताबखाना) (प्रहरी)) | २,५०,००,०००।- | २,१२,७७,३८९.४० | ८५ |

**स्रोतः LMBIS**

नोटः- अर्थ मन्त्रालयबाट विभिन्न शिर्षकमा बजेट रोक्का भएका कारण प्रगती कम देखिएको।

**१. आर्थिक वर्ष २०७९।०८० को आषाढ मसान्त सम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरुः**

**क. तर्जुमा भई कार्यान्वयनमा आएका नीति/कानुन/कार्यविधि/निर्देशिका/मापदण्डहरु।**

कार्यालयको कार्य सम्पादनको सिलसिलामा प्रयोग गर्नुपर्ने ऐन, नियम, परिपत्र तथा नीतिगत निर्णय समेतका आधारमा यस कार्यालयले सम्पादन गर्नु पर्ने कार्यहरूलाई व्यवस्थित गर्न, कार्य सम्पादनमा सरलता तथा एकरूपता कायम गर्न यस दिग्दर्शन तयार गरिएको हो। नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र राष्ट्रिय सतर्कता केन्द्र अन्तर्गतका प्रहरी कर्मचारीहरूलाई ऐन, नियमहरूले निर्धारण गरेका सेवा सुविधाहरू प्राप्त गर्नको लागि अपनाउनु पर्ने कार्यविधि र पेश गर्नु पर्ने कागजातको बारेमा समेत जानकारी दिने उद्देश्यका साथ विभिन्न निकायसँग सम्बन्धित ऐन नियमहरूमा भएका व्यवस्थाहरूलाई एकिकृत रूपमा एउटै किताबको स्वरूपमा यो दिग्दर्शन मिति २०७४/०७/१४ मा तयार पारिएको हो। कानुन बमोजिम राख्नु पर्ने सम्बन्धित अभिलेखलाई व्यवस्थित गरी सेवाग्राहीलाई प्रदान गर्ने सेवामा पारदर्शिता कायम राख्दै कार्य सम्पादनमा सिघ्रता र चुस्तता ल्याउन सहयोग पुर्याउने यस दिग्दर्शन कर्मचारीहरूको लागि मार्गदर्शक बनेको छ। परिवर्तित सन्दर्भमा यस दिग्दर्शनलाई आवश्यक परिमार्जन गर्नु सान्दर्भिक देखिएको छ।

**ख. नवप्रवर्तन कार्यहरुको विवरण**

- पुराना अभिलेख खोजेको बखत तुरुन्त भेटिने गरी फाइल लोकेसन ब्यवस्थित गर्ने कार्य सुरुवात गरिएको।
- ब्यक्तिगत विवरण फाराम लगायतका महत्वपूर्ण कागजातहरु स्क्यान गरी Softwareमा राख्ने कार्यको शुरुवात गरिएको।
- PPIS को Server मा रहेको Data को GIDC (Government Integrated Data Center) मा Backup राखिएको।

**ग. अन्य सम्पादित महत्वपूर्ण कार्यहरु**

- सिटरोल प्रमाणित, तलवी प्रतिवेदन पारित, स्केल मिलान, उपदान रकम/निवृत्तिभरण रकम किटान तथा निवृत्तिभरण अधिकारपत्र जारी, शैक्षिक वृत्ति/सन्तति वृत्ति किटान सम्पत्ति विवरण अद्याबधिक लगायतका किताबखानाका नियमित कार्यहरु छिटो छरितो रुपमा प्रवाह गरिएको।
- आ.व. २०७८/७९ मा सम्पादित कार्यहरु समेटेर वार्षिक प्रगति प्रतिवेदन निर्माण, छपाई तथा सरोकारवाला निकायहरुमा वितरण गरिएको।
- कार्यालय भवन परिसर, सिटरोल अभिलेख, सम्पत्ति विवरण अभिलेख तथा PPIS Software रहेको server room को सुरक्षाको लागि सि.सि.टि.भि. जडान गरिएको।
- अव्यवस्थित रुपमा बोरामा राखिएको करिव ५ लाखको संख्यामा रहेको सम्पत्ति विवरणको व्यवस्थापन गरिएको।

- प्रहरी कर्मचारीको व्यक्तिगत विवरण अनलाइन मार्फत हेर्नको लागि यस किताबखानामा संचालनमा रहेको PPIS Software को API (Application Programming Interface) तयार गरी नागरिक एप्समा आवद्द गर्ने कार्य शुरुवात गरिएको।

### तालिका २.९.३: अघिल्लो ५ वर्षको विविध क्षेत्रगत प्रगतिको संक्षिप्त विवरणः

| सि. नं. | क्रियाकलाप | आ.व. ०७५/७६ | आ.व. ०७६/७७ | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | आ.व. ०७९/८० |
|---|---|---|---|---|---|---|
| १ | नयाँ निवृत्तिभरण जारी | ५८०२ | ३३२३ | १८४३ | ११६६ | १११९ |
| २ | उपदान किटान गरी पठाईएको | १२४० | ६४९ | ३५५ | ४७२ | ६४१ |
| ३ | असाधारण नि.भ. जारी | ४१ | ४२ | ८५ | ९८ | ९९ |
| ४ | पारिवारीक नि.भ. जारी | २२ | २६ | ३० | २२ | ४३ |
| ५ | अशक्त अवकास नि.भ.जारी | ८१ | २५ | ५ | ३ | ० |
| ६ | तत्कालीन द्वन्द्ध तथा अशक्त र असाधारणका सन्ततीलाई सन्तति वृत्ति तथा शैक्षीक वृत्ति प्रदान गरिएको | ७३ | ४५ | ७५ | ८२ | ८९ |
| ७ | हराएको/पाना सकिएको अधिकार पत्रको प्रतिलिपी जारी | २८१ | २८८ | २७५ | २६३ | २६९ |
| ८ | निवृत्तको मृत्यु पश्चात नजिकको हकवालाको नाममा नामसारी गरिएको | २५६ | २१८ | २४६ | २११ | १४४ |
| ९ | ६० वर्ष पुरा भएपछि थप गरिएको ३० प्रतिशत रकम (प्र.स.नि.भन्दा मुनिको हकमा) | २८५ | २२५ | २७६ | २८७ | १७७ |
| १० | ७५ वर्ष पुरा भएपछि थप गरिएको १० प्रतिशत | ६९ | ७४ | ८३ | ६९ | ८४ |
| ११ | ८५ वर्ष पुरा भएपछि थप गरिएको १० प्रतिशत | १५ | ११ | १२ | ७ | १३ |
| १२ | अवकासको सुचना पठाइएको | ६५८ | ८९० | ५७१ | ३७५ | ४५६ |
| १३ | टुटेको नोकरी जोड्ने कार्य | १३ | ४ | ४ | ३ | १ |
| १४ | तलब स्केल मिलान | ३६१४ | १६५१ | ७८८ | १५०० | ४७२४ |
| १५ | तलबी प्रतिवेदन पारित | २४४१५ | २८२८० | ११२८० | २२७१० | २३४११ |
| १६ | नयाँ सिटरोल कम्प्युटर ईन्ट्रि | १६५५ | १०७२० | ६९९४ | ६८९३ | ६३४० |
| १७ | औषधी उपचारको विवरणको अभिलेख | ७०५६ | ३९६३ | २२३५ | १६८० | १७८५ |
| १८ | थप भएको पदहरूको दर्ता | ३२०२ | ३६१६ | ७९५४४ | ५९७४१ | २ |
| १९ | सिटरोलहरू रजिष्टरमा दर्ता | ३१६३ | ४०५८ | ८७२९ | ३८४८ | ० |
| २० | सम्पत्ति विवरण दर्ता | ९६५४२ | ९३७८२ | १०२६४१ | १०५६२४ | ११४२१३ |
| २१ | लोकसन ब्यवस्थापन गरिएको फाईल स्ख्या | ० | ० | ० | ० | २१२७२ |
| २२ | डकुमेन्ट स्क्यान गरिएको फाईल संख्या | ० | ० | ० | ० | ११०० |

*स्रोतः प्रहरी किताब खाना*

## २. समस्या तथा चुनौतीहरू

- साबिकमा गृह मन्त्रालय अन्तर्गत रहेको यो किताबखाना वि सं २०७५ देखी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय राष्ट्रिय किताबखाना अन्तर्गत राखिएकोले सेवा प्रवाहको सम्बन्धमा आईपर्ने समस्या समाधान गर्न एवम् नीतिगत निर्णयको लागि राष्ट्रिय किताबखाना (निजामती) मार्फत पत्राचार गर्नु पर्ने भएकोले निर्णय प्रक्रिया लामो र झन्झटिलो भएको।
- समान प्रकृतिका काम गर्ने किताबखानाहरू एकिकृत भई राष्ट्रिय किताबखाना हुँदा पनि भवन अभावका कारण साविक स्थानहरूबाटै कार्य सञ्चालन गर्नु परेकोले व्यवहारिक कठिनाइ हुनुका साथै नीतिगत अस्पटता रहेको।
- यस किताबखानाको हालको कार्यसञ्चालन बजेट गृह मन्त्रालय मार्फत प्राप्त हुँदै आएको जवाफदेहीता र वित्तीय उत्तरदायित्वमा द्विवीधा रहेको।
- नेपाल प्रहरी र शसस्त्र प्रहरीको सेवा सञ्चालन गर्ने निकाय गृह मन्त्रालय भएको तर यस किताबखानालाई सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत राखिनु व्यवहारिक नदेखिनुका साथै नियमित बैठक समीक्षाहरूमा यस किताबखानाबाट कही कतै पनि सहभागिता जनाउन नपाउँदा व्यवहारिक समस्या समाधानका लागि सुनुवाइ हुने निकाय नहुँदा अभिभावक विहीनताको महशुस हुने गरेको।
- न्यूनतम कार्यालय सञ्चालनका लागि समेत पर्याप्त बजेट नभएको (दरबन्दी अनुसार पर्याप्त तलब समेत विनियोजन नभएको) ले सीमित स्रोत साधनको कारण अभिलेख व्यवस्थापनलाई चुस्त दुरुस्त गराउन नसकिएको।
- नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र राष्ट्रिय सतर्कता केन्द्रका सम्पूर्ण कर्मचारीहरूको अभिलेख व्यवस्थापन गर्नुपर्ने यस किताबखानाको Record Keeping कार्यमा प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय लगायतका कार्यालयसँग PPIS सफ्टवेयरमा link नभएकोले अभिलेख व्यवस्थापनमा समस्या देखिएको।
- अभिलेख व्यवस्थापन कार्यलाई आधुनिकिकरण गर्न प्रविधिमा जोड दिनुपर्नेमा उपलब्ध मानवीय साधनलाई प्रविधिमैत्री बनाउन आवश्यक तालिमको व्यवस्था गर्न नसकिएको।
- दैनिक सेवा प्रवाह Software मार्फत गरिने हुदा Software मा समस्या आउदा समाधान गर्ने प्राविधिक जनशक्तिको अभाव रहेको।
- हाल प्रयोगमा रहेको PPIS Software लाई समयानुकुल Update तथा Upgrade गर्न पर्याप्त बजेट नभएको कारण नसकिएको।
- सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र विशेष प्रहरी तर्फका निवृत कर्मचारीको पारिवारिक निवृत्तभरणका लागि केन्द्रसम्म आउनु पर्ने बाध्यता रहेकोले सेवाग्राहीलाई मर्का परि रहेको।

- कामको चाप धेरै हुने गरेको तर कर्मचारीलाई कुनै किसिमको प्रोत्साहनको व्यवस्था नहुँदा निजामती कर्मचारीहरूको Turnover अन्य भन्दा बढी हुने गरेको ।
- यस किताबखानाको देशव्यापी कार्यक्षेत्र रहेको र प्रत्यायोजित अधिकार अनुसार तलबी प्रतिवेदन पारित गर्ने, पारिवारिक निवृत्तिभरण जारी गर्ने लगायत जिम्मा पाएको जिल्लास्थित कोलेनिकासँग समन्वय गरी कामकाज गर्नुपर्ने तर आवश्यक समन्वय, स्थगलगत अनुगमन र अभिमुखीकरणका लागि बजेट व्यवस्था नभएकोले बुझाइमा एकरूपता कायम गर्न कठिनाई हुने गरेको।

## २.१० समरजंग कम्पनी कार्यालय सिहंदरवार

**क) पृष्ठभुमिः-**

यस समरजंग कम्पनी कार्यालय बि.स. १८६१/०२/०१ गते शुक्रवारका दिन स्व. श्री गिर्वाणयूद्ध विर विक्रम शाहदेवको पालामा स्थापना भएको हो। नेपाली सेनाको शार्दुलजंग गुल्मवाट छुट्टिएर यस कार्यालयको स्थापना भएको अभिलेखमा देखिन्छ। यस कार्यालयको आफ्नै कालीकादेवी निशान हनुमानढोका दरवार स्क्वायरमा रहेकोमा श्री रक्षा मन्त्रालयको चं. नं. १५५ मिति २०७५/१०/०७ को प्राप्त पत्रानुसार उक्त निशान शार्दुलजंग गुल्मलाई हस्तान्तरण भई गएको छ। कार्यालयको स्थापना समयको मुख्य कार्यहरु धार्मिक, सास्कृतिक तथा परम्परागत कार्यहरु गर्ने गरेको देखिन्छ।

**ख) दिर्घकालीन लक्ष्य, ध्येय, उद्देश्य**

समरजंग कम्पनी कार्यालयले परम्परागत रुपमा चलि आएको धार्मिक तथा सास्कृतिक पर्व, उत्सव परम्पराको संरक्षण सम्बर्धन गर्ने, संचालन गर्ने लक्ष्य तथा उद्देश्य रहेको छ।

**ग) संगठन संरचना**

| पद | दरबन्दी विवरण |
|---|---|
| कार्यालय प्रमुख (नायब सुब्बा) | १ जना |
| लेखापाल | १ जना |
| कम्प्युटर अपरेटर | १ जना |
| खरिदार | १ जना |
| हलुका सवारी चालक | १ जना |
| वानादार | १ जना |
| कार्यालय सहयोगी | २८ जना |
| जम्मा | ३४ जना |

***स्रोतः निजामती कर्मचारी प्रशासन शाखा***

**घ) कार्यक्षेत्र/कार्यदेश, रणनीति**

यस कार्यालयको हाल निम्नानुसार कार्यदेश, कार्यक्षेत्र रहेको छ।

- राष्ट्र प्रमुख, सरकार प्रमुखको औपचारिक विदेश भ्रमणमा तोकिएका सवारी रुटको सडक किनारामा रहेका फ्ल्याग पोष्टहरुमा नेपालको राष्ट्रिय झण्डा फहराउने।
- मित्र राष्ट्रका राष्ट्रप्रमुख तथा सरकार प्रमुखहरुको नेपालको औपचारिक भ्रमणमा गृह मन्त्रालयबाट तोकिएको सवारी रुटहरुमा नेपाल तथा सम्बन्धित राष्ट्रको राष्ट्रिय झण्डा फहराउने।
- संविधान दिवश, गणतन्त्र दिवश, प्रजातन्त्र दिवश, वडादशैंको फूलपातीमा समारोह स्थल तथा सवारीरुटमा नेपालको राष्ट्रिय झण्डा तोकीए बमोजिम फहराउने।

- सम्माननीय राष्ट्रपतिज्यू वाट नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम संघीय संसद्मा प्रस्तुत गर्ने समयमा गृह मन्त्रालयवाट तोकिएको समय र स्थानमा नेपालको राष्ट्रिय झण्डा फहराउने।
- सार्क शिखर सम्मेलन, विमस्टेक, तथा अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका सभा सम्मेलनहरुमा नेपाल तथा सम्बन्धित देशका राष्ट्रिय झण्डाहरु फहराउने।
- इन्द्र जात्रा, रातो मच्छिन्द्रनाथको भोटोजात्रा, घोडे जात्राको समयमा अनुरोध भई आएमा गृह मन्त्रालयवाट तोकिएको समय र स्थानमा नेपालको राष्ट्रिय झण्डा फहराउने।
- सरकारी कार्यालयको कम्पाउण्ड क्षेत्र भित्र रहेका रुखका हाँगा विँगा सम्बन्धित कार्यालयको अनुरोधमा छाटकाट गर्ने।

**ङ) समस्या र चुनौती**

समरजंग कम्पनी कार्यालयको साविक आफ्नो भवन भोटाहिटी काठमाडौं बाट हाल गृह मन्त्रालय परिसरमा स्थानान्तरण भई संचालनमा रहेको छ। कार्यालयमा रहेका पुराना जिन्सी सामान झण्डा लगायतका सामाग्री कार्यालयलाई उपलब्ध गराईएको ३ वटा कोठामा राखेर संचालन गर्न स्थान अभाव रहेको, कार्यालयमा रहेका पुराना फर्निचर गाडी लगायत जिर्ण अवस्थामा रहेकाले सो को प्रयोग गरि कार्य संचालन गर्न चुनौती रहेको छ। सवारी साधन जिर्ण अवस्थामा रहेकोले मर्मत सम्भार वारम्वार गर्नुपर्ने अवस्थामा वजेट अभाव रहेको छ।

## २.११ जुद्ध बारुण यन्त्र कार्यालय

**यस कार्यालयको आ.व. २०७९/०८० को मुख्या मुख्य कार्यहरूः**

- भक्तपुर जिल्ला तथा अन्य स्थानबाट आ.व. ०७९/०८० मा ११८ वटा आगलागिका घटनाहरु घटेकोमा उक्त स्थानमा तत्काल पुगी आगलागि नियन्त्रण गरिएको।
- कार्यालयमा रहेका दमकल गाडी, रेस्क्यू गाडी र अन्य पिकअप गाडीहरु मर्मत गरी तयारी अवस्थामा राखिएको।
- कार्यालयको पूर्वपट्टि पर्ने भाज्या पोखरीको छेउबाट पछाडिको बस्तीमा दमकल छिर्न सक्ने गरी भक्तपुर नगरपालिकासँग समन्वय गरी बाटो खोलिएको।
- कार्यालयलाई आपतकालिन अवस्थामा आवश्यक पर्ने ३५/४० हजार लिटरको अन्डर ग्राउण्ड पानी ट्याङ्किको निर्माण गरिएको।
- उपत्यका बाहिरका विभभन्न स्थानिय तहमा गई आगलागि नियन्त्रण सम्बन्धी कार्यक्रम संचालन गरिएको।
- सशस्त्र प्रहरी वल नेपाल नं. २२ हे.क्वा. गुहेश्वरी भक्तपुरले आयोजना गरेको "मौसमी प्रकोप भाग-१" मिति २०८०/०२/०१-०५ गते सम्म सञ्चालन भएको कार्यक्रममा यस कार्यालयका अग्नि नियन्त्रण तर्फका कर्मचारीहरुलाई सहभागी गराईएको।
- २०८०/०२/२४ गते प्रमुख जिल्ला अधिकारी ज्यूको अध्यक्षतामा जिल्ला भित्र पर्ने पानी ट्याङकर व्यवसायीहरुसँग, छलफल गरी आगलागि भएको बखत दमकललाई पानी आपूर्तिमा सहजीकरण गरिदिने निर्णय गरियो।

# परिच्छेद-तीन

# जिल्ला प्रशासन कार्यालयहरू

## परिचय

बि.सं. २००७ सालको ऐतिहासिक परिवर्तन पश्चात प्रजातन्त्रको स्थापना भई सोही अनुसारको चुस्त एवं विकेन्द्रित प्रशासनको आवश्यकता महसुश गरी वडा हाकिमहरूको नियुक्ति गरेको पाइन्छ। सोही वखत काठमाडौ उपत्यका कमीश्नर मेजिष्ट्रेट ऐन, मधेश गोश्वरा ऐन, सामान्य प्रशासन र प्रहरी ऐनहरू निर्माण भएका थिए। यसै क्रममा गढी, गौडा र गोश्वाराको रूपमा गृह प्रशासनको कार्य सञ्चालन भएको पाइन्छ। वि.सं. २००८ सालमा गृह मन्त्रालयको स्थापना तथा वि.सं. २०१७ सालको शासकीय व्यवस्था परिवर्तन पश्चात नेपाललाई १४ अञ्चल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरी अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था गरियो। सो व्यवस्थालाई नेपालको संविधान २०१९ ले संस्थागत गर्यो। स्थानीय प्रशासनलाई विकेन्द्रित प्रशासन व्यवस्था अनुरूप सञ्चालन गर्न तथा शान्ति र व्यवस्थालाई प्रभावकारी रूपमा सञ्चालन गर्न स्थानीय प्रशासन ऐन, २०२८ लागू गरियो। उक्त ऐनको दफा ५ ले जिल्लाको सामान्य प्रशासन सञ्चालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने व्यवस्था गरे अनुसार देशभर ७५ जिल्ला प्रशासन कार्यालयहरू स्थापना भए। स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछि अञ्चलाधीश र प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकारलाई कानुनी रूपमा व्यवस्थित गरियो।

बि.सं.२०७२ मा नेपालको संबिधान जारी भए पश्चात सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भई नेपाललाई ७ प्रदेश र ७७ जिल्ला राजनीतिक बिभाजन गरियो। साबिकका ७५ जिल्लाहरू मध्ये नवलपरासी जिल्लालाई नवलपरासी पुर्व(सुस्ता पुर्व) र नवलपरासी पश्चिम (सुस्ता पश्चिम) तथा रुकुम जिल्लालाई रुकुम पुर्व र रुकुम पश्चिम गरी थप दुई जिल्लामा बिभाजन गरी कुल ७७ वटा जिल्लामा बिभाजन गरियो। प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय र जनसंख्या, भौगोलिक कठिनाई आदिका आधारमा आवश्यकता अनुसार इलाका प्रशासन कार्यलयहरू तथा सीमा जोडिएका जिल्लाहरूमा सीमा तथा अध्ययागमन कार्यालय समेत स्थापना गरिएका छन। हाल देशभर ७६+ वटा इलाका प्रशासन कार्यालयहरू स्थापना भएका छन।

जिल्लामा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य उद्देश्य रहेको छ। जिल्लाको समग्र शान्ति-सुरक्षा कायम गर्दै संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित विभिन्न विकास निर्माणका कार्यमा समन्वयात्मक एवं सजहपूर्ण वातावरण स्थापित गर्नु नै जिल्ला प्रशासन कार्यालयको मुख्य कर्तव्य हो। साथै जिल्लामा अपरधा रोकथाम र नियन्त्रणका लागि स्थानीय, प्रदेश र संघद्वारा निर्मित कानुनको कार्यान्वयन गर्नु गराउनु, कानुनद्वारा निर्देशित विषयहरूमा न्याय निरूपण गर्नु गराउनु, जिल्लाभित्र स्थापित सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत-सम्भार गर्नु गराउनु, विपद् व्यवस्थापन तथा राहत

वितरण गर्ने, आपूर्ति व्यवस्थापन र वस्तु तथा सेवाको गुणस्तरीयताको सुनिश्चितता प्रदान गर्ने, कालोबजारी नियन्त्रण तथा उपभोक्ताको हक-हित संरक्षणका लागि विभिन्न निकायसँग समन्वय गरी बजार अनुगमन गर्ने जस्ता कार्यहरू पनि जिल्ला प्रशासन कार्यालयले गर्नुपर्दछ। जिल्लामा नागरिकहरूलाई नाबालक परिचय पत्र, नागरिकता तथा राष्ट्रिय परिचय पत्र प्रदान गरी उनीहरूको व्यक्तिगत देखि जैविक विवरणसम्मको संकलन, अभिलेखाङ्कन, व्यवस्थापन एवं संरक्षण गर्ने कार्यमा पनि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ। यसका अतिरिक्त गृह प्रशासन सम्बद्ध प्रत्यक्ष परोक्ष दर्जनौं ऐनहरू र नियमहरूले व्यवस्था गरे बमोजिमको जिम्मेबारी समेत बहन गर्नुपर्ने दायित्व यस कार्यालयलाई रहेको छ। नियमित प्रकृतिका कार्य बाहेक आकस्मिकता व्यवस्थापन, निकायगत समन्वय र विकास सहजीकरण तथा सुशासन कायम गराउने महत्वपूर्ण जिम्मेवारी पनि यो कार्यालयलाई रहेको छ।

**क) जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने नियमित सेवाहरूः**

कार्यालयको उद्देश्य प्राप्ति गर्ने सन्दर्भमा जिल्ला प्रशासन कार्यालयबाट प्रवाह हुने सेवाहरू देहाय बमोजिम रहेका छनः-

- जिल्लामा शान्ति, सुव्यवस्था र सुरक्षा,
- वंशजको आधारमा नेपाली नागरिकता जारी गर्ने,
- बैवाहिक अंगीकृत नागरिकता (महिलाका लागि) जारी गर्ने,
- नागरिकताको प्रतिलिपी जारी गर्ने,
- राहदानी सिफारिस गर्ने,
- कानून बमोजिम तोकिएका मुद्दाहरूको शुरु कारवाही र किनारा गर्ने,
- गैरसरकारी संस्था दर्ता, नवीकरण र नियमन गर्ने,
- पत्रपत्रिका तथा छापाखाना दर्ता गर्ने,
- नाबालिक परिचयपत्र जारी गर्ने,
- जिल्लामा रहेका शरणार्थीहरूको लगत राख्ने, शरणार्थी परिचयपत्र नवीकरण गर्ने,
- निजी सुरक्षा कम्पनीको दर्ता, नवीकरण एवम् पुनः कार्यसञ्चालन अनुमति दिने,
- हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण गर्ने,
- शान्ति सुरक्षाको लागि प्राप्त निवेदन उपर कारवाही गर्ने,
- दलित, जनजाति आदि सिफारिस गर्ने,
- द्वन्द प्रभावितको पहिचान तथा राहत वितरण गर्ने,

**ख) आकस्मिकता व्यवस्थापन**

- विपद व्यवस्थापन
- आकस्मिक घटना व्यवस्थापन

गृह मन्त्रालय अन्तर्गतका जिल्ला प्रशासन कार्यालयहरूले प्रचलित कानुन तथा स्वीकृत मापदण्ड बमोजिम ६ वटा विषयगत क्षेत्रहरु शान्ति सुरक्षा र अपराध नियन्त्रण, सुशासन र सेवा प्रवाह, लागु औषध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय र आर्थिक प्रशासनका अतिरिक्त आकस्मिकता व्यवस्थापन र आफ्नै पहलमा गरेका नवप्रर्वतनात्मक कार्यहरू लगायतका क्षेत्रमा बार्षिक कार्य सम्पादन सम्झौतामा उल्लेखित सूचकहरूका आधारमा सम्पादित कार्यहरूकाको बार्षिक रूपमा मुल्यांकन गर्दा जिल्लाहरुले हासिल गरेको आ.ब. २०७८/०७९ र आ.ब. २०७९/०८० को प्राप्तांक बमोजिमको बरियतालाई तुलनात्मक रुपमा तालिका नं.३.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१ आ.व. ०७८/७९ र ०७९/८० को CPAS को तुलनात्मक वार्षिक नतिजा**

| क्र.सं. | जिल्ला | आ.व. २०७९/०८० | | आ.व. २०७८/०७९ | |
|---|---|---|---|---|---|
| | | प्राप्ताङ्क | वरियता | प्राप्ताङ्क | वरियता |
| १ | गुल्मी | ९६.४४ | १ | ९७.७५ | १ |
| २ | रुकुम (पश्चिम) | ९६.१३ | २ | ९६.०० | ४ |
| ३ | रुपन्देही | ९६.०० | ३ | ८६.५० | ५७ |
| ४ | इलाम | ९५.८१ | ४ | ९१.२५ | ३८ |
| ५ | नवलपरासी पूर्व | ९५.३८ | ५ | ९६.७५ | ३ |
| ६ | रुकुम (पूर्व) | ९५.१३ | ६ | ८६.०० | ६० |
| ७ | डडेल्धुरा | ९५.०६ | ७ | ९५.०० | ५ |
| ८ | काठमाडौं | ९४.८८ | ८ | ८५.७५ | ६२ |
| ९ | पर्वत | ९४.८१ | ९ | ९४.०० | ११ |
| १० | बैतडी | ९४.५६ | १० | ९४.२५ | १० |
| ११ | प्यूठान | ९४.५० | ११ | ९१.२५ | ३८ |
| १२ | डोटी | ९४.३८ | १२ | ८९.५० | ४७ |
| १३ | सल्यान | ९३.५६ | १३ | ९४.५० | ७ |
| १४ | मनाङ | ९३.५० | १४ | ९२.०० | २७ |

| क्र.सं. | जिल्ला | आ.व. २०७९/०८० | | आ.व. २०७८/०७९ | |
|---|---|---|---|---|---|
| | | प्रासाङ्क | वरियता | प्रासाङ्क | वरियता |
| १५ | मकवानपुर | ९३.५० | १४ | ९१.७५ | ३० |
| १६ | दाङ | ९३.३८ | १६ | ९३.२५ | १६ |
| १७ | गोरखा | ९३.३१ | १७ | ८८.५० | ५३ |
| १८ | बारा | ९३.१९ | १८ | ९३.०० | १८ |
| १९ | लमजुङ | ९३.०६ | १९ | ९२.०० | २८ |
| २० | ललितपुर | ९३.०६ | १९ | ९२.०० | २८ |
| २१ | तनहुँ | ९२.६३ | २१ | ९४.७५ | ७ |
| २२ | मोरङ | ९२.५० | २२ | ९१.७५ | ३० |
| २३ | सङ्खुवासभा | ९२.३१ | २३ | ९३.२५ | १६ |
| २४ | कपिलवस्तु | ९२.०० | २४ | ९०.७५ | ४५ |
| २५ | नुवाकोट | ९२.०० | २४ | ८८.७५ | ४९ |
| २६ | अछाम | ९१.८८ | २६ | ९१.५० | ३५ |
| २७ | पाल्पा | ९१.७५ | २७ | ९१.०० | ४१ |
| २८ | नवलपरासी पश्चिम | ९०.९४ | २८ | ९४.०० | ११ |
| २९ | भोजपुर | ९०.८८ | २९ | ९१.५० | ३५ |
| ३० | ओखलढुङ्गा | ९०.६४ | ३० | ९२.५० | २२ |
| ३१ | बर्दिया | ९०.६३ | ३१ | ९१.५० | ३५ |
| ३२ | दार्चुला | ९०.५० | ३२ | ९२.७५ | २१ |
| ३३ | सिन्धुली | ९०.३१ | ३३ | ८७.५० | ५५ |
| ३४ | कैलाली | ८९.६३ | ३४ | ८०.७५ | ७५ |

| क्र.सं. | जिल्ला | आ.व. २०७९/०८० | | आ.व. २०७८/०७९ | |
|---|---|---|---|---|---|
| | | प्रासाङ्क | वरियता | प्रासाङ्क | वरियता |
| ३५ | अर्घाखाँची | ८९.५६ | ३५ | ९७.०० | २ |
| ३६ | सुनसरी | ८९.०६ | ३६ | ९१.०० | ४१ |
| ३७ | तेह्रथुम | ८९.०० | ३७ | ९३.०० | १८ |
| ३८ | रोल्पा | ८८.९४ | ३८ | ८८.७५ | ४९ |
| ३९ | डोल्पा | ८८.५० | ३९ | ७७.२५ | ७७ |
| ४० | काभ्रेपलान्चोक | ८८.४४ | ४० | ८६.५० | ५७ |
| ४१ | दैलेख | ८८.३८ | ४१ | ९२.५० | २२ |
| ४२ | मुगु | ८८.१३ | ४२ | ९०.७५ | ४५ |
| ४३ | कञ्चनपुर | ८८.०४ | ४३ | ८७.५० | ५५ |
| ४४ | रौतहट | ८७.८८ | ४४ | ८८.०० | ५४ |
| ४५ | सुर्खेत | ८७.६३ | ४५ | ९१.०० | ४१ |
| ४६ | झापा | ८७.३१ | ४६ | ९१.०० | ४१ |
| ४७ | बाँके | ८६.८१ | ४७ | ९२.५० | २२ |
| ४८ | रसुवा | ८६.६३ | ४८ | ९१.७५ | ३० |
| ४९ | भक्तपुर | ८५.८८ | ४९ | ९३.५० | १५ |
| ५० | कास्की | ८५.५० | ५० | ९२.५० | २२ |
| ५१ | बागलुङ | ८४.९८ | ५१ | ८८.७५ | ४९ |
| ५२ | धादिङ | ८४.८१ | ५२ | ८९.०० | ४७ |
| ५३ | म्याग्दी | ८४.७५ | ५३ | ८४.२५ | ६७ |
| ५४ | बाजुरा | ८४.६९ | ५४ | ८३.०० | ६९ |

| क्र.सं. | जिल्ला | आ.व. २०७९/०८० | | आ.व. २०७८/०७९ | |
|---|---|---|---|---|---|
| | | प्रासाङ्क | वरियता | प्रासाङ्क | वरियता |
| ५५ | सप्तरी | ८३.३१ | ५५ | ७७.७५ | ७६ |
| ५६ | कालिकोट | ८३.०० | ५६ | ८२.५० | ७२ |
| ५७ | मुस्ताङ | ८२.६३ | ५७ | ९३.७५ | १३ |
| ५८ | धनुषा | ८२.५६ | ५८ | ८२.०० | ७३ |
| ५९ | हुम्ला | ८१.६५ | ५९ | ९५.०० | ५ |
| ६० | उदयपुर | ८१.१५ | ६० | ९१.७५ | ३० |
| ६१ | धनकुटा | ८०.४२ | ६१ | ८२.०० | ७३ |
| ६२ | रामेछाप | ८०.१७ | ६२ | ९१.२५ | ३८ |
| ६३ | सोलुखुम्बु | ८०.०० | ६३ | ९१.७५ | ३० |
| ६४ | खोटाङ | ७८.६३ | ६४ | ८४.७५ | ६६ |
| ६५ | महोत्तरी | ७८.६० | ६५ | ८६.२५ | ५९ |
| ६६ | स्याङ्जा | ७८.५४ | ६६ | ९३.०० | १८ |
| ६७ | सर्लाही | ७८.१३ | ६७ | ८५.५० | ६३ |
| ६८ | जुम्ला | ७८.०९ | ६८ | ८६.०० | ६० |
| ६९ | सिन्धुपाल्चोक | ७५.४२ | ६९ | ८५.५० | ६३ |
| ७० | पाँचथर | ७३.८८ | ७० | ८३.७५ | ६८ |
| ७१ | पर्सा | ७३.०० | ७१ | ९२.५० | २२ |
| ७२ | ताप्लेजुङ | ७२.६६ | ७२ | ८३.०० | ६९ |
| ७३ | दोलखा | ६७.१५ | ७३ | ८२.७५ | ७१ |
| ७४ | बझाङ | ६६.४८ | ७४ | ८८.७५ | ४९ |

| क्र.सं. | जिल्ला | आ.व. २०७९/०८० | | आ.व. २०७८/०७९ | |
|---|---|---|---|---|---|
| | | प्रासाङ्क | वरियता | प्रासाङ्क | वरियता |
| ७५ | चितवन | ६६.१९ | ७५ | ९४.७५ | ७ |
| ७६ | जाजरकोट | ६६.०० | ७६ | ९३.७५ | १३ |
| ७७ | सिराहा | ६१.५६ | ७७ | ८५.०० | ६५ |
| **औषत प्रासाङ्क** | | **८७.००** | | **८९.८०** | |

# परिच्छेद-चार

## प्रमुख जिल्ला अधिकारी कार्यसम्पादन मूल्याङ्कन प्रणाली (CPAS)

### ४.१ पृष्ठभूमि

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसार गृह मन्त्रालयलाई तोकिएका कार्यक्षेत्र र जिम्मेवारी पुरा गर्न जिल्ला प्रशसन कार्यालयहरूको महत्वपूर्ण भूमिका रहदै आएको छ। जिल्लामा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य उद्देश्य रहेको छ। जिल्लामा शान्ति सुरक्षा कायम गर्नु,अपराध रोकथाम र नियन्त्रणका लागि स्थानीय, प्रदेश र संघद्वारा निर्मित कानुनको कार्यान्वयन गर्नु गराउनु, कानुनद्वारा निर्देशित विषयहरूमा न्याय निरूपण गर्नु गराउनु, जिल्लाभित्र स्थापित सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत-सम्भार गर्नु गराउनु, विपद् व्यवस्थापन तथा राहत वितरण गर्ने, आपूर्ति व्यवस्थापन र वस्तु तथा सेवाको गुणस्तरीयताको सुनिश्चितता प्रदान गर्ने, कालोबजारी नियन्त्रण तथा उपभोक्ताको हक-हित संरक्षणका लागि विभिन्न निकायसँग समन्वय गरी बजार अनुगमन गर्ने जस्ता कार्यहरू पनि जिल्ला प्रशासन कार्यालयले गर्नुपर्दछ। त्यसैगरी अन्य नियमित प्रकृतिका कार्य बाहेक आकस्मिकता व्यवस्थापन, निकायगत समन्वय र विकास सहजीकरण तथा सुशासन कायम गराउने महत्वपूर्ण जिम्मेवारी पनि यो कार्यालयलाई रहेको छ।

नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदैं राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने विषय उल्लेख भएको छ। निजामती सेवा ऐन, २०४९ को दफा १५ (२), निजामती सेवा नियमावली, २०५० को नियम ३४ को (ख) तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को बुदाँ नं. १९ मा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तथा गुणस्तरीय बनाउन सार्वजनिक निकायका पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गर्न सक्ने प्रावधान रहेको छ। गृह प्रशासन सुधार कार्ययोजना, २०७८ को बुँदा नं. २४ मा प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादन सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ। उल्लेखित कार्यक्षेत्र तथा कानूनी प्रावधान भित्र रही गृह मन्त्रालयमा वि. स. २०७५ को माघ महिना देखि मन्त्रालयका सचिवज्यू र प्रमुख जिल्ला अधिकारीहरू बीच कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइएको थियो। सोही व्यवस्थालाई आ.व. २०७८/७९ मा समेत निरन्तरता दिदैं सचिवज्यू र सबै प्रमुख जिल्ला अधिकारी, महाशाखा प्रमुख, विभागीय प्रमुख सम्म कार्यसम्पादन सम्झौता कार्यान्वयन भएको थियो।

### ४.२ कार्यसम्पादन स्तरको वार्षिक मूल्याङ्कन

प्रमुख जिल्ला अधिकारीहरुको कार्यसम्पादन स्तरको वार्षिक मूल्याङ्कन गर्ने क्रममा प्रमुख जिल्ला अधिकारी र श्रीमान् गृह सचिवज्यूबीच मिति २०७९/०४/०१ भएको कार्य सम्पादन सम्झौता बमोजिमका सूचकहरुका आधारमा जिल्लाहरुबाट CPAS मार्फत प्रतिवेदन गरिएका विवरणहरुको बिषयगत मूल्याङ्कन गरी अंक प्रदान गरिएको छ। कार्यसम्पादन सम्झौताको ६ वटा विषयगत क्षेत्रहरु शान्ति सुरक्षा र अपराध नियन्त्रण, सुशासन र

सेवा प्रवाह, लागु औषध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय र आर्थिक प्रशासन भित्र यसै प्रतिवेदनको अनुसूची १ मा सुचिकृत गरिएका सूचकहरुको समग्र मापनमा जिल्ला प्रशासन कार्यालयहरुको स्तरलाई देहायको तालिकामा प्रस्तुत गरिएको छः-

**तालिका ४.२.१: वार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर**

| कार्यसम्पादन स्तर | जिल्ला | संख्या | अङ्क भार |
|---|---|---|---|
| सर्बोत्कृष्ट | गुल्मी | १ | ९० भन्दा माथि र सबैभन्दा बढी अङ्क |
| अति उत्कृष्ट | रुकुम (पश्चिम), रुपन्देही, इलाम, नवलपरासी पूर्व, रुकुम (पूर्व), डडेल्धुरा, काठमाडौं, पर्वत, बैतडी, प्यूठान, डोटी, सल्यान, मकवानपुर, मनाङ, दाङ, गोरखा, बारा, लमजुङ, ललितपुर, तनहुँ, मोरङ, सङ्खुवासभा, कपिलवस्तु, नुवाकोट, अछाम, पाल्पा, नवलपरासी पश्चिम, भोजपुर, ओखलढुङ्गा, बर्दिया, दार्चुला, सिन्धुली | ३२ | ९० % भन्दा माथी |
| उत्कृष्ट | कैलाली, अर्घाखाँची, सुनसरी, तेह्रथुम, रोल्पा, डोल्पा, काभ्रेपलान्चोक, दैलेख, मुगु, कञ्चनपुर, रौतहट, सुर्खेत, झापा, बाँके, रसुवा, भक्तपुर, कास्की, बाग्लुङ, धादिङ, म्याग्दी, बाजुरा, ससरी, कालिकोट, मुस्ताङ, धनुषा, हुम्ला, उदयपुर, धनकुटा, रामेछाप, सोलुखुम्बु | ३० | ८० % भन्दा बढी ९०% सम्म |
| उत्तम | खोटाङ, महोत्तरी, स्याङ्जा , सर्लाही, जुम्ला, सिन्धुपाल्चोक, पाँचथर, पर्सा, ताप्लेजुङ, दोलखा, बझाङ, चितवन, जाजरकोट, सिराहा | १४ | ६० % भन्दा बढी ८०% सम्म |
| मध्यम | - | | ५०% भन्दा बढी ६०% सम्म |
| न्यून | - | | ५०% भन्दा कम |

***स्रोतः वार्षिक कार्यसम्पादन सम्झौताको मूल्याङ्कन प्रतिवेदन, २०७९***

माथि उल्लेखित तालिका अनुसार सर्वोकृष्ट जिल्लाको रूपमा गुल्मी परेको छ। देश भरिका ७७ वटा जिल्ला प्रशासन कार्यालयहरू मध्ये कुल ९६.४४ अङ्क प्राप्त गरी कार्य सम्पादनमा गुल्मी जिल्ला सर्बोत्कृष्ट जिल्ला प्रशासन कार्यालयको रूपमा दरिएको छ।

**तालिका ४.२.२: कार्य सम्पादनमा उत्कृष्ट पाँच जिल्लाहरू**

| स्थान | जिल्ला | प्राप्तांक | स्तर |
|---|---|---|---|
| प्रथम | गुल्मी | ९६.४४ | अति उत्कृष्ट |
| द्धितीय | रुकुम (पश्चिम) | ९६.१३ | अति उत्कृष्ट |

| स्थान | जिल्ला | प्राप्तांक | स्तर |
|---|---|---|---|
| तृतीय | रुपन्देही | ९६ | अति उत्कृष्ट |
| चौथो | इलाम | ९५.८१ | अति उत्कृष्ट |
| पाचौं | नवलपरासी पूर्व | ९५.३८ | अति उत्कृष्ट |

***स्रोतः वार्षिक कार्यसम्पादन सम्झौताको मूल्याङ्कन प्रतिवेदन,२०७९***

वार्षिक कार्य सम्पादन सम्झौता अनुसारका कार्यहरु तोकिएको समयसीमा भित्र सम्पन्न गर्नुपर्ने गरी सूचकहरू निर्धारण गरिएकोमा वर्गीकृत समय सीमा अनुसार जिल्लाहरुले अंक प्राप्त गरेको देखिन्छ। यो मूल्याङ्कनमा ९०% भन्दा माथी अंक हासिल गर्ने जिल्लाहरु ३३ वटा रहेका छन। आ.ब. २०७९/८० को प्रमुख जिल्ला अधिकारी कार्यसम्पादन मूल्याङ्कनमा उच्च अंक हाँसिल गरी माथिल्लो पाँच स्तर कायम गर्ने जिल्लाहरु क्रमशः गुल्मी प्राप्तांक-९६.४४, रुकुम (पश्चिम) प्राप्तांक-९६.१३, रुपन्देही प्राप्तांक-९६, इलाम प्राप्तांक-९५.८१, नवलपरासी पूर्व प्राप्तांक-९५.३८ रहेका छन। आ.ब. २०७९/८० को वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा मध्यम तथा न्यून स्तर मापन कुनै पनि जिल्लाको रहेको छैन। सबै जिल्ला प्रशासन कार्यालयहरुको एकमुष्ट योग्यता क्रमलाई अनुसूची-२ मा र जिल्लागत प्राप्तांकलाई अनुसूची-३ मा राखिएको छ। जिल्ला प्रशासन कार्यालयहरुको कार्यसम्पादन स्तरलाई तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।

**तालिका ४.२.३: वार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर**



तालिका ४.२.४: वार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर




## ४.३ कार्यसम्पादन सम्झौता र जिल्लामा परेको प्रभाव

दोस्रो तथा अर्धवार्षिक कार्यसम्पादन मुल्यांकनको तुलनामा तेस्रो र वार्षिक (चौंथो अर्धवार्षिक) कार्य सम्पादन मुल्यांकनमा जिल्ला प्रशासन कार्यालयहरुको कार्य सम्पादन स्तरमा व्यापक सुधार देखिएको छ। अर्द्ध वार्षिक मूल्यांकनमा जिल्ला प्रशासन कार्यालयहरुको औषत कार्य सम्पादन स्तर ७९.५ प्रतिशत रहेकोमा तेस्रो र वार्षिक औषत कार्यसम्पादन स्तर क्रमशः ८३.४ प्रतिशत र ८६.५ प्रतिशत रहेकोले सबै जिल्ला प्रशासन कार्यालयहरुको कार्यसम्पादन स्तरमा सुधार भएको देखिएको छ। अघिल्लो आ.व. २०७८/०७९ मा अर्धवार्षिक मूल्याङ्कन बैशाख महिनामा गरिएकोमा यस आ.व.मा नियमित रुपमा त्रैमासिक कार्यसम्पादन मूल्याङ्कन गरिएकोमा समेत समग्र जिल्ला प्रशासन कार्यालयहरुको प्रगति सन्तोषजनक भन्दा माथि रहेको छ।

कार्यसम्पादन सम्झौतामा उल्लेख गरिएका विषयहरु प्रमुख जिल्ला अधिकारीहरुले विगत देखि नै गरी आएका अनिवार्य प्रकृतिका कामहरु रहेका छन्। सम्झौताको मूल्याङ्कनका क्रममा विविधता देखिनुको प्रमुख कारण दस्तावेज संकलन, अभिलेखीकरण तथा प्रतिवेदनलाई उचित ध्यान नदिनु रहेको छ भने राम्रो अभ्यासको रुपमा सरुवा भए जाने प्रमुख जिल्ला अधिकारी (Outgoing CDO) ले जिल्ला छोड्दा कार्यभार सम्हाल्न आउने प्रमुख जिल्ला अधिकारी (Incoming CDO) लाई बरबुझारथ पत्र/हस्तान्तरण पत्र (Handover Note) दिने चलनको शुरुवात भएको छ ।

आगामी दिनमा सम्झौतालाई निरन्तरता दिई यसको नियमित अनुगमन तथा मुल्याङ्कनलाइ वैज्ञानिक तथ अझ प्रभावकारी बनाउन मन्त्रालयवाट साधन स्रोतको व्यवस्था सहित थप सकृयताको खाँचो देखिन्छ।

## ४.४ चालु आ.व. २०८०/०८१ को लागि कार्यसम्पादन सम्झौता र सूचकहरू

### ४.४.१ पृष्ठभूमि

मुलुकमा शान्ति, सुरक्षा, सुव्यवस्था, अमन चयन र स्थिरता कायम गर्ने गृह प्रशासनको मूलभूत कार्य रहन्छ। यसका अलावा अपराध अनुसन्धान, लागु औषध नियन्त्रण, लैङ्गिक हिंसा न्यूनीकरण, विपद् व्यवस्थापन, सुशासनको प्रत्याभूति, मानव अधिकारको रक्षा लगायतका कानुनको प्रभावकारी कार्यान्वयन गरी कानुनी राज्यको अनुभूत दिलाउनु मन्त्रालयको कार्य क्षेत्र रहेको छ (गृह मन्त्रालय, २०७६)। नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कुनै पनि निकायलाई नतोकिएको कार्यको जिम्मेवारी पनि यस मन्त्रालयको रहन्छ। गृह मन्त्रालयले वहन गर्नु पर्ने जिम्मेवारीहरूलाई जिल्लामा खटिएका प्रमुख जिल्ला अधिकारीहरू मार्फत पूरा गरी सरकारको नागरिक प्रतिको दायित्व निर्वाह गर्दै आएको छ। देशको सार्वजनिक सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै पारदर्शिताको माध्यमबाट गृह मन्त्रालयको कार्य सम्पादनमा संलग्न रहने प्रमुख जिल्ला अधिकारीसँग कार्य सम्पादन सम्झौता गरी वस्तुपरक रूपमा मूल्याङ्कन गर्नको लागि निजामती सेवा ऐन, २०४९ को दफा १५.२. निजामती सेवा नियमावली, २०५० को नियम ३४ को (ख) तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १९ मा कार्य सम्पादन सम्झौता गर्न सकिने प्रावधान रहेको छ (कानून किताब व्यवस्था समिति, २०७४)। नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत "सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार निर्देशिका, २०७९" बमोजिम सार्वजनिक पदाधिकारीहरुलाई आफ्नो कामप्रति जिम्मेवार तथा उत्तरदायी बनाई त्यस्तो पदाधिकारीको कार्यसम्पादनलाई प्रभावकारी बनाउन नेपाल सरकारका विभागिय मन्त्री वा राज्यमन्त्री तथा सचिव वा राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृत र मन्त्रालय मातहतका निकाय एवं सम्बद्ध निकायहरुका बीच कार्यसम्पादन करार गर्नु पर्ने व्यवस्था भएको (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, २०७९)। साथै सार्वजनिक निकायको समग्र व्यवस्थापकीय पक्षलाई प्रभावकारी बनाउन निजामती सेवा ऐन, २०४९ को दफा ७२ क मा व्यवस्था भएबमोजिम व्यवस्थापन परीक्षण सम्बन्धी कार्यलाई व्यवस्थित तुल्याउन लागू गरिएको व्यवस्थापन परीक्षण निर्देशिका, २०७९ को परिच्छेद-२ व्यवस्थापन परीक्षणको विषयक्षेत्र तथा सूचकमा "कार्यसम्पादन सम्झौता तथा कार्यान्वयको अवस्था", "सेवा प्रवाह" लाई समेत समावेश गरिएको छ (सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७९)।

जिल्लामा प्रमुख जिल्ला अधिकारीको भूमिका गृह मन्त्रालयको प्रतिनिधिको रूपमा मात्र नभई सङ्घीय सरकारको प्रतिनिधिको रूपमा समेत रहेको हुन्छ। निजले स्थानीय प्रशासन ऐन, २०२८ लाई मार्गदर्शक ऐनको रूपमा ग्रहण

गरी जिल्लामा शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, सेवा प्रवाह र सुशासन, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, मुआब्जा वितरण र विकास सहजीकरण, अन्य शासकीय प्रबन्धलाई सहजीकरण गरिरहेको हुन्छ।

गृह प्रशासनलाई चुस्त, दुरुस्त, सक्षम र जनमुखी बनाउने प्रयोजनार्थ गृह मन्त्रालयले आर्थिक वर्ष २०७६/७७ देखि सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूसँग कार्य सम्पादन सम्झौताको सुरुवात गरेको थियो। सम्झौता पश्चात् प्रमुख जिल्ला अधिकारीहरूको कार्य सम्पादनमा सुधार आउनुका साथै प्रशासनिक व्यावसायिकता तथा प्रतिस्पर्धात्मक भावनाको समेत अभिवृद्धि हुने अपेक्षा गरिएकोमा यसको कार्यान्वयनबाट सेवा प्रवाहलाई थप सरल र सहज बनाउन विभिन्न जिल्ला प्रशासन कार्यालयहरुबाट टोकन प्रणाली तथा टाइमकार्ड जस्ता नवप्रवर्द्धनात्मक कार्यहरुमा वृद्धि हुन गई जिल्लाहरूको कार्य सम्पादनमा सुधार समेत आएको छ। गृह प्रशासन सुधार कार्य योजना, २०७८ स्वीकृत भई कार्यान्वयनमा आएको छ। हाल अभ्यासमा रहेको कार्य सम्पादन सम्झौता अनुरूप प्रमुख जिल्ला अधिकारीहरूले सम्पादन गर्नु पर्ने कार्यहरूको मूल्याङ्कन सूचकहरूलाई थप वस्तुनिष्ठ बनाई मूल्याङ्कन प्रणालीलाई स्वचालित बनाउनु पर्ने देखिन्छ।

कार्य सम्पादन सम्झौताको मुख्य नतिजा क्षेत्र, कार्य सम्पादनका लक्ष्यहरु र क्रियाकलापहरू परिमार्जन गर्ने कार्यको लागि गृह मन्त्रालय (सचिव स्तर) को मिति २०८०/०३/०३ को निर्णय अनुसार योजना अनुगमन तथा मूल्याङ्कन शाखाका प्रमुखको संयोजकत्वमा गठित ९ (नौ) सदस्यीय कार्य दललाई कार्य जिम्मेवारी तोकिएपछि समूह कार्यको रूपमा यो प्रतिवेदन तयार गरिएको छ।

निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५०, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र गृह प्रशासन सुधार कार्ययोजना, २०७४ बमोजिम सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तथा गुणस्तरीय बनाउन सार्वजनिक निकायका पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गर्न सक्ने प्रावधानको शुरूवात एवं वर्षेनी निरन्तरता हुनु आँफैमा ठुलो उपलब्धी हो। सुधार निरन्तर हुनुपर्दछ। जसलाई गृह प्रशासन सुधार कार्ययोजना, २०७८ ले पनि समेटेको छ। यस आ.व. को CPAS ले पनि जिल्ला प्रशासन कार्यालयको कार्यक्षेत्रसँग सम्बन्धित क्रमशः शान्ति सुरक्षा र अपराध नियनत्रण, सुशासन र सेवा प्रवाह, लागुऔषध नियन्त्रण, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय र आर्थिक प्रशासन सहित ६ वटा बिषयगत क्षेत्रहरू, ७७ वटा क्रियाकलापहरू सहितका सूचकहरू रहेका छन। पूर्ण रूपले स्वचालित भनिए पनि CPAS प्रणालीका पनि सीमाहरू छन। सबै सूचकहरू प्रतिवेदन गरिए जस्तो बस्तुगत रूपले स्वतः अङ्क प्रदान गरिने खाले हुँदैनन्। जिल्लामा आइपर्ने समस्याको आकस्मिक व्यवस्थापन, काबु बाहिरको परिस्थितिमा सहजीकरण, धैर्यता र शान्ति व्यवस्थापन जस्ता बिषयमा वस्तुपरक ढंगबाट व्यक्तिको जाँचपरक र मूल्याङ्कन गर्न सकिदैन। यस्तोमा परिस्थितिजन्य अवस्थाको यथार्थ मूल्याङ्कन गरी व्यक्तिको बिषयगत क्षमता र कौशलताको आधारमा अङ्क प्रदान गर्नुपर्ने हुन्छ। यस आधारमा आ.व. २०७९/८० का लागि कार्यसम्पादन सम्झौतालाई निम्न आधारमा परिमार्जन गरिएको छ।

### ४.४.२ जिल्ला वर्गीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार वर्गीकृत भएका हिमाली, पहाडी र तराईका जिल्लाहरूका लागि फरक सूचक र अङ्क भार सहितको कार्य सम्पादन सम्झौता भएको देखिन्छ। यसरी जिल्लाहरूको वर्गीकरणलाई थप वैज्ञानिक र वस्तुनिष्ठ बनाउन जिल्लाको जनसङ्ख्या, भूगोल, सेवा प्रवाहको प्रकृति र पूर्वाधारको पहुँचलाई आधार मानी जिल्लाहरूलाई तीन वर्गमा विभाजन गरिएको छ। यसका लागि राष्ट्रिय जनगणना, २०७८ को विस्तृत प्रतिवेदनले देखाएका तथ्याङ्कलाई आधार मानिएको छ।

तालिका ४.४.२.१: जिल्ला वर्गीकरण

| जनसङ्ख्याको वर्गीकरण | | | जनघनत्वको वर्गीकरण | | |
|---|---|---|---|---|---|
| श्रेणी | जनसङ्ख्या | जिल्ला | श्रेणी | विस्तार | जिल्ला |
| उच्च | ८ लाख भन्दा बढी | ९ | उच्च | ६०० भन्दा बढी | १३ |
| मध्यम | ५-८ लाख | १२ | मध्यम | ४००-६०० | ३ |
| औसत | २-५ लाख | २६ | औसत | १५०-४०० | २६ |
| न्यून | १-२ लाख | २२ | न्यून | ७०-१५० | १९ |
| अति न्यून | १ लाख भन्दा कम | ८ | अति न्यून | ७० भन्दा कम | १६ |
| | कुल | ७७ | | कुल | ७७ |

उपर्युक्त तालिकामा उल्लेख भएको आधारहरूलाई मिलान गरी जिल्लाहरूलाई 'क', 'ख' र 'ग' वर्गमा छुट्टाउनको लागि देहाय बमोजिमको संयोजन सूत्र प्रयोग गरिएको छ। उक्त जिल्लाहरूको जनसङ्ख्या र भूगोलको विवरण सहितको सूची अनुसूची खण्डमा समावेश गरिएको छ।

| वर्ग | संयोजन सूत्र | जिल्ला सङ्ख्या | कुल जिल्ला |
|---|---|---|---|
| क | उच्च+उच्च | ८ | २३ |
| | उच्च+मध्यम | 1 | |
| | मध्यम+उच्च | ४ | |
| | औसत+उच्च | १ | |
| | मध्यम+मध्यम | २ | |
| | मध्यम+औसत | ६ | |
| | औसत+मध्यम | १ | |
| | उच्च+मध्यम | १७ | |
| ख | औसत+औसत | ७ | ३८ |
| | औसत+न्यून | २ | |

| | | | |
|---|---|---|---|
| | न्यून+औसत | १२ | |
| | न्यून+न्यून | ७ | |
| ग | अति न्यून+अति न्यून | १ | १६ |
| | अति न्यून+न्यून | ८ | |
| | न्यून+अति न्यून | ८ | |
| **कुल जम्मा** | | | **७७** |

### ४.४.३ नतिजा क्षेत्र, कार्य सम्पादन लक्ष्य र क्रियाकलाप

यस आर्थिक वर्षमा कार्य सम्पादन करार सम्झौता सम्पन्न भई कार्यान्वयनमा रहेको ५ क्षेत्रहरु शान्ति सुरक्षा तथा अपराध नियन्त्रण, शासकीय प्रबन्ध, लागु औषध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा वितरण तथा विकास सहजीकरण समावेश गरिएको ७१ वटा सूचकहरुलाई नै निरन्तरता दिइएको छ। साथै श्रीमान सचिवज्यूबाट मूल्याङ्कन हुने ४ वटा सूचकमध्ये अन्यलाई थप व्याख्या गरिएको छ।

### ४.४.४ त्रैमासिक मूल्याङ्कन

बीच समयमा प्रमुख जिल्ला अधिकारीहरू परिवर्तन हुँदा एकल नेतृत्वको वास्तविक मूल्याङ्कन गर्न लक्ष्यहरूलाई त्रैमासिक विभाजन गरी पहिलो, दोस्रो, तेस्रो र चौथो त्रैमासिक अवधिका लागि क्रमशः ३९, ३४, ३० र ५३ वटा सूचकहरुबाटै मूल्याङ्कन गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

### ४.४.५ पूर्णाङ्क र आकस्मिकताको मूल्याङ्कन

शान्ति सुरक्षा तथा अपराध नियन्त्रण (२९), शासकीय प्रबन्ध (४४), लागु औषध नियन्त्रण (५), विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन (१०) र मुआब्जा वितरण तथा विकास सहजीकरण (७) गरी कुल अङ्क भार ९५ कायम गरी मन्त्रालयको तर्फबाट सचिवबाट हुने वार्षिक रूपमा ५ अङ्कको कार्य सम्पादन मूल्याङ्कनलाई निरन्तरता दिइएको छ।

### ४.४.६ कार्य सम्पादन लक्ष्यको अङ्क निर्धारण

'क', 'ख', र 'ग' वर्गको जिल्लाहरूको लागि ६ वटा सूचकहरूको अलग अलग प्रगति लक्ष्य निर्धारण गरी 'क' वर्गका जिल्लाहरूको कार्य सम्पादन लक्ष्य सेवा प्रवाहको चापको कारण न्यूनीकरण गरिएको र 'ग' वर्गको सूचकको प्रगति लक्ष्यमा अभिवृद्धि गरी निर्धारण गरिएको सूचकलाई निरन्तरता दिइएको छ।

### ४.४.७ कार्य सम्पादन सूचकको व्याख्यामा परिमार्जनः

कार्य सम्पादन सूचकको नतिजा क्षेत्र, कार्य सम्पादन लक्ष्य र क्रियाकलाप, त्रैमासिक मूल्याङ्कन, पूर्णाङ्क र आकस्मिकताको मूल्याङ्कन, तथा कार्य सम्पादन लक्ष्यको अङ्क निर्धारण समेतको विषयलाई हाल अपूरो तथा अस्पष्ट

विवरण प्राप्त हुने, जिल्लाहरुबाट विभिन्न फर्मेटमा प्राप्त हुने कारणले कठिनाइ भएको विषयलाई मूल्याङ्कनको सहजताको लागि देहाय अनुसार थप व्याख्या गरी परिमार्जन गरिएको छ।

चालु आ.व. २०७९/८० को लागि कार्यसम्पादन सम्झौता र सूचकहरू सम्बन्धी बिस्तृत बिवरण अनुसूची ७ देखि ११ सम्ममा सुचिकृत गरिएको छ।

# परिच्छेद-पाँच

## नीति तथा कार्यक्रम, वार्षिक बजेट र समयवद्ध क्रियाकलापहरू

### ५.१ गृह मन्त्रालय र मन्त्रालय सम्वद्ध निकायहरूबाट आर्थिक वर्ष २०७९/०८० मा सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा बजेट विवरण

### ५.१.१ पृष्ठभूमि

नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता, व्यापार-व्यवसाय र उद्यमको सुरक्षाको प्रभावकारी प्रवन्ध, कानूनको प्रभावकारी कार्यान्वयन र अपराध नियन्त्रण मार्फत प्रत्येक नेपालीलाई सुख र खुशीको अनुभूति दिलाउने जिम्मेवारीका साथ गृह मन्त्रालय र अन्तर्गतको नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा मातहतका विभाग र कार्यालयहरूले कार्य गर्दै आएका छन्। यसका अतिरिक्त विपद पूर्व  तयारी, उद्धार, राहत र पुनर्लाभिका साथै प्राकृतिक तथा गैरप्राकृतिक विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारीरूपमा सम्पादन गर्दै आएको छ।

नेपाली नागरिकहरूको राष्ट्रिय पहिचानको प्रवर्द्धन गर्ने, आन्तरिक सुरक्षा व्यवस्थालाई मजबुत बनाई राष्ट्रिय एकता, सामाजिक सद्भाव, सहिष्णुता र सहकार्यको संस्कृतिलाई सुदृढ गर्दै समुन्नत एवम् आत्मनिर्भरता उन्मुख दिगो आर्थिक विकासका लागि शान्ति सुरक्षाको भरपर्दो वातावरण निर्माण गर्न गृह मन्त्रालय क्रियाशील रहँदै आएको छ। शान्ति सुरक्षा, सेवा प्रवाह, विकास कार्यमा सहजीकरण, विपद् व्यवस्थापन लगायतका कार्यसम्पादन गर्न ७७ जिल्लामा जिल्ला प्रशासन कार्यालय, ७७ वटा ईलाका प्रशासन कार्यालय र ७ वटा सीमा प्रशासन कार्यालय रहेका छन्।

### ५.१.२ नेपाल सरकारको नीति तथा कार्यक्रममा समेटिएका गृह मन्त्रालयसँग सम्बन्धित बुँदाहरू

१०७. जलवायु परिवर्तनका असर र प्रभावलाई सामना गर्न उत्थानशीलता वृद्धि गरिनेछ। जलवायु अनुकूलन तथा विपद् व्यवस्थापनका क्रियाकलापलाई एकीकृत गरी जोखिम न्यूनीकरण तथा रोकथाम गरिनेछ। बाढी पहिरो लगायतका जलवायुजन्य जोखिममा रहेका बस्ती तथा विस्थापित परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ। विपद् व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई बढाउँदै लगिनेछ।

१०८. सङ्घ, प्रदेश र स्थानीय तहबीच विपद् पूर्वतयारी, जोखिम आकलन, जोखिम पूर्वचेतावनी, विपद् प्रतिकार्यको तयारी तथा विपद् न्यूनीकरण र पुनर्लाभिका क्रियाकलापहरू समन्वयात्मक ढङ्गबाट सञ्चालन गर्न विद्यमान संरचनालाई थप चुस्त र सुदृढ बनाइनेछ। विपद् पश्चातको क्षतिपूर्ति, पुनर्भरण, राहत व्यवस्थापन र पुनर्निर्माणका लागि बीमा लगायत जोखिम हस्तान्तरणका सम्भाव्य उपायहरूको अवलम्बन गरिनेछ।

१०९. बहुतले भवनमा हुनसक्ने आगलागि, वन डढेलो लगायतका घटना नियन्त्रणका लागि उपयुक्त आधुनिक उपकरणको व्यवस्था गरिनेछ। विपद् प्रतिकार्यमा संलग्न निकायलाई अन्तर्राष्ट्रिय खोज तथा उद्धार सहयोगी समूहको मान्यता दिलाउन प्रक्रिया अगाडि बढाइनेछ।

११०. आगलागि, डढेलो, दुर्घटना आपराधिक र क्रियाकलापबाट सख्त घाइते भएकालाई शीघ्र उद्धार गरी उपचार गर्न एम्बुलेन्स, दमकल, सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मी एकीकृत रूपमा परिचालन हुनेगरी राष्ट्रिय एकीकृत आकस्मिक सेवा प्रणाली स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

१२३. मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह र समुदायको आर्थिक सामाजिक सशक्तीकरण गरिनेछ। सरोकारवाला निकाय तथा सङ्घसंस्थासँगको समन्वयमा निरोधात्मक संरक्षणात्मक र सचेतनामूलक कार्यक्रम सञ्चालन गरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गरिनेछ। पीडित तथा प्रभावितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनःस्थापना कार्यलाई प्रभावकारी बनाइनेछ। मानव सेवासँग सम्बद्ध सङ्घ-संस्थाहरूको सहकार्यमा संवत् २०८२ सम्म असहाय एवं अलपत्र अवस्थामा रहेका व्यक्तिहरूको उद्धार तथा पुनःस्थापना गरी सडक मानवमुक्त समाज निर्माण गरिनेछ।

१२४. गैरसरकारी संस्था दर्ता र नियमनसम्बन्धी नयाँ सङ्घीय कानून निर्माण गरिनेछ। गैरसरकारी सङ्घ संस्थालाई राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा परिचालन र व्यवस्थापन गर्दै यी संस्थाहरूको स्रोत आर्जन र सञ्चालनमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व वृद्धि गरिनेछ।

१५९. सबै वडा कार्यालयबाट अनलाइन व्यक्तिगत घटना दर्ता कार्यान्वयनमा ल्याउनुका साथै विदेशस्थित नेपाली कूटनीतिक नियोगबाट पनि व्यक्तिगत घटना दर्ता कार्य सुरु गरिनेछ। सामाजिक सुरक्षा भत्तालाई विद्युतीय प्रणालीमार्फत भुक्तानी गरिनेछ।

१६०. राहदानी, राष्ट्रिय परिचय पत्र र सवारी चालक अनुमति पत्र तथा वैदेशिक अध्ययनका क्रममा आवश्यक पर्ने नो अब्जेक्सन लेटर लगायतका सेवाहरू समयमै सहजताका साथ उपलब्ध गराइनेछ।

१६३. सुरक्षा निकायलाई समयानुकूल दक्ष, व्यावसायिक, आधुनिक र साधनस्रोत सम्पन्न तुल्याइनेछ। डिजिटल सुरक्षा प्रणालीको विकास र विस्तार गरी राष्ट्रिय सुरक्षा व्यवस्थालाई प्रभावकारी र विश्वसनीय बनाइनेछ।

१६४. राष्ट्रिय परिचयपत्र विवरण दर्ता तथा वितरणलाई अभियानको रूपमा सञ्चालन गरी स्थानीय तहबाटै वितरणको व्यवस्था मिलाइनेछ। एक वर्षभित्र सबै नेपालीलाई राष्ट्रिय परिचयपत्र वितरण गर्ने अभियान सञ्चालन गरिनेछ। नागरिकको व्यक्तिगत जैविक विवरण एकपटक मात्र लिने र त्यस्तो विवरणलाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आवद्ध गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ।

१६५. आगामी तीन वर्षभित्र जग्गाधनी प्रमाणपुर्जा, बैङ्क खाता, स्थायी लेखा नम्बर र सवारी चालक अनुमति पत्र जारी गर्दा अनिवार्य रूपमा राष्ट्रिय परिचय पत्र नम्बर उल्लेख गर्नुपर्ने व्यवस्था गरिनेछ।

१६६. नागरिकता सम्बन्धी समस्या समाधान गरिनेछ।

१६७. आतङ्कवाद तथा सङ्गठित अपराध, वित्तीय अपराध, मिटरव्याजी, हिंसा, साइबर अपराध, लागु औषधको अवैध ओसारपसार र कारोबार लगायत सबै प्रकारका अपराधजन्य गतिविधि नियन्त्रणमा आधुनिक प्रविधिको उपयोग गरी सुरक्षा निकायलाई सक्षम बनाइनेछ। डिजिटल फरेन्सिक ल्याबको सुदृढीकरण गरिनेछ। क्रिप्टो करेन्सी, हुण्डी, सङ्गठित अपराध, अन्तरदेशीय र अन्तर्राष्ट्रिय अपराध नियन्त्रणलाई प्रभावकारी बनाइनेछ। लागु पदार्थ सेवनविरुद्ध समुदायको अगुवाइमा देशैभरि अभियान सञ्चालन गरिनेछ।

१६८. आगामी पाँच वर्षभित्र कारागारमा कैदीबन्दीहरूको चाप नहुनेगरी निर्माण भएका कारागारहरूको सञ्चालन तथा नयाँ कारागारको निर्माण गरिनेछ। फौजदारी सजायमा प्रोबेसन तथा प्यारोल, सामुदायिक सेवा, खुला कारागारलगायतका सुधारात्मक व्यवस्थाहरू कार्यान्वयनमा ल्याइनेछ। कैदीबन्दीहरूको स्वास्थ्य उपचारका लागि स्वास्थ्य बीमा कार्यक्रम लागू गरिनेछ।

१६९. अन्तर्राष्ट्रिय सीमा सुरक्षालाई थप सबल, सुदृढ र प्रभावकारी बनाउन बोर्डर आउटपोष्टहरूको सुदृढीकरण र थप स्थानमा आउटपोष्ट निर्माण गर्दै लगिनेछ। सीमास्तम्भहरूको नियमित मर्मत सम्भार गरिनेछ। सीमा नाकाहरूमा सघन गस्ती परिचालन तथा चेकजाँच गरी अवैध व्यापारलाई नियन्त्रण गरिनेछ।

१७६. शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम दुई वर्षभित्र सम्पन्न गरिनेछ। जनयुद्ध तथा जनआन्दोलनका घाइते, बेपत्ता परिवार र अपाङ्गता भएकाहरूलाई जीवन निर्वाह भत्ता वितरण तथा द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, आर्थिक सहायता उपलब्ध गराइनुका साथै पुनःस्थापना र परिपूरणको कार्यलाई प्राथमिकता साथ अघि बढाइनेछ।

## ५.१.३ आ.व. २०७९/८० को बजेट वक्तव्यमा समेटिएका गृह मन्त्रालयसँग सम्बन्धित बजेट तथा कार्यक्रमहरू

नेपाल सरकारले तय गरेका नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न मन्त्रालय तथा मन्त्रालय सम्वद्ध निकायहरूको लागि आर्थिक वर्ष २०७९/८० मा कुल १ खर्ब ८५ अर्ब ३ करोड ४५ लाख (नेपाल सरकार रु. १ खर्ब ८० अर्ब ४६ करोड ७५ लाख, वैदेशिक ऋण रु. १ अर्ब २६ करोड २० लाख तथा वैदेशिक अनुदान रु. ३ अर्ब ३० करोड ५० लाख) विनियोजन भएको छ। त्यसै गरी बजेट वक्तव्यमा देहायका शीर्षकमा गृह मन्त्रालय र अन्तर्गतको बजेट तथा कार्यक्रमहरू समेटिएको छ।

## (क) बजेट वक्तव्यमा समेटिएका विषयहरूको बुँदागत बिवरण

### *(अ) कृषि क्षेत्रको रुपान्तरण*

१०५. औषधिजन्य प्रयोगको लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गरिनेछ।

### *(आ) सामाजिक सुरक्षा र संरक्षणतर्फ*

२८६. चालु आर्थिक वर्षबाट ६८ वर्ष उमेर पुगेका जेष्ठ नागरिकलाई प्रदान गरिदै आएको मासिक ४ हजार रुपैयाँ भत्तालाई निरन्तरता दिएको छु। ६० वर्ष पूरा भएका दलित, एकल महिला, विपन्न, सीमान्तकृत वर्ग र समुदाय तथा बालवालिकालाई दिइदै आएको सामाजिक सुरक्षा भत्ताका लागि रकम विनियोजन गरेको छु। छात्रवृति, स्वास्थ्योपचार, स्वास्थ्य बीमा लगायतका क्षेत्रमा प्रदान गरिएको सामाजिक सुरक्षाका कार्यक्रमलाई निरन्तरता दिएको छु। ज्येष्ठ नागरिक भत्ता लगायत सामाजिक सुरक्षाका कार्यक्रमका लागि रु. १ खर्ब ५७ अर्ब ७३ करोड विनियोजन गरेको छु।

२८७. सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालनका लागि दिगो स्रोत व्यवस्थापनको नीति लिइनेछ। हाल सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमलाई एकत्रित गरी दोहोरोपन हटाइने र लक्षित वर्गमा केन्द्रित गरी थप प्रभावकारी बनाउँदै लगिनेछ। स्रोतको विस्तारसँगै सामाजिक सुरक्षाको सुविधा र दायरा विस्तार गर्दै लगिनेछ।

२८८. शहीदका परिवार एवं घाइतेलाई जीवन निर्वाह भत्ता र जन आन्दोलनका शहीदका सन्ततिलाई छात्रवृत्ति कार्यलाई निरन्तरता दिएको छु।

२८९. व्यक्तिगत घटना दर्तालाई वडास्तरबाटै विद्युतीय प्रणाली मार्फत पञ्जीकरण हुने व्यवस्था मिलाइनेछ। सामाजिक सुरक्षा सूचना प्रणालीलाई विद्युतीय सरकारी लेखा प्रणाली र एकल खाता कोष प्रणालीमा आबद्ध गरी सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको बैङ्क खातामा जाने व्यवस्था गरिनेछ।

### *(इ) जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन*

३८३. विपद्को समयमा तत्काल उद्धार गर्न नेपाली सेना र सशस्त्र प्रहरी बलको क्षमता विकास गरिनेछ। विपद् पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्न स्थानीयस्तरमा स्वयंसेवक व्युरो गठन गरी परिचालन गरिनेछ। विपद् प्रतिकार्यमा संलग्न निकायलाई अन्तर्राष्ट्रिय खोज तथा उद्धार सहयोगी समुहको मान्यता प्राप्त गर्न सहजीकरण गरिनेछ।

३८४. विपद् जोखिम न्यूनीकरण गर्न बहुप्रकोपीय पूर्वचेतावनी राष्ट्रिय प्रणाली स्थापना तथा बहुप्रकोपीय जोखिम आँकलन गर्ने प्रणाली स्थापना गरिनेछ। सूचना प्रविधिको उपयोग गरी विपद् जोखिम न्यूनीकरण गर्न पूर्वसूचना प्रणाली सञ्चालन गरिनेछ।

३८५. बाढी पहिरोजस्ता प्राकृतिक प्रकोपबाट जोखिममा रहेका बस्तीको पहिचान गरी विस्थापित भएका परिवारहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ।

### *(ई) शान्ति सुरक्षा तथा सीमा प्रसाशन*

३९४. शान्ति सुव्यवस्था कायम गर्न तथा अपराध अनुसन्धान प्रणालीलाई विश्वसनीय र भरपर्दो बनाउन सबै सुरक्षा निकायहरूलाई समयानुकूल, व्यावसायिक, दक्ष, आधुनिक र साधन स्रोत सम्पन्न बनाउँदै लगिनेछ।

३९५. संगठित अपराध, वित्तीय अपराध, आत्महत्या, हिंसा, साइवर अपराध र लागु औषधको अवैध ओसारपसार लगायत सबै प्रकारका अपराधजन्य गतिविधि नियन्त्रणमा नविनतम प्रविधिको उपयोग गरिनेछ। डिजिटल फोरेन्सिक ल्यावलाई स्तरोन्नति गरी अन्तर्राष्ट्रियस्तरको बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु।

३९६. संघीय शासन प्रणाली अनूरुप संघ र प्रदेशमा प्रहरी समायोजन कार्य अगाडि बढाइनेछ।

३९७. सार्वजनिक स्थलमा हुने महिला हिंसा लगायतका सामाजिक अपराध नियन्त्रण गर्न विशेष सुरक्षा संयन्त्र परिचालन गरिनेछ।

३९८. नवीनतम् र आधुनिक प्रविधिको प्रयोग गरी अध्यागमन सेवालाई सरल, सहज र प्रभावकारी बनाइनेछ। अध्यागमनमा ई-गेटको सम्भाव्यता अध्ययन गरी प्रक्रिया अघि बढाइनेछ।

३९९. केन्द्रीय कारागार नुवाकोटको तेस्रो चरणको पूर्वाधार निर्माण कार्य प्रारम्भ गरिनेछ। क्षेत्रीय कारागार नौवस्ता बाँकेको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। मोरङ, पाँचथर लगायत थप आठ वटा कारागार भवनहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ। पुराना कारागार भवनहरूको मर्मत सम्भार गरिनेछ। कारागार भवनको निर्माण तथा मर्मत सम्भारका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४४१. राष्ट्रिय परिचय पत्र, राहदानी, सवारी चालक अनुमति पत्र लगायतका सेवा सहज रूपमा उपलब्ध गराउन आवश्यकतानुसार दुई शिफ्टमा सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। राष्ट्रिय परिचय पत्र, राहदानी, सवारी चालक अनुमति पत्र, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा र अध्यागमन लगायतका सेवा प्रवाहकालागि सञ्चालित विद्युतीय प्रणालीहरूवीच अन्तरआवद्धता कायम गरी सेवा प्रवाहलाई सरल, सहज र प्रविधिमैत्री बनाइनेछ। विभिन्न सरकारी सेवाहरूको सूचना प्रणालीलाई नागरिक एपसँग आबद्ध गरिनेछ।

## ५.१.४ शीर्षकगत बजेट तथा कार्यक्रम विवरण

तालिका ५.१.४.१: शीर्षकगत बजेट तथा कार्यक्रम विवरण

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४०००११ | गृह मन्त्रालय | ३७८० | ३६२२ | ७४०२ | शान्ति सुरक्षा र अपराध नियन्त्रण, विभूषण (५ करोड ९९ लाख ), भवन निर्माण (३० करोड), DC, DR लगायतका सूचना प्रविधि पुर्वाधार स्तरोन्नतिका लागि आवश्यक उपकरण खरिद, महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ (१३२५, १८२०) राष्ट्रिय दोश्रो कार्ययोजना कार्यान्वयन, केन्द्रिय हज कमिटि (१ करोड ५० लाख), न्यायिक क्षमता अभिवृद्धि, प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादन मुल्याङ्कन प्रणाली तथा बजेट तथा योजना प्रणाली सुधार समेतका कार्यक्रमहरू, विपद जोखिम न्यूनीकरण समेतका कार्यक्रमहरू सञ्चालन गरिने। |
| ३१४००१०१ | राहत तथा पुर्नस्थापना कार्यक्रम | १७६५ | ० | १७६५ | जनयुद्ध तथा जनआन्दोलनका घाइते, बेपत्ता परिवार र अपाङ्गता भएकाहरूलाई जीवन निर्वाह भत्ता वितरण गर्ने तथा द्वन्द्वपीडित परिवारलाई क्षतिपूर्ति, आर्थिक सहायता उपलब्ध गराउनुका साथै पुनःस्थापना र परिपूरणको कार्य गर्ने। |
| ३१४००१०२ | लागू औषध नियन्त्रण कार्यक्रम | ६६ | १० | ७६ | सबै प्रदेशमा प्रदेश सरकार एवं निजी संघसंस्थाको साझेदारीमा आधारित सेन्टर अफ एक्सेलेन्सको रूपमा प्रदेशस्तरीय नमूना उपचार तथा पुनर्थापना केन्द्र स्थापना/विकास/सञ्चालन, गाँजाको औषधीजन्य प्रयोजनका लागि अनुसन्धान गर्न सरकारी निकाय वा विश्वविद्यालयलाई अनुदान, लागु औषध प्रयोगकर्ता सर्वेक्षण लगायतका कार्यक्रमहरू सञ्चालन गरिने। |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४००१०३ | राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण | १६०५ | २७५ | १८८० | सबै जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्र (DEOC) हरुको लागि communication र emergency management को Hardware खरिद, विपद्संग सम्वन्धित खोज तथा उद्दार सामग्री खरिद गर्न ९० लाख, Audio Emergency Notification System (Early Warning System) को लागि १ करोड १५ लाख, Real Time Municipal Dashboard (Early Warning System), राष्ट्रिय विपद् व्यवस्थापन परिचालन केन्द्र डिजाइन (Decision Theater ) तयार गर्ने र सार्वजनिक भवन तथा नीजि प्रतिष्ठानहरूमा Emergency Fire exit स्थापना गर्नको लागि ५० लाख, विपद् जोखिमयुक्त गाँउ/समुदायहरूमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी सूचना तथा जनचेतना प्रणालीहरूको व्यवस्था, नेपालका विभिन्न आयोजनाहरूमा प्रयोग गरिएका बायो-इन्जिनियरीङ्ग प्रविधिहरू, सामग्रीहरूको इन्भेन्ट्रि तथा मूल्यांकन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा यसको उच्चतम प्रयोग तथा स्तरोन्नोतिका लागि रोडम्याम तयार गर्ने, स्थानीय तहहरूको स्थानीय विपद् उत्थानशील कार्यढाचा (LDRF) तयार गर्न तथा विपद् विषयमा नियमित नेपाल टेलिभिजनमा कार्यक्रम(सुरक्षित नेपाल) का लागि १ करोड ७० लाख, सबै प्रदेशमा आगलागिजन्य विपद् जोखिम न्यूनीकरण सम्बन्धी भ्यालिडिटेशन गर्नको लागि १ करोड ५ लाख विनियोजन गरिएको। |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४०१०११ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ८५४४ | ४६१५ | १३१५९ | राष्ट्रिय परिचय पत्र विवरण दर्ता तथा वितरणलाई अभियानको रूपमा सन्चालन गरी स्थानीय तहबाट वितरणको व्यवस्था गर्ने। राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको निरन्तरता, स्तरोन्नति तथा क्षमता विस्तार, नागरिकको विवरण अध्यावधिक प्रणाली विकास तथा संचालन, राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको समग्र मर्मत सम्भार र संचालन (Maintenance and Support Service) का लागि २२ करोड २० लाख, राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली Authentication Platform निर्माण ५ करोड, राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणाली (NID MIS) लाई नागरिकता व्यवस्थापन सूचना प्रणाली (CIMS), व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन प्रणाली (VERSP-MIS) र अध्यागमन व्यवस्थापन प्रणाली (Nepali Port ) सँग आवद्व गर्ने लगायतका कार्यक्रमहरू सन्चालन गर्न १ अर्ब १६ करोड विनियोजन।<br>व्यक्तिगत घटना दर्तालाई वडास्तरबाटै विद्युतीय प्रणाली मार्फत पञ्जीकरण हुने व्यवस्था गर्ने, सामाजिक सुरक्षा सूचना प्रणालीलाई विद्युतीय सरकारी लेखा प्रणाली र एकल खाता कोष प्रणालीमा आबद्ध गरी सामाजिक सुरक्षा भत्ता सोझै लाभग्राहीको बैङ्क खातामा जाने व्यवस्था गर्ने। |
| ३१४०१०१२ | सामाजिक सुरक्षा तथा संरक्षण | १०९७१०० | ० | १०९७१०० | जेष्ठ नागरिक, एकल महिला, अशक्तता, बालबालिका, दलित लगायतको सामाजिक सुरक्षा भत्ता वितरणको कार्यक्रम सन्चालन गर्ने। हाल संचालित सामाजिक सुरक्षाको कार्यक्रमलाई लक्षित वर्गमा केन्द्रित गरी थप प्रभावकारी बनाउने। |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४०२०११ | कारागार व्यवस्थापन विभाग | १४५३ | ५८३३ | ७२८६ | शहरी विकास तथा भवन निर्माण विभाग, काठमाडौंबाट कार्यान्वयन हुने गरी कारागार व्यवस्थापन विभागका कार्यक्रम अन्तर्गत कारागार भवन कार्यान्वयन कार्य (नुवाकोटको तेश्रो चरणको निर्माण प्रारम्भ, नौबस्ता बाँकिको निर्माण सम्पन्न गरी सन्चालन तथा मोरङ्ग, पाँचथर, सुर्खेत, बझांग, मुगु, हुम्ला, जाजरकोट लगायतका कारागार भवन निर्माण कार्यलाई निरन्तरता) लगायतका क्रियाकलापहरू। |
| ३१४०२०१२ | कारागार कार्यालयहरू | २११३४ | १६५१ | २२७८५ | कैदीबन्दीहरुलाई सुरक्षित राख्न आवश्यक सेवा सुविधाको वृद्धि गरी न्युनतम मानव अधिकारको संरक्षण गर्ने। कारागारहरु सुधार गृहको रुपमा परिणत गर्ने। |
| ३१४०३०११ | अध्यागमन विभाग | ८७८ | १५३२ | २४१० | अध्यागमन सेवालाई प्रविधिमैत्री तथा थप प्रभावकारी बनाउने। Near Line Data Centre स्थापना लगायतका कार्यक्रम सञ्चालन गर्ने। |
| ३१४०३०१२ | अध्यागमन कार्यालयहरू | २२१८ | ३० | २२४८ | बायोमेट्रिक सहितको नेपाली पोर्ट सबै अध्यागमन कार्यालयहरुमा लागू गर्ने। |
| ३१४०४०११ | प्रहरी प्रधान कार्यालय | ४८५०१ | १२२४४ | ६०७४५ | नेपाल प्रहरी प्रधान कार्यालय र अन्तर्गतका निकायहरुको लागि कुल रु. ५० अर्ब ९५ करोड ५२ लाख रकम विनियोजन भएको छ। उक्त विनियोजनमा नेपाल प्रहरीको तलब भत्ता (रु. ३१ अर्ब ६१ करोड ७१ लाख), पोशाक (रु. |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४०१०१२ | उपत्यका प्रहरी कार्यालय | ६१८६१ | ४५५१ | ६६४१२ | १ अर्ब ६१ करोड ८२ लाख), खाद्यान्न (रु. ५ अर्ब ५६ करोड ३३ लाख), महगीं भत्ता (रु. १ अर्ब ८७ करोड ७३ लाख), गैर आवासीय भवन निर्माण (रु. १ अर्ब ३२ करोड २३ लाख नेपाल सरकार), राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, पनौती (रु. १ अर्ब ६२ करोड २६ लाख भारत सरकार अनुदान), मेशीनरी औजार (रु. १ अर्ब १ करोड ३८ लाख), सूचना प्रणाली तथा सफ्टवेयर (रु. २१ करोड २४ लाख), समेतका शीर्षकहरुमा विनियोजन भएको छ। शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा अनुसन्धान, साइबर सुरक्षा, पूर्वाधार निर्माण, हातहतियार तथा उपकरणहरु खरिद, प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि समेतका क्रियाकलापमा उल्लिखित शीर्षकमा विनियोजन भएको रकम खर्च हुने। |
| ३१४०१०१३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ७२५४ | १८४९५ | २५७४९ | |
| ३१४०१०१४ | प्रदेश प्रहरी कार्यालयहरू | ७०७६६ | २५८१ | ७३३४७ | |
| ३१४०१०१५ | नेपाल प्रहरी अस्पताल | ७६२१ | ३४४१ | ११०६२ | |
| ३१४०१०१६ | जिल्ला प्रहरी कार्यालयहरू | २६२३६४ | ९१०९ | २७१४७३ | |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४०४१०३ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ९२ | ६७२ | ७६४ | |
| ३१४०५०११ | सशस्त्र प्रहरी बल | १९९५३ | ५७८४ | २५७३७ | उक्त बिनियोजनबाट सशस्त्र प्रहरी बल नेपालको तलव भत्ता, पोशाक, खाधान्न, भवन निर्माण समेतका कार्यमा स्रोत परिचालन हुनेछ। १७ वटा बि.ओ.पि.लगायत ३९ वटा भवन निर्माणको लागि रु.८० करोड ९४ लाख बिनियोजन भएको, बि.ओ.पि.को जग्गा खरिदको लागि रु २२ करोड बिनियोजन भएको।साथै, सशस्त्र प्रहरी बल नेपालका स्थापना भएका तथा स्थापना हुने बि.ओ.पि.हरुमा Digital Border Surveillance Central Monitoring & Storage System जडान गर्न तथा सोको लागि क्षमता अभिबृद्धी गर्न रु २४ करोड ४५ लाख ५७ हजार बिनियोजन भएको छ। सीमा पिल्लर मर्मत संभार तथा पुननिर्माणको लागि बजेट बिनियोजन भएको। शान्ति सुरक्षा र सीमा व्यवस्थापन, विपद व्यवस्थापन, हातहतियार तथा उपकरण खरिद, सशस्त्र प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि क्रियाकलाप। |
| ३१४०५०१३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १८३४४९ | ११५३४ | १९४९८३ | |
| ३१४०५०१४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १५८३४ | ९६६ | १६८०० | |
| ३१४०५०१५ | नेपाल ए.पी.एफ अस्पताल | ३९३४ | १०१५ | ४९४९ | |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४०३०११ | प्रहरी किताबखाना | २७८ | १९ | २९७ | सम्पत्ति विवरण फारामको व्यवस्थापन गर्ने, PPIS software को अद्यावधिक गर्ने,महत्वपुर्ण अभिलेखको Digitization गर्ने, अभिलेखको सुरक्षा तथा संरक्षण गर्ने, सरोकारवाला निकायहरुसँग निरन्तर समन्वय र सहकार्य गर्ने। |
| ३१४०७०११ | कसुरजन्य सम्पति व्यवस्थापन बिभाग | ३१८ | ४१ | ३५९ | कसुरजन्य सम्पतिको व्यवस्थापन गर्ने, केन्द्रिय अभिलेखन प्रणालीलाई व्यवस्थित गर्न सफ्टवेयरको विकास तथा सञ्चालन गर्ने, सफ्टवेयर सञ्चालनका लागि केन्द्रिय तथा प्रदेशस्तरमा क्रमशः तालिम कार्यक्रम सञ्चालन गर्ने लगायतका क्रियाकलापहरू। |
| ३१४९१०११ | समरजंग कम्पनी कार्यालय | १५५ | १ | १५६ | अतिविशिष्ट पदाधिकारीहरूको भ्रमणमा तोकिएको कार्य गर्ने। |
| ३१४९२०११ | जिल्ला प्रशासन कार्यालयहरू | १६२२५ | ३४०६ | १९६३१ | जिल्ला/ इलाका/ सीमा प्रशासन कार्यालयहरुको भौतिक एवम् प्राविधिक क्षमता सुदृढ गरी  शान्ति, सुरक्षा व्यवस्था र सेवा प्रवाह थप प्रभावकारी गर्ने। |
| ३१४९२०१३ | इलाका प्रशासन कार्यालयहरू | ४५११ | २०८३ | ६५९४ | जिल्ला/ इलाका/ सीमा प्रशासन कार्यालयहरुको भौतिक एवम् प्राविधिक क्षमता सुदृढ गरी  शान्ति, सुरक्षा व्यवस्था र सेवा प्रवाह थप प्रभावकारी गर्ने। |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | |
| ३१४९२०१२ | सीमा प्रशासन कार्यालयहरू | ३१७ | ११ | ३२८ | जिल्ला/ इलाका/ सीमा प्रशासन कार्यालयहरुको भौतिक एवम् प्राविधिक क्षमता सुदृढ गरी शान्ति, सुरक्षा व्यवस्था र सेवा प्रवाह थप प्रभावकारी गर्ने। |
| ३१४९३०११ | जुद्ध वारुण यन्त्र कार्यालय | १७७ | २ | | आगलागि भएको स्थानमा यथासक्य चाँडो पुगि अग्नि नियन्त्रण गरी क्षति न्युनिकरण गर्ने, उपत्यका भित्र तथा बाहिर अग्नि नियन्त्रण प्रतिकार्य सम्बन्धि तालिम प्रदान गर्ने लगायतका क्रियाकलापहरू। |
| कुल | | १८४२१५३ | ९३५२३ | १९३५६७६ | |

तालिका ५.१.४.२: बजेट सारांश (रकम रु. लाखमा)

| क्र.सं. | ब.शि.नं. | निकाय | कुल बिनियोजन | चालु | पुँजीगत | वितिय व्यवस्था | नेपाल सरकार | वैदेशिक ऋण | अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ३१४ | गृह मन्त्रालय | १९३५६७६ | १८४२१५३ | ९३५२३ | ० | १९१६२७१ | ३१७९ | १६२२६ |

तालिका ५.१.४.३: वैदेशिक ऋण तथा अनुदानको बिनियोजनः

| क्र.सं. | निकाय | स्रोत | कार्यक्रम | रकम रु. लाखमा |
|---|---|---|---|---|
| १. | राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण बिभाग | बिश्व बैंक (सोधभर्ना हुने ऋण) | घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढीकरण आयोजना | ३१७९ |
| २. | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | भारत सरकार (नगद अनुदान) | • राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान भवन निर्माण | १६२२६ |

## ५.२ नतिजासूचक र समयवद्ध क्रियाकलापहरू (Milestones)

### ५.२.१ रुपान्तरणकारी तथा प्राथमिकता प्राप्त कार्यक्रम (P1) को प्रगति अवस्था

### ५.२.२ पन्ध्रौं योजनाको नतिजासूचकमा भएको प्रगति

पन्ध्रौं योजनामा उल्लिखित गृह मन्त्रालय सम्बद्ध १९ वटा नतिजा सूचकहरूमा भएको प्रगतितालिका नं. ५.२.२.१ मा प्रस्तुत गरिएको छ। ती मध्ये क्र.सं. ४ को प्रगतिको अवस्था उपलब्ध हुन सकेको छैन भने क्र.सं. ७, ९ र १३ को प्रगति सन्तोषजनक देखिएको छ। अन्य नतिजा सूचकहरूको प्रगतिको अवस्था कमजोर देखिएको छ।

**तालिका ५.२.२.१: पन्ध्रौं योजनाका नतिजासूचकको प्रगति अवस्था**

| सूचक | एकाई | २०७८/७९ सम्मको उपलब्धि | २०७९/८० को लक्ष्य | २०७९/८० को उपलब्धि |
|---|---|---|---|---|
| आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १२.०३ | ५४ | ३८.०५ |
| दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धान प्रतिशत | प्रतिशत | ६८.७८ | ९५ | ८३ |
| प्रहरी सेवामा नागरिकको सहज पहुँच | अनुपात (जनता र प्रहरी बीचको) | १:३८४ | १.२८० | १.३६७ |
| उपत्यकाका प्रवेश नाका र सिंहदरबार प्रवेशद्वारमा भेहिकल स्क्यानर जडान | संख्या | ० | २ | ० |
| सडक दुर्घटनाबाट मृत्यु भएका व्यक्ति | संख्या | २८८३ | १३०० | २३६९ |
| सडक दुर्घटनाबाट घाइते भएका व्यक्ति | संख्या | ३३००४ | १३००० | ३०२२६ |
| दक्षिणी सीमा सुरक्षा निगरानी कभरेज | प्रति इकाइ दूरी किमि | ८.५४ | ७ | ७.७४ |
| लागू औषध दुर्व्यसन दर घटाउने | प्रतिशत | | ४.५ | ५ |
| लागु औषध निषेध तथा मदिरा बिक्री वितरण व्यवस्थित गर्न रोकथाममूलक कार्यक्रम लागू भएका स्थानीय तह | संख्या | २०० | ७५३ | २०० |
| विपद्का घटनाबाट प्रभावित परिवार संख्या | परिवार संख्या | ५९८८ | ३८०० | १०३८० |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्ति | संख्या | २२९० | ३००० | २८१० |
| विपद्का घटनाबाट मृत्यु हुने जनसंख्या | प्रति लाख | १.६९ | १ | १.७१ |
| राष्ट्रिय परिचयपत्र लागू हुने जिल्ला | संख्या | ७७ | ७७ | ७७ |
| राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | १.७ | ५० | १.७३ |
| पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७७.२ | ९० | ७४ |

| सूचक | एकाई | २०७८/७९ सम्मको उपलब्धि | २०७९/८० को लक्ष्य | २०७९/८० को उपलब्धि |
|---|---|---|---|---|
| नेपाल प्रवेश गर्ने र बाहिरिने विदेशीको जैविक सूचना सहितको अध्यागमन प्रणाली स्थापना भई लागू भएका अध्यागमन कार्यालय | पोर्ट संख्या | ९ | ७ | १५ |
| न्यूनतम मानवोचित सुविधा सहितको कारागारको भौतिक पूर्वाधार क्षमता वृद्धि | सुविधाप्राप्त कैदी बन्दी प्रतिशत | ६०.८ | ८७ | - |
| सीपमूलक/रोजगारमूलक तालिम प्राप्त कैदी बन्दी | वृद्धि (प्रतिशत) | १० | २० | १० |
| बायोमेट्रिक सहितको अपराध तथा अपराधी अभिलेख प्रणाली स्थापना | जिल्ला | ४८ | ७७ | ७९ स्थान |

***स्रोतः गृह मन्त्रालय/राष्ट्रिय योजना आयोग***

### ५.२.३ आ.व. २०७९/०८० को लागि तोकिएका माइलस्टोनको प्रगति अवस्था

विगतको पाठ र अनुभव, वर्तमान नीति तथा कार्यक्रम, विद्यमान कार्यसञ्चालन व्यवस्था, समस्या र सवालहरूलाई दृष्टिगत गरी आ.व. २०७९/०८० का क्रियाकलाप र माइलस्टोनहरूको विवरण तयार गरिएको थियो। जस अनुसार नेपाल सरकारको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न गृह मन्त्रालय र अन्तर्गतका निकायहरूको लागि कार्ययोजना तयार गरिएकोमा कार्ययोजनामा ७७ वटा क्रियाकलापहरू र २०७ वटा माइलस्टोनहरू समावेश छन्।

माइलस्टोन कार्यान्वयनको अवस्थाः समीक्षा अवधिमा जम्मा २०७ वटा माइलस्टोनहरू मध्ये १४३ वटा सम्पन्न भएका अवस्था छ। यस आ.व. को समीक्षा अवधिमा तोकिएका माइलस्टोनहरू मध्ये मन्त्रालयले ६९.१ % प्रगति गरेको देखिन्छ। रुपान्तरणकारी आयोजनाको रूपमा रहेको राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम तर्फ वार्षिक लक्ष्यमा प्रगति ८५.४८% रहेको छ। VERSP-MIS सँग अन्य सार्वजनिक सेवा प्रदायकको प्रणालीलाई आवद्धता गर्ने लक्ष्य बमोजिम कार्य सम्पन्न भएको छ जसअनुसार स्वास्थ्य मन्त्रालयको BRMIS र DRMIS, कन्सुलर कार्यालय, अध्यागमन कार्यालय - त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, राष्ट्रिय तथ्याकं कार्यालय, CIMS - नागरिकता सूचना व्यवस्थापन प्रणाली, राष्ट्रिय किताबखाना - निजामती लगायतका निकायको प्रणालीलाई VERSP-MIS सँग आवद्धता गरिएको छ | त्यसै गरी सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने लक्ष्य रहेकोमा ७५३ वटै स्थानीय तहका सबै लाभग्राहीले बैंकिङ्ग प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन्।

### ५.२.४ आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वयन कार्ययोजना (माइलस्टोन)

आ.व. २०८०/०८१ को वार्षिक बजेटको प्रभावकारी कार्यान्वयन गर्न गृह मन्त्रालयका लागि २०७ **वटा माइलस्टोन** तोकिएका छन। क्रियाकलापहरू तर्फ ७६ वटा रहेका छन भने कार्यसम्पादन सूचक तर्फ (KPI) १५ वटा सूचक निर्धारण गरिएका छन।

# तालिका ५.२.४.१: आर्थिक वर्ष २०७९/०८० को बजेट कार्यान्वयन कार्ययोजना (माइलस्टोन)

| | नीति तथा कार्यक्रम (१) | बजेट वक्तव्य (२) | मुख्य क्रियाकलाप (३) | LMBIS नम्बर (४) | बजेट (रु. लाखमा) (५) | इकाई (६) | बेस लाईन (७) | लक्ष्य (८) | क्रियाकलाप सँग सम्बन्धित आयोजना को नाम | माइल्स्टोन (१०) | इकाई (११) | बेस लाईन (१२) | माइल्स्टोनको प्रकार (१३) | | आर्थिक वर्ष २०८०/८१ को कार्यान्वयन समयसारिणी | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | पहिलो त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक | | | चौथो त्रैमासिक | | | | |
| | | | | | | | | | | | | | | | ४ (१४) | ५ (१५) | ६ (१६) | ७ (१७) | ८ (१८) | ९ (१९) | १० (२०) | ११ (२१) | १२ (२२) | १ (२३) | (२४) | ३ (२५) | कार्यान्वयन गर्ने | सहयोगी निकाय |
| आन्तरिक प्रशासन, सवारी तथा समारोह शाखा र सूचना प्रविधि शाखा | 11 | 48 | क्रियाकलाप 1.मन्त्रालयका सवारी साधनहरुमा GPS Tracking System लागु गर्ने। | | 5 | पटक | 0 | 1 | 0 | माइल्स्टोन 1. खरिद प्रक्रिया तथा सूचना प्रकाशन गर्ने। | पटक | 0 | (सूचना प्रकाशन) | | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. खरिद सम्झौता | पटक | 0 | (लागत अनुमान) | | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 3. उपकरणहरु प्राप्त तथा Install भई सञ्चालन आएको | पटक | 0 | (Hardware, Devices Setup, Installation) | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| सूचना प्रविधि शाखा | 95 | 55 | क्रियाकलाप 1.Data Centre, Disaster Recovery Centre पूर्वाधार स्तरोन्नतिका लागि आवश्यक उपकरण खरिद गर्ने। | | 200 | वटा | 0 | आवश्यक उपकरण हरुको खरिद भई जडान भएको हुने | 0 | माइल्स्टोन 1. बोलपत्र प्रकाशन | पटक | 0 | (बोलपत्र/ठेक्का आव्हान) | | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. बोलपत्र मूल्याङ्कन र खरिद सम्झौता | पटक | 0 | खरिद प्रक्रियासँग सम्बन्धित विषय (खरिद सम्झौता) | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 3. उपकरणहरु प्राप्त, Install र संचालन | पटक | 0 | IT सँग सम्बन्धित विषय (System निर्माण) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| सूचना प्रविधि शाखा | 95 | 55 | क्रियाकलाप 2.VPN Router for MoHA Intranet जडान गर्ने। | | 50 | वटा | 0 | VPN router मन्त्रालयमा प्राप्त भएको हुने | 0 | माइल्स्टोन 1. बोलपत्र प्रकाशन गर्ने। | पटक | 0 | खरिद प्रक्रियासँग सम्बन्धित विषय (बोलपत्र/ठेक्का आव्हान) | | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. बोलपत्र मूल्याङ्कन र खरिद सम्झौता | पटक | 0 | (खरिद सम्झौता) | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 3. उपकरणहरु प्राप्त तथा प्रयोग | पटक | 0 | (Hardware, Devices Setup, Installation) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 4. ToR तथा लागत अनुमान तयार | पटक | 0 | (लागत अनुमान) | | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | 107 | 380 | क्रियाकलाप 1.विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्वन्धी रणनीतिक कार्ययोजना प्रकाशन तथा स्थानीयकरण गर्ने | | 10 | पटक | 0 | 1 | 0 | माइल्स्टोन 1. रणनीतिक कार्ययोजना प्रकाशन। | पटक | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. कार्ययोजना स्थानीयकरणको लागि अभिमुखिकरण। | पटक | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 2 | 0 | 3 | 0 | 0 | राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | 0 |
| | 107 | 0 | क्रियाकलाप 1.स्थानीय तहहरुको स्थानीय विपद् उत्थानशील कार्यढाचा (स्थानीय विपद् उत्थानशील योजना सहित)(LDRF) तयार गर्ने । | | 80 | वटा | 33 | 37 | 0 | माइल्स्टोन 1. बोलपत्र आव्हान गर्ने। | वटा | 33 | (बोलपत्र/ठेक्का आव्हान) | | 0 | 0 | 0 | 37 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. स्थानीय विपद् उत्थानशील कार्यढाँचा तयार हुने | वटा | 33 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 37 | 0 | राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | 0 |

नेपाल सरकार गृह मन्त्रालय

दिनेश भट्टराई
सचिव

| शाखा | नीति तथा कार्यक्रम (१) | बजेट वक्तव्य (२) | मुख्य क्रियाकलाप (३) | LMBIS नम्बर (४) | बजेट (रु. लाखमा) (५) | इकाई (६) | बेस लाईन (७) | लक्ष्य (८) | क्रियाकलाप सँग सम्बन्धित आयोजना को नाम | माइल्सटोन (१०) | इकाई (११) | बेस लाईन (१२) | माइल्सटोनको प्रकार (१३) | | आर्थिक वर्ष २०८०/८१ को कार्यान्वयन समयसारिणी | | | | | | | | | | | | कार्यान्वयन गर | सहयोगी निका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | पहिलो त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक | | | चौथो त्रैमासिक | | | | |
| | | | | | | | | | | | | | | | ४ (१४) | ५ (१५) | ६ (१६) | ७ (१७) | ८ (१८) | ९ (१९) | १० (२०) | ११ (२१) | १२ (२२) | १ (२३) | २ (२४) | ३ (२५) | | |
| | | | | | | | | | | माइल्स्टोन 3. खरिद सम्झौता सम्पन्न गर्ने। | पटक | 0 | (खरिद सम्झौता) | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | 0 |
| | 108 | 379 | क्रियाकलाप 1.नेपालका विभिन्न आयोजनाहरु, स्थानीय निकाय आयोजनाहरूमा प्रयोग गरिएका वायो-इन्जिनियरीङ्ग प्रविधिहरु, प्रयोगमा ल्याइएका सामग्रीहरूको इन्भेन्ट्रि तथा मूल्यांकन गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा बायो-इन्जिनियरिङ्गको उच्चतम प्रयोग तथा स्तरोन्नोतिका लागि रोडम्याप तयार गर्ने । | | 40 | वटा | 0 | 1 | 0 | माइल्स्टोन 1. बोलपत्र आव्हान गर्ने | वटा | 0 | (बोलपत्र/ठेक्का आव्हान) | | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. रोडम्याप तयार हुने | वटा | 0 | () | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | 0 |
| | | | | | | | | | | माइल्स्टोन 3. खरिद सम्झौता गर्ने | पटक | 0 | (खरिद सम्झौता) | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | 0 |
| विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा | 108 | 379 | क्रियाकलाप 2.विपद् उत्थानसिल शासन, विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा विभिन्न निकायको भूमिका तथा जिम्मेवारी एवं अन्य विषयमा नीतिगत मापदण्ड तयारी गर्ने। | | 5 | वटा | 0 | 1 | 0 | माइल्स्टोन 1. प्रारम्भिक मस्यौदा तयारी गर्ने । | संख्या | 0 | कानूनी तयारी (मापदण्ड) | | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. अन्तिम मस्यौदा तयारी गर्ने | संख्या | 0 | (मपदण्ड) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 3. मस्यौदा स्वीकृतिका लागि पेश गर्ने । | संख्या | 0 | कानूनी तयारी (मापदण्ड) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा | 108 | 379 | क्रियाकलाप 9.Nepal Disaster Report तयारी तथा प्रकाशन | | 5 | संख्या | 0 | 1 | 0 | माइल्स्टोन 1. प्रतिवेदनका लागि विवरण संकलन शुरु गर्ने । | संख्या | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. प्रारम्भिक प्रतिवेदन तयारी गर्ने । | संख्या | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 3. प्रतिवेदन प्रकाशन गर्ने। | संख्या | 0 | (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा | 108 | 379 | क्रियाकलाप 16.विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्य योजना (2018-2030) को कार्यान्वयन सम्बन्धी अन्तक्रिया, सचेतना कार्यक्रम गर्ने। | | 5 | संख्या | 0 | 4 | 0 | माइल्स्टोन 1. अन्तक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने। | संख्या | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 1 | 0 | 0 | 2 | 0 | 3 | 4 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| विपद् पूर्व तयारी तथा प्रतिकार्य शाखा | 108 | 383 | 1.आपतकालिन कार्यसंचालन केन्द्र(NEOC,PEOC,DEOC,LEOC) कार्यरत जनशक्तीको क्षमता बिकासका लागि 7 वटा प्रदेशमा तालिम संचालन गर्ने। | | 13.75 | संख्या | 0 | 4 | 0 | माइल्स्टोन 1. 4 वटा प्रदेशको लागि तालिम संचालन | संख्या | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (तालिम सञ्चालन) | | 0 | 0 | 1 | 0 | 0 | 2 | 0 | 4 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |

दिनेश भट्टराई
सचिव

| शाखा | नीति तथा कार्यक्रम (१) | बजेट वक्तव्य (२) | मुख्य क्रियाकलाप (३) | LM BIS नम्बर (४) | बजेट (रु. लाखमा) (५) | इकाई (६) | बेस लाईन (७) | लक्ष्य (८) | क्रियाकलाप सँग सम्बन्धित आयोजना को नाम | माइल्सटोन (१०) | इकाई (११) | बेस लाईन (१२) | माइल्सटोनको प्रकार (१३) | | आर्थिक वर्ष २०८०/८१ को कार्यान्वयन समयसारिणी | | | | | | | | | | | | कार्यान्वयन गर | सहयोगी निका |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | पहिलो त्रैमासिक | | | दोस्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक | | | चौथो त्रैमासिक | | | | |
| | | | | | | | | | | | | | | | ४ (१४) | ५ (१५) | ६ (१६) | ७ (१७) | ८ (१८) | ९ (१९) | १० (२०) | ११ (२१) | १२ (२२) | १ (२३) | २ (२४) | ३ (२५) | | |
| | 108 | 0 | क्रियाकलाप 1.विपद् उद्धारसंग सम्बन्धित सामाग्रीहरु खरिद गरी प्रयोगमा ल्याउने । | | 378.99 | वटा | 0 | 13 | 0 | माइल्स्टोन 1. बोलपत्र आह्वान | पटक | 0 | खरिद प्रक्रियासँग सम्बन्धित विषय (बोलपत्र/ठेक्का आव्हान) | | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | नेपाल प्रहरी | गृह मन्त्रालय |
| | | | | | | | | | | माइल्स्टोन 2. सम्झौता र कार्यदेश | पटक | 0 | खरिद प्रक्रियासँग सम्बन्धित विषय (खरिद सम्झौता) | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | नेपाल प्रहरी | गृह मन्त्रालय |
| | | | | | | | | | | माइल्स्टोन 3. सामाग्री प्राप्ती | पटक | 0 | (सञ्चालन तथा वितरण सम्झौता) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | नेपाल प्रहरी | गृह मन्त्रालय |
| | 110 | 0 | क्रियाकलाप 1.मनसुन तथा आगलागिजन्य निजि आवास पुनर्निर्माण अनुदान रकम वितरण | | 300 | जना | 7296 | 7386 | 0 | माइल्स्टोन 1. लाभग्राही पहिचान र प्रणालीमा प्रविष्टि | जना | 7296 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 0 | 2477 | 0 | 0 | 2507 | 0 | 0 | 2537 | 0 | 0 | राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. लाभग्राहीलाई किस्ता निकासा। | जना | 2447 | (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 0 | 0 | 2477 | 0 | 0 | 2507 | 0 | 0 | 2577 | 0 | राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | 0 |
| गुनासो व्यवस्थापन शाखा | 157 | 438 | क्रियाकलाप 1.गुनासो व्यवस्थापन निर्देशिका तर्जुमा तथा कार्यान्वयन | | 1 | 0 | 0 | निर्देशिका तर्जुमा | 0 | माइल्स्टोन 1. निर्देशिकाको मस्यौदा निर्माण | संख्या | 0 | कानूनी तयारी (निर्देशिका) | | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. निर्देशिका स्वीकृती | संख्या | 0 | (निर्देशिका) | | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 3. अभिमुखीकरण (केन्द्रस्तर/जिल्लास्तर) | संख्या | 0 | (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| नि.क.प्र. शाखा | 157 | 438 | क्रियाकलाप 2.प्र.जि.अ./स.प्र.जि.अ. हरुको न्यायिक क्षमता अभिवृद्धि कार्यक्रम | | 17 | संख्या | 0 | 1 | 0 | माइल्स्टोन 1. न्यायिक क्षमता अभिवृद्धि कार्यक्रम संचालन | संख्या | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (तालिम सञ्चालन) | | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| नि.क.प्र. शाखा | 157 | 438 | क्रियाकलाप 9.राजपत्राङ्कित तृतीय श्रेणीका कर्मचारीहरुको लागि न्यायिक क्षमता/नेतृत्व विकास, सेवा प्रवाहमा सुधार तालिम | | 3 | संख्या | 0 | 4 | 0 | माइल्स्टोन 1. राजपत्राङ्कित तृतीय श्रेणीका कर्मचारीहरुको लागि न्यायिक क्षमता/नेतृत्व विकास, सेवा प्रवाहमा सुधार तालिम संचालन | संख्या | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (तालिम सञ्चालन) | | 0 | 0 | 1 | 0 | 0 | 2 | 0 | 0 | 3 | 0 | 4 | 0 | गृह मन्त्रालय | 0 |
| आ.प्र. र योजना शाखा | 157 | 438 | क्रियाकलाप 16.आर्थिक अनुशासन, आन्तरिक नियन्त्रण, बेरुजु फर्छ्यौट, LMBIS Entry तथा वजेट तथा योजना प्रणाली सुधार र नयाँ बनेको CPAS Software सम्बन्धी क्षमता अभिवृद्धि तालिम तथा कार्यक्रम संचालन | | 53.25 | पटक | 0 | 4 | 0 | माइल्स्टोन 1. सातै प्रदेशका जिल्ला प्रशासन कार्यालयको सहभागितामा प्रदेशस्तरीय 5 वटा तालिम संचालन | वटा | 0 | भौतिक निर्माण वा कार्यक्रम सञ्चालन (तालिम सञ्चालन) | | 0 | 0 | 1 | 0 | 2 | 0 | 3 | 4 | 0 | 5 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| योजना शाखा | 157 | 438 | क्रियाकलाप 23.विभागीय प्रमुख, प्र.जि.अ र सचिवज्यूबीच भएको कार्यसम्पादन सम्झौता तयारी र समिति मार्फत मूल्याकनको लागि | | 3 | पटक | 0 | 1 | 0 | माइल्स्टोन 1. विभागीय प्रमुख, प्र.जि.अ र सचिवज्यूबीच कार्यसम्पादन सम्झौता गरिने | पटक | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (कार्यक्रम सञ्चालन) | | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| शाखा | | | क्रियाकलाप 20 [illegible] | | | | | | | माइल्स्टोन 1. गत आ.व.को वार्षिक प्र.जि.अ. मूल्याङ्कन | पटक | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (अनुगमन) | | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. प्र.जि.अ. मूल्याङ्कन पहिलो त्रैमासिक मूल्याङ्कन | पटक | 0 | (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |

दिनेश भट्टराई
सचिव

| शाखा | नीति तथा कार्यक्रम (१) | बजेट वक्तव्य (२) | मुख्य कियाकलाप (३) | LM BIS नम्बर (४) | बजेट (रु. लाखमा) (५) | इकाई (६) | बेस लाईन (७) | लक्ष्य (८) | क्रियाकलाप सँग सम्बन्धित आयोजना को नाम | माइल्सटोन (१०) | इकाई (११) | बेस लाईन (१२) | माइल्सटोनको प्रकार (१३) | | आर्थिक बर्ष २०८०/८१ को कार्यान्वयन समयसारिणी पहिलो त्रैमासिक ४ (१४) | ५ (१५) | ६ (१६) | दोस्रो त्रैमासिक ७ (१७) | ८ (१८) | ९ (१९) | तेस्रो त्रैमासिक १० (२०) | ११ (२१) | १२ (२२) | चौथो त्रैमासिक १ (२३) | २ (२४) | [illegible] | कार्यन्वयन गर्ने | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| योजना शाखा र सूचना प्रविधि | 157 | 438 | क्रियाकलाप 30.प्रमुख जिल्ला अधिकारीको कार्यसम्पाद मुल्याङ्कन प्रणाली CDO Performance appraisal System को मुल्याङ्कन र अनुगमन तथा मुल्याङ्कन | | 6 | जिल्ला संख्या | 0 | 58 | 0 | माइल्स्टोन 3. प्र.जि.अ. मूल्याङ्कन दोस्रो त्रैमासिक मूल्याङ्कन | पटक | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 4. प्र.जि.अ. मूल्याङ्कन तेस्रो त्रैमासिक मूल्याङ्कन | पटक | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (कार्यक्रम सञ्चालन) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 5. जिल्ला प्रशासन र इलाका प्रशासन कार्यालयहरुको अनुगमन | जिल्ला संख्या | 0 | कार्यक्रम सञ्चालनसँग सम्वन्धित (अनुगमन) | | 4 | 10 | 15 | 23 | 30 | 34 | 39 | 42 | 46 | 51 | 55 | 58 | गृह मन्त्रालय | 0 |
| स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा र सूचना प्रविधि शाखा | 157 | 438 | क्रियाकलाप 44.स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखासँग सम्बन्धित महत्वपूर्ण कागजातहरुको सूचना प्रविधिमा आधारित अभिलेख व्यवस्थापन गर्ने | | 10 | पटक | 0 | 1 | 0 | माइल्स्टोन 1. प्रणाली निर्माणको सम्झौता | पटक | 0 | खरिद प्रक्रियासँग सम्बन्धित विषय (खरिद सम्झौता) | | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. अभिलेख व्यवस्थापन प्रणाली निर्माण गर्ने | पटक | 0 | (System निर्माण) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 3. अभिलेख व्यवस्थापन गर्ने | पटक | 0 | (System निर्माण) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| आन्तरिक प्रशासन, सवारी तथा समारोह शाखा र सूचना प्रविधि शाखा | 157 | 438 | क्रियाकलाप 51.भौतिक सम्पति, सवारी साधन लगायतका अभिलेखहरु व्यवस्थापन तथा डिजीटाईजेशन | | 10 | पटक | 0 | 1 | 0 | माइल्स्टोन 1. भौतिक सम्पत्ति तथा सवारी साधनको लगत संकलन कार्य सूरु | पटक | 0 | IT सँग सम्बन्धित विषय (System निर्माण) | | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| | | | | | | | | | | माइल्स्टोन 2. लगतका प्रमाणीकरण गरी अभिलेखिकरण एवं डिजीटाईजेशन गर्ने कार्य सम्पन्न हुने | पटक | 0 | IT सँग सम्बन्धित विषय (System निर्माण) | | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | गृह मन्त्रालय | 0 |
| ३ | लागू औषध तथा मनोद्दीपक पदार्थ नियन्त्रण ऐन तर्जुमा गर्ने। | २ वर्ष | लागु औषध ऐन, २०३३ लाई लागु औषध तथा मनोदिपक पदार्थको नियन्त्रण गर्ने बिषयलाई पर्याप्त सम्बोधन गर्न नसकेको र गाँजाजन्य पदार्थमा केन्द्रीत भएको हुँदा गाँजाको औषधी जन्य प्रयोगका लागि छुट्टै ऐनको आवश्यकता महशुस गरी अवधारणापत्रको सहमतीका लागि कानुन तथा संसदीय व्यवस्था मन्त्रालयमा पठाइएको। उक्त अवधारणा स्वीकृत भए पछि लागु औषध तथा मनोद्दीपक पदार्थ नियन्त्रण ऐन समेत तयार गरिने। | लागु औषध नियन्त्रण शाखा |
| ४ | विष्फोटक पदार्थ ऐन, २०१८ मा संशोधन गर्ने। | १ वर्ष | तर्जुमा तयारीको क्रममा रहेको। | लागु औषध नियन्त्रण शाखा |
| ५ | विष्फोटक पदार्थ नियम, २०२० मा संशोधन गर्ने। | १ वर्ष | तर्जुमा तयारीको क्रममा रहेको। | लागु औषध नियन्त्रण शाखा |
| ६ | तेजाव तथा घातक रासायनिक पदार्थ ऐन तथा नियमावली तर्जुमा गर्ने। | १ वर्ष | तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) ऐन, २०७९ तर्जुमा भएको र सोको नियमावली, २०८० समेत तर्जुमा भई स्वीकृत भएको। | लागु औषध नियन्त्रण शाखा |
| ७ | अध्यागमन नीति तर्जुमा गर्ने। | १ वर्ष | अध्यागमन नीति तर्जुमाको लागि सरोकारवाला निकायसँग छलफल | अध्यागमन |

| | | | | |
|---|---|---|---|---|
| | | | भैरहेको। | विभाग |
| ८ | अध्यागमन ऐन, २०४९ तथा नियमावली, २०५१ मा संसोधन गर्ने। | १ वर्ष | समयानुकुल नयाँ ऐन तर्जुमाको क्रममा राष्ट्रिय सभामा विचाराधिन रहेको,नयाँ ऐन जारी भएपछि सोही बमोजिम नियमावली जारी हुन मस्यौदा तयारी अवस्थामा रहेको। | अध्यागमन विभाग |
| ९ | विपद् जोखिम व्यवस्थापनका लागि अन्तर तह समन्वय सम्बन्धी मार्गदर्शन तर्जुमा गर्ने। | १ वर्ष | विपद् जोखिम व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वय सम्बन्धी मार्गदर्शन, २०८० को मस्यौदातयार भई छलफलको क्रममा रहेको। | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| १० | विपद् व्यस्थापनका सम्बन्धमा नेपाल सरकार सम्बद्ध मन्त्रालय र विभागको भूमिका तथा जिम्मेवारी निर्धारणका लागि ऐन संशोधन तथा मापदण्ड तर्जुमा गर्ने। | १ वर्ष | • वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रियामा विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरू समावेश गर्ने सम्बन्धी मार्गदर्शन, २०७९ स्वीकृत भएको।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ संशोधन प्रक्रियामा रहेको। | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| ११ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा राष्ट्रिय पुनर्निमाण प्राधिकरण (NRA)बाट सरी आएको जिम्मेवारी समेत वहन गर्नेगरी निर्देशिका तयार पार्ने। | १ वर्ष | राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको बाँकी काम सम्पन्न गर्न संशोधन सहित आठवटा कार्यविधि तयार गरी मिति २०७८/१०/१४ को कार्यकारी समितिको निर्णयवाट स्वीकृत भएको। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| १२ | कारागार ऐन,२०१९ तथा  नियमावली,२०२० र कारागार व्यवस्थापन कार्यविधि, २०७३ मा संशोधन  गर्ने। | १ वर्ष | • कारागार ऐन, २०१९ खारेज भई कारागार ऐन, २०७९ लागु भएको।<br>• कारागार नियमावली २०२० (१५ औं) संशोधन भई २०७९/०९/१८ देखि लागु भएको।<br>• कारागार व्यवस्थापन कार्यविधि २०७३ संशोधनको प्रक्रियामा रहेको। | कारागार व्यवस्थापन विभाग |
| १३ | सशस्त्र प्रहरी ऐन, २०५८ मा संशोधन गर्ने। | १ वर्ष | सशस्त्र प्रहरी ऐन संसोधनको प्रक्रिया अगाडि बढाउन कानून न्याय तथा | सुरक्षा तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | संसदीय मामिला मन्त्रालयमा सैद्धान्तिक सहमतिका लागि पठाईएको। | समन्वय महाशाखा |
| १४ | सीमा सुरक्षा ऐन तर्जुमा गर्ने। | १ वर्ष | सैद्धान्तिक छलफल भएको। | सुरक्षा तथा समन्वय महाशाखा |
| १५ | औद्योगिक सुरक्षा ऐन तर्जुमा गर्ने। | १ वर्ष | सैद्धान्तिक छलफल भएको। चालु आ.ब.मा सम्पन्न हुने। | सुरक्षा तथा समन्वय महाशाखा |
| १६ | हातहतियार खरखजाना ऐन, २०१९ तथा नियमावली, २०२८ मा संसोधन गर्ने। | १ वर्ष | समयानुकुल संशोधन गरी नियमावलीमा एघारौ संशोधन भएको। | सुरक्षा तथा समन्वय महाशाखा |
| १७ | सङ्घीय कार्यप्रवाह बमोजिम नेपाल प्रहरी र प्रदेश प्रहरीको परिचालन गर्न प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०४९ मा संशोधन गर्ने। | १ वर्ष | -प्रहरी नियमावली, २०७१ जारी भई (२०७८।१२।१० को दशौं संसोधन सहित) कार्यान्वयन भइरहेको।<br>- प्रहरी ऐन, २०१२ लाई प्रतिस्थापन गरी समायानुकुल नयाँ प्रहरी ऐन, २०७९ जारी गर्न आवश्यक देखिएकोले प्रहरी ऐन, २०७९ मस्यौदा तयार भई सरोकारवाला नियायहरुसंग राय/सहमति माग गरिएको। | प्रहरी कर्मचारी प्रशासन शाखा |
| १८ | विशेष ब्यूरो (कार्य सञ्चालन) नियमावली र केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला (कार्य सञ्चालन) नियमावली तर्जुमा गर्ने। | १ वर्ष | • केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको काम, कर्तव्य र अधिकार लगायत अन्य पक्षहरुको बारेमा कानूनी स्पष्टताका लागि "केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला कार्य संचालन निर्देशिका, २०७९को प्रारम्भिक मस्यौदा तयार भै तर्जुमाको क्रममा रहेको।<br>• नेपाल प्रहरी प्रधान कार्यालय अन्तर्गत विशेष ब्यूरोको काम, कर्तव्य र अधिकारलाई नियमन गर्न र ब्यूरोबाट संचालित काम कारवाहीलाई वैधानिकता प्रदान गर्न विशेष ब्यूरो (कार्य सञ्चालन) नियमावली, २०७९ मस्यौदाको क्रममा रहेको। | नेपाल प्रहरी |
| १९ | निश्चित प्रकृतिका नागरिकता वितरण प्रकृयालाई स्थानीय तहबाटै हुने व्यवस्था गर्न आवश्यक कानुनी एवं | ६ महिना | विभिन्न सरोकारवाला निकायहरुसंग अन्तरक्रिया गरी तयार गरिको मस्यौदा उपर बिषयगत छलफलको क्रममा रहेको। | गृह मन्त्रालय |

| | | | | |
|---|---|---|---|---|
| | कार्यविधिगत व्यवस्था गर्ने। | | | |
| **ख. कार्यविधि तथा मापदण्डहरू** | | | | |
| २० | गाँजाको औषधीय प्रयोगका लागि कार्यविधि तर्जुमा गर्ने। | ६ महिना | | |
| २१ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधन गर्ने तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधि तर्जुमा। | ६ महिना | • राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधनको प्रक्रियामा रहेको .<br>• व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधिको मस्यौदा तयार भई छलफलका क्रममा रहेको। | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| २२ | अध्यागमन निर्देशिका/कार्यविधिहरूलाई प्रविधि-तादात्म्य हुने गरी अद्यावधिक गर्ने। | २ वर्ष | प्रविधि तादाम्यता हुनेगरी अध्यावधिक गर्न सरोकारवाला पक्षहरुसँग छलफल भैरहेको। | सीमा तथा अध्यागमन शाखा |
| २३ | प्रमुख जिल्ला अधिकारी तथा इलाका प्रशासन कार्यालय प्रमुख खटाउने मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने। | ६ महिना | प्रमुख जिल्ला अधिकारीहरुको पदस्थापना वा सरुवा गर्ने वा कामकाज गर्न खटाउने सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत भएको। | निजामती कर्मचारी प्रशासन शाखा |
| २४ | प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादन दिग्दर्शन तयार गर्ने। | १ वर्ष | CPAS तयार भई लागू भएको। | योजना अनुगमन तथा मुल्यांकन शाखा |
| २५ | दुवै सुरक्षा निकायमा कार्यरत कर्मचारीहरूको नियुक्ति, सरुवा, बढुवा, अवकाश, लगायतको वृत्ति पथ (career plan) पुर्वानुमान योग्य बनाउन मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने। | १ वर्ष | • सिनियर प्रहरी अधिकृतको सरुवा सम्बन्धी मापदण्ड २०७९ प्रथम संशोधन भई प्रहरी कर्मचारीको सरुवा सम्बन्धी मापदण्ड २०७९, (प्रथम संशोधन २०८०) कार्यान्वयनमा ल्याईएको।<br>• प्रदेश प्रहरीको सेवा शर्त र सुरक्षा सम्बन्धी मापदण्ड, २०७७ मस्यौदा तयार भएको।<br>• प्रहरी कर्मचारिहरुको पदपूर्ति छिटो छरितो गर्न प्रहरी भर्ना निश्चित क्यालेण्डरमा गर्ने सम्बन्धी प्रतिवेदन तयार भएको। | नेपाल प्रहरी |
| | | | सरुवा पारदर्शी, एवं अन्य विभिन्न अवसरहरूलाई निष्पक्ष, दवाब, त्रुटिरहित तवरबाट संचालन गरेको। | सशस्त्र प्रहरी बल, नेपाल |
| २६ | विपद् व्यवस्थापन सम्बन्धी स्वयंसेवक व्यूरो निर्देशिका तर्जुमा गर्ने। | २ वर्ष | स्वयंसेवक व्युरो गठन तथा परिचालन कार्यविधि, २०७८ मिति २०७८/१०/१४ को कार्यकारी समितिको निर्णयवाट स्वीकृत भएको। | राष्ट्रिय विपद् जोखिम |

| | | | | |
|---|---|---|---|---|
| | | | स्वयंसेवक परिचालन सम्बन्धी प्रणाली विकास भएको। | न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| २७ | उद्धारोत्तर आश्रयस्थल (Evacuation Centre / Rescue centre) स्थापना गर्ने सम्बन्धमा नीतिगत मापदण्ड तर्जुमा गर्ने। | २ वर्ष | रक्षा मन्त्रालयसँगको समन्वयमा कोभिडको समयमा निर्माण भएका होल्डिङ सेन्टरहरूलाई उद्धारोत्तर आश्रयस्थलको रुपमा उपयोग गर्ने सन्दर्भमा छलफल भई रक्षा मन्त्रालयले मस्यौदा तयारी गरिरहेको। | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| २८ | मानवीय सहायता स्थल सञ्चालन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | १ वर्ष | प्रारम्भिक मस्यौदा तयार भई स्वीकृतिका लागि कार्यकारी समितिको बैठकमा पेश गर्न तयारी अवस्थामा रहेको।<br>मानवीय सहायतास्थल सञ्चालन सम्बन्धी कार्यविधि सम्बन्धी छलफल अन्तर्क्रिया भई अन्तिम चरणमा रहेको। | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| २९ | विपद्को अवस्थामा जोखिममा रहेका व्यक्ति तथा समूहको प्राथमिकताका आधारमा व्यवस्थापन गर्न एकीकृत मापदण्ड तयार गर्ने। | २ वर्ष | छलफलको क्रममा रहेको। | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| ३० | विपद् व्यवस्थापनको सम्बन्धमा विशेषज्ञ समिति गठनका लागिकार्यविधि तर्जुमा गर्ने। | २ वर्ष | छलफलको क्रममा रहेको। | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| ३१ | राष्ट्रिय विपद् उत्थानशीलता कार्यढाँचा (National Disaster Resilience Framework) जारी गरी सो को को कार्ययोजना बनाउने। | १ वर्ष | विपद् व्यवस्थापनको १० बर्षे महाअभियान सञ्चालनको आधार दस्तावेजको रुपमा कार्यढाँचाको मस्यौदा तर्जुमाका लागि प्राधिकरणका सहसचिवको संयोजकत्वमा विभिन्न मन्त्रालयका उपसचिवस्तर प्रतिनिधिसहितको कार्यदल गठन भई कार्य अगाडि बढेको। मस्यौदा तयार भएर सरोकारवालाहरुसँग छलफलका क्रममा रहेको। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| ३२ | राहत सामग्रीको गुणस्तर सम्बन्धी मापदण्ड निर्माण गर्ने। | १ वर्ष | छलफलको क्रममा रहेको। | विपद् अध्ययन, जोखिम |

| | | | | |
|---|---|---|---|---|
| | | | | न्यूनीकरण तथा पुनर्लभि शाखा |
| ३३ | द्वन्द्व व्यवस्थापन, शान्ति स्थापना र द्वन्द्वोत्तर पुनर्निर्माणमा महिलाको भूमिका सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महिला, शान्ति र सुरक्षा सम्बन्धी प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोश्रो कार्ययोजना तर्जुमा र कार्यान्वयन गर्ने। | २ वर्ष | • नेपाल सरकार (म.प)बाट मिति २०७९।०६।०७ को निर्णयबाट स्वीकृत भई कार्ययोजना कार्यान्वयनको क्रममा रहेको।<br>• कार्ययोजना कार्यान्वयनको लागि निजी, सरकारी, तथा गैह्र सरकारी निकायसँग समन्वय, छलफल तथा परामर्श भइरहेको। | शान्ति प्रवर्द्धन शाखा |
| ३४ | गुनासो व्यवस्थापन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | १ वर्ष | चालु आ.व. भित्र तयार भै कार्यन्वयनमा आउने। Online मार्फत प्राप्त गुनासोहरुको तत्काल समाधान गर्ने गरिएको। | गुनासो व्यवस्थापन शाखा |
| ३५ | खुला कारागार, सामुदायिक सेवा, प्यारोल एवं प्रोवेशन जस्ता अवधारणाहरूको कार्यान्वयन गर्न मापदण्ड र कार्यविधि तयार गर्ने। | २ वर्ष | • खुला कारागार नियमावली, नयाँ कारागार नियमावलीको मस्यौदा तयार गरिएको।<br>• प्यारोल सम्बन्धमा मन्त्री परिषद्बाट निर्णय भई मापदण्ड कार्यान्वयनका लागि कानून मन्त्रालयबाट आउने प्रक्रियामा रहेको। | कारागार व्यवस्थापन विभाग |
| ३६ | कारागारहरूको संरचना र सुविधा सम्बन्धी न्यूनतम मापदण्ड तयार गर्ने। | २ वर्ष | आवश्यक गृहकार्य भईरहेको। | कारागार व्यवस्थापन विभाग |
| ३७ | गृह प्रशासनसँग सम्बन्धित कानुन तथा परिपत्रहरूको एकिकृत संगालो प्रकाशन गर्ने। | १ वर्ष | सुची तयार गर्न संकलनको क्रममा रहेको। | कानुन तथा फैसला कार्यान्वयन शाखा |
| ३८ | व्यक्तिगत सुरक्षाअधिकृत (PSO) व्यवस्थाका लागि मापदण्ड अद्यावधिक गर्ने। | १ वर्ष | विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि तयार भई कार्यान्वयन भइरहेको। | शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा |
| ३९ | सूचना सङ्कलन तथा विश्लेषण एकाइ सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा | १ वर्ष | सैद्धान्तिक छलफल भएको। चालु आ.व.मा मस्यौदा तयार हुने। | सूचना सङ्कलन तथा विश्लेषण |

| | | | | |
|---|---|---|---|---|
| | | | | एकाइ |
| ४० | अपराधको नक्साङ्कन सहित जिल्ला सुरक्षा योजनाको न्यूनतम मापदण्ड तयार गर्ने। | १ वर्ष | मापदण्ड तयार गरी कार्यन्वयन भइरहेको। | जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय सबै |
| ४१ | निजी सुरक्षाकर्मी तालिम तथा परिचालन सम्बन्धी मापदण्ड तयार गर्ने। | २वर्ष | सैद्धान्तिक छलफल भएको। चालु आ.व.मा मस्यौदा तयार हुने। | शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा |
| ४२ | मन्त्रालयको नियन्त्रण कक्ष (ControlRoom) सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड तर्जुमा तथा कार्यान्वयन गर्ने। | १ वर्ष | गृह मन्त्रालय कार्य संचालन निर्देशिका अनुसार संचालन भएको। | शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा |
| ४३ | द्विपक्षीय, बहुपक्षीय, राष्ट्रिय तथा अन्ताराष्ट्रिय सभा/सम्मेलन तथा बैठकको सुरक्षा व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमागर्ने। | २वर्ष | सैद्धान्तिक छलफल भएको। चालु आ.व.मा मस्यौदा तयार हुने। | शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा |
| ४४ | सरकारी तथा निजी क्षेत्रका ठूला आयोजनाको सुरक्षा मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने। | २ वर्ष | • सरकारी तथा नीजि क्षेत्रका ठूला आयोजनाको सुरक्षा मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउनको निमित्त आवश्यक समन्वय भइरहेको।<br>• कुनै पनि किसिममा अवरोध तथा अवाञ्छित गतिविधिहरु हुन गर्न नपाउने गरी भरपर्दो शान्ति सुरक्षाको व्यवस्था मिलाईएको। | गृह मन्त्रालय |
| ४५ | लागु औषध नियन्त्रण रणनीति, २०६६ को समसामयिक संशोधन गर्ने। | १ वर्ष | संशोधन अन्तिम चरणमा रहेको। | लागु औषध नियन्त्रण शाखा |
| ४६ | लागु औषध नियन्त्रण, माग घटाउ राष्ट्रिय रणनीति (National Drug Demand Reduction Strategy ) तर्जुमा गर्ने। | २ वर्ष | | |
| ४७ | लागु औषध मौखिक प्रतिस्थापन उपचार पद्धति कार्यसञ्चालन निर्देशिका, २०७० मा संशोधन गर्ने। | १ वर्ष | | |

| | | | | |
|---|---|---|---|---|
| ४८ | विष्फोटक पदार्थको आयात, ओसारपसार, सञ्चय, प्रयोगको इजाजत प्रदानगर्ने सम्बन्धी कार्यविधि, २०७३ मा संशोधन गर्ने। | २वर्ष | | |
| ४९ | अवैध मदिरा एवं मदिराजन्य पदार्थको उत्पादन, बिक्री वितरण नियमन तथा हानिकारक सेवन नियन्त्रण कार्यविधि तर्जुमा | १ वर्ष | | |
| ५० | लागू औषध उपचार तथा पुर्नस्थापना केन्द्रहरूलाई पुरस्कार वितरण सम्बन्धी मापदण्ड परिमार्जन गर्ने। | १ वर्ष | | |
| ५१ | लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्र सञ्चालन सम्बन्धी प्रोटोकल तयार गर्ने। | १ वर्ष | | |
| ५२ | लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना (Nation Master Plan) तर्जुमा गर्ने। | १ वर्ष | लागु औषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना २०७९-२०८४ तर्जुमा भई कार्यान्वयनमा रहेको। | लागु औषध नियन्त्रण शाखा |
| ५३ | राष्ट्रिय परिचयपत्र अभियान सम्बन्धी जागरण सिर्जना गर्ने कार्यक्रमहरू लागू गर्ने। | अभियान अवधिभर | • जिल्लामा राष्ट्रिय परिचयपत्र अभियान सञ्चालनपूर्व जिल्लास्तरीय समन्वय तथा अभिमुखीकरण गोष्ठी सञ्चालन गर्ने गरिएको।<br>• व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने साथै सामाजिक सुरक्षा दर्ता तथा नविकरण र राष्ट्रिय परिचयपत्रको विवरण दर्ता सम्बन्धी टेलिभिजन र रेडियो मार्फत सूचना प्रशारण। | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| ५४ | राष्ट्रिय परिचयपत्रको उपयोगका लागि सरोकारवाला निकायहरूबीच अन्तर आवद्धता प्रोटोकल तयार गर्ने। | १ वर्ष | • नेपाल सरकार गृह मन्त्रालयको मिति २०७९।०९।११ को निर्णयानुसार "राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमार्फत सुरक्षित तवरले नागरिकको विवरण प्रमाणीकरण एवम् अन्तर प्रणाली आवद्धता सम्बन्धी कार्यविधि २०७९ स्वीकृत भएको मा मिति २०८०।०१।०५ गतेको नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट सो कार्यविधि खारेज भएको। | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| **ग.** | **शान्ति सुरक्षा र अपराध नियन्त्रण** | | | |
| ५५ | विद्युतीय प्रणालीद्वारा सिंहदरवार परिसरको सुरक्षा सुदृढीकरण कार्यक्रम लागु गर्ने। | २ वर्ष | • सिंहदरबार परिसरको सुरक्षा व्यवस्थालाई मजवुद बनाउन र निगरानीको लागि सिंहदरवार सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयसंग समन्वय गरी ५० वटा CCTV क्यामेरा सञ्चालनमा | नेपाल प्रहरी |

| | | | | |
|---|---|---|---|---|
| | | | रहेको।<br>• सिंहदरबार परिसरको सुरक्षा संवेदनशिलतालाई मध्यनजर गर्दै सुरक्षा व्यवस्था थप सुदृढ बनाउने उद्देश्यका साथ Visitor Management System र Vehicle Scanning System जडान गर्ने सम्वन्धमा आवश्यक गृहकार्य भईरहेको।<br>• संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय मार्फत सिंहदरवार परिसरमा जडान गरिएका CCTV क्यामेराहरुको भण्डारण क्षमता मिति २०७९।०५।१९ गते देखि ३ महिना सम्म संचित रहने व्यवस्था मिलाईएको।<br>• संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय सिंहदरवार मार्फत सिंहदरवार परिसरको गेट लगायत मन्त्रालयहरुको पार्किङ स्थल निगरानीको लागि मिति २०७९।०९।१७ गते थप १६ वटा नयाँ CCTV क्यामेरा जडान गरि हाल जम्मा ६६ थान CCTV क्यामेरा सञ्चालनमा रहेको। | |
| ५६ | प्रहरी हिरासतको CCTV अनुगमन गर्न आवश्यक जनशक्ति व्यावस्था गर्ने। | १वर्ष | नेपाल प्रहरी र प्रदेश प्रहरीमा प्रहरी कर्मचारी समायोजनको लागि मिति २०७७/०७/२७ गते नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार स्विकृत संगठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार CCTV निगरानी तथा मर्मत तर्फ सबै जिल्ला प्रहरी कार्यालयहरुमा १५४ जना जनशक्ति कायम भएको। | नेपाल प्रहरी |

| | | | | |
|---|---|---|---|---|
| ५७ | अपराध अनुसन्धान कार्यलाई थप व्यवसायिक तथा विशिष्टीकृत गर्ने। | निरन्तर | • घटनास्थल अनुसन्धान कार्यनिर्देशन २०७८, डिजिटल प्रमाण (संकलन/प्रेषण) ह्याण्डलिङ कार्य निर्देशन २०७८, अपराध अनुसन्धान कार्य निर्देशन २०७८ र मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुर अनुसन्धान कार्यनिर्देशन २०७८ तयार गरी वितरण गरिएको।<br>• अपराध अनुसन्धान कार्यलाई थप व्यवसायिक तथा विशिष्टीकृत गर्नका लागि अपराध अनुसन्धान निर्देशिका परिमार्जन र विशिष्टिकृत जनशक्ति परिचालन कार्यविधि निर्माण र परिचालन गर्न "CAP कार्ययोजना अनुरुप विशिष्टिकृत जनशक्ति परिचालन कार्यविधि,२०७९" को प्रतिवेदन तयार भएको।<br>• Crime action plan (CAP) III स्वीकृत भई सो बमोजिम जनशक्ति विशिष्टिकरण तथा सेवा विशिष्टिकरणको अवधारणा सहित कार्ययोजना कार्यान्वयन गरिएको।<br>• पहिलो चरणमा वुटवलमा Technical Analysis Training प्रबनानि देखि प्रज दर्जासम्मका ११६ जना, आकृतिकार आधारभूत तालिम २५ जना गरी कुल जम्मा १४१ जना प्रहरी कर्मचारीहरुलाई तालिम प्रदान गरिएको। | नेपाल प्रहरी |
| ५८ | हातहतियार, खरखजाना, भीड नियन्त्रणका असवाव आदिलाई समयानुकुल आधुनिकीकरण गर्ने। | निरन्तर | • हातहतियार, खरखजाना, भीड नियन्त्रणका असवाव आदिलाई समयानुकूल आधुनिकीकरण गर्ने प्रक्रियामा रहेको।<br>• आ.व.२०७८/०७९ सालमा ५ ओटा र यस आ.व.मा २ थान सेमुलेटर हतियार खरिद गरी ७ ओटा प्रदेश प्रहरी तालिम केन्द्रहरुमा विरतण गरिएको।<br>• हातहतियार, खरखजाना, भीड नियन्त्रणका असवावका सामानहरुमा आधुनिकीकरणको लागि आवश्यक पर्ने सामानहरु आगामी आ.ब.को बार्षिक कार्यक्रममा सामावेश गरिने तथा चालु आ.ब.मा थप निकासा प्राप्त भएको अवस्थामा बिनियोजित रकमको परिधि भित्र रहेर नियमित खरिद गरिदै जाने। | नेपाल प्रहरी |

| | | | | |
|---|---|---|---|---|
| | | | • नीतिगत व्यवस्था तथा खरिद एवं प्राप्ति प्रक्रिया अगाडि बढाउने प्रक्रियाको थालनी भएको। | सशस्त्र प्रहरी बल |
| ५९ | सुरक्षाका महत्वपूर्ण रणनीतिक विन्दुहरूमा डिजिटल निगरानी सहितको चेक प्वाइन्ट स्थापना गर्ने। | निरन्तर | • डिजिटल निगरानीका लागि Vehicle Scanner Machine जडान गर्न सुरक्षाका महत्वपूर्ण रणनीतिक विन्दुहरुमा डिजिटल निगरानी सहितको चेक प्वाइन्ट स्थापना गर्न सरोकारावाला पक्षहरुसंग समन्वय गर्ने कार्य भईरहेको।<br>• वागमती प्रदेशमा पहिलो चरणमा सिन्धुलीको भिमानमा निर्माण गर्नको लागि विस्तृत DPR, लागत अनुमान लगायतको प्राविधिक कार्य सम्पन्न गरिएको, त्यसैगरी चालु आ.व.मा चितवन र मकवानपुरमा DPR को लागि १ करोड निकाशा गरी जग्गा छनौटको कार्य भइरहेको। | नेपाल प्रहरी |
| ६० | काठमाडौं उपत्यकामा आधुनिक प्रविधि सहितको ट्राफिक टावर निर्माण गर्ने। | ३ वर्ष | • सरोकारवालासँग समन्वय भई टावर निर्माण प्रक्रियामा रहेको। | नेपाल प्रहरी |
| ६१ | राष्ट्रिय राजमार्गहरू, मुख्य व्यापारिक केन्द्र तथा पर्यटकीय क्षेत्रहरूमा आवश्यकता अनुसार CCTVजडान गर्ने तथा CCTV कन्ट्रोल रुमरProvincial Recording Systemको स्थापना गर्ने। | १ वर्ष | आ.व. २०७९/०८० विवरण<br>• CCTV जडान गरेको संख्याः- उपत्यका प्रहरी कार्यालय ७३४ वटा, कोशी प्रदेशमाा ३८१ वटा, मधेस प्रदेशमा १७२ वटा, वागमती प्रदेशमा २२८ वटा, गण्डकी प्रदेशमा ४२३ वटा, लुम्बिनी प्रदेशमा २०४ वटा, कर्णाली प्रदेशमा २६ वटा, सुदूरपश्चीम प्रदेशमा १६७ वटा गरी कूल जम्मा २,३३५ स्थानमा जडान भएको। हालसम्म कूल जम्मा CCTV जडान संख्या १२,५०९ वटा रहेको।<br>• काठमाडौं उपत्यकाको बढि भिडभाड हुने मुख्य चोक तथा सडक खण्डको ३३६ स्थानमा रहेको CCTV बाट ट्राफिक महाशाखाको कन्ट्रोल रुममा निग्रानी गर्ने व्यवस्था मिलाइएको। | नेपाल प्रहरी |
| ६२ | आवश्यक स्थानमा बि.ओ.पि. स्थापनालाई निरन्तरता दिने। | निरन्तर | आ.व. ०७८/७९ मा ४ वटा र ०७९/८० मा २३ वटा र आ.व. २०८०/८१ मा १ वटा वि.ओ.पी स्थापना भएको। | सशस्त्र प्रहरी बल |
| ६३ | सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरीको अनुपात अन्तराष्ट्रिय मापदण्ड अनुसार मिल्दोजुल्दो बनाई प्रविधि र बन्दोवस्तीको | १ वर्ष | बि.ओ.पि. लाई प्रविधि मैत्री बनाउन आवश्यक कार्य भईरहेको। | सशस्त्र प्रहरी बल |

| | | | | |
|---|---|---|---|---|
| | हिसाबले सुसज्जित बनाउने। | | | |
| ६४ | भौगोलिक विषमता अनुरूप सुरक्षाकर्मीहरूका भवन संरचना तथा लजिस्टिकको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने। | २ वर्ष | • नेपाल प्रहरीको जिल्लास्थित कार्यालयहरुको भौतिक पूर्वाधार सुधार गर्ने हेतुले निर्माण गरिने भवनहरुको आवश्यक मापदण्ड तयार भएको।<br>• *हिमाली भेगमा कार्यरत प्रहरी कर्मचारीहरुको लागि विभिन्न हिमाली पोशाकहरु खरिदको लागि रकम विनियोजन भएको, सो बमोजिमका हिमाली पोशाकहरु खरिद नमूना छनौट गर्ने तथा लागत अनुमान तयार गर्ने कार्य भईरहेको। | नेपाल प्रहरी |
| | | | स.प्र.बल नेपालमा निर्माण तथा जग्गा खरिद/प्राप्ति सम्बन्धी कार्यबिधी,२०७९ लागू भएको। | सशस्त्र प्रहरी बल |
| ६५ | सबै जिल्ला प्रशासन कार्यालयहरूमा लागु औषध सचेतना केन्द्र (Drug Awareness Centres)सञ्चालनमा ल्याउने। | १ वर्ष | | |
| **घ. सङ्गठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण** | | | | |
| ६६ | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल,नेपालको जनशक्तिको क्षमता विकासको लागि ७ वटै प्रदेशमा तालिम केन्द्रहरूको सुदृढीकरण गर्ने। | निरन्तर | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको सुदृढीकरण सम्बन्धमाः<br>१. भारत सरकारको अनुदान सहयोगमा भइरहेकोः• काभ्रेपलाञ्चोक जिल्लामा निर्माण हुने राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको निर्माण सम्बन्धमा मिति २०७९/३/१३ गते ACIL-RCPL (JV) Ahluwalia Contracts (India Ltd-Roshan Construction Pvt.Ltd (JV) जनकपुर-४ धनुषा कम्पनीसँग सम्झौता सम्पन्न भइ निर्माण कार्य भइरहेको।<br>२. राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगंजमा Boxing Hall निर्माण कार्य सम्पन्न भएको।<br>३. वागमती प्रदेश अन्तर्गत नियमित बजेट अन्तर्गत १ हजार क्षमताको व्यारेक भवन उद्घाटनको सम्पन्न भएको।सहायक स्तरका प्रशिक्षण प्रदायक निकाय (वा.प्र.प्र.गण तथा ने.प्र.वि.सु.गण) मा वाटर ट्रिटमेन्ट सहितको डिप बोरीङ निर्माणको लागि प्रदेश सरकारबाट ९० लाख बजेट निकाशा भएको। | नेपाल प्रहरी |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रदेश तालिम केन्द्र सुदृढीकरण अन्तर्गतः<br>४. कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा आ.व. २०७९/०८० मा नियमित बजेटबाट व्यारेक, मेश, शौचालय निर्माण सम्पन्न भई प्रशिक्षार्थि व्यारेक र कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेको।<br>५. मधेश प्रदेश प्रहरी तालिम केन्द्रमा नयाँ जग्गामा कुनै पूर्वाधार नरहेको साविकको संघिय प्रहरी कार्यालय राजविराजबाट कार्य सम्पादन भईरहेको।<br>६. वागमती प्रदेश अन्तर्गत नियमित बजेटबाट १ हजार क्षमताको व्यारेक भवन निर्माण भई संचालनमा। साथै नियमित बजेटबाट विद्युत ट्रान्सफर्मरको ८० % निर्माण कार्य सम्पन्न भएको।<br>७. गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रमा गण्डकी प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय (प्रादेशिक) को बजेटबाट कार्यालय, व्यारेक, मेश, शौचालय भवनहरुको ७५ % निर्माण कार्य भईरहेको।<br>८. लुम्बिनी प्रदेश प्रहरी तालिम केन्द्रमा Master Plan तयार भएको। लुम्बिनी प्रदेशमा रहेको कर्णाली प्रदेश तालिम केन्द्र, सुर्खेत (हाल ने.ग) लाई स्थानान्तरणको गर्नको लागि जिल्ला सुर्खेत पञ्चपुरी नगरपालिका वडा नं. ८ मा प्रकृया अघिबढेको।<br>९. कर्णाली प्रदेश प्रहरी तालिम केन्द्रमा हाल जग्गाको खोजी कार्य भईरहेको।<br>१०. सुदुरपश्चिम प्रदेश प्रहरी तालिम केन्द्रमा योजना तयार गर्ने कार्य भईरहेको। | |
| | | | पूर्वको सप्तरी र पश्चिमको कैलालीमा विपद् उद्धार सम्बन्धी तालिम शिक्षालय स्थापना गर्न भौतिक संरचना निर्माण गरिएको। | सशस्त्र प्रहरी बल |
| ६७ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भवन निर्माण तथा संस्थागत क्षमता सुदृढीकरण गर्ने। | २ वर्ष | संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रक्रियामा रहेको। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | | व्यवस्थापन प्राधिकरण |
| ६८ | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (DEOC) को छुटै एकाइ स्थापनाको लागि सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने। | २ वर्ष | जिल्ला प्रशासन कार्यालयमा अन्तर्गत प्रमुख जिल्ला अधिकारीको मातहतमा आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) सञ्चालन भई रहेको। | विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा/राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्र (NEOC) |
| ६९ | गृह मन्त्रालयको नयाँ भवन निर्माण गर्ने। | २ वर्ष | निर्माणाधीन रही लक्ष्य अनुसारको प्रगति प्राप्त भएको। | गृह मन्त्रालय |
| ७० | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने। | १ वर्ष | सर्वेक्षण तयार भएको। | गृह मन्त्रालय |
| ७१ | जग्गा प्राप्ति सम्बन्धी (सशस्त्र प्रहरी बल,नेपालका बि.ओ.पि. लगायत सम्पूर्ण कार्यालयहरूको लागि जग्गा र भवन निर्माण) | ३ वर्ष | जग्गा प्राप्तिको प्रक्रियामा रहेको। | सशस्त्र प्रहरी बल,नेपाल |
| ७२ | हिमाली, पहाडी, तराई इलाकामा छुट्टाछुट्टै फ्रि स्केलका सामाग्रीको व्यवस्थापन मापदण्ड बमोजिम लागू गर्ने। | १ वर्ष | प्रारम्भ भैसकेको। | सशस्त्र प्रहरी बल,नेपाल |
| ७३ | निर्माणाधीन कारागार भवनहरूको निर्माण कार्य सम्पन्न गर्ने। | २ वर्ष | • बाँके कारागारको दोस्रो चरणको निर्माण कार्य सम्पन्न भई हस्तान्तरण भएको। एउटा ब्लकमा बालसुधार गृह संचालन भईसकेको। कारागार संचालन गर्न प्रक्रिया अगाडी बढेको।<br>• केन्द्रीय कारागार नुवाकोटको दोस्रो चरणको सम्पन्न हुने अवस्था रहेको।<br>• माथी दुवै कारागारको तेस्रो चरण सुरुवात गर्न पर्याप्त वजेट व्यवस्था नभएकोले अगाडी बढ्न नसेकेको। | कारागार व्यवस्थापन विभाग |
| ७४ | जीर्ण अवस्थामा रहेका कारागारहरूको मर्मत तथा नयाँ भवन निर्माण<br>(३० वटा मर्मत र २० वटा नयाँ निर्माण) | २ वर्ष | नयाँ कारागार भोजपुर, हुम्ला, मुगु, बझाङ्ग, उदयपुर, रोल्पा, जाजरकोट, सुर्खेत गरी ८ वटा कारागार भवनहरु LMBIS संशोधन गरी शहरी विकास तथा भवन निर्माण विभागबाट निर्माण सम्पन्न हुने भनिएकोमा | कारागार व्यवस्थापन विभाग |

| | | | | |
|---|---|---|---|---|
| | | | वजेट विनियोजन न्यून भएकोले लक्षित नतिजा हासिल गर्न नसकिएको। केही कारागारहरु मर्मत भई रहेको। | |
| ७५ | सवै कारागार परिसरमा Walk Through Gate, X-ray Machine, Metal Detector आदिको व्यवस्था गर्ने। | २ वर्ष | कारागार कार्यालय डिल्लीबजार, जगन्नाथदेवल, नख्खु लगायत केही कारागारहरुमा Walk Through Gate जडान भइसकेको र अन्यमा वजेटको न्यूनताले सम्पन्न हुन नसकेको। | कारागार व्यवस्थापन विभाग |
| ७६ | सवै कारागारहरूमा पुस्तकालय स्थापना र विस्तार गर्ने। | निरन्तर | कारागारहरुमा स्थान अनुसार पुस्तकालयको व्यवस्था भएको तथा पुस्तकालय निर्माणको लागि अन्य निकायहरुसँग समन्वय भएको। | कारागार व्यवस्थापन विभाग |
| ७७ | अध्यागमन विभाग अन्तर्गत भिषा सेवा केन्द्र स्थापना गर्ने। | २ वर्ष | भिषा सेवाकेन्द्र स्थापनाको लागि योजना सहित पहल भैरहेको। | अध्यागमन विभाग |
| ७८ | अध्यागमन विभागका लागि भवन निर्माण गर्न जग्गाको पहिचान र प्राप्ति गर्ने। | २ वर्ष | का.म.न.पा वडा नं १० को सिट नं १०२-११८६-१० को कित्ता नं ३९१ क्षेत्रफल ०-७-१-० र कित्ता नं ३९२ क्षेत्रफल ५-४-२-० को जग्गाहरु यस विभागको नाममा स्वामित्व कायम गर्नका लागि आवश्यक प्रक्रिया बढाउन भुमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजार काठमाण्डौलाई पत्राचार गरिएको। | अध्यागमन विभाग |
| ७९ | अध्यागमन कार्यालय बेलहिया रुपन्देहीको भवन निर्माणगर्ने। | २ वर्ष | निर्माणकार्य अन्तिम चरणमा पुगेको। | अध्यागमन विभाग |
| ८० | अध्यागमन कार्यालय पशुपतिनगर, रसुवा, कञ्चनपुर, जमुनाहा, मोहना, कोदारी, विराटनगर, हिल्साको लागि जग्गा पहिचान तथा प्राप्ति गर्ने। | २ वर्ष | भवन बनाउने योजना रहेको तर स्रोत सुनिश्चतता नभएको। | अध्यागमन विभाग |
| ८१ | सीमानाकामा आवगमनको लागि थप स्थान पहिचान तथा अध्यागमन कार्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने। | २ वर्ष | अध्यागमन कार्यालय नभएका सीमानाकाहरुमा स्थापनाको लागि अध्ययन भैरहेको। | अध्यागमन विभाग |
| ८२ | पोखरा अन्ताराष्ट्रिय विमानस्थलमा अध्यागमन कार्यालय स्थापना गर्ने। | ६ महिना | अध्यागमन कार्यालय स्थापनाको भई कार्य संचालन शुरु भएको। | अध्यागमन विभाग |
| ८३ | जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, इलाका प्रशासन कार्यालय, इलाका प्रहरी कार्यालय, प्रहरी चौकी र | २ वर्ष | मापदण्ड तयार भई कार्यान्वयन भइ रहेको। | गृह मन्त्रालय |

| | | | | |
|---|---|---|---|---|
| | प्र.जि.अ. आवासको भवन निर्माणको मापदण्ड तयार गर्ने। | | | |
| ८४ | भवन निर्माण हुन बाँकी जिल्ला/इलाका प्रशासन कार्यालयका भवन निर्माण गर्ने। | २ वर्ष | विवरण अद्यावधिक गरी बजेट प्रस्ताव गरी कार्यन्वयन गरिएको। | गृह मन्त्रालय |
| ८५ | प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम नेपाल प्रहरीको समायोजन गर्ने। | २ वर्ष | • प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रहरी कर्मचारीहरूको समायोजनको लागि सक्रमणकादलीन व्यवस्था बमोजिम आवश्यक कार्य भइरहेको।<br>• प्रहरी कर्मचारीहरुको तथ्याङ्क अद्यावधिक गर्ने कार्य भईरहेको। | नेपाल प्रहरी |
| ८६ | प्रहरी समायोजन पश्चात आवश्यकताको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने। | २ वर्ष | संगठन तथा व्यवस्थापन सर्वेक्षणको लागि मन्त्रिपरिषद्बाट सैदान्तिक सहमति प्राप्त भई प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार भएको। | नेपाल प्रहरी |
| ८७ | UN Peace Keeping Force मा खटिने प्रहरीको लागि छुट्टै स्तरीकृत तालिमको प्रवन्ध गर्ने। | १ वर्ष | UN Peace Keeping Force मा खटिने प्रहरी कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि "Pre-Deployment Training" दुवै प्रहरीहरुमा संचालन गरिएको।<br>(नेपाल प्रहरीमा ४० जनालाई र सश्स्त्र प्रहरीमा ५३० जनालाई) | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल,नेपाल |
| | प्रदेश प्रहरी तालिम केन्द्रहरूबाट सञ्चालन गरिने तालिमको प्रभावकारिताको अध्ययन गर्ने, | २ वर्ष | • आ.व. २०७९/०८० को लागि समिति गठन गरी Training Need Analysis अनुरुप तालिम क्यालेण्डर निर्माण गरिएको।<br>• सातवटै प्रदेश प्रहरी तालिम केन्द्रहरूमा संचालन हुने तालिम सम्बन्धमा गुणस्तर निर्धारण सम्बन्धी मापदण्ड तयार गर्ने कार्य भईरहेको। | नेपाल प्रहरी |
| ८८ | तेश्रो त्रीवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान रणनीतिक कार्ययोजना (CAP III) सँग तादम्यता हुने गरी राष्ट्रिय अपराध सूचना केन्द्र (National Crime Information Center) स्थापना गरी अन्तर सरकारी निकाय अपराध अभिलेख सञ्जाल स्थापना गर्ने (अपराध संहिता,२०७४ अनुसूची १,२ अन्तर्गतका कसुर सम्बन्धी) | २ वर्ष | • CAP-III मिति २०७८/११/२२ गते सचिवस्तरीय निर्णयले स्वीकृत भएको।<br>• जोखिममा रहेका समुहहरुलाई प्राथमिकता प्रहरी सेवा (Priority Police Service) प्रदान गर्ने सम्बन्धी मस्यौदा तयार भएको।<br>• तेस्रो त्रि-वर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना (CAP-III) अन्तर्गत अवधारणापत्र (Concept paper)" तयार गरी स्वीकृतिको चरणमा रहेको।<br>• "नेपाल प्रहरीमा रहेको "National Crime Information Center(NCIC)" लाई | नेपाल प्रहरी |

| | | | | |
|---|---|---|---|---|
| | | | सरोकारवाला निकायहरुको सूचनाको अभिलेख नेपाल प्रहरीको Crime Data Center मा Data Sharing वा Data Interface को माध्यमबाट भण्डारण गर्न पहल गर्ने" सम्बन्धी बिषय स्वीकृतिको प्रक्रियामा रहेको। | |
| ८९ | नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको स्तरोन्नति गर्ने। | १ वर्ष | • केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको स्तर वृद्धि गर्नको लागि आवश्यक पर्ने Equipment हरु Forensic DNA Extraction System, Real Timer PCR Instrument for Human Identification नेपाल प्रहरी प्रधान कार्यालय, प्रवन्ध निर्देशनालय नक्सालबाट खरिद भई विधिविज्ञान प्रयोगशालामा जडान भईसकेको र Triple Quadrupole Gas Chromatograph Mass Spectrometer System (GCMS-MS) खरिद भई केन्द्रिय प्रहरी विधिविज्ञान प्रयोगशालामा जडान कार्य सम्पन्न भएको।<br>• नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट मिति २०७९/१०/२२ गतेदेखि रसायन/लागू औषध शाखा संचालनमा आएको। | नेपाल प्रहरी |
| ९० | नेपाल प्रहरी, डिजिटल फरेन्सिक ल्यावलाई स्तरोन्नती गरी प्रादेशिक स्तरमा समेत विस्तार गर्ने। | १ वर्ष | • केन्द्रीय Digital Forensics Lab लाई स्तरोन्नति गरी प्रादेशिक स्तरमा समेत बिस्तारको प्रक्रियामा रहेको। | नेपाल प्रहरी |
| ९१ | सबै मुद्दा चल्ने एकाइलाई Case File Digitalization को लागि Digital Scanning Machine को व्यवस्था गर्ने। | १ वर्ष | • आवश्यक पर्ने उपकरणहरु खरिदका लागि आवश्यक पहल भईरहेको। | नेपाल प्रहरी |
| ९२ | नेपाल प्रहरीमा सवारी वर्कशपको स्तरोन्नति तथा प्रदेश प्रहरी कार्यालयहरूमा एक/एक सवारी वर्कशपको स्थापना गर्ने। | १ वर्ष | • नेपाल प्रहरीमा रहेका सम्पूर्ण सवारी साधनहरु न्यूनतम खर्चमा आफ्नै जनशक्ति प्रयोग गरी कम समयमा मर्मत गर्ने कार्यको लागि गृह कार्य भईरहेको।<br>• सामाखुशीको Workshop को निर्माण सम्पन्न भएको।<br>• प्रदेश प्रहरी कार्यालयको Workshop निर्माण कार्यको लागि समिति गठन गरी आवश्यक कार्य भईरहेको।<br>• * सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय अन्तर्गत सवारी वर्कसप सञ्चालनमा नै रहेको र उक्त वर्कसपलाई स्तरोन्नति गर्न थप बजेट आवश्यक रहेको हुँदा समन्वय भइरहेको। | नेपाल प्रहरी |

| | | | | |
|---|---|---|---|---|
| ९३ | नेपाल प्रहरी अन्तर्गतको विशिष्टिकृत अनुसन्धान ब्यूरोहरू (केन्द्रीय अनुसन्धान ब्यूरो, मानव बेचबिखन अनुसन्धान ब्यूरो, लागू औषध नियन्त्रण ब्यूरो र साईबर ब्यूरो) को लागि जग्गा पहिचान तथा प्राप्ति। | २ वर्ष | • साईबर व्यूरोको लागि जग्गा प्राप्ति भई निर्माण प्रक्रियामा रहेको<br>• लागू औषध नियन्त्रण व्यूरोः- अधिकार सम्पन्न एकीकृत बागमती सभ्यता विकास समिति बागमती सुधार आयोजना चन्द्रघाट धर्मशाला मर्मत सम्पन्न गरी, व्यूरो कार्यालय सार्न पहल भईरहको।<br>• *अन्य व्यूरोहरुलाई आफ्नै जग्गा तथा भवन निर्माण गरी स्थानान्तरणको लागि जग्गा प्राप्तिको लागि खोजी कार्य भईरहेको। | नेपाल प्रहरी |
| ९४ | नेपाल प्रहरी विपद् व्यवस्थापन तालिम केन्द्र स्थापना गर्ने। | २ वर्ष | • नेपाल प्रहरी विपद् व्यवस्थापन तालिम केन्द्र स्थापनार्थ (पुर्वनवलपरासी कावासोती र काठमाडौं गोकर्णेश्वर नपा)जग्गा प्राप्तिको लागि विकास योजना निर्माण गरी उपयुक्त जग्गा खरिद गर्न आवश्यक प्रक्रियामा रहेको।<br>• विपद् व्यवस्थापन तालिम केन्द्रमा आवश्यक पर्ने दरवन्दीको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण मार्फत पहल भएको। | नेपाल प्रहरी |
| ९५ | प्रहरी कर्मचारीहरूको ब्यारेक भवनको मापदण्ड निर्माण गरी ब्यारेकमा (Coir Mattress) समेत एक प्रहरी एक खाट अवधारणा पूर्ण रूपमा लागू गर्ने। | निरन्तर | • व्यारेकमा (Coir Mattress) समेत एक प्रहरी एक खाट अवधारणा पूर्ण रुपमा लागू गर्ने प्रयोजनको लागि पहल भई रहेको।<br>• व्यारेक भवनको नक्सा तथा मापदण्ड तयार भएको।<br>• प्रहरी कर्मचारीलाई एक Mattress र एक खाट अवधारणा नेपाल प्रहरी कार्ययोजना -२०८० समेत समावेश गरी कार्यान्वयन गर्न लागिएको। | नेपाल प्रहरी |
| ९६ | नेपाल प्रहरी तथा प्रदेशस्तरमा शिशु स्याहार केन्द्र (Child Care Center) स्थापना गर्ने। | १ वर्ष | • नेपाल प्रहरी प्रधान कार्यालयको लागि भवनको Design तयार भएको।<br>• सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय अन्तर्गत जिप्रका कैलाली र कञ्चनपुरमा Child Care Center संचालनमा रहेको। | नेपाल प्रहरी |
| ९७ | नेपाल प्रहरी अपराध अनुसन्धान कार्यालयहरूका लागि ३० वटा भवन निर्माण<br>गर्ने। | ४ वर्ष | जग्गा प्राप्तिको कार्य भइरहेको। | नेपाल प्रहरी |
| ९८ | प्रदेश प्रहरी अस्पताल स्थापना हुन बाँकी ३ वटा प्रदेश (प्रदेश नं-१, बागमती र कर्णाली प्रदेश) मा प्रदेश प्रहरी | ४ वर्ष | • कोशी प्रदेश अन्तर्गत कोशी प्रदेश प्रहरी अस्पताल बेलवारी मोरङ उद्घाटन भई पुरानो भवनमा अस्पताल संचालनमा रहेको। | नेपाल प्रहरी |

| | | | | |
|---|---|---|---|---|
| | अस्पताल स्थापना गर्ने। | | • बागमती प्रदेश प्रहरी अस्पतालका लागि सार्वजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपलब्ध गराउने सम्बन्धि मापदण्ड २०७७ को दफा ५ बमोजिमको शर्त पालना गरी ३० वर्षको लागि प्रयोग गर्न पाउने गरी ४ विगाहा जग्गा प्रयोग गर्न सम्झौता भई जग्गा प्राप्तिको प्रमाणपत्र प्राप्त भएको। नेपाल प्रहरी विशेष सुरक्षा गण रातोमाटे परिसरमा ब्याण्ड गुल्मको लागि तयार भएको भवनमा अस्थायी रुपमा निकट भविष्यमा बागमती प्रदेश प्रहरी अस्पताल सञ्चालनमा हुने।<br>• कर्णाली प्रदेश प्रहरी अस्पताल (हाल नेपालगंज) सुर्खेतमा निर्माण गर्न जग्गा प्राप्तिको लागि सम्बन्धित निकायमा समन्वय भइरहेको। | |
| ९९ | रेल्वे सुरक्षा गण स्थापना गर्ने। | २ वर्ष | • नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७७/०९/१५ गतेको निर्णयले रेल्वे सुरक्षाको लागि खटाउने निर्णय भएको। दरबन्दी स्वीकृतिको प्रक्रियमा रहेको।<br>• उपयुक्त जग्गा प्राप्तिको लागि खोजी कार्य भईरहेको।<br>• हाल रेल्वे सुरक्षाको लागि रेल्वे सुरक्षा वेश जनकपुरधाम, सुरक्षा वेश कुर्था लगायत अन्य बि.ओ.पि.हरुबाट सुरक्षाको व्यवस्था मिलाइएको। | सशस्त्र प्रहरी बल |
| १०० | प्रतिआतङ्कवाद सेल गठन गर्ने। | २ वर्ष | • स.प्र.बल, नेपाल प्रधान कार्यालय, कार्य विभाग अन्तर्गत प्रतिआतंकवाद उपशाखा स्थापना गरी कार्य संचालन गरिएको।<br>• आतंकवादमा प्रयोग हुने वित्तीय लगानी तथा आम विनाशकारी हतियार निर्माण एवं लगानी प्रतिरोधको निमित्त सूचना संयन्त्र परिचालन गरी सूचना संकलन तथा विश्लेषण कार्य भइरहेको।<br>• प्रतिआतंकवाद सम्बन्धी तालिम पाठ्यक्रम तयारीको काम भईरहेको। | सशस्त्र प्रहरी बल |
| १०१ | औद्योगिक सुरक्षा गुल्म (४ वटा) स्थापना गर्ने। | ३ वर्ष | | |
| १०२ | सशस्त्र प्रहरी बल नेपालको ७ वटा आश्रित गुल्मलाई अनाश्रित गुल्ममा स्तरोन्नति गर्ने। | ३ वर्ष | | |
| १०३ | सशस्त्र प्रहरी बल नेपालको ६ वटा विशिष्टिकृत तालिम | ४ वर्ष | सशस्त्र प्रहरी बल, नेपालको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, | सशस्त्र प्रहरी बल |

| | | | | |
|---|---|---|---|---|
| | शिक्षालयहरूको स्तरोन्नति गर्ने। | | २०८० स्वीकृत भई ६ वटा विशिष्टीकृत तालिम शिक्षालयहरुमा सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक प्रमुख रहने गरी थप दरबन्दी सहित स्तरोन्नति गरिएको। | |
| १०४ | अन्ताराष्ट्रिय सीमाका संवेदनशील नाकाहरूमा Thermal - Customize Tracking Software सहितका C.C. Camera/PTZ Cameraर Vehicle Scanner जडान गर्ने। | १ वर्ष | सीमा इलाकामा PTZ- 34, Motorized- 71, Dome- 182 गरी ९७ स्थानमा जम्मा 287 -वटा क्यामेराहरु जडान गरिएको सकिएको र थप C.C. Camera/PTZ Camera र Vehicle Scanner जडान गर्ने सम्बन्धी मालसामानहरु खरिद गर्नको निमित्त खरिद गुरुयोजना तयार भई स्वीकृतिको प्रक्रियामा रहेको। | सशस्त्र प्रहरी बल |
| १०५ | आकस्मिक सुरक्षा व्यवस्थापनका लागि अन्तारा्ष्ट्रिय विमानस्थलमा सशस्त्र प्रहरी बल, नेपालको तैनाथ रहने व्यवस्था गर्ने (काठमाडौं, भैरहवा, पोखरामा)। | १ वर्ष | मन्त्रालयगत एवं सांगठनिक रुपमा नीतिगत व्यवस्थाका लागि पहल भइरहेको। | सशस्त्र प्रहरी बल |
| १०६ | पर्वतीय उद्धार तालिम शिक्षालयको भौतिक पुर्वाधारको स्तरोन्नति गरी आवश्यक Logistics को समुचित प्रवन्ध गर्ने। | २ वर्ष | • शिक्षालय स्थापनाको लागि नेपाल सरकारबाट जग्गा उपलब्ध भइसकेको।<br>• शिक्षालय स्थापना तथा तालिम संचालनको लागि आवश्यक भौतिक पूर्वाधारहरु मध्ये जम्मा ४ वटा Shed Type भवनहरु निर्माणाधीन अवस्थामा रहेको।<br>• पर्वतीय उद्धार तालिम शिक्षालयमा तालिम संचालन गर्नको निमित्त आवश्यक पर्ने Rope Rescue एवं अन्य आधारभूत सामाग्रीहरु वितरण गर्ने तयारी अन्तिम चरणमा रहेको। | सशस्त्र प्रहरी बल |
| १०७ | सशस्त्र प्रहरी बल, नेपालका १२ वटा गुल्म र १०० वटा बि.ओ.पि. हरूमा मापदण्ड अनुसार आवश्यक ब्यारेकहरू निर्माण गर्ने। | २ वर्ष | • आ.व. २०७८/७९ मा ३ वटा गुल्म र २७ वटा बि.ओ.पि.हरुको भौतिक संरचना निर्माण गर्ने कार्य सम्पन्न गरिएको।<br>• आ.व. २०७९/८० मा १ वटा गुल्म र १० वटा बि.ओ.पि.हरुको भौतिक संरचना निर्माण सम्पन्न गरिएको।<br>• आ.व. २०८०/८१ मा १ वटा गुल्म र ४ वटा बि.ओ.पि.हरुको भौतिक संरचना निर्माणको लागि वोलपत्र आह्रान गरिएको। अन्य १६ वटा बि.ओ.पि.हरुको लागि जग्गा खरिद तथा प्राप्तिको प्रक्रियामा रहेकोले प्राप्त हुन साथ वोलपत्र आह्वान हुने। | सशस्त्र प्रहरी बल |

| | | | | |
|---|---|---|---|---|
| १०८ | जिल्ला प्रशासन कार्यालयहरूमा कसुरजन्य सम्पत्ति व्यवस्थापन शाखा गठन गर्ने। | २ वर्ष | प्रदेश राजधानी भएका जिल्लाहरुको जिल्ला प्रशासन कार्यालयहरुमा कसूरजन्य सम्पत्ति व्यवस्थापन इकाई गठन भएको। अन्य जिल्लामा समेत इकाइ गठन गर्न भनी पत्राचार भएको। | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग |
| १०९ | लागू औषध नियन्त्रण विभागको स्थापनाका लागि अध्ययन गर्ने। | १ वर्ष | | |
| ११० | सबै प्रदेशमा सार्वजनिक निजी साझेदारीमा आधारित नमूना लागु औषध उपचार तथा पुर्नस्थापना केन्द्र स्थापना गर्ने। | २ वर्ष | मापदण्ड निर्माण अन्तिम चरणमा रहेको। | लागु औषध नियन्त्रण शाखा |
| १११ | उत्तरी र दक्षिणी नाकाका सबै भन्सार बिन्दुमा Drug Detection Device प्रयोग गर्ने। | १ वर्ष | UNODC बाट प्राप्त भएको, Device त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सारमा लागु भएको। | लागु औषध नियन्त्रण शाखा |
| ११२ | नेपाल प्रहरीका जिल्लास्थित कार्यालयहरूको भौतिक पुर्वाधार सुधार गर्ने। | निरन्तर | • नेपाल प्रहरीको जिल्लास्थित कार्यालयहरुको भौतिक पूर्वाधार सुधार गर्ने हेतुले निर्माण गरिने भवनहरुको आवश्यक मापदण्ड तयार भएको।<br>• आ.व. २०७९/०८० मा क्रमागत तर्फका ३४ वटा नयाँ निर्माणको लागि इष्टिमेट स्वीकृत भई सम्झौता अनुसार निर्माणकार्य सम्पन्न भएको।<br>• आ.व. ०७९/८० मा २७ वटा भवन निर्माण सम्पन्न भएको।<br>• वागमती प्रदेश प्रहरी कार्यालय अन्तर्गत प्रदेश सरकाको सहयोगमा २३ वटा र नियमित तर्फको २ वटा भवन निर्माणाधिन अवस्थामा रहेको। चालु आ.व.मा प्रदेश सरकारको सहयोगमा थप १५ वटा भवन सहित २२ वटा संरचना निर्माणको लागि बजेट निकाशा गरिएको र भौतिक सुधार गर्न २ करोड समेत निकाशा गरिएको।<br>• आ.व.२०८०/०८१ मा नेपाल प्रहरीको नियमित बजेटबाट क्रमागत रुपमा रहेका १४ वटा प्रहरी कार्यालयहरुको भवन निर्माण सम्पन्न गर्ने लक्ष्य अनुरुप हाल ५० प्रतिशत निर्माण सम्पन्न भएको। | नेपाल प्रहरी |

| | | | | |
|---|---|---|---|---|
| **ङ. जनशक्ति व्यवस्थापन तथा क्षमता विकास** | | | | |
| ११३ | गृह प्रशासन अन्तर्गतका निजामती कर्मचारीहरूलाई तालिम आवश्यकताको पहिचान गरी तालिम कार्यक्रम कार्यान्वयन गर्ने। | निरन्तर | गृह प्रशासन अन्तर्गतका निजामती कर्मचारीहरुलाई आवश्यकता अनुसार प्रत्येक आ.व.मा एक-एक पटक न्यायिक क्षमता अभिवृद्धि तालिम संचालन गर्ने गरिएको। | निजामती कर्मचारी प्रशासन शाखा |
| ११४ | जिल्ला तथा इलाका प्रशासन कार्यालयका कर्मचारीहरूलाई सूचना प्रविधि तथा योजना तर्जुमा र LMBIS सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्ने। | निरन्तर | प्रदेशगत रुपमा निरन्तर तालिम संचालन गरिएको। | योजना अनुगमन तथा मुल्यांकन शाखा |
| ११५ | मन्त्रालय र प्रहरी समेत मातहत कार्यालहरूको सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सूचना प्रविधि सम्बन्धी जनशक्ति र तालिमको व्यवस्थापन गर्ने। | २ वर्ष | नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको विस्तृत O & M को मस्यौदा तयार भएको। | गृह मन्त्रालय |
| ११६ | मन्त्रालय मातहतका निकायहरूमा कार्यसम्पादन प्रणालीमा आधारित प्रोत्साहन प्रणाली लागू गर्ने। | निरन्तर | प्रतिवेदन तयार भई मन्त्रिस्तरबाट स्वीकृत भई सहमतिको लागि अर्थ मन्त्रालयमा पठाइएको। | गृह मन्त्रालय |
| ११७ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तीनै तहमा समान बुझाइका लागि अध्ययन, अनुसन्धान र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | निरन्तर | • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा विभिन्न जिल्लामा कृतिम घटना अभ्यास (Table Topexercise) सम्पन्न भएको र विपद् सम्बन्धी अन्तर्क्रिया, सचेतना कार्यक्रम प्रदेश तथा जिल्ला तहमा नियमित रुपमा गरिएको।<br>• विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति, कानूनी व्यवस्था, रणनीतिक कार्ययोजना लगायतका विषयमा प्रदेशस्तरमा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन भईरहेको। | विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पुनर्लाभ शाखा |
| | | | आ.व २०७९/८० मा ४९ जिल्लाका ३९२ वटा स्थानीय पालिकाहरुका विपद् शाखा प्रमुख, विपद सम्पर्क व्यक्तिहरु, आई.टी हेर्ने प्राविधिक कर्मचारी, ईन्जिनियर एवं सुरक्षा निकायका सम्बद्ध विषय हेर्ने प्रतिनिधिहरु गरी कुल ११६२ जनालाई अभिमुखिकरण तालिम प्रदान गरिएको र प्रदेश, जिल्ला र स्थानीय तह गरी २२३ निकायमा विपद् पोर्टल स्थानीयकरण गरिएको। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |

| | | | | |
|---|---|---|---|---|
| ११८ | कैदीवन्दीहरूलाई उत्पादन र आयआर्जनका क्रियाकलापमा संलग्न गराई अनुभवको प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था गर्ने। | निरन्तर | • कारागारमा मुढा बनाउने, फर्निचर बनाउने, गलैंचा बुन्ने, बत्ती काट्ने जस्ता सिपमूलक काम भई रहेको।<br>• सिपमूलक कार्यमा संलग्नले नियमानुसार कामदारी सुविधा प्राप्त गरेको। | कारागार व्यवस्थापन विभाग |
| ११९ | अध्यागमन कार्यालय, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलका कर्मचारीहरूलाई प्रोत्साहन प्रणाली लागु गर्ने। | ६ महिना | काम प्रति सकरात्मक उर्जाका साथ उत्प्रेरित गरिएको तर मौद्रिक प्रोत्साहन प्रणाली लागु नभएको। | अध्यागमन विभाग |
| १२० | अध्यागमन सम्वद्ध उजुरी/गुनासो व्यवस्थापन प्रणालीको परिमार्जन र सञ्चालन गर्ने। | १ वर्ष | प्राप्त उजुरी तथा गुनासोहरुको गुनासो सुन्ने अधिकारी मार्फत तुरुन्तै व्यवस्थापन गर्ने गरीएको। | अध्यागमन विभाग |
| १२१ | राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षासँग सम्बद्ध सबै निकायको संस्थागत क्षमता विकास गर्ने। | निरन्तर | • विभिन्न जिल्लाका जनप्रतिनिधी, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहका कर्मचारीहरुको सहभागितामा करिव २०१० जनालाई राष्ट्रिय परिचयपत्र अभियान कार्यक्रम सम्बन्धी जिल्ला स्तरीय समन्वय तथा अन्तरक्रिया कार्यक्रमका साथै विवरण दर्ता, कार्ड वितरण र रुजु अधिकारी तालिम सम्पन्न गरिएको।<br>• स्थानीय तह र विभिन्न जिल्ला, काठमाडौं उपत्यका लगायत गरेर करिव १५०० जनाको सहभागितामा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको। | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग |
| १२२ | जिल्ला/ईलाका/सीमा प्रशासन कार्यालयमा कार्यरत जनशक्तिलाई क्षमता विकास र उत्प्रेरणा गर्ने (मौद्रिक तथा गैरमौद्रिक)। | निरन्तर | जिल्ला/इलाका/सीमा प्रशासन कार्यालयमा कार्यरत जनशक्तिलाई उनिहरुको अनुकुलता र घर पायक अनुसार चाहेको स्थानमा सरुवा गरेको। सो कार्यबाट कर्मचारीको गुनासोमा कमी आएको। | निजामति कर्मचारी प्रशासन शाखा |
| १२३ | साइबर ब्यूरोको क्षमता विकास गरी थप प्रविधियुक्त बनाई Cyber Forensic Unit (एकाइ) र प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि गर्ने। | निरन्तर | • आ.व. २०७८/०७९ मा digital forensics lab equipment (१२ items), digital Forensics tools license renew गरिएको।<br>• आ.व. २०७९/०८० मा digital trigg forensic equipment खरिदको लागि बजेट व्यवस्थापनको प्रक्रियमा रहेको। application management system खरिद कार्य सम्पन्न भएको।<br>• * साइबर व्युरोको नयाँ भवन निर्माणको कार्य प्रारम्भ भएको। | नेपाल प्रहरी |
| १२४ | समुदाय प्रहरी साझेदारीको अवधारणा बमोजिम समुदाय | निरन्तर | • समुदाय प्रहरी साझेदारीको अवधारणा बमोजिम समुदाय केन्द्रित | नेपाल प्रहरी |

| | | | | |
|---|---|---|---|---|
| | केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने। | | कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको। सो अनुसार कार्यक्रम संचालन सम्बन्धी कार्ययोजना तयार गरी आ.व. २०७९/०८० असारसम्म कूल जम्मा कार्यक्रम ५०,८२१ (सामुदायिक कार्यक्रम- ४२,३६९ विद्यालय केन्द्रित- ८,४५२), लाभान्वित संख्या २७,७२,८८४ जना रहेको। | |
| १२५ | नेपाल प्रहरीमा हाल प्रयोगमा रहेका पूराना सवारी साधनहरूको प्रतिस्थापन योजना(replacement plan)अनुसार क्रमशः प्रतिस्थापन गर्दै लगिने। | निरन्तर | आ.व.२०७८।०७९ मा लिलाम गरिएका सवारी साधन (पिकअप-८, जिप-२, मो.सा.-१० थान) प्राप्त भएका सवारी साधन (मोटरसाइकल ३३, प्रिजनर भेन २, वाटरक्यानन २ वटा)।<br>आ.व. २०७९/८० मा २५ वटा सवारी साधन लिलाम प्रक्रियाको लागि मिति २०७९/९/२२ गते सूचना प्रकाशित गरिएको। १८० थान पिकअप र ५५ थान बलेरो पिकअप खरिद भइ वितरण गरिएको। | नेपाल प्रहरी |
| १२६ | विशिष्ट व्यक्तिको सुरक्षामा प्रयोग भइरहेको सञ्चार प्रविधि र प्रणालीको स्तरोन्नति र आधुनिकीकरण गरी Digital Trunking System विस्तार गर्ने। | निरन्तर | कार्यान्वयनको क्रममा समस्या र चुनौति नआउने उपायहरु समेत अवलम्वन गरी विस्तृत प्रतिवेदन तयार भएको। | नेपाल प्रहरी |
| १२७ | ट्राफिक Surveillance Vehicle खरिद तथा सञ्चालन गर्ने। | २ वर्ष | • काठमाण्डौ उपत्यका ट्राफिक प्रहरी कार्यालयवाट हाल CCTV जडित २ वटा Surveillance Vehicle संचालनमा रहेको। थप Traffic Surveillance Vehicle खरिद गर्नका लागि समन्वय भईरहेको। | नेपाल प्रहरी |
| **च.** | **विपद् व्यवस्थापन** | | | |
| १२८ | प्रकोपजन्य जोखिम न्यूनीकरण तथा प्रतिकार्यका लागि Risk Assessment Platform तयार गर्ने। | २ वर्ष | कार्यक्षेत्रगत शर्तहरु तयार भएको। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| १२९ | मनसुनजन्य विपद् प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापना कार्य सम्पन्न गर्ने। | १ वर्ष | मनसुनजन्य तथा आगलागिजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आ.व. २०७९/८० मा ७०३ लाभग्राहीलाई रु. ३,४१,१४,२५०.०० अनुदान रकम निकासा गरी पठाइएको। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा |

| | | | | |
|---|---|---|---|---|
| | | | | व्यवस्थापन प्राधिकरण |
| १३० | विपद्को समयमा खोज तथा उद्धार कार्यमा खटिने जनशक्तिको जोखिम बीमा सम्बन्धी नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउने। | २ वर्ष | स्वयंसेवक तथा तालीमप्राप्त खोज तथा उद्धार कर्ताहरुको बिमाका सम्बन्धमा अवधारणापत्र तर्जुमा सम्बन्धी कार्य भईरहेको छ। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| १३१ | विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने संस्था तथा व्यक्तिलाई सम्मान स्वरूप पुरस्कृत गर्न मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइने। | निरन्तर | छलफलको क्रममा रहेको। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| १३२ | जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना हुन बाँकी १५ वटा जिल्लाहरूमा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना एवं सबै जिल्लाहरूमा आपतकालीन कार्य सञ्चालन केन्द्र सुदृढीकरण र सञ्चालन गर्ने। | निरन्तर | • जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) स्थापना हुन बाँकी ७ वटा जिल्ला (कास्की, रुपन्देही, मनाङ, नवलपरासी सुस्तापूर्व, डोटी, प्युठान र रुकुम पूर्व) मा स्थापना गर्न आवश्यक सञ्चार सामग्री तथा IT सामग्री खरिद गरी कास्की र डोटीमा ढुवानी भईसकेको र अन्य जिल्लाहरुमा ढुवानी तथा जडान गर्ने तयारी भईरहेको। (उपरोक्त जिल्लाहरुमा स्थापना भए पश्चात अब काठमाडौं, भक्तपुर र ललितपुर बाहेक ७४ जिल्लामा DEOC स्थापना भई सञ्चालनमा आएको।)<br>• दातृ निकायहरु (तयार नेपाल, विश्व खाद्य कार्यक्रम लगायतका) सँग आपतकालीन कार्य सञ्चालन केन्द्रको सुदृढीकरण र आपतकालीन बन्दोबस्ती व्यवस्थापन सम्बन्धमा बैठक सञ्चालन गरिएको।<br>• काठमाण्डौ उपत्यकाका ३ वटा जिल्ला (काठमाण्डौ, ललितपुर र भक्तपुर) बाहेक ७४ वटै जिल्लाहरुमा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (DEOC) स्थानपना भई संचालनमा रहेको। | विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा |

| | | | | |
|---|---|---|---|---|
| १३३ | हलुका र मध्यम तहको खोज तथा उद्धारका लागि आवश्यक उपकरण सहितको तुरुन्तै परिचालन हुने स्वयंसेवक सहितको विशेष टोली (First Responder/Flying Squad) को व्यवस्था गर्ने। | २ वर्ष | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट स्वयंसेवक व्यूरो परिचालन सम्बन्धी कार्यविधि तर्जुमा भई कार्यान्वयनमा रहेको। | विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा |
| | | | २०८० को मनसुन शुरु हुनुपूर्व विपदजन्य घटनाहरुलाई लक्षित गरी आवश्यक जनशक्ति एवं स्रोतसाधनसहित कोशी प्रदेश अन्तर्गत धनकुटाको मुलघाट, मधेश प्रदेश अन्तर्गत बाराको निजगढ, बागमती प्रदेश अन्तर्गत सिन्धुलीको खुर्कोट र धादिङ्गको आदमघाट, गण्डकी प्रदेश अन्तर्गत म्याग्दीको बेनी, लुम्बिनी प्रदेश अन्तर्गत दाङ्गको भालुवाङ्ग, कर्णाली प्रदेशको सुर्खेतको चिप्ले तथा सुदुर पश्चिम प्रदेश अन्तर्गत डडेल्धुराको अमरगढीमा विपद् व्यवस्थापन वेश स्थापना गरिएको। | सशस्त्र प्रहरी बल, नेपाल |
